

# नयाँ परित्राण निश्चय

(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)

भाग १

Downloaded from http://www.dhamma.digital

# निर्वाण कामना



स्व. हर्षबहादुर शाक्य
जात : १९६३
मृत : २०३४ श्रावण
शुक्लपक्ष, नवमी १६ गते

स्व. माता बेतीमाया शाक्य
जात : १९७८
मृत : २०६३ फागुण
कृष्णपक्ष, पञ्चमी

Downloaded from http://www.dhamma.digital

# नयाँ परित्राण निश्रय

(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)

भाग १

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

नयाँ परित्राण निश्रय
(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)
भाग १
परियत्तिसासनहितधम्माचरिय
सासनधज-सिरीपवर-धम्माचरिय सिरोमणि
अग्गमहापण्डित आयुष्मान वासेट्ठाभिवंस महास्थविर प्रतिपादित;
बर्मेली भाषाको ग्रन्थ
भिक्षु ज्ञानपूर्णिक महास्थविर (धम्माचरिय) द्वारा नेपालभाषामा अनुदित;
नेपालभाषाबाट
श्रीमती विद्यालक्ष्मी शाक्यद्वारा नेपालीमा अनुदित;
भिक्षु विपस्सी महास्थविरद्वारा संशोधित तथा सम्पादित;
मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रको
स्वर्ण जयन्ती (अर्धशतवार्षिकी) को उपलक्ष्यमा
मुनि विहार व्यवस्थापन समितिद्वारा प्रकाशित तथा वितरित ।
वि. स. २०७४

संस्करण : प्रथम २,००० प्रति

सर्वाधिकार प्रकाशकमा निहित

दक्षिणा : रु.२००.०० (अन्य प्रकाशनार्थ सहयोग)

ISBN : 978-9937-0-3578-1

मुद्रक : सिद्धि गणेश अफसेट प्रेस
चोर्चा, भक्तपुर-७



Downloaded from http://www.dhamma.digital

**Nayan Paritrana Nishraya**

(A Guide-Book to 12 Pali Protective Discourses)

Part 1

Originally written in Myanmar language by
Venerable Bhikshu Vasetthabhivamsa of Myanmar;
Translated into Nepal Bhasa by
Venerable Bhikshu Nyanapunnika Mahasthavira (Dhammacariya);
Translated into Nepali by
Mrs. Bidyalakshmi Shakya "Kovid";
Corrected and Edited by
Venerable Bhikshu Vipassi Mahasthavira;

Published by
Muni Vihara Management Committee
On Golden Jubilee of
Muni Vihara Buddhist Pariyatti Education Centre

First Edition: 2,000 Copies

All rights are reserved by the publisher.

Price : Rs. 200.00 (Help for puplications)
ISBN : 978-9937-0-3578-1
Printed by : Siddhi Ganesh Offset Press
Chorcha, Bhaktapur-7, Nepal.

Downloaded from http://www.dhamma.digital

# विषय सूची


| क.सं. | पृष्ठ |
|---|---|
| सम्पादकीय | ६ |
| दाता समूह | १९ |
| नेपाली अनुवादिकाबाट समर्पण | २१ |
| साधुवाद तथा भूमिका | २४ |
| स्पष्टिकरण | ४५ |
| निदान | ५१ |
| पाँचौं संस्करण (बर्मेली) को मन्तब्य | ७४ |
| धन्यवाद ज्ञापन | ७६ |
| परित्राण पालि | ७८ |


## देव-आराधनादि नयाँ निश्चय पादक्रम


| | |
|---|---|
| १. समन्ता चक्कवालेसु | १०६ |
| २. धम्मस्सवनकालो | ११७ |
| ३. नमो तस्स भगवतो | ११९ |
| ४. ये सन्ता सन्तचित्ता | १२२ |
| ५. देवताहरुलाई प्रेरणा-सब्बेसु चक्कवालेसु | १२७ |
| ६. सब्बे तं अनुमोदित्वा | १२७ |
| ७. सासनस्स च लोकस्स | १२८ |
| ८. सद्धिं होन्तु सुखी सब्बे | १२९ |
| ९. राजतो वा चोरतो वा | १३० |


Downloaded from http://www.dhamma.digital


# मंगल सुत्त नयाँ निश्रय पादक्रम


१०. यं मंगलं द्वादसहि १३३
११. देसितं देवदेवेन १३३
१२. एवं मे सुतं- एकं समयं १३७
१३. बहू देवा मनुस्सा च १४७
१४. असेवना च बालानं १४९
१५. पतिरूप देसवासो च १६१
१६. बाहुसच्चञ्च सिप्पञ्च १७२
१७. मातापितु उपट्ठानं १८८
१८. दानञ्च धम्मचरिया च २०५
१९. आरती विरती पापा २२२
२०. गारवो च निवातो च २३७
२१. खन्ती च सोवचस्सता २५२
२२. तपो च ब्रह्मचरियञ्च २६५
२३. फुट्ठस्स लोकधम्मेहि २७०
२४. एतादिसानि कत्वान २८०




Dhamma.Digital

Downloaded from http://www.dhamma.digital



# सम्पादकीय

'२०७२ सालमा केही विशेष क्रियाकलाप गर्नुपर्छ किन कि औपचारिक बौद्धशिक्षा अर्थात् अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रसँग सम्बन्धन प्राप्त गरी भक्तपुरको मुनि विहारमा पनि मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्र स्थापना गरी पठनपाठन शुरु भएको ५० वर्ष पूरा भएको साल हो' भनी केही हितैषीहरूले सुझाव दिएका थिए । तदनुसार भक्तपुरमा बौद्धशिक्षा सम्बन्धी राष्ट्रिय स्तरको भेटघाट, अन्तरक्रिया वा सभासम्मेलन गरिनुपर्दछ, कसले के जिम्मा लिने भनी माइन्यूट समेत लेखी मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रका भूतपूर्व विद्यार्थीहरू लागेका थिए । तर अचानक २०७२ साल बैशाख १२ गते आएको विनाशकारी भूकम्प तथा त्यसपछि पनि एकवर्षभन्दा बढी अवधिसम्म आइरहेको पराकम्पनहरूबाट अपार धनजनको अपूरणीय क्षति हुनगएकोले उत्पन्न अस्तब्यस्तताले कार्यकर्ताहरू पुनर्वास काममा नै ब्यस्त हुनु पऱ्यो । फलस्वरूप निर्णय अनुसार समयमा केही गर्न सकिएन ।

तर यो महत्वपूर्ण अवसरमा एकदुइजना अगुवाहरूले मात्र भएपनि केही गरेरै छोड्ने अठोट गरे । न्हूगु परित्राण निश्रयको नेपाली अनुवाद *नयाँ परित्राण निश्रय* पूरा भइसकेको कुरा उपासिका विद्यालक्ष्मी शाक्य 'कोविद'



Downloaded from http://www.dhamma.digital

बाट जानकारी पाएँ । तत्कालै साधुवाद दिएर मैले आवश्यक संशोधन र सम्पादनको मात्र होइन कि छपाउने व्यवस्था समेत गर्ने जिम्मा सहर्ष लिएँ; किन कि यो ग्रन्थ परियत्ति पढ्ने विद्यार्थीहरूको पाठ्पुस्तक मात्र होइन कि गृहस्थ तथा प्रव्रजित; औपचारिक तथा अनौपचारिक सबैखाले बौद्ध शिक्षार्थीहरूलाई उपयोगी छ । यो प्रकाशनले नेपाल बौद्ध परियत्ति शिक्षाको पनि एक गहकिलो सेवा हुने विश्वास लिएको छु । सामान्यतः विज्ञापन तथा कमसल लेखहरूको संगालो स्मारिका प्रकाशित गर्ने समाजमा प्रस्तुत ग्रन्थ प्रकाशित गरेर मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रको स्वर्ण जयन्ती उत्सव भिन्नै प्रकारले मनाउन सकेकोमा गर्व पनि लाग्दछ । यस अघि पनि मुनि विहारमा आधुनिक प्रयासको ६० वर्ष पूरा भएको उपलक्षमा मुनि विहार व्यवस्थापन समितिले *भक्तपुरको मुनि विहार* ग्रन्थ नै प्रकाशित गरेको थियो ।

स्वर्ण जयन्ती उत्सव मनाउँदा एउटा दुबिधा भइरहेको छ । संस्थागत रूपले बुद्धवचनको सैद्धान्तिक तथा ब्यवहारिक विषयको अध्ययनअध्यापन ब्यवस्था नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गत शनिवारका दिनमा २-३ घण्टा वर्षको ४०-४५ दिन गरेर ८०-१३५ घण्टा जति हुने पठन पाठनको काम मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रमा हुने गरे पनि यो खासै व्यवस्थित थिएन र अझै हुन सकेको छैन पनि । २०२१-२०३८ सालको अवधिमा विद्यार्थीसंख्या २-२५ जना मात्र थियो भने चारवर्षको विवरण अप्राप्य छ । २०३६ सालमा त विद्यार्थी शून्य नै भयो । अझ २०४० देखि ५ वर्षसम्म यो केन्द्र बन्द नै रह्यो । २०४५ सालमा पुनः स्थापना भएपछि पनि विद्यार्थीसंख्या ९-१६ जना मात्र थियो । २०५१ सालमा ४८ जना विद्यार्थीहरू परीक्षा उत्तीर्ण भएको देखिएको बाहेक २०५०-२०६० सालसम्मको विवरण सुरक्षित रहेन । २०६१ सालदेखि भने विद्यार्थीसंख्या ३९-९९ जना रहेको विवरण उपलब्ध छ जुनमा अधिकांश मुनि विहार भिक्षु तालिम केन्द्रमा संचालित सामूहिक प्रव्रज्या तथा उपसम्पदा योजनाका प्रव्रजितहरू अर्थात् विभिन्न जिल्लाबाट आई प्रव्रज्या धारण गरिरहेका विद्यार्थी भिक्षु, श्रामणेर, अनागारिका तथा



Downloaded from http://www.dhamma.digital

ऋषिनीहरू हुन्छन्; गृहस्थी विद्यार्थीहरू अझै न्यून नै छन् । यसरी ५० वर्षको अवधिमा यो केन्द्र कमसेकम १३ वर्ष बन्द रहेको थियो । तसर्थ यो साल स्वर्ण जयन्ती मनाउनुको औचित्यता छ र ?

सिंगै नेपाल विशेष गरी नेपाल मण्डलको तत्कालीन अवस्थालाई ध्यान दिएर हेर्दा नेपाल बौद्ध परियत्ति शिक्षासँग परिचित हुनु मात्र पनि उल्लेखनीय मान्नुपर्दछ । 'सिमा मरुथाय् अल:मा: नं सिमा' अर्थात् रूख नपाइने ठाउँमा बुटो नै पनि रूख मानिन्छ भन्ने नेवारी उखान जस्तै यतिका ठूलो संख्यामा बुद्धधर्मावलम्बी रहेको भए पनि सरकारी वा गैर सरकारी कुनै स्तरले पनि बुद्धधर्मको अध्ययन-अध्यापन गर्ने व्यवस्था नभएको नेपालमा सानो थेरवादी समूहबाट शुरु भएको यो विनम्र प्रयासको प्रतिफल आज व्यापक भई देशका २० वटा जिल्लामा ९० वटाजति केन्द्रहरू संचालित छन् । प्रतिवर्ष ६,००० (छहजार) जति विद्यार्थीहरू उत्तीर्ण हुन्छन् । भक्तपुर जिल्लामा मात्र पनि पाटी विहार र बौद्ध समकृत विहार परियत्ति केन्द्रले निरन्तरता नपाए पनि आज २०७३ सालमा पुग्दा मुनि विहार (८४ जना); मैत्रेय परियत्ति केन्द्र, थथुबहि (४० जना); नगदेश बुद्ध विहार (३५ जना); का अलावा एभरेष्ट इङ्गलिश स्कूल (४० जना); जेनिथ इङ्गलिश स्कूल (२२ जना); सनसाइन स्कूल (७० जना); पायोनियर स्कूल (४५ जना), प्रोक्सिमा इङ्गलिश स्कूल (३५ जना) र जेन्यूइन सेकेण्डरी स्कूल (१४८ जना) गरी ९ वटा परियत्ति केन्द्रहरूमा ५१५ जना जति विद्यार्थीहरू परियत्ति शिक्षा अध्ययनरत छन् ।

भक्तपुरमा नेपाल बौद्ध परियत्ति शिक्षालाई योगदान पुऱ्याउनेहरूको अभाव छैन । त्यस्तै परियत्ति शिक्षाको परीक्षामा उत्कृष्ट अंक ल्याएकाहरू पनि छन् नै । यति मात्र होइन, परियत्ति शिक्षाको माध्यमले शैक्षिक भ्रमण, चित्रकला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, निबन्ध प्रतियोगिता, वाचन कला प्रतियोगिता, सभा समारोहको आयोजना, भेटघाट, विभिन्न तालिम तथा छलफल कार्यक्रम जस्ता जनताको गुणस्तर



Downloaded from http://www.dhamma.digital

उकास्ने विभिन्न धार्मिक तथा शैक्षिक क्रियाकलाप हुने गरेको पनि उल्लेखनीय छन् । (हेर्नुस् : *मैत्रेय स्मारिका*का विभिन्न अंक; *परियत्ति बुलेटीन*, अंक १६, २०७३ ; *भक्तपुरको मुनि विहार*) तैपनि मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्र बीचमा टुट्नुको हेतु विद्यार्थी तथा शिक्षकको अभाव होइन कि आर्थिक स्रोतको कमी तथा व्यवस्थापनमा कमजोरी नै मुख्य भएको तथ्य केन्द्राध्यक्ष श्री रामकृष्ण बैद्य सुनाउँछन् । भक्तपुर जिल्लाको सर्बजेष्ठ यस मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रमा २०७३ सालसम्ममा झण्डै १,२०० (बाह्रशय) जना विद्यार्थीहरूले परीक्षा दिइसकेका छन् । पढेर पनि परीक्षा नदिने विद्यार्थीहरूको संख्या अलग्गै छ । अहिले भक्तपुर जिल्लाका सबै केन्द्रका मिलाएर १० कक्षाको सर्वोच्च स्तर कोविद उत्तीर्ण हुनेहरू पनि ५ जना भइसके । (श्रीमती विद्यालक्ष्मी शाक्य, श्री तुल्सीकाजी मानन्धर, भिक्षु घनश्याम वा आनन्द गौतम, अनागारिका ईश्वरी गौतम तथा श्रीमती प्रज्ञादेवी शाक्य छन् । त्यस्तै गंगा गोसाईं, जमुना गासाईं तथा संचित बुद्धाचार्य ९ कक्षामा; अनि अनागारिका मीरा चित्रकार कक्षा ८ मा अध्ययनरत छन् । उच्च कक्षामा अध्ययनरत उहाँहरूबाट निकट भविष्यमा कोविद कक्षा उत्तीर्ण जनशक्ति बढ्दैजाने आशा लिन सकिन्छ । विद्यार्थीहरूले परियत्ति शिक्षामा पढिएका शिक्षाहरू जीवनमा निक्कै उपयोगी भएको अनुभव गरेका छन् र सिंगै समाजमा यसको सकारात्मक प्रभाव केही भए पनि अनुभव गरिन्छ नै । तसर्थ स्वर्ण जयन्ती मनाउनुको सार्थकता तथा औचित्यता पाठकहरू स्वयम्ले विचार गर्नुहुनेछ ।

मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रबाट प्रथम कोविद स्तर उत्तीर्ण विद्यार्थी तथा यस केन्द्रका वर्तमान परियत्ति संयोजिका अध्यापिका विद्यालक्ष्मी शाक्य 'कोविद' उपासिकाबाट म निक्कै प्रभावित छु । उनी मध्यम वर्गीय परिवारको जिम्मेवारी बोकेकी एउटी बुहारीले यति ठूलो कृतिको अनुवाद गरेकी छिन् । यसभन्दा पहिले उनले आफ्नो सुपुत्र भिक्षु सजल शाक्य ( कित्तिपञ्ञो) लाई मुनि विहारमा संचालित सामूहिक प्रव्रज्या तथा उपसम्पदा



Downloaded from http://www.dhamma.digital

योजना अन्तर्गत बुद्धशासनमा स्थायी रूपले प्रव्रजित हुने स्वीकृति दिएकी छिन् । फलस्वरूप आज उक्त सुपुत्र नवयुवक भिक्षु एक दशक पहिलेदेखि थाइलैंडमा बसोबास गरी बुद्धशासनमा उपसम्पदा समेत भई थेरभूमितिर लम्किरहेका छन् र उच्च शिक्षा अध्ययन गर्दै शैक्षिक तथा धार्मिक सेवा समेत गर्दै नेपालको नाम चम्काइरहेका छन् ।

जसका पुर्खाले मध्ययुगमा भक्तपुरबाट गई तिब्बतमा समेत बसोबास गरी सम्यक आजीविकाद्वारा धनोपार्जन गरे, बुद्धधर्ममा प्रव्रज्या उपसम्पदा प्राप्त गरे, उच्च धार्मिक शिक्षादीक्षा प्राप्त गरे, भिक्षुसंघ परम्परा अभाव भइसकेको नेपाल उपत्यकामा केही हदसम्म भिक्षुसंघ परम्परा चलाए, बि. स. १७१३ मा यो भक्तपुरको मुनि विहार (श्री धर्म्म उत्तम महाविहार) निर्माण गरेर सामूहिक धार्मिक सम्पत्तिको रूपमा दान गरे, साथै त्यसैबेला पाठ गरिने *पञ्चरक्षा* पुस्तक समेत दान गरी धार्मिक आस्थाको प्रचार गरे, विहार संचालनको लागि ३१ रोपनी खेत दत्त राखे; त्यसकै सन्ततिले मुनि विहार बि.स. २०१० सालमा थेरवादी भिक्षुसंघका सदस्य भिक्षु रत्नजोतिलाई दान गर्नेदेखि लिएर अद्यापिसम्म विहार संचालनमा निरन्तर सक्रिय योगदान दिइरहेका छन् । आज त्यसको वर्तमान सन्तति उपासिका विद्यालक्ष्मी शाक्य 'कोविद' ले परित्राण जस्तो महत्वपूर्ण तथा लोकप्रिय विषयमा यस्तो विस्तृत र गहन व्याख्याको अनुवादमा मेहनत गरेकी छिन्; यो साह्रै मार्मिक छ; यो नै हो नेपालमा बुद्धधर्म जीवित रहेको प्रमाण । धर्मको जीवन्तता समाजमा त्यसको आचरणमा छ । यस्ता बुद्धवचनहरूको सज्झायन गर्नु मुमुक्षुजनलाई प्रारम्भिक तहमा ध्यान साधनामा पनि मनको एकाग्रता विकास गर्नको लागि साधक मानिएको छ ।

अहिले यो *परित्राण* जस्तै नै पहिले नेपाली जनजीवनमा *पञ्चरक्षा* पुस्तक यति धेरै लोकप्रिय तथा सम्मानित थियो कि राजा श्री ५ रणबहादुर शाहका पालासम्ममा पनि न्यायालयमा कराल गराउँदा सनातनीहरूलाई भगवद्गीता जस्तै बुद्धानुयायीहरूलाई यही *पञ्चरक्षा* पुस्तक छुवाइन्थ्यो भनी



Downloaded from http://www.dhamma.digital

तत्कालीन ब्रिटीश रेजिडेन्स ब्रायन एच हड्सन (Brain H. Hodgson) आफूले देखेको कुरा लेख्दछन् । तर विगत केही शताब्दीदेखि निरन्तर ओरालो लाग्दै आएको बौद्ध धार्मिक शिक्षादीक्षाको दुरावस्थाले गर्दा आज सर्वसाधारण जनतामा *पञ्चरक्षा* को नाम सुनेको मान्छे दुर्लभ भइसके । तर पनि बौद्धसमाज आफ्नो अस्तित्व बचाएर बसेको छ, किन कि गत नौ दशकदेखि पालि परम्पराको प्रवेश नेपालमा भएको छ। कसैलाई परित्राणका यी सूत्रहरू अवश्यमेव धेरै मेहनत तथा समय लाग्ने किसिमले लामा लामा लाग्लान् । भ्रष्ट ब्यापारी जस्तै धार्मिक शिक्षामा समेत नाफा मात्र खोज्दै एउटै संक्षिप्त मन्त्रले पर्याप्त ठानेर बसेकाहरू पनि हुन्छन् । 'अट्टे तट्टे वनट्टे अनडे नाडि कुनाडि स्वाहा ।' एउटा मन्त्रको पाठ गर्नु मात्रले सबै कामना पूरा हुने मानेर बसेका हुन्छन् । अनुवाद गर्नु वा बुझ्नु नै आवश्यक ठान्दैनन्, आचरण गर्नु त परै जाओस् । नेपालमा प्रसिद्ध नवग्रन्थ मध्येको *सद्धर्मपुण्डरीक सूत्र*को *२१ औं अध्याय धारणी परिवर्त*मा रहेको यस मन्त्रको विस्तृत विवरण पालि आटानाटिय सूत्रमा पाइन्छ । 'स्वाहा' शब्द त सबैजसो मन्त्रहरूमा पाइन्छन् नै । बाँकी शब्दहरू आलपन विभक्तिमा रहेका उत्तर दिशाका पाँच वटा नगरहरूका नाम हुन्, (पृ. १३७६, अयोध्या प्रसाद प्रधान प्रणीत *द बुद्धअस् सिस्टम अफ मेडिटेशन*, स्टरलिंग पब्लिशर्स प्राइभेट लिमिटेड, न्यूडेल्ही-११००१६, इण्डिया; १९८६ । ) । यस्तो अवस्थामा भिक्षुहरूले पालि परम्पराको *परित्त सुत्त* वा *परित्राण*को प्रचार गरेकोले संस्कृत पाठ विस्थापित भएको भनी दोष लगाउन मिल्दैन । अत्यन्त अभाव तथा कमजोर अवस्थामा जनताले पालि *परित्राण* लाई रोजेको हो । यथार्थमा भन्दा भिक्षुहरूले पालि परम्पराको *परित्राण* को माध्यमले नेपाली बौद्ध जनतालाई आधारहीन अवस्थाबाट उद्धार गरेको हो, भन्न सकिन्छ । पालि तथा संस्कृत दुइटै परम्पराका पाठको उद्देश्य र विषयवस्तु एउटै रहेको छ; बुद्ध, धर्म र संघको गुण स्मरणबाट सुरक्षा र समृद्धिको आशीर्वाद प्राप्ति । संस्कृत परम्परामा १०८ जना बोधिसत्वहरू, वा अष्टोत्तरशततारानाम जस्तै नै पालि परम्परामा १०८ जना अरहन्तहरूको



Downloaded from http://www.dhamma.digital

उल्लेख (ये पुग्गला अट्ठसतं पसट्ठा ... गाथा, रतन सुत्त) पाइन्छ । यसरी दुवै परम्परामा रहेका समानतालाई मनन गरी सन्तोष मान्नु बुद्धिमत्ता हुनेछ । यस हिसाबले यो *नयाँ परित्राण निश्रय* ग्रन्थ प्रकाशनले नेपालको परापूर्वकालदेखि वर्तमानकालसम्म जोड्ने परम्परागत धार्मिक शिक्षा क्षेत्रमा विशेष गरी बुद्धधर्मको क्षेत्रमा रहेको ठूलो कमि पूरा गरिदिएको छ, भन्ने लाग्दछ ।

*परित्राण* विषयक यति विस्तृत अध्ययन गरेको मेरो ४० वर्षभन्दा लामो प्रव्रजित जीवनमा पहिलो पटक हो । भाषा संशोधन गर्ने क्रममा अनेक कुरा मनमा खेले । आदरणीय बर्मेली भिक्षु आयुष्मान वासेट्ठाभिवंस महास्थविरबाट परम्परागत ढंगमा लिखित तथा नेपालका पूज्य भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट म्यानमार भाषाबाट नेपाल भाषा (नेवारी) मा अनुवादित यो कृतिलाई विश्वविद्यालयको लेखन विधि अनुसार हेर्ने हो भने केही सुधारहरू गरिनुपर्दछ । बटारिएका, जोल्टिएका तथा पुनरावृत्ति भएका वाक्यहरूलाई मिलाउने कोसिस पनि गरेको छु। कतैकतै शुद्ध अनुवाद दिनुपर्ने ठाउँमा व्याख्या दिइएको बेठाउँमा परेकोले अप्ठ्यारो अनुभव हुन्छ । विशेष गरी पालिका केही शब्दार्थ यस्तो भएका छन् । सबै कुरा एकै ठाउँमा अव्यवस्थित किसिमले दिनुभन्दा पादटिप्पणीको व्यवस्था गर्न सकिन्थ्यो । यसले साधारण पढ्ने तथा विस्तृत पढ्ने सबै थरीका पाठकहरूलाई सुविधा हुनेथियो । निश्रय वा शब्दार्थमा विधि कमजोर भएकोले केही अलमल अनुभव पनि हुन्छ । तर यो कृति अनुवाद मात्र भएकोले मैले धेरै परिवर्तन गर्न मिलेन । जे होस् यस प्रकाशनबाट पालि परम्पराको अवधारणाहरूको विस्तृत वाङ्मयस्रोत हामीलाई उपलब्ध भएको खुशीको कुरा हो ।

मतभेद नभएसम्म हामी त्यसको स्रोत खोज्दैनौं; अन्यथा खोज्छौं । भारतको बिहार प्रान्त, उत्तर प्रदेश आदिमा बुद्धकालमा नै देवमूर्तिहरू निर्माण गरी पूजा गरिने गरेको कुरो (पृ. १९९) मैले पढेको मूर्ति विज्ञानको इतिहास अनुरूप नभएको जस्तो लाग्छ । पशुपंक्षीले बोलेको पनि दशपारमिता पूर्ण गरिरहेका बोधिसत्वका क्रियाकलापहरू हुन् भनी विश्वास गर्नमा जोड



Downloaded from http://www.dhamma.digital

दिइएको छ (मोर सुत्त, वट्ट सुत्त)। सत्यक्रियाका प्रभावलाई अचूक भनि विश्वास गराउन खोज्नु, आगलागी जस्ता प्राकृतिक भयलाई बचनबोली बोलेर हटाउन सकिने पक्का भएको ठोकुवा गर्नु आदि परम्परागत अर्थकथाको अनुकरण मात्र हो । आफूले पूरा गर्न नसकिने कुरामा विश्वास गर्न ढिपी गर्न हुँदैन भन्ने मेरो मत हो । तैपनि नेपालमै यस्ता कृतिहरू उत्पादन नहुञ्जेलसम्म विदेशी भाषाका यस्ता कृतिका अनुवादमा भर पर्नु बाहेक अरू उपाय नै छैन । अझ धार्मिक अवधारणा सबै नै सबैबाट थाहा पाइने होइन । यसमा धेरै रहस्यहरू रहेको पनि हुनसक्छन् ।

भावानुवाद बढी सुविधाजनक हुने कल्पनाले अनुवादमा केही परिवर्तन गर्न पुगेको थिएँ। लामा-लामा वाक्यहरू संप्रेशणमा मुश्किल लागेकोले वाक्यविन्यासमा केही हेरफेर गरी वाक्य विनियोजन गरी आफूलाई रहरलाग्दो किसिमले बनाएको थिएँ। त्यति मात्र होइन कि केही प्याराग्राफहरूको संरचना नै बदलेर सम्पादन कार्य थाइलैंड प्रवास कालमा नै टुँग्याएको थिएँ। तर वि. स. २०७३ साल कार्तिकमा नेपाल आई जरुरी कामधामबाट फुर्सद पाएपछि भक्तपुरको मुनि विहारमा बसेर दोहोऱ्याएर हेर्दा होश खुल्यो- 'यो मेरो स्वतन्त्र रचना होइन । यसमा मैले धेरै फेरबदल गर्ने अधिकार छैन । थप मैले त यो अनुवाद कृतिमा भाषा संशोधन गर्ने मात्र जिम्मा पाएको हुँ। यस्तोमा जानाजान आफूखुशी गर्नु त अधर्म हुनेछ ।' अनि आफ्नो अधकल्चो बुद्धिको प्रतिफललाई फेरि *न्हुगु परित्राण निश्रय* मूल नेवारी प्रतिसँग आद्योपान्त रुजु गरी सच्याएँ। तसर्थ म यसको भाषा संशोधक मात्र रहिनँ, म यसका दोहरो अनुवादक भन्दा पनि फरक नपर्ला। यसो गर्दा प्रशस्त समय तथा मेहनत खर्च भयो । तर पनि गाऱ्हो मानिनँ, किन कि आफ्नो ज्ञान र अनुभव वृद्धि भएको छ। आखिर श्रद्धालुहरूबाट दैनिक पूजा पाठमा चलाइने विषयवस्तुलाई म भिक्षुले ४-६ पटक दोहऱ्याउँदा गाऱ्हो कसरी मान्नु र ? यसबाट त आफूले परित्राण विषयक पनि परम्परागत धार्मिक अध्ययन गर्ने मौका पाएकोमा सन्तोष नै लाग्यो ।



Downloaded from http://www.dhamma.digital

जलाशयमा पानी जति धेरै भएपनि उपभोग भने क्षमता जति मात्र गरिने जस्तै धन सम्पत्ति तथा ज्ञान सम्पत्ति पनि योग्यता अनुसार मात्र पाइने विचार गरी सुखदुःख सबै सहेर भक्तपुरको मुनि विहारमा भिक्षु तालिम केन्द्र संचालन गरिआएको पाठकहरूमा विदित नै छ । यस केन्द्रका लागि आवश्यक पूर्वाधारहरू तयार गर्ने क्रममा भोजन, चीवर, सयनासन र औषधी उपचार पछि महत्वपूर्ण तत्व धार्मिक शिक्षा भएकोले यो *नयाँ परित्राण निश्रय* को प्रकाशनले यस क्षेत्रमा पनि एउटा ठूलो अभावपूर्ति भएको सिद्ध छ । यति मात्र होइन कि प्रस्तुत कृतिमा मूल पालिपाठ अनुवाद गर्दा पालि ब्याकरण अनुसार स्पष्टिकरण दिई सिद्ध गरिराखेको त छँदैछ, थप संस्कृत ब्याकरणको मत पनि कतै-कतै दिइएकोले बौद्ध तथा अबौद्ध, औपचारिक तथा अनौपचारिक सबै थरिका पालि तथा संस्कृत अध्येताहरूलाई पनि सहायक तथा रुचिकर हुने देख्दछु । यसबाट सिंगै नेपाली भाषाभाषी समाजको गुणस्तर उकास्न सहयोग पुग्ने विश्वास लिएको छु ।

यो *नयाँ परित्राण निश्रय* प्रकाशन सफल पार्न निश्चय नै उल्लेखनीय जनशक्ति तथा धनशक्ति दुवैको परिचालन आवश्यक थियो । नेपाल भाषाबाट नेपालीमा यसको प्रारम्भिक अनुवाद उपासिका विद्यालक्ष्मी शाक्य 'कोविद' बाट भएको माथि नै उल्लेख गरिसकेको छु । पूज्य उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरबाट नेपाली भाषा शुद्ध गरेर प्रकाशन गर्ने स्वीकृति प्राप्त भएको मात्र होइन कि अस्वस्थ अवस्थामा पनि सम्पादनमा शंका समाधान गर्न सहयोग प्राप्त भएको छ तथा आशीर्वाद वचन पनि प्राप्त भएको छ । मुनि विहार व्यवस्थापन समितिका अध्यक्ष र विहार प्रमुख धर्मगुरु भिक्षु तथा मुनि विहार भिक्षु तालिम केन्द्रका संस्थापक प्रमुख तथा निर्देशक आदि जिम्मेवारीको कारणले नेपालमा मात्र होइन कि थाइलैंडमा समेत म धेरै ब्यस्त रहन्छु । मुनि विहारमा दैनिक तथा भइपरीआउने कामकाज धेरै छन् । ती कामधामको जिम्मा लिई मलाई सघाउनेहरू नभएको भए यसको संशोधन तथा सम्पादनमा मैले सफलता पाउनु मुश्किल नै हुने थियो ।



Downloaded from http://www.dhamma.digital

विहारवासी भिक्षु तथा श्रामणेरहरूलाई हेरदेख गर्ने जिम्मा लिएका मेरा शिष्यद्वय भिक्षु अर्जुन मगर गरुको तथा भिक्षु उत्तम ढुँगाना छन्दधम्मो प्रमुख धेरै शिष्य भिक्षु श्रामणेरहरू; त्यस्तै दैनिक शयौंजनाको भान्छाको जिम्मावारी लिएका अनागारिकाहरू नीलशोभा शाक्य, मीरा चित्रकार, कृष्णमाया गाईजु, रामकेशरी लाखा तथा दयालक्ष्मी बुद्धाचार्य; अनि प्रमुख उपासिकाहरू दशमाया अवाल, मोहनदेवी वैद्य, तारा मानन्धर, लक्ष्मी ख्याजु, शर्मिला प्रजापति, कृष्णमाया लाछिमस्यु, बुद्धलक्ष्मी लाखेमरु सहित धेरै भिक्षु, श्रामणेर अनागारिका, उपासक तथा उपासिकाहरूबाट मलाई सहयोग प्राप्त भएका छन् । विहारको व्यवस्थापनमा सघाउने उपासकहरू मुनि विहार दायक सभाका अध्यक्ष रामकृष्ण बैद्य प्रमुख पुष्परत्न बज्राचार्य, गुजेरत्न बज्राचार्य, कर्णबहादुर बासि, गणेशमान श्रेष्ठ आदि; मुनि विहारमा संघराज शतवार्षिकी बहुउद्देश्यीय भवन निर्माणको संयोजन गर्ने श्री शिवप्रसाद बाला, विकासराज बज्राचार्य, केदार ध्वँजु, कलशराज शाक्य र राजाराम बासी आदि; पाण्डुलिपि आद्योपान्त पढी महत्वपूर्ण सल्लाह दिने मेरा शिष्य भिक्षु सुशील अधिकारी रेवतकीर्ति ( हाल बुद्ध विहार, पनौतीमा सेवारत) र भाषा संशोधन तथा महत्वपूर्ण सल्लाह दिने विश्वशान्ति पुस्तकालयका व्यवस्थापक विद्वान श्री हरिओम श्रेष्ठज्यू हुन् । प्रस्तुत ग्रन्थको सम्पादन कार्य गरिबस्दा चतुप्रत्ययको समुचित ब्यवस्था तथा अरु आवश्यक प्रबन्ध गर्ने थाइलैंडमा वात्पवरनिवेस विहार समिति तथा नेपालमा मुनि विहार दायक सभा सहित सबै सहयोगी धर्मावलम्बीहरू छन् नै । यस प्रकाशनका लागि आर्थिक सहयोगी दाताहरूको नामावली राखिदिएको छु । छाप्ने प्रेस परिवारले पनि यथासमयमा काम गरेको छ । अन्ततः यसरी सबैको मद्दत पाएर यो प्रकाशन सफल गर्न सकेकोमा सन्तोष मिलेको छ । उनीहरू सबैप्रति म कृतज्ञ छु तथा मैत्रीपूर्वक धन्यवाद । त्रिरत्नको गुणानुभावले यो *नयाँ परित्राण निश्रय* प्रकाशनमा सहायक, पाठक तथा श्रोताहरू सबैलाई शान्ति, सुस्वास्थ्य, सुरक्षा, समृद्धि, सौभाग्य आदि वांछित फल प्राप्त होस् भनी शुभकामना ब्यक्त गर्दछु । यस ग्रन्थको प्रकाशनले विश्वमा शान्ति फैलाउन



Downloaded from http://www.dhamma.digital

योगदान पुग्याउने विश्वास लिएको छु । प्रस्तुत ग्रन्थमा भूल वा अज्ञानबस भएका गल्तीहरू हुनसक्छन् । विज्ञ पाठकजनहरूबाट क्षमा पाउने आशा गर्दछु । सूचना पाएमा आगामी संस्करणमा सुधार्ने वाचा गर्दछु ।

## भाषा संशोधन सम्बन्धमा

सर्बप्रथम पुस्तकको नाममा रहेको निश्रय शब्दको अर्थ स्पष्ट पार्नु आवश्यक देख्दछु । अहिलेसम्मका नेपाली शब्दकोषहरूमा समावेश नभएको यस संस्कृत शब्दको अर्थ आधार वा भरोसा भन्न सकिन्छ । गृहशिक्षक पनि भन्न सकिन्छ । पालि साहित्य अध्ययन गर्नको लागि आधार वा भरोसाको काम दिने यस्ता सहायक ग्रन्थ पालि साहित्य पठन पाठनको परम्परा लामो तथा व्यापक रहेको श्रीलंका, म्यानमार, थाइलैंड जस्ता बुद्धानुयायीहरूको देशमा पुराना तथा नयाँ सबै थरीका प्रशस्त पाइन्छन् । यस्ता ग्रन्थको लोकप्रियता तथा प्रचूरताले जनतालाई मूल पालिसँग सम्बन्ध जोड्दिनाले धर्म संस्कृति व्यापक तथा सुदृढ भएको पाइन्छ । नेपालमा भने संस्कृत बौद्ध साहित्य प्रचूर मात्रामा थियो भनिन्छ तथा आधुनिक युगमा पश्चिमी जगतलाई संस्कृत बौद्ध साहित्यसँग परिचित गराउनुमा नेपाल अगुवा पनि छ । तर यहाँ पठनपाठन परम्परा नाश भएकोले यस्तो निश्रय ग्रन्थको अभाव जस्तै छ । आज म्यानमारदेशीय पालि परम्पराको यो *नयाँ परित्राण निश्रय* नेपालभाषामा अनुवाद प्रकाशित भएको २५ वर्षपछि नेपालीमा प्रस्तुत गर्ने अवसर पाएकोमा अत्यन्त खुशीको अनुभव भइरहेको छ तथा सबैबाट यसको स्वागत हुनेमा म विश्वस्त पनि छु ।

यसको सम्पादनमा मैले लेखनका चिन्हहरू अर्थात् विराम, अर्धविराम तथा पूर्णविराम आदि मूल नेवारी प्रतिसँग रुजु गरेर जस्ताको तस्तै नै राख्ने कोसिस गरेको छु । समानार्थी शब्दहरू वा फेहरिस्तहरूमा आवश्यकता अनुसार बिराम चिन्हहरू थपिदिएको छु । ठूला ब्राकेटहरू फोन्टमा टाइप उपलब्ध नभएकोले राख्न सकिएन ।



Downloaded from http://www.dhamma.digital

निर्जीवलाई कर्ता बनाइएका 'अर्थकथाले भनेको छ', 'धम्मपदले भनेको छ', 'अर्थकथाको मत' आदिलाई बदलेर मैले 'अर्थकथामा उल्लेख गरिएको छ', 'धम्मपदमा उल्लेख छ', 'अर्थकथाचार्यको मत' आदि बनाएको छु।

डबल इन्भर्टेड कमा "..." दिन आवश्यक नलागेकोले सिंगल मात्र राखें। यसबाट पाठकलाई असुविधा नहुने ठम्याई छ। श्रोतापत्तिको सट्टा मैले स्रोतापत्ति हिज्जे रोजें। पालिबाट संस्कृतकरण गरिएका शब्दमध्ये बहुअर्थी र बहुरूपी शब्दको हकमा कुनै एउटा अर्थ वा रूप रोज्दा स्वविवेक प्रयोग गरेको छु। क्लेशहरूको क्रममा आएको दोषको सट्टा मैले द्वेष राखेको छु किन कि नेपालीमा दोषको अर्थ फरक छ। त्यस्तै प्रमाण, अप्रमाण प्रयोग भइराखेकामा उचित अर्थ ननिस्किने देखेर मैले तिनलाई क्रमशः परिमाण र अपरिमाण भनी राखेको छु। यिनलाई परिमित र अपरिमित भनेर पनि अनुवाद गर्न सकिन्छ। आदि र इत्यादि को प्रयोगमा पनि मैले स्वविवेक प्रयोग गरेको छु। सन्दर्भ स्रोत पुस्तक, खण्ड वा उपखण्डलाई ढल्के अक्षर (इटालिक टाइप) मा दिएको छु।

भाव व्यक्त गर्ने शैली विभिन्न भाषामा फरक फरक हुनसक्ने हुनाले प्रस्तुत कृतिमा शब्दशः होइन कि प्रत्येक वाक्यको सरल अनुवादमा जोड दिएको छु। सम्पादक प्रतिपत्तितिर ध्यानीज्ञानी नभएको मात्र होइन कि परियत्तितिर पनि न पालि ब्याकरणाचार्य हो, न त अभिधर्माचार्य नै। तसर्थ प्रस्तुत ग्रन्थ पढ्दा कुनैकुनै अवस्थामा शब्दको माला मात्र भएको अनुभव हुन्छ। आफू कवि नभएकोले कवितालाई पनि बोलचाली भाषामा मात्र अर्थ दिएँ। अझ आफूमा नेपाल भाषाको नेपालीमा अनुवाद गर्ने नियमको ज्ञान तथा शीप पनि छैन। त्यसमाथि नेवारी-नेपाली शब्दकोश समेत अझै उपलब्ध भएन। केही बटारिएका वाक्यहरू बुझ्न नै गहारा छन्। कुनैकुनै शब्द अनुवाद गर्न सोधपुछ गर्नुपर्दा पनि समय तथा मेहनत धेरै लाग्यो। मुनि विहारवासी १-२ जना नेपाली भाषाभाषी भिक्षुहरू बाहेक सम्पर्क प्रायः नेवारहरूसँग मात्र रहेकोले पनि छलफल गर्नलाई मौका कम भयो। नेवारी अनुवादकबाट प्रयोग भएका शब्दविन्यास विधिलाई यथावत राख्ने कोसिस



Downloaded from http://www.dhamma.digital

गरेको छु। तर नेपाली भाषा संशोधकहरूबाट पाएको सुझावलाई पनि स्वागत गरेको छु। अनुवाद अस्पष्ट पाइएको वा शंका लागेको अवस्थामा मैले प्रयोग गरेको नेपाल भाषाका मूलप्रति *न्हूगु परित्राण निश्चय,* (बि. स. २०५० सालमा प्रकाशित प्रथम संस्करण) हेर्न अनुरोध छ। स्पष्टीकरणको लागि मूल नेवारी अनुवादकसँग नै छलफल गर्नु वा बर्मेली मूलग्रन्थ हेर्नु नै अन्तिम उपाय रहन्छ।

यस कृतिमा दिइएका सन्दर्भ ग्रन्थहरूको संक्षिप्त नाम नियमित छैन तथा आधुनिक चलन अनुरूप पनि छैन, तापनि मैले फेरेको छुइनँ। अझ पृष्ठांक समेत सबै पूर्ववत् बर्मेली नै छन्। मूल त्रिपिटकसम्म पहुँच हुने नेपाली भाषाभाषीहरूको संख्या अझै अतीव न्यून छ। तसर्थ यथा उपलब्ध नेपाली अनुवादको पृष्ठांक दिनु पनि आवश्यक लागेन। कयौं सन्दर्भ ग्रन्थहरूको अनुवाद नेपालीमा अझै उपलब्ध छैनन्। यस्तो अवस्थामा संक्षिप्त नामलाई नियमित गर्नु र नेवारीमा वा नेपालीमा उपलब्ध रहेका थोरै कृतिसँग पृष्ठांक मिलान गर्नु निष्फल काम लागेकोले प्रयास गरिनँ। आगामी २०-३० वर्षपछिका संस्करणमा यस्तो गर्नु उपयुक्त होला।

पूर्णविरामको ठाउँमा दुई धर्को दिने पुरानो चलन नेवारी संस्कारणमा प्रत्येक पालि गाथाको अन्तमा रहेको भए पनि आधुनिक प्राच्य विद्याका मान्यताहरूको अनुरूप नभएको, त्यस्तै वर्तमान नेपाली भाषामा पनि अप्रचलित भइसकेको हुनाले एक धर्को मात्र राख्ने निर्णय लिएको छु।

पुस्तकको विशालतालाई ध्यानमा राखेर पछि यसलाई दुई भागमा बाँडेको हुँ। यस्तो गरेर पाठकलाई सुविधा तथा पुस्तकको उपयोगिता पनि वृद्धि हुने आशा गरेको छु।

**-भिक्षु विपस्सी महास्थविर**



Downloaded from http://www.dhamma.digital

# दाता समूह

| | |
|---|---|
| भिक्षु जितबहादुर गुरुङ, वातपवरनिवेस विहार, बैंकक् | रु. १५,०००.०० |
| भिक्षु रसेस बज्राचार्य, वातफयायाङ विहार, बैकक | रु. १०,०००.०० |
| भिक्षु सुशन शाक्य, वात्फयायाङ विहार, बैंकक | रु. १०,०००.०० |
| श्रामणेर रोजित चित्रकार, वात्फयायाङ विहार, बैंकक | रु. १०,०००.०० |
| अनागारिका डा. अनोजा, सुलक्षणकीर्ति महाविहार, कीर्तिपुर, काठमाडौं | रु. १०,०००.०० |
| अनागारिका ईश्वरी गौतम (आवासवती) तथा अनागारिका सृजना राय, त्रिरत्न बुद्ध विहार, धरान | रु. १०,०००.०० |
| अनागारिका मीना महर्जन, श्रीकीर्ति विहार, कीर्तिपुर न.पा., काठमाडौं | रु. १०,०००.०० |
| भिक्षु मंगल, करुणा बुद्ध विहार, मातातीर्थ, चन्द्रागिरी न.पा., काठमाडौं | रु. १०,०००.०० |
| स्व. बुबा हर्षबहादुर शाक्य तथा स्व. माता बेतिमाया शाक्यको पुण्यार्थ अनागारिका अनुपमा शाक्य, जयमंगल विहार, चंकी, ललितपुर म. पा. | रु. ३०,०००.०० |
| स्व. माता विष्णुकुमारी तथा स्व. पिता तुल्सीभक्त (तुल्सीबहादुर) को पुण्यार्थ श्री राम लाखेमरु तथा श्रीमती बुद्धलक्ष्मी लाखेमरु, जगाती, भक्तपुर | रु. १००,०००.०० |
| त्यस्तै श्री तुल्सीनारां लाखेमरु, जगाती, भक्तपुर | रु. २५,५५५.०० |
| स्व.माता नानीबेती बासी (बोहजु), स्व. पिता कृष्णबहादुर बासी तथा स्व. पत्नी बिष्णुमाया बासि (कवां) को पुण्यार्थ श्री कर्णबहादुर बासि परिवार, च्यामासिंह, भक्तपुर | रु. १००,०००.०० |
| स्व. पत्नी तारादेवी शाक्यको पुण्यार्थ श्री बाबुकाजी शाक्य, लगनखेल बसपार्क, ललितपुर | रु. १००,०००.०० |
| श्रीमती श्यामावती मानन्धर, लक्ष्मी मिठाई भण्डार | रु. २५,०००.०० |



Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| श्रीमती रजनी मानन्धर (केसी), सूर्यविनायक, भक्तपुर | रु. १०,०००.०० |
| स्व. छोरी मीरा शाक्यको पुण्यार्थ श्री संघरत्न शाक्य, गङ्गाघर | रु. २५,०००.०० |
| श्रीमती सुमना महर्जन, कलधारा, काठमाडौं | रु. ३,०००.०० |
| श्री कृष्णमान गोसिलिं श्रेष्ठ, तचपाल, (जगाती) भक्तपुर, | रु. २,५००.०० |
| श्रीमती अष्टकुमारी भुजु (बैद्य), भक्तपुर | रु. १,०००.०० |
| श्रीमती अमिता गणेश (बैद्य), तचपाल, भक्तपुर | रु. ५००.०० |
| श्रीमती गुणकेशरी नकर्मी, भक्तपुर | रु. ५००.०० |



Downloaded from http://www.dhamma.digital



# नेपाली अनुवादिकाबाट समर्पण

यो *नयाँ परित्राण निश्रय* (परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा ब्याख्या समेत) पुस्तक नेपाल भाषाको *न्हूगु परित्राण निश्रय* पुस्तकबाट अनुवाद गरी नेपाली पाठकहरूका करकमलमा पुऱ्याउन पाउँदा मलाई ठूलो सन्तोष लागेको छ। यसको नेपाल भाषाको पुस्तक अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको कोविद स्तरको पाठ्यक्रम भएकोले विद्यार्थीकालमा नै पढ्ने मौका पाएको थिएँ। यस ग्रन्थमा चारैतिरबाट आइलाग्नसक्ने सम्भावित दु:ख, रोग, भय, विघ्नबाधा आदि हटाउने भगवान् बुद्धबाट देशित सूत्र विधिहरू छन्। मनुष्य जीवनका हरेक घडीमा उपयोगी दान, शील, भावना तथा शील समाधि प्रज्ञाको दृष्टिले भगवान् बुद्धका देशनाहरूलाई प्रष्ट्याइएका छन्। यसको अध्ययनले भगवान् बुद्धका उपदेशहरू



Downloaded from http://www.dhamma.digital

मनुष्यहरूलाई आध्यात्मिक तथा सांसारिक दुबै क्षेत्रमा उन्नति गर्न उपयोगी भएको प्रष्टिन्छ। मूल पाठको भाषा नबुझिए पनि मात्र सुन्नु, सुनाउनु वा पाठ मात्र गर्नु गराउनुले पनि मानसिक सान्त्वना प्राप्त हुन्छ। त्यसो हुँदा शुभकार्य होस् वा अशुभ कार्य जुनसुकै अवसरमा पनि परित्राण पाठ गर्ने गराउने चलन छ। यो एउटा मनोवैज्ञानिक उपचार पद्धति नै हो जस्तो मलाई लाग्दछ।

यस्तो महत्वपूर्ण ग्रन्थको नेपाल भाषामा भएको अनुवादको उपयोगिता सीमित पाठकहरूलाई मात्र भएको र यो भाषा नबुझ्नेहरूलाई विशेष गरी कोविद स्तरका विद्यार्थीहरूलाई अध्ययन-अध्यापनमा समस्या भएको गुनासो मुनि विहारवासी अनागारिका ईश्वरी गौतम (आवासवती, हाल धरान उपमहानगरस्थित त्रिरत्न बुद्ध विहारमा सेवारत) बाट भएकोले मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रकी भूतपूर्व विद्यार्थी तथा वर्तमान शिक्षिकाको हैसियतले मैले यसलाई टुक्राटुक्रा गरी केही अंश नेपालीमा अनुवाद गरी यस केन्द्रको पठन-पाठनमा प्रयोग गरेकी थिएँ। यस्तो गर्दा गर्दै धेरैलाई उपकार हुने देखेर पूरा अनुवाद गर्नुमा श्रद्धा जाग्यो। अनि आफू उच्च अध्ययन नभएकी एउटी गृहिणी भएर पनि श्रद्धावश जसोतसो गरी समय मिलाएर आफूले सक्दो किसिमले निरन्तर अनुवाद गरिरहेकी थिएँ। प्रकृतिको विडम्बना यो भयो कि अप्रत्याशित रूपमा २०७२ साल बैशाख १२ गते धनजनको अपूरणीय क्षति हुने गरी नेपालमा आएको भूकम्पमा परी हाम्रा पूजनीय बुबा तीर्थरत्न शाक्य तथा ममतामयी मुमा पञ्चमाया शाक्य समेत दिवंगत हुनुभयो। हामी टुहुरा भयौं। यस बियोगबाट शोकसन्तप्त अवस्थामा सान्त्वना खोज्दै तथा दिवंगतहरूको सद्गति र निर्वाण कामना गरी परित्राण पाठ



Downloaded from http://www.dhamma.digital

कि निदानमा परित्राणको ऐतिहासिक क्रम उल्लेख गरिएको छ। यस पुस्तकसम्बन्धी केहि लेख्नु भनेको पुस्तकको आकार बढाउनु अथवा बगिरहेको खोल्सोमा करूवाको पानी खन्याउनु जस्तै ठान्दछु। तैपनि मनको प्रसन्नता साधुवादको रूपमा सर्लक्क अलिकति लेख्दछु।

*'परित्राण'*को नयाँ निश्रयमा सर्वप्रथम निदान उल्लेख गरिएको छ। परित्राण कहाँ–कहाँसम्म प्रचार रहेका छन् भनी बताई महापरित्राण र चूलपरित्राणको वर्गीकरण गरी राजा भ्वोडो फया (बु.स. २४०० सालमा) सम्मको अवधिमा परित्राणको पूर्वांशको आनिशंसमा **'परित्तं तं भणाम हे'** रहेको परित्राण सूत्र महापरित्राणको अंश, अनि परित्राणको नाम उल्लेख गरेर **'भणाम हे'** मात्र उल्लेख भएको चूलपरित्राणको अंशको रूपमा उल्लेख गरिराखिएको छ। थाइलैंडमा पनि महाराजपरित्त र चूलराजपरित्त भन्ने विभाजन छ। मलाई याद छ, बुटवलमा महापरित्रणको आयोजना हुँदा पूज्यपाद चन्द्रमणी महास्थविरले **'परित्त'** र **'सुत्त'**को भेद बारेमा आफ्नो विचार व्यक्त गर्नुभएको थियो। श्रीलंकामा सामान्यतः पाठ गरिने ११ वटा सुत्तको परित्तलाई **'परित्राण'** र चार भाणवार पाठलाई **'महापरित्राण'** भन्ने गरिन्छ।

निदानमा नै कुनै कुनै परित्राणको पाठ परम्परा उल्लेख गरिएको छ, त्यो एउटा ऐतिहासिक विश्लेषण वा प्रमाण नै भने पनि हुन्छ। बुद्धले भिक्षुहरूलाई आटानाटिय आरक्षा दिनुभएको परित्राण सिकेकी भिक्षुणीलाई आपत्ति दोषबाट मुक्त गरिराखेको प्रज्ञप्ति, बुद्धको निर्वाण पश्चातका प्रमाण अनुसार *मिलिन्दप्रश्न*मा र आचार्य बुद्धघोष महास्थविरका विभिन्न अट्ठकथाहरूमा परित्राण उल्लेख गरिएका छन्। त्यसपछि ऐतिहासिक घटनाको रूपमा श्रीलंकामा बु.स. ९१२ मा दुर्भिक्ष हुँदा वैशालीमा जस्तै **रतनसुत्त** पाठ गरी उपद्रव शान्त भएको, राजा **च्यान् सित्ताले** आफ्नो दरवार बनाइसकेर मंगल कार्यको रूपमा ४,१०८ जना भिक्षुहरूबाट मंगल सुत्त पाठ गराएको, बर्मी महामन्त्रीले **'गू फया'** विहार प्रतिस्थापनामा **'परित्राण'** पाठ गराएको

अभिलेख रहेको, त्यस्तै बर्मी राजकुमारीले बु.स. १६०० तिर परित्राण पाठ गराएको अभिलेख, पगां युगमा (बु.स. १६०० तिर) राजकीय सभा मण्डलमा नै परित्राण पाठ गराइएको, **राजा तांल्वंयूका** परिवारले नै आकांक्षा पूरा हुँदा, अनि विवाह महोत्सवमा संघहरूद्वारा भएको **'परित्राण'** श्रवण गरेको, त्यस्तै नै राजसिंहासनको गजुर उद्घाटनमा, नयाँ वर्षमा, मूर्धाभिषेकमा, राजदरवार निर्माण गर्दा **'परित्राण'** पाठ गराउने परम्परा रहेको कुरा उल्लेख भएको छ। त्यसपछि **'परित्राण'** लाभदायी बनाउनको लागि श्रवण गर्नेहरूका तर्फबाट तीनवटा गुणांग र पाठ गर्नेहरूका तर्फबाट तीनवटा गुणांग पूर्ण गर्नुपर्ने तथ्य उल्लेख गरी बु.स.९७१ देखिको परित्राणको टीका परम्पराको क्रम उल्लेख गरिएको छ। यी वर्णनहरूले कतै **'परित्राण'** को परम्पराको क्रमबद्धता स्पष्ट गर्दछ भने कतै **'परित्राण'** प्रति जनआस्थाको क्रमबद्धता पनि बताइ रहन्छ। निदानको अन्तमा यस नयाँ निश्चयका रचनाकारको प्रतिभासँगै ग्रन्थको गुणानिशंस देखाई पाँचौं बर्मी संस्करणको उद्देश्य देखाइएको छ।

*नयाँ परित्राण निश्चय* मा प्रारम्भमा देव आराधनादेखिको वर्णन छ। यहाँ शासनिक ग्रन्थकारहरूको भनाई अनुसार चक्रवाल गोलो रहेको अनि यस्ता चक्रवालहरू अनन्त संख्यामा रहेको कुरा हिजोआजका भूगोलको विश्वाससँग ठीकठीक सम्बन्ध बस्दछ। अनि देवलोक र परलोकको सम्बन्धमा पालि साहित्यको वर्णन अनुसार प्रमाण उल्लेख गरी प्रतीत्यसमुत्पादको सार्थकता देखाइएको छ। परित्राणको प्रारम्भमा **'नमो तस्स'** भनेर पढिने प्रणाम उदान समेत कसरी पालि परम्पराको हो भनी धनंजानी आदिको उदाहरणले स्पष्ट पारिएको छ। अझ **च्यान् नेत्** ब्याकरणको भनाई अनुसार सातागिरी देवताले **'नमो'** असुरेन्द्र देवराजले **'तस्स'** चतुर्महाराजिक देवले **'भगवतो'** शक्र देवेन्द्रले **'अरहतो'** अनि ब्रह्माले **'सम्मासम्बुद्धस्स'** भनी भनेका थिए। अनि **'समन्ता'** देखि **'सोतुमग्गं समग्गा'** सम्मको उल्लेख पनि श्रीलंका द्वीपमा सुमन श्रामणेरद्वारा गरिएको देवाराधना हो भनी उल्लेख गरिएको छ। व्याख्याको सिलसिलामा ब्याकरण अनुसार भित्रको अर्थ पनि

प्रकट भएको तथ्य **'वरकनकमये'** को ब्याकरणको व्याख्याले हामीलाई बोध हुन्छ । यही कुरा **देवाका** अभिप्रायमा सम्मुति देव राजालाई पनि मानिएको तथ्य आचार्य बुद्धघोष स्थविर र धर्मपाल स्थविरको भनाइले पुष्टि गर्दछ । उपद्रवको अभिप्राय भय, अन्तराय आदि भनी बुझिए पनि शक्र देवेन्द्रले व्याधा भई, अनि मातली देवपुत्रलाई कालो कुकुर बनाई वाराणसीका जनताहरूलाई तर्साई असल काममा लगाएको *महाकण्ह जातक*को कथा, त्यस्तै नारद र बाहिय दारुचिरीयको कथा जातक नपढेकाहरूले बुझ्न गाह्रो हुन्छ । यही कुरा यस पुस्तकको अन्तसम्म पनि उल्लेख गरिएका विविध जातक कथाका सम्बन्धमा पनि लागु हुन्छ ।

**'मंगल सुत्त'** को प्रारम्भमा प्रत्येक सुत्त र परित्तमा हुनेजस्तै नै सुत्तको सार र महत्व बताइएको छ । अनि शब्दार्थमा आयुष्मान् महाकाश्यपलाई स्मरण गरेजस्तै **'मे'** को शब्दार्थमा पनि **'आनन्द स्थविर'** लाई निर्देश गरिदिएको भए साह्रै बेस हुने थियो । अनि **'अञ्ञतरा देवता'** को अर्थमा पनि नाम प्रकट नभएको देवता मात्र समुचित जस्तो लाग्छ । किन कि देवताहरूको जाति वा गोत्र भनेको त्यति प्रचलित जस्तो लाग्दैन । मंगल सुत्त देशना भएको ठाउँ श्रावस्ती हो । सावत्थ ऋषिले स्थापना गरेको अथवा **'सब्बं अत्थि'** सबै थरिका वस्तुहरू रहेको ठाउँलाई श्रावस्ती भनिएको हो । अर्कोतिर **श्राव**को छोराले बनाएको हुनाले श्रावस्ती भनिएको हो पनि भन्दछन् । भनाइको अर्थ हो कि एउटा-एउटा शब्दमा विचार गर्दै एउटा एउटा भावलाई छुटाई छुटाई मंगल सूत्रको शब्दार्थ, भावार्थ, तत्वार्थ र अभिप्रायबारे विचार गरिएका छन् । एकछेउ लागेर बसे, एक छेउ लागेर बसे भनेको कसरी, कुन तरिकाले, किन भन्ने तथ्य बुझेपछि नै यस पुस्तकको महत्व बोध हुनेछ । सामान्य अर्थले पहिलो मंगल हो **'असेवना च बालानं'** अर्थात् बालहरूको सेवन नगर्नु । बाल कसलाई भनिन्छ ? यसको उत्तरमा दुइटै फललाई नाश गर्ने अनि दुइटै अनर्थलाई ग्रहण गर्नेलाई **बाल** भनिएको छ । यी दुइटा र दुइथरी भनेका के-के हुन् त ? यसको उत्तर भावार्थ व्याख्यामा स्पष्ट रहेको

छ । तसर्थ मेरो भनाई के हो भने शब्दको अर्थ र वाक्यको अभिप्राय आफुखुशी नदगुराई धार्मिक रूपमा बुझ्नको लागि बिस्तारै-बिस्तारै यो पुस्तकलाई पढ्नुपर्दछ भन्ने हो । असल विचार, असल बोली र असल काम छैन भने वचन र शिल्पले दक्ष भए पनि बौद्ध परिभाषामा सेवन गरेर मंगल हुने पण्डित हुनेछैन । यसको उदाहरणको रूपमा आयुष्मान सारिपुत्र र आनन्दको उदाहरण, अनि रमाइलो लाग्ने *सत्तिगुम्ब जातक* उल्लेख गरिएको छ । पूज्यहरूलाई पूजा गर्नाले मंगल हुन्छ । तर यहाँ पूज्यको अर्थ प्रतिमा देवता, आदि मात्र होइन, आमा बुबा, गुरुजन, आदि पनि हो । अनि उनीहरूलाई पूजा गर्ने कुन तरिकाले हो भन्नुको उत्तर तेश्रो मंगलको व्याख्यामा स्पष्ट गरिएको छ । अनुकूल देशमा बास गर्नु, पूर्व जन्मको पुण्ययुक्त हुनु अनि आफ्नो मन र शरीर राम्ररी ठीक ठाउँमा राख्नु मंगलको विषयमा पनि यस्तै व्याख्या भइराखेको छ । विशेषत: श्रीको अर्थ र श्री स्थानान्तरण हुन सक्ने कुरा र आफ्नो मन र शरीर राम्ररी बसमा राख्नुको प्रसंगमा आएको ऐनाको उपमा मार्मिक छ । **'बाहुसच्च'** को प्रसंगमा उल्लिखित अन्धो, एकचक्षु र द्विचक्षु, प्रज्ञा नै मानिसहरूको रत्न हो भन्ने तथ्य पढ्न लायक छ । प्रज्ञाको दूरदर्शिताले छुरीले घाँटी रेटेर मार्न लागिएका राजालाई बचाएको छ । शिल्पको प्रसंगमा भनौं, आजको फिजिक्स र केमेस्ट्रिको प्रसंगले ६४ प्रकारका शिल्पको सीमिततालाई नाघिसकेको छ कि भन्ने लाग्छ । अनि जहाँसम्म सुशिक्षित हुने कुरो छ, त्यो भने सधैं जुनसुकै ठाउँमा पनि त्यस्तै नै सत्य भइरहन्छ । *गन्धार जातक*को उदाहरण यहाँ अतीव हृदयस्पर्शी छ । **सुभासित वाचाका** चारवटा अंगमा एउटाको उदाहरण *सुजात जातक* छ । आमा बुबाको उपस्थापन, सन्तान र पत्नीको संग्रह र आकुल व्याकुल नहुने काम काज मंगलको विषयमा अलिकति थप्न चाहन्छु । आजको समाजमा छोराछोरी र स्त्रीहरूलाई संग्रह त राम्ररी गरिरहेका छन् । अझ आमा-बुबालाई रुवाएर पनि गर्दछन् नै । आमा बुबालाई बीस-तीस रुपैयाँको औषधि किनी दिन कञ्जुस्याँई गरिबस्छन्, छोरा छोरीलाई भने च्वींच्वीं झ्वींझ्वीं आवाज निकाल्ने

फेशनदार सयौं रुपैयाँ पर्ने जुत्ता सजिलै किनिदिन्छन्। बुद्धको उपदेश अनुसार आमा बुबाको उपस्थापन आजको मानव समाजमा साह्रै नै उपेक्षित हुँदै गइरहेको छ। पाश्चात्य सभ्यताको बीमा व्यवस्था नरहेको, तर छुटेर भिन्नै बस्ने प्रवृत्तिको प्रवाह भने आइरहेको आजको समाज साह्रै अमंगलमय भइरहेको हामीले अनुभव गर्नु नै पर्दछ। यो कुरा अनुभव नगरुञ्जेलसम्म आमा बुबा ब्रह्मा भने पनि, पूर्वाचार्य भने पनि सय वर्षसम्म दायाँ बायाँ काँधमा बोकी हिंड्नुपर्नेहरू भने पनि मानिसहरूका हृदयमा च्वास्स अनुभूति दिलाउन गाह्रो पर्ला जस्तो मलाई लाग्छ। लोग्ने स्वास्नीको सम्बन्धको बारेमा चार प्रकारका दम्पति भने मानिसहरूले बुझेर देव देवीसँग सम्वास गर्न सक्लान्। आकुल हुन नपर्ने गरी काम काज गर्नुको प्रसंगमा अल्छी नहुनु, वीर्य युक्त हुनु, चार सम्पदा बुझ्नु, चारवटा सुख बुझ्नु उल्लेख गरिएका छन्। दान, धर्माचरण र ज्ञातिबन्धुहरूलाई संग्रह गर्नु स्वयम् पनि लामो विषयवस्तु हो। तैपनि अधर्म चर्याले अत्तवादानुभय, परवादानुभय, दण्ड र दुर्गतिको भय हुने वर्णन रहेको छ। साथमा आफन्तहरूको संग्रहको अर्थ केही सहयोग र खान लाउन दिनुमा मात्र सीमित छैन, बरू बाटोघाटो बनाउने काममा उनीहरूलाई पनि समावेश गर्नु समेत गर्नु पर्दछ भन्ने तथ्य मघको उदाहरणले स्पष्ट गर्दछ। आजको पर्यावरण संरक्षण गर्नुपर्ने हाम्रो समाजमा बाटो बनाउनु, पोखरी बनाउनु, अनि बगैंचा बनाउनु मघको आदर्श हामीले आफन्त साथीभाइ सामेल गरी अनुकरण गरी देखाउन सकेमा हाम्रो समाज कति मंगलमय हुन्थ्यो ? मद्यपान नगर्नुले मंगल कसरी हुन्छ भन्ने कुरो आजको सचेत वर्गले राम्ररी बुझेको छ। किन भने आज ताड र नीलताडको रस जस्ता मात्र होइनन् अनेक कडा लागू पदार्थहरू पाइन्छन्। आयुष्मान सागतको विस्मृतिले बुद्धप्रति अनादरभाव देखाएको जस्तो उदाहरण पनि आजकलको लागि साधारण हुन्छ होला। लागू पदार्थ सेवन गर्नेहरूको जीवन नै बिग्रेर सिद्धेर गइरहेको प्रमाण हाम्रा अगाडि छन्। तर कुरा यहाँनिर छ, विज्ञापन गरी लागू पदार्थ सेवन गर्नलाई तानी पनि रहन्छन्, अनि सानो

स्वरले 'लागू पदार्थ स्वास्थ्यको लागि हानिकारक छ' पनि भनी रहन्छन्। सेवन गर्नको लागि उत्तेजना दिनु, अनि सेवनद्वारा स्वास्थ्य बिग्रने कुराको चेतावनीका साथमा चलिरहेको यो समाज कहाँबाट कहाँ पुऱ्याइदिने हो भन्न गाऱ्हो छ। अप्रमाद मंगलको महत्व बुद्धले खुट्टा धुनुहुने बेलामा समेत महापरिनिर्वाण हुने बेलासम्म पनि आज्ञा गर्नुभएको प्रसंगबाट नै स्पष्ट हुन्छ। गौरव राख्ने प्रसंगमा सारिपुत्र महास्थविरको अस्सजित भिक्षु प्रतिको गौरव, अनि चित्त र शरीर विनम्र हुने विषयमा पनि चीवरको छेउ लत्रिएको देखाइदिएकोमा नै अनुशासन ठानी स्वीकार गरिलिनुभएको उदाहरण र 'गारवो च निवातो च' सँग सँगै आउने तथ्यको व्याख्या भएको छ। संतोष मंगलको अर्थ अकर्मण्यता होइन। धार्मिक पूर्वक उद्योग भने गरी नै रहनुपर्दछ। धार्मिकहरू पनि मार्ग र फल प्राप्त नभएसम्म उद्योगी हुनै पर्दछ। खाली सुवर्ण हंसका सबै प्वाँख उखेलेर लिएकी ब्राह्मणी जस्तै असन्तोषी मात्र हुन हुँदैन। कृतज्ञको प्रसंगमा राजकुमार अंकुरले जुन रुखको मुनि बसेर छाँया प्राप्त गरिन्छ, उक्त रुखको पात एउटा पनि टिप्नुहुन्न भन्ने उपदेशको कथा मार्मिक छ। समय समयमा धर्मकथा श्रवण गर्नुको अर्थमा मन विक्षिप्त हुँदा अथवा काम वितर्कले चित्तलाई दबाउँदा धर्मश्रवण गर्नु सार्थक हुन्छ। महिनाको आठ पटक धर्म श्रवणको गणना पंचमी, अष्टमी, चतुदर्शी र पूर्णिमा शुक्लपक्ष र कृष्णपक्ष गरेर पनि छ पटक मात्र भएको छ। त्यसो हुनाले राजा मुण्डलाई स्वर्गवासी महारानीको शोक लागेको बेलामा धर्मको कुरा श्रवण नै उनलाई शोक हटाउनको लागि मंगलकारक भयो। क्षान्ति पनि मंगल कारक धर्म हो। तर क्षान्ति केलाई भनिन्छ, बुझ्न गाह्रो छ। क्षान्तिको अर्थ शक्रले युद्धमा पराजित असुरेन्द्रले गाली गर्दा पनि सहेको, सहनुका पाँचवटा लाभ, करौंतीले चिरे पनि सहनु बुद्धको उपदेश, कालीले आफू असल भएकोले मात्र वेदेहिका आफूदेखि नरिसाएको प्रमाणित गरेको प्रसंग यहाँ उल्लेख भएको छ। भनेको मान्ने हुनु पनि मंगल हो। तर यो भनेको मान्ने भन्ने प्रसंगमा लाभका कारणले भनेको मान्नु, नरम कुरामा भनेको मान्नु

हुनाले भनेको मानेको हुँदैन भन्ने अर्ति र धेरै अनुशासन गरियो भने उद्योग नै नगर्ला भनी भन्ने, फूल सुगन्धित छ भन्दा चोऱ्यो भनी भिक्षुलाई अनुशासन गर्नेको कथा यहाँ मार्मिक ढंगले उल्लेख भएको छ । अनुशासनलाई स्वीकार गर्नु सज्जन स्वभाव हो । दुर्जनले त सिंगील पन्छीले बाँदरलाई अर्ति दिंदा आफ्नो घर बिगारिदिए जस्तै सही कुरा बोल्दा पनि अन्यथा बुझ्दछन् । अझ अवारिय पिताले अर्ति उपदेशको महत्व नबुझेर बोधिसत्वलाई मात्र कुटपिट गरेको होइन, 'त्यसरी राजाले मान्ने बोधिसत्वलाई पनि कुट्नु हुन्छ र' भन्नासाथ आफ्नी गर्भवती स्वास्नीलाई समेत पिटेर स्वास्नीको अर्थात् आफ्नो बच्चा गर्भपात गर्नपुग्यो । क्लेश शान्त भएका अथवा शान्त गर्नको निम्ति उद्येग गरिरहेका श्रमणलाई कामले, वचनले र आँखाले देखेपछि श्रमण दर्शन मंगलकारक हुन्छ । विहान, बेलुका र फुर्सदमा अथवा चित्त विचलित हुने बेलामा धर्मको विषयमा छलफल गर्नु मंगलको विषय हो । क्षान्ति, परियत्ति अध्ययन, धुतांग धारण, इद्रिय संवर, दुष्कर चर्या, क्लेश शमन, छवटा इन्द्रियका दौर्मनस्य रक्षा आदिको कोशिस तपस्याद्वारा नै मंगल हुन्छ । बौद्ध-मंगलमय तपस्याको उपदेश नाङ्गो बस्नु, जटा पाल्नु, जाडो हुनेगरी पानीमा डुब्नु आदि प्रकारका तपस्या होइनन् । त्यस्तै नै बौद्ध-मंगलमय उपदेशमा ब्रह्मचर्य पनि शमथद्वारा विपश्यना ग्रहण गर्नु, माटोको ढिक्का जादुद्वारा सुनको ढिक्का देखिनु जस्तो लौकिक सत्य मात्र होइन, दुःख-सत्य आदि चार सत्यलाई देख्नु नै मंगल धर्म हो । अनि यस्ता मंगलले मात्र निर्वाण साक्षात्कार गरी मंगलावस्थामा हामीलाई पुऱ्याइदिन्छ । निर्वाणको मंगलमय अवस्था प्राप्त भए पनि अनुपादिशेष अवस्था रहेसम्म अष्टलोक धर्मको स्पर्शित अवस्थामा परिरहन सक्छ । तर यसले चित्त कम्पित, शोकित र भयभीत हुँदैन । सधैं रागादिको रजले विरज नै भइरहन्छ । यस मंगलमय अवस्था निर्वाण प्राप्तिपछिको हो । यो कुरा प्रष्ट पार्न विशेषतः उपाधि रहेसम्म अष्टलोक धर्मको प्रभाव र त्यसबाट प्रतिक्रिया मुक्तावस्था देखाउनको लागि नै बुद्धलाई भिक्षा प्राप्त नभएको, अतुललाई बुद्धले दिनुभएको निन्दाबाट मुक्त

नभएको भन्ने उपदेश, आफ्नो स्वामी सहित तीस जना छोराहरू मारिएको अवस्थामा पनि मल्लिकाको अशोक आदि प्रसंगहरू यस पुस्तकमा आएका छन् । मंगल सूत्रको व्याख्याको अन्तमा निगमनमा यो उपदेश कहिले बुद्धले आनन्दलाई सिकाउनुभएको हो भन्ने कुरो पनि उल्लेख भएको छ। अनि बुद्धबाट सिकेको यही **'मंगल सुत्त'** आयुष्मान आनन्दले संगायनाको समयमा महाकाश्यप महास्थविरको अगाडि निवेदन गरेका थिए ।

**'रतन सुत्त'** मा अरु अरु सूत्रहरूमा भन्दा थप गद्यमा तथागतको बुद्धत्व प्राप्ति देखिको चर्यालाई सम्झना गरिसकेपछि मात्र परित्राणको महत्वको सारांश दिइएको छ। गद्य खण्डको वर्णन भइरहेको निश्चयमा संक्षिप्तमा बोधिचर्या र बुद्ध-जीवनी नै दिइएको छ। अनि मैत्रीपूर्वक पाठ गर्नको लागि परित्राण पाठ गर्नेसँग र पाठ सुन्नेसँग हुनपर्ने गुणहरू दर्शाइएको छ। आयुष्मान आनन्दले बोधिचर्या र बुद्धचर्या गुण स्मरण गरे जस्तै नै स्मरण गर्नुपर्ने तथ्यको वर्णन त छ, तर आनन्दको करुणा चित्तको कुनै वर्णन छैन । आनन्दको चरित्रमा भएको करुणा गुणको पनि यहाँ कुनै व्याख्या हुनसक्थ्यो भन्ने लाग्छ । बैशालीको तीन तह पर्खाल भित्रको अथवा तीन तह पर्खालभित्र तीन यामसम्म नै आयुष्मान आनन्दले घुमी-घुमी पाठ गर्नाका कारणले अमनुष्यहरू सबै भागेर गए। रोग सबै नै शान्त भए। अनि नयाँ सभा मण्डप बनाएर बुद्ध बिराजमान गराए। बुद्धले यस रत्न सूत्रको देशना गर्नुभयो। बुद्ध वचन सुन्नलाई **सुमना** हुनु भन्ने एउटाको व्याख्यामा नै **प्रयोग, परतोघोस, सप्पुरिसूपनिस्सय, पञ्ञाहेतु सम्पत्तिको** विवरण बुझाइरहेको, त्यस्तै नै सर्बभूतको अर्थमा बौद्ध लोकधातुको व्याख्या भइरहेको छ। रत्न सूत्र वास्तवमा बुद्ध, धर्म र संघको रत्न भावमा गुण सम्झेर सुख शान्ति होस् भनेर कामना गरिराखिएको सूत्र हो। तर यस रत्नभाव अमूल्य अर्थमा मात्र होइन, आकर्षक, रमाइलो र असल अर्थमा पनि हो। सत्य वाचाको मामलामा सामका आमा बुबाको सत्य वचन र कृष्णद्वैपायन ऋषिको, मन्तव्य गृहपतिहरूको सत्य वाचाको उदाहरण दिइएको छ। खय,

विराग, अमत, सक्यमुनि र समाहित शब्दको शब्दार्थ, भावार्थ र तत्वार्थ देखाई त्यसको आनुभावले स्वस्ति होस् भनेर बोलिएको छ । श्रेष्ठ हुनुभएका बुद्धले परिशुद्ध आर्यमार्ग समाधिलाई तुलना नभएको भनी आज्ञा हुनुभएको छ । यो धर्मको रत्नत्व हो । यसैको एकएकवटा शब्दको संश्लेषण र विश्लेषण गरिएको छ । आर्यसंघ सुगतका श्रावक कसरी हुन्छ, एकएकको हिसावले आठजना, अनि स्रोतापत्ति आदि युगल अनुसार चार युगल श्रावकहरूलाई दान गरेको कसरी महत्फलदायी हुन्छ भन्ने वर्णन त्यसपछि हामीले देख्नेछौं । जति विस्तृत भनिए पनि अझ विस्तृतको भयले **अट्ठसतको** एकसयआठ जना आर्य श्रावक भेद रचनाकारले नदेखाई *खुद्दकपाठ* र *सुत्तनिपात*को अट्ठकथा हेर्नू भनी संकेत गरिएको हामी यहाँ देख्छौं । संघको अर्थ क्लेशलाई राम्ररी हनन गरेका अथवा प्रज्ञा शील समानता भएको समूहमा भित्रिएकाहरूलाई भनिन्छ भनी बताइएको मनले खान्छ । अनि सुगतको वचन सुन्नेहरू नै वास्तवमा श्रावक हुन् भन्ने परिभाषा पनि स्मरणीय छ । त्यस्तै नै स्थिर भएको समाधिले प्रबल उद्योग गरी शासनमा क्लेशले मुक्त भई निर्वाण धातु आरम्मणमा हुनेले लौकिक सुख जस्तो केही खर्च गरेर मात्र पाइने सुख होइन, बरु केही पनि खर्च गर्नु नपर्ने शान्तधातु सेवन गरिबस्नु नै संघको अर्को रत्नत्व हो । स्रोतापत्ति मार्गफल लाभी संघत्वमा पुगेका व्यक्तिको बुद्धप्रतिको श्रद्धा चारैतिरबाट आएका हावाहुरीले चलाउन नसकिने इन्द्रखील जस्तै हुन्छ । सुप्रबुद्धलाई इन्द्रले धन सम्पत्ति दिन्छु भन्दा पनि उसले बुद्धलाई 'बुद्ध होइन' भनेन । धनञ्जानी ब्राह्मणले आज ब्राह्मणहरूलाई भोजनमा बोलाइराखेको छु । आज एकदिन झ्वाट्ट **'नमो बुद्धाय'** नभन्; भनेमा काट्छु, मार्छु भन्दा पनि ब्राह्मणीले **'नमो तस्स भगवतो'** भन्न छोड्न सकिनन् । सूरम्बट्ठलाई मारले बुद्ध जस्तो भेष बनाई आएर अनित्य नभएको संज्ञा पनि छ भनेर छलेर बोल्न आउँदा पनि उसले अनित्य ज्ञानलाई छोडेन । यी तीनवटै उदाहरणले स्रोतापत्तिको दरिलो परिवर्तन नै नहुने दृढ श्रद्धा र सम्यकदृष्टिलाई स्पष्ट गर्दछ । त्यसैले त हो नि केही समय भौतिकमा भुलेर बसेपनि सातवटा

जन्मभन्दा बढी जन्म लिनै नपर्ने स्थितिलाई स्रोतापन्नले देखाउँछ । यही संघ गुणको प्रसंगमा एकबीजी अर्थात् एउटा जन्ममा नै स्रोतापत्तिबाट माथिको मार्ग फल लाभी, कोलंकोल अर्थात् एउटा असल कुलबाट अर्को असल कुलमा चढेर मार्गफल लाभ गर्ने भई पूर्ण गर्ने अनि सत्तक्खत्तु परम सात जन्मले मात्र अर्हत्व प्राप्त गर्ने ढंगले तीन थरीका स्रोतापन्न रहेको तथ्य उल्लेख गरिएको छ । स्रोतापन्नले सत्काय दृष्टि, शीलब्रत र विचिकित्सालाई पूर्णतः काटिसकेको हुन्छ । त्यसो हुनाले उ चार अपाय र छवटा हीन कर्म गर्ने अवस्थाबाट मुक्त भइसकेको पनि स्रोतापत्तिको लक्षण हो । यसलाई ब्याकरण दृष्टिले राम्ररी बुझाई राखिएको छ । स्रोतापन्नले काय, वाक् र चित्तद्वारा केही अकुशल गऱ्यो भने पनि निर्वाणलाई देखिसकेको जानिसकेको व्यक्तिले आफ्नो अकुशललाई छोपिराख्न सक्दैन । यो पनि स्रोतापन्नको गुणांग नै हो । वरज्ञ, वरद वरले अनुत्तर धर्मवर देशना गर्नुभयो । यो पनि प्रणीत रत्नभाव हो । बुद्धको धर्मको वर स्वभाव कारणपाली ब्राह्मणीले राम्ररी भनिरहेकी छे । पुरानो आस्रव क्षीण भइसकेका, नयाँ आस्रव सम्भव नरहेका, आगामी भवमा चित्त विरत भइसकेका, क्षीण बीज, फेरि जन्मको छन्द नरहेका, त्यस्तैगरी निर्वाण हुन्छ, जस्तो बलिरहेको बत्ति सधैंको निम्ति निभ्दछ । यही नै संघको प्रणीत रत्नभाव हो । रत्न सूत्रको नयाँ निश्रयको अन्तमा तथागत शब्दको धर्म र संघको आयामिक दृष्टिले पनि अभिप्राय सहित वर्णन गरी सिध्याइएको छ ।

**मेत्त सुत्तको** नयाँ निश्रय पनि सूत्रको आनिशंस वर्णन, वन जंगलमा बस्ने भिक्षुहरूलाई मैत्री भावना कर्मस्थानको लागि आरक्षा हुने कथा उल्लेख गरी शुरु भएको छ । मैत्रीको शान्त, प्रसन्न भई सुतेर आनन्दपूर्वक निदाई जस्तो सुतेको हो त्यस्तै बिउँझन पाइनु, खराब सपना नदेखिनु, देव-मनुष्यहरूबाट मन पराइनु, शस्त्र-विष-आगोले नछोइनु, आफ्नो शरीर र अनुहारको वर्ण सुन्दर हुनु, स्थिर चित्तका भई स्मृतिपूर्वक मरण हुनपाएर पनि ब्रह्मलोकगामी समेत हुनपाइनु, आनिशंसलाई राम्ररी सम्बन्ध जोडेर ब्याख्या भएको छ । शान्त निर्वाणलाई जान्न देख्न चाहनेले तीनवटा आचरण गर्नु पर्ने, सिधा, अनुशासन

गर्न सजिलो, सुवच स्वभावको, निराभिमानी, संतोषी, पाल्न सजिलो, अल्पकृत्य, शान्त इन्द्रिय भएको, बुद्धि परिपक्व भएको, मृदु स्वभावको, सभ्य र विनम्र स्वभावको, कुल गृहस्थीहरूप्रति आशक्ति नभएको हुनु, अनि तीनवटा विधिले गर्नुपर्ने आचरण गर्ने हुनुलाई छुटाई प्रष्ट गरिएको छ। अनि कस्तो काम उपहासका विषय बन्छन्, कस्ता काम सुख हुने शान्ति हुने बन्छन् भनी पनि पालि-दर्शनको आधारमा व्याख्या भएको छ। समस्त प्राणीहरूप्रति मैत्री भन्ने तथ्यलाई मन उदार पारी देखाउनलाई शैक्ष, अशैक्ष, शारीरिक आकार अनुसार दीर्घ, मध्यम र क्षुद्रहरू अथवा देखिने, नदेखिने, टाढाका, नजिकका सबैप्रति नै मानसिक तथा शारीरिक रूपले सितल र स्वस्थ होउन् भन्ने भावलाई पनि प्राणभूतका आकारले प्रष्ट पारिएको छ। छलकपट, अपमान, अवहेलना गरी अथवा शरीरले र वचनले कसैले कसैलाई दुःख र अशान्त गर्न हुँदैन, बरु आमाले आफ्नो एक्लो छोरोलाई जस्तै सुख, शान्ति र रक्षा गर्नको लागि मनस्थिति ल्याउनु पर्दछ भन्ने मैत्रीको विराटता पनि राख्नुपर्दछ। अझ यो राख्ने काम उठ्नु, हिंड्नु, बस्नु वा लेट्नु शारीरिक अवस्थामा पनि हुनुपर्दछ। त्यसैद्वारा नै बौद्ध ब्रह्मविहारलाई अगाडि बढाउन सकिनेछ। यस्ता तथ्यहरूलाई यस नयाँ निश्रयमा देखाइएका छन्। बरु यस सूत्रमा पनि उत्तरा र श्यामावती आदिहरूका मैत्री भावनाका प्रभाव प्रमाण दिइएको भए माथिका अरु विषयहरूमा जस्तै सउदाहरण हुने थियो कि भन्ने मनमा लाग्छ।

**खन्ध सुत्तमा** निदानको रूपमा सूत्रको आनिशंसपछि सातवटा गाथाहरू छन्। नागको भेद धार्मिक वाङ्मयमा धेरै नै छन्, त्यस्तै नै सत्वको संसारमा सर्पको भेद पनि धेरै-धेरै छन्। यस सूत्रमा विरुपक्ख, एरापथ, छब्यापुत्त र कण्हागोतम जातका चारथरी नागराजाहरूका वर्णन छन्। निश्रयमा काष्ठमुख, अग्निमुख, पूतिमुख, शक्तिमुख, अनि यिनीहरूका दष्टविष, दृष्टविष, स्पृष्टविष र वातविष उपजाति सर्पको उल्लेख भएको छ। यी सर्प वा नाग जातिका सम्बन्धमा लेख्नको लागि प्राणी विज्ञानको विशिष्ट ज्ञान चाहिन्छ। फेरि पच्चिसशय वर्ष अगाडिका जीवहरूमध्ये अहिले कति त दुर्लभ

पनि भइसके। फेरि वास्तवमा खन्ध सूत्रको उद्देश्य यस्ता तथ्य खोज्नतिर पनि त होइन ? यहाँको तात्पर्य त यस्ता यस्ता विषधर सर्पहरूको विषबाट पनि मुक्त होस् भन्नु अथवा यस्ता विषधारीहरूप्रति पनि मैत्री राख्नु हो। त्यति मात्र होइन, खुट्टा नभएका, दुइ खुट्टा भएका, चार खुट्टा भएका, धेरै खुट्टा भएका प्राणीहरूले पनि केही हानी नगरोस् भनी कामना गर्नु यस सूत्रको अभिप्राय हो। यसरी नै सबै प्राणी, सत्व, भूतहरूका इष्टारम्मण नै असल होस्, कसैलाई कुनै किसिमले खराब नहोस् भनी कामना गरी अपरिमित गुणयुक्त बुद्ध, धर्म र संघको गुण स्मरण गरी यसको तुलनामा सीमित परिमाणका सर्प, बिच्छी, कनसुत्लो, माकुरो, छेपारो, त्यस्तै नै घिस्रेर चल्ने प्राणीहरूबाट केही पनि अनिष्ट नहोस् भनी परित्राण स्मरण गरिएको नै यस सूत्रको सारांश हो।

**मोर सुत्तमा** बोधिसत्वको चर्या उल्लेख छ। बोधिसत्व मयूर भएको जन्ममा सात पुस्तादेखि शिकारीहरूले दीर्घकालसम्म प्रयास गर्दा पनि समात्न नसकेको सत्य उल्लेख गरी गुँडबाट निस्कन अगाडि उदय भएको सूर्यलाई हेरी सूर्य जस्तै दिनभरी बन्धनरहित हुन पाउँ, भनी अनि डुब्दै गरेको सूर्यलाई हेरी रातभर पनि बन्धनमुक्त हुनपाउँ भनी आशिका गर्ने गरेको तथ्य यस सूत्रमा छ। बोधिसत्व जस्ता प्राणी त मयूर आदि अनेक पशुपंक्षी योनिमा जन्म हुनुपर्ने देखाइएको भन्ने कुरो र 'मर्नुपर्ने प्राणीको मासु खाँदैमा बुढा बुढी हुनु नपर्ने, मर्नु नपर्ने' भन्ने स्वर्णपत्रको उल्लेख फटाहा कुरो हो भनेको घतलाग्दो छ। तर सुवर्ण मयूरको उपदेश सुन्ने इच्छा गरेकी महारानी उपदेश सुन्न नपाउँदै मर्नुपरेको कुरो भने अरु अरु बौद्ध आदर्शसँग मेल खाँदैन। सूर्यको शरणको अर्थ उसको उपयोगिता संस्मरण गर्नु मात्र भनिएको व्याख्या भने उपयुक्त ढंगले भएको छ। अनि बुद्ध, बोधि, विमुक्त र विमुक्तिलाई नमस्कार गरी मयूरले तारण राखी उडेर जाने कथा नै मोर सुत्तको सार हो। निश्रयका लेखकले जान्नुपर्ने अभिप्राय भनेर पनि त्यसैले प्रत्येक सूत्रमा जस्तै परिसमाप्तिमा लेखेको हुनुपर्दछ।

**वट्ट सुत्त** निदानको पालि गाथा अनुसार बुद्धले सारिपुत्त महास्थविरलाई देशना गर्नु भएको परित्त हो । बुद्धत्वको निम्ति पारमिता पूर्ण गर्नुहुँदा सुगा भएर सत्य पारमिता अर्थात् शील, सत्य, परिशुद्धता, मैत्री र करुणालाई स्मरण गरेर यसको आनुभावले नजिक आएको दावाग्नि टाढा हटाउन सत्यबल उल्लेख गरिएको यो सूत्र हो । पखेटा छन् उड्न सक्दिनँ, खुट्टा छन् तर खुट्टाले टेकेर कतै जान नसकिएको, अनि आमा-बुबा गुँडबाट निस्केर गइसकेको यथार्थ स्थिति र आफ्नो प्वाँख नै राम्ररी पलाई नसकेको विवशतासँगै अथवा स्वभाव धर्म सँगै शीलादि गुण धर्म स्मरण गरी पूर्व बुद्धहरू स्मरण गर्दै सत्य क्रिया गरेको थियो । यो सत्यक्रिया गर्ने बित्तिकै सोह्र करिष (चार रोपनी) टाढासम्म आगो शान्त हुनगयो । यो निश्चयमा *चरिया पिटक*मा सुरक्षित यसै सूत्रका ७ वटा गाथाहरू पनि उल्लेख गरिएको छ । जातकीय शैलीको वर्तमान कथा अनुसार यस *वट्ट जातक* अथवा अतीत कथा आयुष्मान आनन्दलाई बुद्धले देशना गर्नुभएको हो । फेरि यस सत्य क्रियाको आनुभाव एकलाख कल्प सम्म रहिरहने छ ।

**धजग्ग सुत्त**को आरम्भमा यस सूत्रको आनिशंससँगै यो सूत्र स्मरणले आकाशमा वा पृथ्वीमा, यक्ष, चोर आदिबाट धेरैलाई मुक्ति दिइसकेको पनि उल्लेख भएको यस सूत्रको निदानको विशेषता हो । मंगल सुत्त पछि सूत्र शैलीमा **'एवं मे सुतं'** देखि उल्लेख रहेको यही मात्र एउटा सूत्र छ । जेतवन विहारमा अनाथपिण्डिकको आराममा बुद्धबाट देशना गरिएको अनुसार उल्लेख भएको यस सूत्रमा देवासुर संग्राममा शक्रले त्रायस्त्रिंश देवताहरूलाई भय, त्राश र रौं ठाडो ठाडो भएमा इन्द्रको अथवा प्रजापतिको अथवा वरुणको अथवा ईसानको ध्वजा (झण्डा) को टुप्पा हेरेपछि यस्ता डर भय हटेर जान्छ भनी भने । तर बुद्धले भन्नुभयो, यो हुन पनि सक्छ, नहुन पनि सक्छ । तर अरञ्ञमा, रुख मुनि अथवा शून्यागारमा जानेबेलामा भिक्षुहरूलाई भय, त्रास वा रौं ठाडो ठाडो हुनु बुद्ध, धर्म अथवा संघको गुण स्मरण गऱ्यो भने अवश्य हटेर जान्छ । किनभने यहाँ वीतराग, वीतद्वेष र वीतमोहको आनुभाव छ । यस

सूत्रको आनुभावले आकाशमा समेत आरक्षा गर्ने सम्बन्धको दृष्टांतमा चैत्यबाट खसेकोलाई आरक्षित भएको कथा उल्लेख छ। प्रायः कथा उस्तै भए पनि कतै एउटा श्रामणेर भनी उल्लेख भएको छ भने यस निश्रयमा नवक भिक्षु भनी उल्लेख गरिएको छ। बरु दीघवापी चैत्यमा केही पोत्न गएको मात्र हो वा सिमेण्ट हाल्न गएको हो भनेको भनाईशैली मात्र भेद हो। मुख्य कुरा धजग्ग सूत्रले आकाशमा समेत रक्षा गर्दछ भन्नु नै आशय हो। अनि यस निश्रयको वर्णन अनुसार इन्द्रको ध्वजा दुइसय सत्तरी (२७०) योजन अर्थात् एकहजार छसय छप्पन्न (१,६५६) माइल उच्च भनेको उल्लेख अनि गन्धपान भनिने सुगन्धित रसको सर्बत खानु जस्तो स्वांग पारेका देवताहरूले त्यो रस खाइ नै हालेका असुर बनेकाहरूलाई उनीहरूको खुट्टा समातेर मेरु पर्वतको फाँटमा फालिपठाएको वर्णनमा पौराणिक शैली रहेको जस्तो लाग्यो। ध्वजा देखेर मानिसहरू उत्साहित हुनु, आफ्नो पक्षको ध्वजा देखेर, अझ आफ्नो सेनानायक अथवा अधिपतिको ध्वजा देखेर युद्धरतहरू समुत्साहित हुने कुरो त आजसम्म पनि रहेको यथार्थता हो। यस निश्रयको यस सूत्रको अर्को विशेषता हो, बुद्ध, धर्म र संघको गुणको विस्तृत परिचर्चा। **अरहं** गुणको चर्चामा *विशुद्धि मार्ग*को सारांश छ भने **सम्मासम्बुद्धको** चर्चामा बुद्ध जीवनी प्रसंगमा बुद्धले बोधिज्ञान प्राप्तिको पहिले प्राप्त गर्नुभएको पूर्वेनिवास ज्ञानदेखि सम्यकसम्बुद्धत्व ज्ञान प्रतीत्यसमुत्पादको उदय ब्ययको ज्ञानको विशद चर्चा भइराखेको छ। विद्याचरण गुणांगको वर्णनमा पनि तीनवटा विद्या र अठारवटा आचरणको कुरा सौदाहरण भइराखेको छ। सुगतको अर्थमा पनि निर्वाणको मार्गमा राम्ररी गमन गर्नुभएका साथमै उदाहरण सहित अभय राजकुमारको उदाहरण सहित **'सु'** असल वचन, **'गत'** बोल्नुहुने अर्थ पनि सामेल भएको छ। लोकविद्को व्याख्यामा विभिन्न सत्वको सत्वलोक, सत्वहरूको आधारस्थल भूमि ओकासलोक अनि यो सत्व र भूमि पनि प्रज्ञप्ति मात्र देख्नु नाम रूप धर्मको संस्कार लोकको राम्ररी स्पष्ट पारिएको छ। सत्व लोकको प्रसंगमा आयुष्मान सारिपुत्र महास्थविरको कर्मस्थान निदर्शन र महापन्थ अरहन्त

पुद्गलले चुल्लपन्थको परिपक्व कर्म देख्न नसकेको प्रसंग साह्रै नै मर्मस्पर्शी छ। ओकास लोकको लोक-भुवनको व्याख्या भूगोलको व्याख्याभन्दा भिन्न हो। ओकास लोक भनिने त सत्वलोक र संस्कारलोकलाई जान्ने ऋद्धिवानहरूले समेत जान्न छुट्याउन नसकिरहने कलाप कलापमा विद्यमान नाम रूपको स्वभाव जान्ने कुरो पनि संक्षिप्तमा चर्चा भएको छ। यसको पछिको गुणमा अनुत्तरलाई एउटा अलग्ग बुद्ध गुणको रूपमा र **अनुत्तरो पुरिसदम्म सारथी** अनुसार एउटै पारी व्याख्या गरिराखिएको छ। नेपालमा अहिलेसम्म नौवटा बुद्धगुण अनुसार नै चलन छ, **अनुत्तर** गुणलाई एउटा अलग्ग गुणको रूपमा वर्णन गर्ने चलन भइसकेको छैन। रोगलाई यथार्थ पहिचान गरी औषधि गर्दा औषधि लाग्नुभन्दा पनि मानिसको स्वभाव संस्कार र अभिप्राय जानेर बुद्धले प्राणीहरूलाई दमन गर्नुभएको 'सच्चक र अम्ब**ट्ठ**को अहं चूर्ण भएको, अनि बुद्ध परिषद्को शान्त निरवता देखेर कोशल राजाको श्रद्धा प्रसन्न भएको चर्चा गरिएको छ। त्यस्तै नै **'शास्ता-सत्थ'** को र **'बुद्ध-बुध'** को शब्दार्थ र भावार्थ दरिलो गरी बताइएको छ। **भगवाको** इस्सरिय, धम्म, यस, सिरी, काम, पयत्त गरी छवटा भाग्यको वर्णनसँग नेपाली उपासक उपासिकाहरू परिचित नै छन्। तर जहाँसम्म मलाई सम्झना छ, भाग्यलाई अणिमा आदि अनुसार आठवटा छन् भनी वर्णन गरिराखिएको शायद यस निश्चयमा पहिलो पटक हो भन्ने लाग्दछ। १. अणिमा : परमाणुभन्दा पनि सानो निर्माण शक्ति, २. लघिमा : हावामा, आकाशमा द्रूत गतिले उड्ने शक्ति, ३. पत्ति : इच्छित ठाउँमा तत्क्षण पुग्ने शक्ति, ४. पाकम्मं : इच्छा अनुसार आकार प्रकार सिद्ध गर्ने शक्ति, ५. महिमा : तथागतको शरीर इच्छा अनुसार रूप संस्थान गर्न सक्ने शक्ति, ६. ईसिता : जसलाई पनि अगाडि ल्याउनसक्ने शक्ति, ७. वसिता : ऋद्धि प्रातिहार्यमा बेजोड रहेको सामर्थ्य, ८. यत्थकाम वसायिता : उड्ने वा पृथ्वीमा लोप हुने सिद्ध शक्ति नै आठवटा भाग्यका कुरा हुन्।

बुद्धले देशना गर्नुभएको धर्मको गुण पनि विविध आयामिक अनुसार धेरै थरीबाट गुणांग रहेका छन्। मार्ग र फल अनि निर्वाण र धर्म स्कन्ध

अनुसार दशवटा उत्तम गुण छन् भने अकालिक अनुसार अर्थात् समयको क्षण नै अन्तराल नहुने गरी मार्गसँगै फल दिने अनुसार चार मार्ग धर्म गुणांग हुन्छन् । तर सामान्य रूपमा भने धर्मको गुण स्वाख्यात, आफैले छुटाछुट्टै विभाजन गरी जान्न योग्य, अकालिक फल दिने, यहाँ आएर हेर भनेर आमन्त्रण गरी देखाउन मिल्ने, निर्वाणमा पुऱ्याउने, मार्ग र फलमा आफैले विभाजन गरी अनुभव गरिने रूपमा ६ वटा गुणांग रहेका छन् । धर्म सुनेर, आचरण गरेर फलानुभव गर्नुको रूपमा अथवा आदि, मध्य र अन्तसम्म पनि कल्याण हुनेको रूपमा तीनवटा कल्याणयुक्त रहेको छ । यही तथ्यलाई नै निश्रयले विविध शब्दानुशय र पहिले घटेका उदाहरणद्वारा स्पष्ट व्याख्या गरिराखेको छ । यस्तै प्रकारले संघको सुप्रतिपन्न आदि नौवटा गुणहरूलाई सुन्दर पृष्ठभूमिको वस्तुस्थिति, अनतिक्रमणीय बुद्धको आज्ञा, भोजन गौरव, संदर्शनीय स्वभाव, पुण्यक्षेत्र आदि उदाहरणद्वारा स्पष्ट गरिराखिएको छ । बुद्धले त्रिरत्नको गुणानुस्मरणद्वारा भय र त्राश आदिबाट मुक्त हुने आज्ञा हुनुभएको, अनि पालि गाथाको शब्दार्थ दिएर यस सूत्रको निश्रय समाप्त गरिराखेको छ । यहाँ कस्ता-कस्ता, को-को, कहिले-कहिले भय र त्राशबाट मुक्त भए भन्नुको कथात्मक र यथार्थको उदाहरण बौद्ध-साहित्यमा धेरै धेरै भए पनि निश्रयमा उल्लेख गरिएको छैन ।

**आटानाटिय सुत्त** परित्राण र महापरित्राण दुवैमा समावेश सूत्र भए पनि यो सूत्र हिजोआज बुद्ध भाषित हो वा होइन भन्ने सम्बन्धमा निक्कै चर्चित विषय हो । साँच्चै त यस सूत्रको व्युत्पत्तिसँगै रहेको कथाले नै भन्छ यो बुद्ध स्वयम्ले आज्ञा हुनुभएको सूत्र होइन । बुद्ध राजगृहको गृद्धकूट पर्वतमा बस्नुहुँदा चारजना मुख्य देवताहरू अर्थात् चतुर्महाराजिक देवपुत्रहरू बुद्धकहाँ आए । उनीहरूको बिन्ती यस्तो हो, बुद्धको शीलाचरण धर्म मन पराउनेहरू मात्र होइनन्, अकुशल कर्मबाट पछि हट्न नसक्नेहरू पनि छन् । त्यसो हुनाले यस धर्ममा आस्था नहुने यक्ष देवताहरू पनि छन् । यस्ता यक्ष देवताहरूबाट केही भय र दुःख आउन नदिनका लागि विशेषतः जंगलमा,

गुफामा बस्ने साधक भिक्षुहरूको आरक्षाको निम्ति रक्षा बन्धन दिनुहोस् । बुद्धले वैश्रवण महाराजको बिन्ती सुनेर विपश्वी आदि बुद्धहरूको गुणानुस्मरणको रक्षा बन्धन दिनुभयो । यस निश्रयमा पनि यही तथ्यको निदानदेखि बुद्धहरूको विविध शब्दावलीद्वारा गुण स्मरण गरिएको गाथा परित्राणको शब्दार्थ र शब्दको भित्र रहेको तात्पर्य देखाइएका छन् । विपश्वी बुद्धलाई चक्षुष्मान र श्रीशोभायुक्त बुद्ध भनेर पालि गाथामा उल्लेख गरिएको छ । निश्रयले चक्षुको अर्थ पाँचवटा आँखा हुने भनी बुद्धचक्षु, धर्मचक्षु, समन्तचक्षु, दिव्यचक्षु, र प्रज्ञाचक्षु भनेर स्पष्ट गरेको छ । शिखि बुद्ध सर्वभूत अनुकम्पक हुन् । त्यस्तै नै उत्तमाचरणको तपश्वी पवित्र जलले क्लेश प्रक्षालन गरेका हुन् । ककुसन्ध बुद्ध मारसैन्यहरूलाई प्रमर्दन गर्ने हुन् । ती बुद्धहरूको आनुभावले आरक्षा होस् भनेर यस सूत्रमा कामना गरिराखेको हो । कोणागमन बुद्ध आर्यमार्गको उत्तमाचरणयुक्त विशुद्ध ब्राह्मण भएका बुद्ध हुन् । विपश्वी सम्पूर्ण क्लेशबाट मुक्त बुद्ध हुन् । गौतम शाक्यपुत्र श्रीशोभाले युक्त अंगीरस बुद्ध हुन् । यसरी सातजना मानुषी बुद्धहरूको गुण शब्दले वर्णन गरिएको छ, ती शब्द विशेषणहरू त्रिपिटकको सारको विशिष्ट विशेषणभन्दा रचनाको आवश्यकता अनुसारका विशेषण जस्तो लाग्छ । गाथाको सारांशमा सकल बुद्धहरू दशबल, वैशारद्य सम्पूर्ण सर्वज्ञताद्वारा परिपूर्णहरू हुन् भनी उल्लेख गरिएको पनि छ । निश्रयमा उल्लिखित स्थानास्थान ज्ञान आदि दश ज्ञानबलको चर्चा, चार वैशारद्य, बत्तीस लक्षण, अस्सीवटा अनुब्यंजन, दश अरियवास, तीस प्रकारका वुड्ढापचायनको विवेचन साह्रै राम्रोसँग भएको छ ।

**अंगुलिमाल सुत्त** वास्तवमा सत्यक्रियाको आनुभाव जान्न, बुझ्न अनि अहिंसा आनुभाव अनुभूति गर्न पर्याप्त सूत्र हो । अंगुलिमालले गुरुको आज्ञा अनुसार मिथ्याधर्मको अनुष्ठानको अंगको रूपमा मानिस मारी हिंड्यो । तर उ जब बुद्धको शरणमा आयो, फेरि भिक्षु भयो, तबदेखि उ पूर्ण अहिंसक भयो । एउटी गर्भवतीको प्रसव पीडा पनि उसले सुनिरहन सकेन । अहिंसक श्रावक अंगुलीमालले अधिष्ठान गर्नुभयो, 'जबदेखि म आर्य श्रावक भई जन्में,

तबदेखि जानेको चेतना अनुसार कुनै प्राणीलाई हत्या गरेको छैन । कुनै प्राणीको जीवितेन्द्रियलाई आघात गरेको छैन । यस सत्य वचनको प्रभावले तिमीलाई प्रसव पीडाबाट मुक्त होस् अर्थात् सजिलोसँग प्रसव होस्, बच्चालाई पनि, आमालाई पनि दुःखपीडाबाट मुक्त होस् । हिंस्रक वनचारी अंगुलिमालबाट बदलेका अहिंसक श्रावक अंगुलिमालको यस सत्यक्रियाले उक्त गर्भवतीको प्रसव पीडा शान्त भयो । सजिलोसँग सुत्केरी भई । यस अंगुलिमालको यो सत्यक्रियाको प्रभाव एक कल्पसम्म रहिरहने छ भनेर पनि विश्वास गरिराखेको रहेछ । यस निश्रयमा यस शब्दार्थका साथै बुद्धले अंगुलिमाललाई के कारणमा सत्यक्रिया बोल्न लगाउनुभयो भन्ने कुरा अंगुलिमालको सारांश कथाको साथमा उल्लेख गरिएको छ ।

**बोज्झंग सुत्त** साँच्चै भन्ने हो भने मनको परिशुद्धताको शक्ति र परिशुद्ध चित्तले गहन सत्यको चिन्तन मनन वा स्मरणद्वारा शारीरिक वेदना शान्त गर्नुको उदाहरण हो । सातवटा बोध्यंग तीन भवबाट मुक्त, अजात, अजरा, अब्याधि, अमत, निर्भय निर्वाणमा पुऱ्याउने तत्व दर्शन हो । यसको संस्मरणले अनेक दुःख कष्ट हटाइदिन्छ । यो 'मन्त' हो । स्मृति सम्बोध्यंग, धर्मविचय सम्बोध्यंग, वीर्य सम्बोध्यंग, समाधि सम्बोध्यंग, प्रीति सम्बोध्यंग, प्रश्रब्धि सम्बोध्यंग, समाधि सम्बोध्यंग र उपेक्षा सम्बोध्यंगको संस्मरणद्वारा मौद्गल्यायन र कस्सप महास्थविरहरूको अस्वस्थताको वेदना शान्त भयो । एक पटक स्वयम् बुद्धलाई परेको रोगावस्थामा पनि चुन्द स्थविरबाट यही सातवटा सम्बोध्यंग पाठ गराई सुन्नुभयो । रोगको तीब्र वेदना प्रभावहीन भयो । यही सत्यको आनुभावले शोक, रोग र भय शान्त होस् भन्ने कामना यस सूत्रमा छ भने रोगादि अवस्थामा यस गुणांगको स्मरणको आदर्श प्रेरणा पनि यस सूत्रमा रहेको छ । निश्रयमा पृष्ठभूमिको कथा प्रस्तुत गरी शब्दार्थ र कतै कतै भावार्थ दिइएको छ ।

**पुब्बण्ह सुत्त** एकातिर बुद्ध, धर्म र संघको गुणानुस्मरण गरी शुभकामना गरिराखिएको शुद्ध किसिमको परित्राण हो भने अर्कोतिरबाट त्यस

बेलाका मानिसहरूको संस्कार देखाइराखेको सूत्र पनि हो । दुर्निमित्त, अवमंगल, मन नपर्ने पंक्षीहरूको आवाज सुन्न पर्नु, पापग्रह, दुःस्वप्न बुद्धानुभावले विनाश होस्, धर्मानुभावले विनाश होस् र संघानुभावले विनाश होस् भनी सूत्रको प्रारम्भमा नै कामना गरिएको छ । निश्रयमा यस सूत्रका गाथाहरू कुन कुन बुद्धदेशित हुन् अनि कुन-कुन गाथाहरू आचार्यप्रणीत हुन् भनेर देखाइएका छन् । जे होस्, यस सूत्रमा दुःखीहरू निर्दुखी, शोकीहरू निःशोकी, भयभीतहरू निर्भयी होउन् भनी कामना गरी अनुमोदनको आशिका गरिसकेपछि दान श्रद्धापूर्वक दिन, शील सधैं रक्षा गर्न, भावनामा अभिरत हुनलाई सत्प्रेरणा दिइएको छ । साथै सम्पूर्ण बुद्धहरू, प्रत्येक बुद्ध र अर्हत्‌हरूको आनुभावद्वारा रक्षा होस् भनी रक्षा बन्धन गरिराखिएको हो । त्यति मात्र होइन बुद्ध, धर्म र संघसँगै सम्पूर्ण देवतानुभावले समेत रक्षाको कामना गरिएको यस सूत्रमा छ । अन्तमा फेरि बुद्धको पारमिता गुण धर्मदेखिका पुण्य-कार्यलाई स्मरण गरी बुद्धको चर्या स्मरण गरी सुनक्षत्र, सुमंगल, सुप्रभात प्रत्येक क्षण सुमुहूर्त होस् भनी कायकर्म, वचीकर्म र मनोकर्म सबै नै उन्नति वृद्धिको कामना गरिएको छ । यस निश्रयमा अनेक कथात्मक व्याख्याले उदाहरण दिइएको अथवा ब्याकरणको दृष्टिले भावबोध स्पष्ट गरिएको यहाँ हामी देख्दैनौं । अनि निश्रयको निगमनदेखि प्रज्ञाविद्‌हरूसँग अभिप्राय भंग नगर्न अनुरोध गरी करुणा, मैत्री वृद्धि गरी असल चेतना र असल प्रार्थना गरी निश्रय समाप्त गरिएको छ ।

वस्तुतः परित्राणको नयाँ निश्रय पुस्तक नेपालका श्रद्धालुहरूको निम्ति परित्राणको बारेमा गहिरो अर्थ, भाव र तात्पर्यले भरिपूर्ण ग्रन्थरत्न नै हो । परित्राणमा योभन्दा बढी विस्तृत रूपमा अहिलेसम्म चर्चा भएको छैन । अझ मलाई त यस्तो पनि मनमा लाग्छ कि यति गम्भीर किसिमले ब्याकरण दृष्टिले शब्द, अर्थ र भेद समेत ख्याल गरी परित्राणको अध्ययन र मनन नेपालका श्रद्धालुहरूमध्ये धेरैजसोले गर्न नै सक्दैन कि ! पुस्तकको बिचबिचमा रहेका पृष्ठांक आदि भने नेपालका पाठकहरूलाई होइन, बर्मी पाठकहरूको

निम्ति मात्र उपयोगी विषय हो । शायद अनुवादकलाई नेपालका पाठकहरूलाई सुविधा हुनेगरी पालि त्रिपिटक (नालन्दा प्रकाशन) का मात्र ग्रन्थअनुरूप पृष्ठांक परिवर्तन गर्नु सम्भव भएन होला । कुनै कुनै पृष्ठांक गैरत्रिपिटकका पनि रहेकोले यस्तो गर्न अप्ठ्यारो पनि भयो होला । तैपनि यस विषयमा कुनै विकल्प रहेको भए पाठकहरूलाई पढ्ने बेलामा भाव छुट्टिने अवस्था रहने थिएन । अनि नेपालभाषाको सप्तमी विभक्तिको प्रचलित प्रयोगको विविधताले पनि कतै-कतै रसानुभवमा बाधा पुगिरहेको जस्तो लाग्यो । जे होस्, नेपाली श्रद्धालुहरूलाई परित्राण जस्तो पुस्तकको ६०० पृष्ठको शब्दार्थ, भावार्थ, तत्वार्थ र अभिप्रायार्थ समेत दिएर अनेक उदाहरण कथा, त्रिपिटक प्रसंग प्रमाण दिइएको यस ग्रन्थको अनुवाद कार्य र प्रकाशन स्वयं एउटा ऐतिहासिक घटना हो । दुःख, कष्ट र पीडाबाट मुक्ति चाहनेहरूलाई दिइने भरोसा 'परित्राण' को एउटा ठूलो देन हो । तसर्थ अनुवादकको अभ्यस्त, अथक, शुद्ध-श्रम, अनुवाद प्रकाशनका लागि सहयोग बुद्ध-धर्म ग्रन्थको क्षेत्रमा सबैले नै नदिई नहुने साधुवादको विषय हो । सबैजनाको साधुवाद सँगै बसेर मेरो पनि अनुवादक र प्रकाशकप्रति धेरै धेरै साधुवाद छ ।

**-भिक्षु सुदर्शन**

श्रीकीर्ति विहार,
कीर्तिपुर, काठमाडौं,
नेपाल ।
कार्तिक शुक्लपक्ष ११, नेपाल सम्बत ११११३ बुधवार

(नेपालभाषा संस्करणबाट)

# स्पष्टिकरण

अभय र सुखकामी मानव समुदायले आफ्नो जीवन जसोगरी भए पनि भय र दुःखबाट मुक्तिको कामना गरिरहन्छ। उपद्रव र विपत्तिबाट मुक्त भइबस्ने चाहना राखिबस्दछ। त्राण वा रक्षा बनाइबस्नु सबैलाई अतिव मन पर्दछ। आशीर्वाद र वरदान थाप्न पायो कि सबैजना खुशी हुन्छन्। सन्तुष्ट हुन्छन्।

सर्वसाधारणबाट अपनाई राखिएको धर्म अनुसार भनिएमा संसारमा भयबाट मुक्त भई वर प्राप्त गर्नको निम्ति नै धर्मको उत्पत्ति भएको तथ्य बुद्ध-वचनबाट पनि केही पुष्टि गरिरहेको जस्तो लाग्दछ। जस्तो कि-'निस्सन्देह धेरै मानिसहरू पर्वत, वन, उद्यान, आराम, वृक्ष, चैत्यादिको शरणमा जानु भयबाट तर्जित भएर नै हो। तर यी क्षेत्रहरू र स्थलहरू भयरहित क्षेम प्राप्त (सुरक्षित), उत्तम शरण होइनन्; यिनका शरण लिनाले सम्पूर्ण दुःखबाट मुक्त हुने अवश्यमेव होइन।'

बुद्ध-वचन अनुसारको भयरहित, क्षेमयुक्त रहेको उत्तम शरण र सम्पूर्ण दुःखबाट मुक्त हुनपाइने क्षेत्र त बुद्ध, धर्म, र संघ त्रिरत्नको शरणमा जानु, सम्यक् प्रज्ञाले राम्ररी दुःख सत्य, दुःख प्रभव कारण समुदय सत्य, दुःख निरोध र अतिक्रमण भएको निरोध सत्य अनि दुःख शान्त पार्नेतिर गइरहेको आठवटा अंगले पूर्ण रहेको मार्ग सत्यलाई जानी देखी बस्नु हो।

यस '*न्हूगु परित्राण निश्रय*'-मा उल्लिखित ११ वटा सूत्रहरूलाई

ध्यानपूर्वक प्रष्टरूपले गहिराइसम्म दृढपूर्वक भित्रसम्म नै पुग्ने गरी चिन्तन मनन, निरीक्षण, परीक्षण, अध्ययन र वीमंशन गरिएमा माथि उल्लिखित बुद्ध-वचन अनुसारका तथ्यहरूको अनुकरण, अनुशरण र अभ्यासबाट रोग, भय, दुःख, उपद्रव, विपत्ति, दुःस्वप्न, दुर्मंगल, अमनाप स्थितिबाट मुक्त हुनपाउने स्पष्ट छ ।

जजसले यो कुरालाई स्वीकार गरी आस्था र सही ढंगको विश्वासले आआफ्ना जीवनलाई ढालेर आचरण गर्दछन्, उनीहरूले त्यसको सुफल सुपरिणाम सांदृष्टिक रूपले अनुभव गर्नपाउँछन् । जोजो यसको विपरीत दिशातिर जान्छन्, उनीहरू अवांछित दुष्परिणामबाट दबिएर बस्नपर्नु अवश्यम्भावी हुन्छ ।

रोग, दुःख, भय, त्राश, विपत्ति, उपद्रवप्रति घृणा अनुभव गरी सुखको अभिलाषा राखी बस्ने मानिसहरूलाई सम्यक् मार्ग यथार्थ पद्धति अवबोध गराउने मनसायले यस *नयाँ परित्राण निश्रय* पुस्तक बर्मेली (म्यानमाः) भाषाबाट हाम्रो आफ्नो नेपाल भाषामा अनुवाद गर्ने प्रयास भएको हो । यो काम पहिले शुरु गर्नलाई विशेषरूपले उत्साह र प्रेरणा प्राप्त भएको थियो ध्यानगुरु अववादाचार्य सयादो ऊ पण्डिताभिवंस महास्थविरबाट । त्यसबेला म उहाँसँगसँगै विपश्यना ध्यान शिविर संचालनको सिलसिलामा मलेशिया, सिंगापुर, अष्ट्रेलिया र अमेरिकातिर उहाँकै सहयोगी भएर गइरहेको अवधि थियो । ध्यान शिविर सम्बन्धी दैनिक कार्यक्रम सिद्धिएपछि बाँकी समय खेर नपठाई पाएको जति समयमा यो पुस्तक अनुवाद गर्दै गएँ । शुरुमा अनुवाद कार्य अति नै दुरूह लाग्न थालेकोले नाइँ भन्नुपर्ने जस्तो अवस्था आएको थियो; तैपनि त्यसबेला उहाँ सयादोबाट प्राप्त भएको हौसला, उत्साह र सत्प्रेरणाले गर्दा यो कार्य बिस्तारै-बिस्तारै अगाडि बढाई पूरा गर्न सकें । जसको सुफल र सुपरिणाम आज पाठक श्रद्धालुहरूका अगाडि राख्न पाएको छु ।

यस पुस्तकमा जति पनि ग्रन्थ उद्धरणहरू छन्, ती सबै नै बर्मेली

छट्ठसंगायन आरुढ संस्करणको पालि, अट्ठकथा र टीकादिबाट उद्धृत पृष्ठांक हुन् । अनि केही यसै पुस्तकका पृष्ठांकहरू पनि बर्मेली संस्करणको रहन गएका छन् । मसँग देवनागरिमा मुद्रित नालन्दा पालि संस्करण पुस्तकहरू नभएको र नालन्दा संस्करणमा पालि त्रिपिटक बाहेक पूर्ण रूपले अट्ठकथा र टीका ग्रन्थहरू अहिलेसम्म उपलब्ध भइनसकेकोले तथा आफ्नो अध्ययन क्षेत्र पनि बर्मेली लिपि नै बढी भएकोले पाठकहरूलाई यसले केही असुविधाको अनुभव हुनगएको होला । त्यसको लागि मेरो बाध्यता बुझेर क्षम्य हुनेछ भन्ने आशा छ । शुद्धाशुद्धिप्रति पनि सकभर गल्ती नहोस् भनेर विशेष होशियारी राख्ने प्रयास भएको हो; तर त्यसो हुँदाहुँदै पनि कतैकतै सच्याउनुपर्ने स्थितिबाट मुक्त हुननसकिएको पनि रहेका छन् । सूत्रका नामहरू कतै पालि अनुसार र कतै संस्कृतकरण हुन गएको पनि पाठक विद्वानहरूले देख्नसक्नुहुनेछ । यसमा अनुवादकको तर्फबाट प्रमादवश हुनगएको त्रुटि र कतै कतै बाध्यता नै हो भनी बुझ्नु पर्ला जस्तो लाग्छ ।

बेला बखतमा धर्मकथा सुन्नु मंगल विषयमा भगवान् बुद्धले अनुज्ञा दिइराख्नुभएका दिनहरूको प्रसंगमा महिनाको ८ पटक सम्बन्धमा यस निश्चय पुस्तकमा 'पंचमी, अष्टमी, चतुर्दशी, पूर्णिमा कृष्णपक्ष र शुक्लपक्ष भनी सामान्यरूपले मात्र देखाइराखेको छ । दिन नपुग भएको जस्तो रहेको छ । त्यसमा कुनै बेला कुनै ठाउँमा प्रतिपदा र कुनै बेला कुनै ठाउँमा एकादशीलाई पुण्यतिथिको रूपमा मान्ने चलन छ । त्यसरी प्रदेश र समाजको मान्यता अनुसार सुविधा अनुसार लिनुपर्दा निश्चित रूपले उल्लेख गर्न अप्ठ्यारो जस्तो लाग्ने भएर यहाँ स्पष्ट गरी नराखेको हो कि, जस्तो लाग्छ । साँच्चै त दिन त्यति महत्वपूर्ण होइन । जुन कुरो यसै पुस्तकमा स्पष्टरूपले उल्लेख छ । अनुकूल अवस्था पाइनु नै धर्म श्रवणको मंगल विषय भयो; अनि त्यसबाट उत्पन्न हुने असल प्रतिफल ।

संशय हुनसक्ने भएकोले अप्रासंगिक जस्तो देखिए पनि स्पष्टताको लागि यहाँ उल्लेख गर्दछु । 'साधुवाद' ले यसमा संकेत दिएको पाठकहरूको

निम्ति लाभदायक भएकोले अति नै राम्रो भयो ।

यो पुस्तक प्रकाशनको लागि थोरै थोरै आर्थिक सहयोगले पुग्ने होइन । श्रद्धाले उत्पन्न गर्नुपर्ने आर्थिक संकलनको ठूलो भार छ । यस काममा लेश मात्र पनि निराश अनुभव नगरिकन अथक परिश्रम गरी श्रद्धालुहरूको मन जितेर श्रद्धा बढाइदिनमा अतुलनीय सहयोग दिने बहिनी अनागारिका उत्पलवर्णाको अमूल्य योगदान अति नै सराहनीय भएको छ; त्यस्तै नै सद्धर्मप्रेमी श्रद्धालुहरू पनि । स्वदेशी विदेशी सम्पूर्ण बुद्ध-शासन उन्नति र वृद्धिकामी श्रद्धालुहरूको रगत पसिनाको चिन्ह यसमा समावेश भएको छ । ती श्रद्धावन्त दाताहरूको नामावली पुस्तकमा समावेश छ ।

अनि यस पुस्तकको महत्व र उपादेयता वृद्धि गर्ने काममा ठोस भूमिकाको आफ्नो योगदान छ । यस क्षेत्रमा सहोदर आयुष्मान भिक्षु सुदर्शन महास्थविरले आफ्नो ब्यस्त र अस्वस्थ अवस्थालाई नै वास्ता नगरिकन धारिलो तीक्ष्ण लेखनीद्वारा सारगर्भित 'साधुवाद' भूमिकाको रूपमा थपेर यस पुस्तकको आकर्षण वृद्धि गर्नुभएकोमा उहाँप्रति अतिव आभारी छु ।

साथमा प्रेस सम्बन्धी प्रूफ ल्याउने लाने जस्तो दिक्कलाग्दो नरमाइलो काममा अलिकति पनि गहारो नमानी बारम्बार ओहरदोहर गरी सहयोग गर्नु र प्रूफ समेत पढी सहयोग दिनुमा श्रम र समय दिने सब्रह्मचारी र शिष्यगणहरू विशेषत: भिक्षु बोधिज्ञान, श्रामणेर वजिरबुद्धि र निग्रोधहरू अनि भान्जा प्रकाश बज्राचार्य साँच्चै नै प्रशंसा र धन्यवादका पात्र भएका छन् । त्यस्तै नै 'नेपाल प्रेस' का हाकिमहरू, अभिन्न अंग श्री मित्रमानजु सहित सम्पूर्ण सम्बन्धित प्रेस परिवारहरूको बहुमूल्य सहयोग अति अति नै उपकारक सिद्ध भएका छन् । तसर्थ सबै सबैजनालाई भित्री हृदयदेखि धन्यवाद र साधुवाद छ ।

वस्तुत: यस *'नयाँ परित्राण निश्रय'* सम्पूर्ण नेपाली बुद्धशासनानुयायी धर्मगरुक विशुद्ध धर्मप्रेमीहरूको निम्ति एउटा अनर्घ ग्रन्थरत्न हो । यस ग्रन्थरत्नको सही मूल्यांकन गरेर यथार्थ महत्व बुझेर यसबाट आफ्नो विपन्न जीवनलाई सम्पन्न गर्ने शिक्षा लाभ गर्न सकेमा अनुवादकको प्रयास सार्थक

भई मन सितल र निर्मल पार्ने मौका पाउने थिएँ भन्ने लाग्छ ।

यस परित्राण आरक्षाद्वारा दुःख पाइरहेकाहरू दुखमुक्त, भय पाइरहेकाहरू भयमुक्त, शोक पाइरहेकाहरू शोकमुक्त होउन् ! सबैलाई नै सर्बमंगल परिपूर्ण होस् ।

**-अनुवादक**

विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर, काठमाडौं ।
२०५०-७-१६

## प्रथम नेपाली संस्करणको बारेमा

बि. स. २०५० सालमा प्रकाशित भएको म्यानमार भाषाबाट नेपाल भाषामा अनुदित मेरो कृति *न्हूगु परित्राण निश्चय* को आज लगभग एकचौथाइ शताब्दीपछि राष्ट्रिय भाषा नेपालीमा यो *नयाँ परित्राण निश्चय* प्रकाशन भएकोमा औधी खुशी छु । यसमा पालि बौद्ध परम्पराका बहुप्रचलित विधिव्यवहार तथा अवधारणाहरूको मूलस्रोत रहेको परित्त सुत्त उपर विस्तृत छलफल भएकोले हरेक स्तरका पाठकहरूलाई केही न केही उपयोगी हुने आशा गर्दछु । प्रशस्त मेहनत र अभ्यासद्वारा मात्र सम्भव यस्तो विशाल तथा गम्भीर विषयको नेपालीमा अनुवाद एवं सम्पादन हुनुले यसको लोकप्रियता दर्शाउँछ । यसमा अनेक विद्वानहरूबाट प्राप्त भएका सुझावलाई मनन गरिएकोले यो समुचितरूपले परिमार्जित तथा निर्दोष हुने आशा गर्दछु । यस प्रकाशनले नेपाल बौद्ध परियत्ति शिक्षाका कोविद स्तरका विद्यार्थीहरूलाई ठूलो अभावपूर्ति भएको छ । नेपाल बौद्ध परियत्ति शिक्षाको यस्तो पाठ्यपुस्तक प्रकाशन गरी टेवा पुऱ्याएको स्तुत्य तथा आदर्शयोग्य छ ।

'सब्बदानं धम्मदानं जिनाति, अर्थात् सम्पूर्ण दानलाई धर्मदानले

जित्दछ' भन्ने भगवान् बुद्धको आज्ञा छ । *नयाँ परित्राण निश्रयकी* अनुवादिका उपासिका श्रीमती विद्यालक्ष्मी शाक्य 'कोविद'; त्यस्तै संशोधक तथा सम्पादक भक्तपुरको मुनि विहारका प्रमुख धर्मगुरु भिक्षु विपस्सी महास्थविर दुबैजना धेरै धेरै धन्यवादका पात्र हुनुहुन्छ । यस्तो गहकिलो कृति प्रस्तुत गरेर आफ्नो अर्धशतवार्षिकी मनाउने मुनि विहार बौद्ध परियत्ति शिक्षा केन्द्रको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । यस अर्धशतवार्षिकीको उपलक्ष्यमा यो कृति प्रकाशित गर्ने मुनि विहार व्यवस्थापन समितिलाई पनि मेरो साधुवाद छ । यसलाई आर्थिक सहयोग गर्नेहरू समेत यस प्रकाशन धर्मदान गर्ने कुशल कार्यमा सहभागी सबैजनालाई तथागतको सदुपदेश धर्मदानबाट हुने जित पनि प्राप्ति होस् र मनोकामना पूर्ण होस् भन्ने मेरो आशीर्वाद छ ।

यस *नयाँ परित्राण निश्रय* को अध्ययन, चिन्तनमनन तथा अभ्यासले सम्पूर्ण प्राणीहरूको निरन्तर शान्तिस्वस्ति तथा प्रगति भइरहोस् ।

**उपसंघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर**
विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर, काठमाडौं, नेपाल ।
२०७४-०९-२८

# निदान

**परित्राण** त्रिलोकका असली नाथ हुनुभएका सम्यकसम्बुद्ध तथागतले सर्वज्ञता ज्ञान अधीनस्थ र हस्तगत गरी प्राप्त गरिसकेदेखि परिनिर्वाण नहुञ्जेलसम्म ४५ वर्षसम्म ब्रह्मा, देव, मनुष्य त्रिलोकका सत्वहरूलाई अमृत धर्म रसपान गराउनुभयो। त्यसरी अटुट रूपमा देशना गर्नुभएको धर्मोपदेश धर्मस्कन्धको हिसाबले ८४ हजारभन्दा पनि धेरै छन्। यसरी धर्मस्कन्ध हिसाबले धेरै-धेरै रहेको भए पनि उक्त धर्म-उपदेशको लक्ष्य **विमुत्ति** (=क्लेशबाट विमुक्त हुनु) एउटै मात्र हो।

त्यसरी क्लेशबाट विमुक्त हुने लक्ष्य राखेर बताइराख्नुभएको धर्ममा उक्त विमुक्ति प्राप्तिको निम्ति प्रयत्न र उद्योग गरिरहेका भिक्षु, श्रमण, गृहस्थहरूको भय उपद्रव अन्तराय दूर गरी हटाई सुखानन्द दिनको लागि आरक्षाको रूपमा देशना गरिराख्नुभएका उपदेशहरू पनि समावेश छन्। ती उपदेशहरूलाई नै पालि भाषामा **'परित्त'** र हाम्रो भाषामा **'परित्राण'** भनिन्छ।

सम्यकसम्बुद्ध तथागत स्वयंबाट उच्चारण गरी देशना भएका परित्राणहरू पाँच निकाय, तीन पिटक पालिमा यताउति छरिएर रहेकालाई दूरदर्शी हुनुभएका पहिले-पहिलेका शासन-रक्षक महास्थविरहरूले ती परित्राणहरूको संग्रह गरी एउटा अलग्ग ग्रन्थको रूपमा व्यवस्था गरिदिनुभयो। त्यसरी व्यवस्था गरिराखिएका परित्राण ग्रन्थहरू नै आजभोलि बर्मा देशमा ***'महापरित्राण'*** *(पयइजी)* भन्ने नामले प्रख्यात छ।

**व्यवस्थापन विधि**

उपरोक्त *महापरित्राण*लाई संकलन गरी व्यवस्था गर्दा पुराना महास्थविरहरूले *मिलिन्द-प्रश्न पालि,* आयुष्मान महाबुद्धघोष महास्थविरका धेरैवटा अर्थकथाहरूमा भेटिएका उपदेश वचनलाई आधार लिनुभएको देखिन्छ। त्यो विषयलाई विस्तृत उल्लेख गर्नेछु- *मिलिन्द-प्रश्न पालि, मेण्डक प्रश्न काण्ड, मृत्यु पास मुक्ति प्रश्न (पृष्ठांक १५२)* मा तथागतले निर्देशित गरी बताउनुभएको परित्राण देखाइराखिएकोमा **रतन सुत्त, मेत्त सुत्त, खन्ध परित्त, मोर परित्त, धजग्ग परित्त, आटानाटिय परित्त, अंगुलिमाल परित्त**-हरू देखिन्छन्। त्यस्तै नै आयुष्मान महाबुद्धघोष स्थविरले जाति क्षेत्र, आणा क्षेत्र, विसय क्षेत्र भन्ने तीनवटा क्षेत्रहरूमध्येमा आणाक्षेत्रलाई व्याख्या गर्नुभएकोमा एकलाखकोटी चक्रवाल परिमाण भएको त्यस आणाक्षेत्रमा प्रभाव फैलन सक्ने परित्राण उल्लेख गरी देखाउने चलन रहेको छ। यसरी देखाइराखिएकोमा *पाराजिक कण्ड अट्ठकथा (पृ. १२९) विसुद्धिमग्ग अट्ठकथा (दु.४४)* मा **रतन सुत्त, खन्ध, धजग्ग, आटानाटिय, मोर परित्त**-हरू उल्लेख गरी देखाई *दीघनिकाय पाथिकवग्ग अट्ठकथा ( ८१) उपरिपण्णास अट्ठकथा* (म.ट्ठ. ४-७९); *अंगुत्तर अट्ठकथा (अं. ट्ठ.१-३५८), सम्मोहविनोदनी अट्ठकथा (अभि.ट्ठ. २-४११)* मा त **आटानाटिय, मोर, धजग्ग, रतन परित्त**-लाई मात्र देखाई आदि शब्द समेत समावेश गरी उल्लेख गरिएको देखिन्छ। *अंगुत्तर अट्ठकथा (अं.ट्ठ. २-२१०)* र *महानिद्देस अट्ठकथा* (३३६) मा भने **आटानाटिय परित्त, इसिगिलि, धजग्ग, बोज्झङ्ग, खन्ध, मोर, मेत्त र रतन परित्त**-लाई उल्लेख गरी देखाइएको छ। माथि उल्लिखित जतिलाई संग्रह गरेमा *मिलिन्द प्रश्न पालि* र धेरै धेरै अर्थकथामा परित्त रूपमा उल्लेख गर्न योग्य सूत्रहरू **रतन, मेत्त, खन्ध, मोर, धजग्ग, आटानाटिय, अंगुलिमाल, बोज्झङ्ग र इसिगिलि सुत्त**- रहेको तथ्य देखिन्छ। *महापरित्राण*लाई व्यवस्था गर्नुभएका पौराणिक महास्थविरहरूले उपरोक्त सूत्रमा इसिगिलि सूत्रबाट अलग्ग रहेको अरु अरु सूत्रहरू सबैला

नै लिएर **मङ्गल सुत्त, वट्ट सुत्त र पुब्बण्ह सुत्त**-हरूलाई समेत समेटेर व्यवस्था गरिराखिएको देखिन्छ ।

त्यसरी व्यवस्था गर्दा पाठ गर्न मन लागेको उक्त परित्राण सबैको पूर्वकृत्यको रूपमा **'समन्ता'** देखि **'आरक्खं गण्हन्तु'** सम्मको विवरणलाई र उक्त सूत्रहरूको प्रारम्भमा रहेको सम्बन्धित प्रशंसा गाथाहरूलाई समेटी व्यवस्था गरिराख्नुभएको छ । अनि फेरि आटानाटिय मूल सूत्र प्रभाव आणा तीब्र रहेको सूत्र भएकोले राक्षस आदि चढेर दुःख दिंदा मात्र पाठ गर्न योग्य भएको सूत्र हुनाले दिनहुँ पाठ गर्नुका साथै अनुकूल हुने गरी उक्त सूत्रबाट कुनै कुनै गाथामात्र लिई बुद्ध-गुणलाई समावेश गरी; मूल बोज्झङ्ग सूत्र गद्य मात्र रहेकोले पाठ गर्न सजिलो बनाउन गाथा रचना गरी र पुब्बण्ह सूत्रलाई पनि *अंगुत्तर निकाय*बाट बुद्ध-वचन गाथाहरू समावेश गरी योग्यतानुकूल गाभेर संग्रह गरी व्यवस्था गर्नुभयो । तसर्थ *परित्राण*मा समावेश ती तीनवटा सूत्रहरूमा उल्लिखित तथ्यहरूमध्येमा कुनै कुनै मात्र असली बुद्ध-वचन भएकोले कुनैकुनै बुद्ध-वचनसँग सुहाउने गरी व्यवस्था गरिराखिएको महास्थविरहरूबाट समावेश गरिएका तथ्यहरू हुन् । अर्थकथामा देखाइराखिएको भए पनि इसिगिलि सूत्रलाई त *परित्राण*मा समावेश गर्नुभएन । उक्त सूत्र देव ब्रह्माहरूको नाम उल्लेख गरी देखाइराखेको महासमय सूत्र जस्तै प्रत्येक बुद्धहरूको नाम उल्लेख गरी उद्घोषण गरिराखिएको सूत्र हुनाले दिनहुँ पाठ गर्नको लागि आवश्यक नभएकोले बाँकी छोड्नुभएको जस्तो लाग्छ ।

## महापरित्राण र चूलपरित्राण

***'महापरित्राण'*** भनी बोल्दा *चूलपरित्राण* पनि हुनु पर्ला भन्ने अभिप्राय देखिन्छ । त्यस्तो रहेकोले राजा भ्वोडो फयाको समयमा *महापरित्राण* र *चूलपरित्राण* भनेर छुटाछुट्टै किटेर राखिएको देखिन्छ । उक्त परिधिमा प्रशंसा गाथामा **'परित्तं तं भाणम हे'** रहेको **रतन परित्त, मेत्त, खन्ध, मोर, वट्ट,**

**धजग्ग, आटानाटिय, अंगुलिमाल** परित्राणहरूलाई ***महापरित्राण*** भनेर सिमाना राखी **'मङ्गलं तं भणाम हे, बोज्भङ्गं तं भणाम हे'** मात्र रहेका **'परित्तं'** नरहेको **मंगल सुत्त र बोज्भङ्ग सुत्तलाई** *चूलपरित्राण* भनेर अंकित गरिएको छ । (हंसावती प्रेसमा छापिएको सलैं सयादोद्वारा लिखित *परित्राण निश्चय-पृष्ठांक* २५२-मा हेर्नुस् ।)

# परित्राण पाठ परम्परा

## बुद्धकालीन युग

परित्राण पाठ श्रवणको सम्बन्धमा हिजोआज विभिन्न थरीका अवधारणाहरू राखेर छलफल गर्ने, बोल्ने र भन्ने गरिरहेका छन् । कसै कसैले परित्राणलाई तथागतले अनुमति दिइराख्नुभएको पालि साधक प्रमाण छैन भन्ने समेत व्यक्त गर्ने, बोल्ने र लेख्ने गरिरहेका छन् । तर पालिलाई ज्ञानले भ्याएसम्म अध्ययन मनन गरी हेर्ने अवस्थामा स्वयम् तथागतले नै परित्राणको अनुमति दिएर जानुभएको साधक प्रमाणहरू देखिन्छन् । *दीघनिकाय पाथिकवग्ग आटानाटिय सुत्त पालि*मा तथागतले भिक्षुहरूलाई निम्न अनुसार आटानाटिय आरक्षालाई सिकेर जानेर बुझेर अध्ययन गरी धारण गरिराख्नकोलागि प्रेरणा दिइराख्नुभएको देखिन्छ ।

'भिक्षुहरू हो, आटानाटिय भन्ने आरक्षालाई सिकी जानी लेऊ; भिक्षुहरू हो, आटानाटिय भन्ने आरक्षालाई बारम्बार अध्ययन र अभ्यास गर; भिक्षुहरू हो, आटानाटिय भन्ने आरक्षालाई धारण (कण्ठ) गर; भिक्षुहरू हो, आटानाटिय भन्ने आरक्षा अर्थ र हित सम्बन्धित छ; आटानाटिय भन्ने आरक्षा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूको संरक्षण गर्नको निम्ति र सुखपूर्वक बस्नको निम्ति हो ।' *(पाथिकवग्ग पालि, पृष्ठ संख्या १९४)* बर्मी अनुवाद अनुसार ।

अनि फेरि *विनय पिटक पाचित्तिय पालि भिक्खुनी विभंग तिरच्छान*

*कथा सिक्खापद* दुइटाको *अनापत्ति वार (४०२-३)* मा पनि **'अनापत्ति गुत्तत्थाय परित्तं परियापुणाति । अनापत्ति गुत्तत्थाय परित्तं वाचेति'** भनेर भय उपद्रवबाट सुरक्षित हुनको निम्ति परित्राण सिक्ने सिकाउने भिक्षुणीलाई आपत्ति (दोष) बाट मुक्त हुने अवसर दिइराख्नुभएको प्रज्ञप्ति देखिन्छ । यस शिक्षापदमा अनुमति दिइराखिएको परित्राण भनेको **'परित्तन्ति यक्खपरित्त नागमण्डलादि भेदं सब्बम्पि वट्टति'** भन्ने अट्ठकथा *(वि.ट्ठ. २१५)* अनुसार भूत प्रेतहरुलाई जित्नसक्ने मन्त्र; सर्पहरूलाई जित्नसक्ने मन्त्र आदिहरू हुन् । बुद्धोपदेश नभएका यस्ता मन्त्रलाई समेत सिक्ने जान्ने सिकाउने बताउने अनुमति दिनुभएको छ भने बुद्धोपदेश रहेको परित्राणलाई त विशेष केही भन्ने ठाउँ छैन, अनुमति रहेकै छ । अनि फेरि भिक्षुणीहरूलाई अनुमति छ भनेपछि भिक्षुहरू सहित उपासक, उपासिकाहरूलाई पनि अनुमति दिइसकिएको नै हुन्छ ।

खन्ध सूत्रको कथावस्तु रहेको *विनय चूलवग्ग पालि* (२४५) र *अंगुत्तर पालि* (पृ. ३८४) मा पनि तथागतले भिक्षुहरूलाई चार प्रकारका नागराजाहरूलाई मैत्री प्रसारण गर्नको निम्ति अनुमति दिनुभई खन्ध सूत्रलाई नै मैत्री प्रसारण विधिको रूपमा बताइराख्नुभएको देखिन्छ ।

'भिक्षुहरू हो, आफूलाई सुरक्षित गर्नको निम्ति; आफूलाई रक्षा गर्नको निम्ति, आफ्नो आरक्षा (परित्राण) बनाउनको निम्ति यी चारथरी नागराजहरूलाई मैत्री चित्तले प्रसारण गर्ने अनुमति दिंदछु ।' (*चूल्लवग्ग पालि*, पृष्ठांक २४३; *अंगुत्तर पालि, पृष्ठांक ३९८)* बर्मी अनुदित संस्करण अनुसार ।

अर्थकथामा पनि उक्त साधक प्रमाणहरू देखिन्छन् नै । जन्मेर सात दिन मात्र बाँच्न पाउने आयुवड्ढन कुमार तथागतको निर्देशन अनुसार सात दिन सात रातसम्म भिक्षुहरूले अटुट रूपमा परित्राण पाठ गरिदिएकोले र स्वयम् तथागतले रातभरि आरक्षा बनाई दिनुभएकोले मरण भयबाट मुक्त भएर १२० वर्षसम्म बाँच्नपाएको साधक कथा *धम्मपद अट्ठकथा (पृ. ४२३-४)* मा देखिन्छ । यस अतिरिक्त अरु अरु साधक प्रमाणहरू व्याख्यानुकूल

रचित यस निश्रयमा ती सूत्रहरूका अर्थोत्पत्ति निदानहरूमा हेर्नुस्। यसरी परित्राणलाई स्वयम् तथागतले अनुमति दिइराख्नुभएको र तथागतको जीवमान कालमा नै परित्राण पाठ गर्ने चलन प्रकट रूपमा भइसकेको उपरोक्त पालि र अर्थकथा अनुसार आस्था राखेर जान्नु योग्य छ।

## पछिको युग (भारत, श्रीलंका)

तथागत परिनिर्वाण हुनुभएपछिका दिनहरूमा पनि परित्राण अति आवश्यक धार्मिक क्रियाकलापको रूपमा विकास भयो। बु.स. ५०० वर्ष जतिको सालमा प्रादुर्भाव भएका राजा मिलिन्दले परित्राण सम्बन्धी प्रश्न आयुष्मान नागसेनको अगाडि प्रस्तुत गर्दा आयुष्मान नागसेनले राजा मिलिन्दलाई मन पर्ने गरी र सन्तोष हुने गरी विभिन्न उपमाद्वारा दिइएका जवाफहरू *मिलिन्द-पञ्हा पालि (पृष्ठांक १५२-१५५)* मा देखाइएको पाइने हुनाले उक्त युगमा पनि परित्राण पाठ गर्ने चलन रहेको जान्न सकिन्छ।

निदानको प्रारम्भमा देखाइएको अट्ठकथाको भनाई अनुसार अर्थकथाचार्य आयुष्मान महाबुद्धघोष स्थविर प्रादुर्भाव भएको काल बु.स. ९००-१,००० सालतिर पनि परित्राण पाठ गर्नुलाई धर्मावलम्बीहरूले धारण र पालन गरिआएको यथार्थता जान्न पाइन्छ। *पाराजिक काण्ड अट्ठकथा* (दु.६७) मा पनि मानिसहरूका निम्ति परित्राण पाठ गरिदिने सम्बन्धमा भिक्षुहरूले पालन गर्नुपर्ने नियम बताइएको हुनाले पनि उक्त समयमा मानिसहरूले आआफ्नो आवश्यक काम-काज पर्दा भिक्षुहरूलाई निमन्त्रणा गरी परित्राण धर्म श्रवण गर्ने चलन रहेको साधक प्रमाण एउटा बनेकै छ। उक्त ग्रन्थमा नै परित्राण जल, परित्राण सूत्र धागो (रक्षा बन्धन) को विषयलाई समेत लहरै उल्लिखित रहेको परित्राण जल, परित्राण सूत्र (धागो) भय उपद्रव रोक्नको निम्ति आस्थापूर्वक प्रयोग गरिने पनि बानी बसिसकेको धार्मिक क्रियाकलाप एउटा रहेको तथ्य जान्न सकिन्छ। त्यसपछि फेरि *मज्झिमपण्णास अट्ठकथा (पृष्ठांक ३०५)* मा पनि भिक्षुहरूको तथा गृहस्थीहरूको धार्मिक आचरण विधि

विशेषता (फरक) रहेको देखाइराखेकोमा **'गहट्ठो रतनसुत्तमङ्गलसुत्तमत्तम्पि पोत्थके लिखित्वा ठपेति; पब्बजिता निच्चं सज्झायन्ति**=गृहस्थी दायकहरूले **रतन सुत्त, मङ्गल सुत्त** मात्रलाई पनि (कण्ठ नगरिकन) पुस्तकमा लेखिएको मात्र राख्दछन्। भिक्षुहरूले त त्यसलाई सधैं स्वाध्याय गरिबस्दछन्' भनी उल्लेख गरिएको देख्न सकिन्छ।

बु.स. ९१२ सालमा लंका द्वीपमा राज्यारोहण गरेका द्वितीय उपतिस्स राजाको पालामा बुद्धकालीन अवस्थामा वैशाली देशमा भएको जस्तो दुर्भिक्ष भय, रोग भयहरू उत्पन्न हुँदा भिक्षुहरूले तीन यामसम्म लगातार रतन सुत्त परित्राण पाठ गरिदिनाले ती भय उपद्रवहरू हराएको थियो। (*चूलवंस* ३७ *औं परिच्छेद; ११९-१९८* गाथाहरू)

बर्मा देशमा पनि पगान युगको आसपासमा परित्राण पाठ गर्ने चलन रहेको कुरा शिलालेखको साधक प्रमाणद्वारा जान्न पाइन्छ। राजा च्यानसित्ताले दरवार बनाउँदा अश्यिङ अरहं प्रमुख भिक्षुहरू ४,१०८-जनालाई मङ्गल परित्राण पाठ गराइएको थियो। (*राजा च्यान् सित्ताको दरवारको म्वन् शिलालेख* बर्मेली भाषान्तरण पृष्ठांक ४७-४८)

बर्मेली सम्बत् ५५२-सालमा तिङ्गतू भन्ने महामन्त्रीले 'गू फया' मन्दिर वा मूर्ति स्थापना गर्दा भिक्षुसंघ आमन्त्रण गरी परित्राण पाठ गराएको कुरा ताउँगुनी फया शिलालेखमा देखिन्छ।

(**सूचना**-शिलालेखको भाषा पुरानो ढंगको भएकोले यहाँ उद्धृत गर्नु अनुकूल छैन।)

त्यस्तै नै बर्मेली सम्बत ६२३ सालमा पनि आशित्लात् राजकुमारीले गू फया विहार स्थापना गर्दा संघलाई आमन्त्रण गरी परित्राण पाठ गराएको कुरा शिलालेख (क्रमसंख्या ३०३; फोटो २००- *पगान् शिलालेख संग्रह* पृष्ठांक ९०) मा साधक प्रमाण देखिन्छ।

## आयवाको कुनभाउँ युग

पगान युगमा राजा च्यान सित्ताले दरबार बनाउँदा भिक्षु संघलाई परित्राण पाठ गराए जस्तै अँय्वा युग, कुन्भाउँ युगका राजाहरूले पनि बेला बखतमा परित्राण गर्न लगाउने, श्रवण गर्ने गराई राजकीय सभामण्डलमा समेत परित्राण पाठ गराउने र श्रवण गर्ने गरिआएको देखिन्छ।

राजा ताल्वन्ले राजपुत्र शियं तयउ प्रति आकांक्षा परिपूर्ण गरिसकेपछि भिक्षु लेथात्च्याउँ सयादो, भिक्षु सांच्याउँ सयादो सहित धेरै जना सयादो (गुरु) हरूलाई राजप्रासादमा निमन्त्रणा गरी भोजन दान गरिसकेपछि परित्राण धर्म पनि श्रवण गरे। दाजुको छोरा राजकुमार तखिङ्पुलाई भाइ मिङ्येच्योस्वाकी छोरी खिङ्मा ल्हासांफ्यूसँग विवाह गरिदिंदा पनि भिक्षु लेथात्च्याउँ सयादोलाई संघहरू सहित निमन्त्रणा गरी परित्राण श्रवण गरे। (*सासनालङ्कार सादाम्,* पृष्ठांक *१७०-१)*

युवराजहरूको राजप्रासाद आरोहण मङ्गल सभा आयोजन गर्दा युवराज परित्राण श्रवण गरिने कक्षमा सवारी भएपछि परित्राण श्रवण सिध्याई परित्राण जल घडा, परित्राण पुष्प बाहिर लगी राजपुत्र, राजपौत्र, मन्त्री, भाइ भारदारहरूलाई बाँडिदिइसकेपछि मात्र आ-आफ्नो घरमा फर्किन मिल्छ। ( *लोकब्यूहा अइँय्वन् सादाम्, पृष्ठांक १७)*

राजाहरूको राजसिंहासनको गजुर उद्घाटन कार्यक्रममा पनि, शहरबाट बाहिर खन्धावार ((तम्बू) बनाउनुपर्दा उक्त खन्धावारमा परित्राण-श्रवणार्थ धर्मशाला पनि बनाउनु पर्ने तथ्य; नयाँ वर्षका संक्रान्तिका पर्वदिनमा ( राजाहरूले) पानी उगाई छ्याप्ने कार्यक्रममा परित्राण पुष्पजल अर्पण गर्ने ब्राह्मणहरूले (निर्धारित दिनहरू पूरा) उपोसथ ब्रत धारण गर्नुपर्ने तथ्य; संक्रान्ति आह्वान गरिसक्दा पनि वस्त्र फेर्ने बैठकमा वस्त्र फेरिसकेपछि परित्राण श्रवण मण्डपमा परित्राण सुन्ने गरिने तथ्य; नगर कब्जाको लागि ( युद्धमा) निस्कने कार्यक्रममा पनि निस्कने दिनमा विहानको ३-४ घंटा नाघेपछि (९-१० बजे ?) राजप्रासाद भूमि, संस्थागारको चारैतिर; चतुर्द्वार पूर्व

अड्डा; पश्चिम अड्डा, नगर शीर्षभाग अष्टदिग्मा प्रत्येकमा आठआठजनाको संघलाई भोजनादि दान गरेर परित्राण जल ग्रहण गरिसकेपछि परित्राण जल नगरको चारैतिर ब्राह्मणहरूबाट छर्न लगाउने तथ्य उक्त *लोकब्यूहा अइँयूवन सादाम्* मा नै उल्लेख भएको देखिन्छ । (पृष्ठांक ६८-१५० हेर्नुस् ।)

मण्डले यडनापउँ पञ्चम संगायन कर्ता धर्मराजले मूर्धाभिषेक ग्रहण विधि गरेको विवरण लेखिएको *महासुतकारी मघदेव नयाँ पद्य; ५७* औं हरफमा पनि 'महाप्रासादमा उक्लिसकेपछि; परम सत्पुरुष एकसय आठ जनाबाट विजय मैत्री चित्तले लबालब भरेर; परित्राण गाथा पाठ गराई' भनी उल्लिखित रहेको हुँदा परित्राण पाठ गराई श्रवण गर्ने कार्य राजा महाराजाहरूको अभिषेक ग्रहण गर्ने अवस्थामा समेत पनि स्थान दिइराखिएको एउटा धार्मिक कार्य रहेको भनी देख्न सक्दछौं ।

त्यसपछि फेरि नयाँ नगर, नयाँ राजप्रासाद निर्माण गरिने अवस्थामा पनि उपदेश सुन्ने, परित्राण पाठ श्रवण गर्ने धार्मिक कृत्यहरू सम्पन्न गर्नको निम्ति जेतवन गर्भ, परित्राण श्रवण गर्भ; (परित्राण अर्पण गर्भ, परित्राण श्रवण अर्पण गर्भ भनी अलग्ग अलग्ग कोठाहरू बनाउने गरिआइएको हुनाले परित्राण श्रवण गर्नुलाई पहिले पहिलेका धार्मिक धर्मराजहरूले कति महत्व दिई गौरव राखिआइएका छन् भन्ने तथ्य जान्नु पर्दछ ।) *स्वेभउँ निदान पृष्ठांक २८-२९ । मघदेव-पाद संख्या ४३* । *स्वेकाइँता: को मण्डले पुस्तक पृष्ठांक ८०-८५* हेर्नुस् ।

**अतीव प्रचलित गरी सधैं सुरक्षा गर्नुपर्ने सार अंश:**

राजा महाराजाहरूले स्वयम् महत्व दिइआएको धार्मिक कृत्य भएकोले देशवासी जनताहरूले पनि परित्राण पाठ गर्ने, श्रवण गर्ने कृत्यलाई उल्लास उमंग पूर्वक चलाइआएका छन् । देशभरिका विभिन्न नगरहरूमा टोल टोलमा परित्राण सभा गठन गरी परित्राणको ध्वनी अटुट रूपमा पाठ गरिआएको पनि एउटा स्पष्ट रहेको साधक नमुना नै भएको छ । सुमंगल, दुर्मंगल आदि ठूला

साना काम पर्दा पनि संघलाई आमन्त्रण गरी परित्राण श्रवण गर्न पाएमा मात्र मन सन्तुष्ट हुने हुनाले परित्राण पाठ गर्नु, श्रवण गर्नु बुद्ध धर्मावलम्बी बर्मेली जातिकहरूको एउटा छोड्न नमिल्ने आवेणिक (परम्परागत) धार्मिक क्रियाकलाप नै भइआएको तथ्य अतिव स्पष्ट रहेको छ। त्यसो हुनाले नै परित्राण (वा महापरित्राण) बर्मादेशमा धेरै-धेरै मानिसहरूमाझ प्रचार रहेको हुनाले बुद्ध धर्मानुयायीहरूलाई पालि भाषासँग नजिक पारिदिने माध्यम सेतुको काम गर्ने एउटा ग्रन्थको रूपमा पनि स्थीर रहेको छ।

यसरी परित्राणले धर्मानुयायी सबैजनाको भय उपद्रव हटाई सुखानन्दको वाहकको काम पनि गरिआएको छ। धर्मानुयायीहरूलाई मन सितल बनाउन पनि सक्छ। आफूमा आत्मविश्वास उत्पन्न गरी विभिन्न क्षेत्रमा निर्भिक पनि बनाउँदछ। यतिसम्म उपकार गरिरहेको एउटा अमूल्य धार्मिक अंश, सभ्यताको अंशलाई को पो कुलपुत्र कुलपुत्रीहरूले छोड्नु उचित होला र !

## परित्राण सुलाभदायी पार्ने विधि

परित्राणले विभिन्न शत्रु भय, अन्तरायलाई रोकेर रक्षा गर्न सक्दछ भने पनि परित्राण पाठ गर्ने श्रवणका विधिहरू अनुरूप भएन भने फल लाभ हुन सक्दैन। औषधि भनेको रोग निको पार्नको लागि व्यवस्था गरिराखिएको चीज बस्तु हुनाले सम्बन्धित रोगलाई निको पारी दिनसक्ने अवश्यमेव भए पनि निर्देशन अनुसार नगरी सेवन गरियो भने औषधिको प्रतिफल अनुभव गर्न पाईदैन। त्यस्तै नै परित्राण पाठ गर्नेहरू सुन्नेहरूका भय उपद्रव हटाई रक्षा गर्नको निम्ति बताइराख्नुभएका धर्महरू उपदेश भए पनि पाठ गर्दा श्रवण गर्दा सम्बन्धित निर्देशनलाई स्वीकार गरी पालन गरिएन भने त्यसबाट अभिलक्षित प्रतिफल लाभ हुन सक्दैन।

ती निर्देशनहरू परित्राण पाठ गर्नेहरूले पूरा गर्नुपर्ने तीनवटा अंग र परित्राण श्रवण गर्नेहरुले पूर्ण गर्नुपर्ने तीनवटा अंगहरू नै हुन्। ती अंगहरू यस *नयाँ परित्राण निश्चय* पुस्तकको रतन परित्त ब्याख्या (बर्मी पुस्तकको

पृष्ठांक २०७-८) मा स्वयम् ग्रन्थकारकबाट देखाइराखिएको पाइनाले यस निदानमा दोहरो उल्लेख गर्नु आवश्यक छैन ।

यसरी पाठ गर्नेहरूसँग, सुन्नेहरूसँग बनाउनुपर्ने अङ्गहरूले सम्पन्न भएमा मात्र परित्राणको प्रतिफल अनुभव गर्न पाइने हुनाले परित्राण पाठ गर्नेहरूले तथा श्रवण गर्नेहरूले सबभन्दा पहिले ती अङ्गहरू पूर्ण हुनेगरी काम गर्नुद्वारा निर्देशनहरूलाई स्पष्ट सिद्ध हुनेगरी पालन गरी परित्राणको प्रतिफललाई पूरा पूरा अनुभव गर्नको निम्ति प्रयत्न गर्न योग्य छ ।

## परित्राण टीका

परित्राणमा संग्रहित सूत्रहरू प्राय: गरी मूल पालिमा रहेका सूत्रहरू नै हुन् । त्यसो हुनाले ती सूत्रहरूको व्याख्या जान्न र पढ्न चाहेमा सम्बन्धित अर्थकथामा नै पढ्न पाइन्छ । त्यसो हुनाले पनि पगान् आदि शुरुका युगमा परित्राण टीका रचनाहरू ननिस्केका हुन् ।

बर्मेली सम्बत ९६७ सालमा राज्यारोहण भएका अनाउफेत् ल्वन् राजाका पालामा शगाइँ पर्वतका भिक्षु तिलोकगुरु सयादो र भिक्षु गुणाधिचक्क सयादोका शिष्य दपयिंङ शहर ताउँलेत् कान्फ्या: गाउँ नै जन्मस्थान भएका भिक्षु अशियङ तेजोदीपले भिक्षु वर्षावास पाँचवर्ष पुगेको बेलामा बर्मीसम्बत ९७१ सालमा *परित्राण टीका* रचना गर्नुभयो । ग्रन्थलाई *परित्तवण्णना* भनी नामकरण गर्नुभयो ।

यिनी भिक्षु अशियङ तेजोदीप यखाइँ प्रदेशबाट सोधिपठाइएका प्रश्नहरूलाई ९६५ सालमा श्रामणेर नै रहेको बेलामा जवाफ दिई अवा ( अँय्वा) का ख्यातिप्राप्त श्रामणेर भनी प्रसिद्ध हुनपाएका भिक्षु हुन् । पछि उनलाई तिलोकालङ्कार राजकीय मान पनि प्राप्त भएको थियो । ९४६ सालमा जन्मेका उनी सयादो १००६ सालमा ६० वर्षको उमेरमा परलोक भए । सो सयादोका शव दाहसंस्कार गर्दा काउँम्हुदो: का दायक राजा सवारी भएको थियो ।

*परित्राण टीका* भनिने यही एउटा मात्र देखिन्छ। तर मउँय्वे सयादोबाट रचना गरिएको ***समन्तचक्खु दीपनी*** ग्रन्थ (प. सुधम्मवती प्रेस, पृष्ठांक २८५-६) मा यस टीकाको मत उद्धृत गरी नयाँ टीका भनी उद्धरण देखाइएको पाइन्छ (त्यही ग्रन्थको अर्को एक ठाउँ पृष्ठांक १५ आदिमा) भने यसै टीकामा उल्लिखित कुरालाई नै *परित्राण टीका* भनी सामान्यरूपमा उद्धरण गरिएको देखिन्छ।) यसरी परित्राण नयाँ टीका भनी उद्धरण गरी देखाइराखिएको कुरोलाई आधार लिइयो भने यो टीका देखापर्नु अगाडि अर्को परित्राण टीका एउटा पनि रहिआएको भनी बुझ्नुपर्दछ। *सासनालंकार* र *पिटक इतिहास*मा भने भिक्षु अश्यिङ तेजोदीपको टीका मात्र देखाइएको छ। यस टीकाको ग्रन्थारम्भ मन्तव्यमा पनि अर्को टीका ग्रन्थ रहेको भन्ने भनाई देखिंदैन।

## परित्राण टीका निश्रय

*परित्राण टीका*मा निश्रय छैन भनी *पिटक-इतिहास*मा देखाइएको छ। तर *परित्राण टीका*सँगै जोडेर १२६३ (बर्मेली सम्बतमा) सालमा रंगून कविन्दासिरी प्रेसले प्रकाशित गरेको *परित्राण टीका निश्रय* देखिएको हुनाले *परित्राण टीका*को निश्रय पुस्तक छ भनी मान्नुपर्दछ।

उक्त मुद्रित निश्रय पुस्तकमा निश्रयाचार्यको प्रणाम, निगमनहरू नरहे पनि रंगून अभ्यूताः पुस्तकालयमा रहेको पाण्डुलिपि वा थ्यासफू पुस्तकमा (संकेत नम्बर १८९६) मा त निगमन जस्ता गाथाहरू रहेका नै देखिन्छन्। ती गाथाहरू अनुसार ग्रन्थ पूरा भएको साल स्पष्ट थाहा नपाइए पनि बर्मी सम्बत ११०० र ११६६ (?) सालभित्र लेख्नुभएको हो भनी अनुमान गर्न सकिन्छ। ग्रन्थकारको नाम पनि **'गन्थकारो महाथेरो; पिटकनाथ नामको'** भनी उल्लेख गरिराखिएको छ।

## परित्राण निश्रय पुस्तकहरू

*पिटक-इतिहास*मा परित्राण निश्रय देखाइएको छैन । त्यसरी देखाई नराखिएको उक्त इतिहास संकलन गर्दा *परित्राण निश्रय* नरहेको कारणले गर्दा, समावेश गर्न बिर्सेको कारणले वा जानाजान नै छोड्दिएको कारणले उक्त इतिहासमा समावेश नभएको जस्तो देखिन्छ ।

अहिले त परित्राण निश्रयहरू धेरै धेरै देखिन्छन् । ती निम्न अनुसार छन्-

### १-ग्रन्थकारक थाहा नपाइएको ग्रन्थ

यो निश्रय साना-साना बच्चाहरू र बालख श्रामणेरहरूद्वारा सजिलै कण्ठ गर्ने, पढ्ने गर्नको लागि सहायता पुऱ्याउनको निम्ति सिकाइने अर्थ मात्र लेखिएको निश्रय हो । प्रणाम, निगमनहरू अभाव रहेकोले कुन सालमा कसबाट लेखिएको थाहा नपाइने भए पनि 'दश भाग समूह आदिमा समावेश रहेकोलाई आधार लिएमा धेरै पुरानो भनी मान्न सकिन्छ ।

### २-सलिङ् सयादो पुस्तक

यो पुस्तक पूरै निश्रय मात्र नभई विग्रह वचनार्थ र अभिप्राय स्पष्टीकरण समेत समावेश भएको पुस्तक हो । ग्रन्थकारक भिक्षु सलिङ् सयादो भनी र भिक्षु पां ल्हा सयादो भनी प्रख्यात भएका सयादो ऊ गुणवन्त महास्थविर हुन् । उनी सयादोले यो निश्रय कउँभाउँ पाँचौं पुस्ताका राजा भ्वोडोको पालामा बर्मेली सम्बत ११७४ सालमा सिद्ध हुने गरी सम्पन्न गर्नुभयो । उक्त निश्रय सन् १९६० सालमा रंगून हंसावती प्रेसले प्रकाशित गरेको थियो ।

(यस निश्रय ग्रन्थकारक सयादोको नाम *पिटक-इतिहास* (पाद हर अंक ३०८-८३५) मा शियङ् सीलाचार भनी देखाई हंसावती प्रेसले प्रकाशित गरेको सो निश्रयको निदानमा सीलवन्तथेर भनी उल्लेख गरिएको पाइन्छ । यिनी सयादो पनि यस *परित्राण निश्रय*ले अरु *अभिधर्म संग्रह दीपनी र त्यसको निश्रय* आदि पनि रचना गर्नुभएको छ ।



Downloaded from http://www.dhamma.digital

ग्रन्थको निगमनमा आफ्नो नाम उल्लेख गरिएको गाथा रूपक (प्रहेलिका) भाव जस्तो गरी लेखिएको हुनाले उक्त गाथा अनुसार सयादोको नाम सील आदि अर्थले व्यक्त गरिने शब्दको पछाडि तद्धित प्रत्यय जोडेर सिद्ध हुने पद रहेको थाहा पाइन्छ। सील आदि अर्थलाई व्यक्त गर्ने शब्द 'गुणो पटल रासीसु... पे...अप्पधाने च सीलादो; सुक्कादिम्हि जियाय च' भन्ने *अभिधानप्पदीपिका* अनुसार गुण शब्द नै रहेछ। त्यसमा पछाडि वन्तु भन्ने तद्धित प्रत्यय जोडियो भने गुणवन्त मात्र हुन्छ। सीलाचार सीलवन्त हुनसक्दैन। त्यसपछि फेरि उनी सयादोका राजगुरु पदवी छापमा 'गुणवंसधज महाधम्मराज गुरु' रहेकोले सयादोको नाम ऊ गुणवन्त नै भएको कुरो निःसन्देह मान्नु पर्दछ। *अफेग्गुसार दीपनी पालि निश्रय निदान* पनि हेर्नुस्।)

## ३-त्वंतेः सयादो को पुस्तक

यो निश्रय कवितात्मक रूपमा लेखिएको छ। परित्राण पढ्ने विधि, गाथा छन्द विभाजन गर्ने विधिहरू समेत समावेश गरिएको देखिन्छ। यस निश्रय त्वंतेः सयादो ऊ नाग महास्थविरले १२७३ बर्मेली सम्बतमा रचना पूरा गर्नुभएको थियो। रंगून प्यीजीः मण्डाइँ प्रेसबाट छापेर प्रकाशित गरिएको थियो। १३२३ सालसम्ममा १२ संस्करण प्रकाशित भइसकेको थियो।

## ४-विसुद्धाराम पुस्तक

यो पुस्तक पनि सामान्य अर्थ अनुवाद गर्ने किसिमले र पढाउने हिसाबले लेखिएको पुस्तक हो। आठवटा अक्षरका गाथा नभएको र गाथाहरूका नामहरू पनि उल्लिखित देखिन्छ। यो पुस्तक सयादो महाविसुद्धाराम महास्थविरले माण्डले पूर्वक्षेत्र महाविसुद्धाराम विहारमा विहार गरिबस्नुभएको बेलामा लेख्नुभएको हो भनी उल्लेख गरिएको छ। निश्रयको अन्तमा देखाइएको गाथामा त बर्मी सम्बत १२७१ (पथक्खये) सालमा संशोधन गर्नुपर्ने तथ्यहरू देखाइराखिएको छ। यस निश्रयलाई रंगून प्यीजीः मण्डाइँ पिटक प्रेसले छापेर प्रकाशित गरिएको छ। बर्मी सम्बत १३२२ सालमा माण्डले बह्वशी समाचार पत्र प्रेसमा *नव बुद्ध पूजन ग्रन्थ, उप्पातसन्ति* ग्रन्थहरू सँगै जोडेर दोश्रो संस्करण छापेको थियो।



Downloaded from http://www.dhamma.digital

## ५-म्यिङ् छ्यां क्वः छ्याउँ पुस्तक

यो निश्रय पनि पद्य ढंग भएको अर्थ दिएर, लेखिएको निश्रय हो। अभिप्राय टिप्पणीहरू पनि आवश्यक ठाउँमा समावेश गरी देखाइएका छन्। यो निश्रय म्यिङ्छ्यां शहर अग्गमहापण्डित प्रथम गण प्रमुख क्वः छ्याउँ ताइ वेजयन्ता अउ च्याउँ सयादो अशियङ वेपुल्लाभिधज महास्थविरले बर्मी सम्बत १२७९ सालमा रचना गर्नुभएको हो। पुस्तकलाई पनि *'म्यिङ्छ्यां क्वः छ्याउँमू महापरित्राण नव निश्रय'* भनी नामाकरण गरिएको छ। रंगून १२ मार्ग जेय्यातइँः प्रेसमा छपाइएको थियो।

## ६-अशियङ् आदिच्चवंस पुस्तक

यो निश्रय सामान्य अर्थ सहित जान्नयोग्य अभिप्राय सँगै राखेर पढ्ने विधि समेत पूरा हुनेगरी देखाइएको निश्रय हो। यस निश्रयलाई *मिलिन्द-प्रश्न पालि निश्रय* आदि धेरै ग्रन्थहरूका रचनाकार रंगूनका भिक्षु अशियङ आदिच्चवंस च्याउँ ताइक् नायक सयादो र भिक्षु अशियङ आदिच्चवंस स्थविरले ब. स. १२९८ सालमा सिद्ध हुनेगरी लेख्नुभएको हो। ग्रन्थलाई *'परित्त संग्रह नामक महापरित्राण पालि निश्रय'* भनी नामाकरण गरिएको छ। रंगून सेत्य्वुं लां, वजीरा प्रेसमा छापिएको हो।

उपरोक्त पुस्तकहरू हिजोआज देखिने निश्रयहरू हुन्। सलिङ सयादोको निश्रय निगमनमा नै 'पुराना पुराना *महापरित्राण विस्तृत निश्रय*मा धेरै गल्तीहरू रहेकोले' आदि भनी आज्ञा गरिराख्नुभएकोलाई आधार लिई सलिङ निश्रय निस्कन अगाडि पनि निश्रय पुस्तकहरू भइसकेको अनुमान गर्न सकिन्छ।

त्यसपछि फेरि वेक्खउ सयादो, सयादो ऊ बउ; सयादो ऊ पखान् आदि सयादोहरूबाट लेखिएका निश्रयहरू बाकी रहेको तथ्य थाहा पाइन्छ। यस निदानका लेखकले देख्न नपाएका, सुन्न नपाएका परित्राण निश्रयहरू अझै बाकी रहेको हुन सक्छ।



Downloaded from http://www.dhamma.digital

## परित्राण ग्रन्थी

उक्त ग्रन्थी *अभिधम्मत्थ दीपक* ग्रन्थकारक ब्वः कउँ सयादोबाट रचना गरिएको हो । ग्रन्थी साँच्चै नै परित्राणमा भएका पदहरूको विग्रह वचनार्थ धातु प्रत्यय छुटाउने विधिलाई; पालि पद निर्णय अर्थ निर्णयहरूलाई र ती सूत्रहरूको सम्बन्धमा जान्नयोग्य कथावस्तुहरू आदिलाई पूर्ण हुनेगरी उल्लेख गरिएको देखिन्छ । यो ग्रन्थ ब्वःकउँ सयादोले १२६५ (बर्मेली सम्बत) सालमा रचना गरी रंगून प्यीजीः मण्डाइँ प्रेसबाट १२६७ सालमा छापेको हो ।

## बर्मेली अनुदित परित्राणहरू

### १-ऊ स्वः विङ् पुस्तक

परित्राणको बर्मेली भावार्थ मात्र हेर्न पढ्न चाहनेहरूको निम्ति लेखिएको पुस्तक हो । यो ग्रन्थ चेतियङ्गण र सरकारी धम्माचरिय उपाधिधारी पिटक भाषान्तरण विभागका सम्पादक ऊ स्वः विङ् बाट १३१७ सालमा लेखिएको हो । त्यसलाई सुधम्मवती प्रेसले १३२३ सालमा छापेर प्रकाशित गरेको हो ।

### २-ऊ तिङ् मिङ् पुस्तक

यस ग्रन्थमा बर्मेली भावार्थ मात्रै नै राखी स्पष्ट गर्नुपर्ने गूढ शब्द वा तथ्यलाई पनि पादटिप्पणीमा उल्लेख गरिएको छ। यस ग्रन्थलाई भू.पू. प्रधान मन्त्री ऊ नुको प्रेरणा अनुसार धम्माचरिय ऊ तिङमिङ ले १३२२ सालमा लेखेर सापे विमान् प्रेसमा छापेका थिए ।

## वर्तमान नयाँ नित्सरश्रय

उपरोक्त परित्राणका परिवार रहेको धेरै धेरै ग्रन्थहरू भेटिने भए पनि युग अनुसार प्रत्येक व्यक्तिले पढ्न र बुझ्न सकिने बर्मेली धार्मिक परित्राण व्याख्या ग्रन्थ त अझै आवश्यक रहेको छ ।

आजको युग विज्ञान अतिव विकास भइरहेको युग हो। विज्ञान



Downloaded from http://www.dhamma.digital

विकास भइआएको अनुरूप आधुनिक शिक्षाविद्हरूले उक्त विज्ञानलाई उत्साह उमंगपूर्वक अध्ययन मनन गर्दै आइरहेका छन्। उनीहरूसँग आधुनिक युगका बहुश्रुत विज्ञानका बहुश्रुत सम्पन्न भएका छन् भने पनि धार्मिक बहुश्रुत भने अभाव रहेको देखिन्छ। त्यसो हुनाले परित्राणलाई पृष्ठभूमि बनाई उनीहरूले बुझेर स्वीकार गर्न सकिने व्यवहारद्वारा धार्मिक बहुश्रुत दिने जस्तो ग्रन्थ त आजभोलि अतिव आवश्यक रहेको छ।

त्यस्ता आवश्यकता जान्नुभएका छट्ठसंगायन भारवाहक संघ समितिका महासचिव अग्गमहापण्डित माण्डले विज्जालङ्कार सयादो ऊ विसुद्धाभिवंस महास्थविरले टीका संगायन पूर्ण हुनुभन्दा पहिले सन् १९६१ सालतिर परित्राण नयाँ निश्रय एउटा निकाल्ने विषयलाई गौरपूर्वक विचार गर्नुभयो। आफ्नो शुद्ध पवित्र विचारलाई तत्कालीन राष्ट्रिय बुद्ध शासन समितिका महासचिव रहेका भूतपूर्व न्यायाधीश तद्धः महा तरेशीतू ऊ छ्यान्थ्वन्लाई आज्ञा गर्नुहुँदा उहाँले पनि हर्षोल्लासपूर्वक त्यस्तो निश्रय उत्पन्न हुनसक्ने गरी कामकाज अगाडि बढाउनको निम्ति सयादोलाई प्रेरणा दिई निवेदन गरे। सयादोले पनि परित्राण व्याख्या एउटा युगानुकूल हुने गरी लेख्नसक्ने व्यक्ति खोज्नुहुँदा हंसावती जिल्ला तप्यिकान् गाउँका महाधम्मिकाराम ताइक् विहार वासी भिक्षु अशियङ वासेट्ठाभिवंस कथिक सयादोलाई देख्नुभई उक्त स्थविरलाई नै नयाँ निश्रय लेखिदिनको निम्ति उत्साहित गर्नुभयो। भिक्षु अशियङ वासेट्ठाभिवंस स्थविरले पनि सयादो ऊ विसुद्धको प्रेरणालाई गौरव पूर्वक स्वीकार गरी नयाँ निश्रय एउटा लेख्न वचनबद्ध हुनुभयो।

त्यसरी वचनबद्ध भइसक्नुभएपछि अशियङ वासेट्ठाभिवंस सयादोले एकवर्ष जति पालि अर्थकथा टीका खोजी अध्ययन गरिसक्नुभएपछि मात्र यस नयाँ निश्रय १३२४ सालमा लेख्नुभयो। यो नयाँ निश्रय सयादोले लेखिरहनुहुँदा नै क्रान्तिकारी सरकार अगाडि बढेर बुद्धशासन समितिको विधानलाई विघटन गरी निरीक्षक कमिटीले फेरि प्रशासन चलाएपछि सयादो ऊ विसुद्ध महास्थविरले उक्त कमिटीका सदस्य रहेका तद्धः सिरीसुधम्म, अध्यक्ष ऊ ल्वन् भ्वोः (



Downloaded from http://www.dhamma.digital

स्वर्गीय); अन्य सदस्यहरू शीतू ऊ भाखिन्; सचिव ऊ ल्हामाउँ (एम.ए.) हरूलाई यस नयाँ निश्रयको विषयमा आज्ञा गर्नुभएको बेलामा बुद्ध-शासनप्रति आस्था र विश्वास निरन्तर रहेका कमिटीका सदस्य महानुभावहरूले पनि हर्ष प्रसन्न पूर्वक नै सयादोको अववादलाई ग्रहण गरी नयाँ निश्रय लेखी सिद्धेपछि बुद्ध-शासन समिति प्रेसमा नै छाप्ने कुरो स्वीकार गरी निवेदन गर्नुभयो ।

## ग्रन्थकारक सयादो (गुरु)

यहाँ यस *नयाँ परित्राण निश्रय* ग्रन्थकारक सयादोको अर्थोत्पत्ति ( जीवनी) पनि केहि उल्लेख गर्न योग्य रहेको छ भन्ने ठानेको छु। परियत्ति सासनहित धम्माचरिय र सासनधज सिरीपवर धम्माचरिय सिरोमणि उपाधिधारी यस नयाँ निश्रय ग्रन्थकारक सयादो अशियङ वासेट्ठाभिवंस विशिष्ट व्यक्ति हुनुहुन्छ। पालि ग्रन्थ एक-दुइचोटी पढ्नासाथै कण्ठस्थ गर्नसक्ने किसिमले विशिष्ट पारमी सम्पन्न व्यक्ति हुनुहुन्छ। श्रामणेर अवस्थामा हुँदा नै विनय पालि ग्रन्थ पाँचवटा कण्ठस्थ पाठ गरी देखाएकोले स्वेज्यँय् गणमा नामांकित हुनपुगेका व्यक्ति पनि हुनुहुन्छ। संयुक्त पालि ग्रन्थ पाँचैवटालाई पनि भिक्षु वर्षावास एउटा पुग्दा नै कण्ठस्थ पाठ गरी देखाएका व्यक्ति पनि हुनुहुन्छ। गाथा बन्ध (छन्द) रचना गर्नमा पनि अति नै तीक्ष्ण उज्वल र परिस्कृत भएकोले धम्माचरिय हुनुभई स्वेज्यँय् निकाय धम्मसेनापति अग्गमहापण्डित अभयाराम सयादोको उपरोक्त प्रशंसा पनि ग्रहण गर्न पाएका व्यक्ति हुनुहुन्छ । सरकारी प्राध्यापक परीक्षामा वर्षभरिमा नौवटा ग्रन्थ नै परिक्षा दिएर उत्तीर्ण भएकोले धम्माचरिय सिरोमणि उपाधि सबभन्दा पहिले ग्रहण गर्न पाएका व्यक्ति पनि हुनुहुन्छ। पालि, अर्थकथा, टीका ग्रन्थमा निपुण भई मागधी, संस्कृत ब्याकरण ग्रन्थ, कोष ग्रन्थ, काव्य ग्रन्थ आदिमा पनि विशेष दक्षता भएका हुनुहुन्छ। त्यसरी मागधी, संस्कृत आदि सबै ज्ञानले सम्पन्न भई विभिन्न क्षेत्रमा मन ढुक्क हुन सकिने व्यक्ति हुनाले नै सयादो ऊ विसुद्धले उहाँ सयादोलाई यो *नयाँ परित्राण निश्रय* लेख्नको निम्ति प्रेरणा दिनुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

## प्रेसमा

सयादो अशियङ वासेट्ठाभिवंसले यो नयाँ निश्चय लेखिसकेपछि पाण्डुलिपिको साफी कापी सयादो ऊ विसुद्धकहाँ पठाइदिनुभयो । सयादोको मनसाय अनुसार उचित लागे अनुसार संशोधन गर्न, परिवर्तन गर्न र परिवर्द्धन गर्नको निम्ति समेत निवेदन गरी पठाउनुभएको थियो । सयादो ऊ विसुद्धले यो नयाँ निश्चयलाई स्वयम् आफैले समय लगाएर हेर्ने, पढ्ने, निरीक्षण र परिक्षण गर्ने गर्नुभएको थियो । धजग्ग सुत्त बुद्धगुण व्याख्याको ठाउँमा मूल पाण्डुलिपि अनुसार अति संक्षिप्त रहेकोले उक्त परिच्छेदलाई पाठकहरूको लाभको निम्ति विस्तृत रूपले संशोधन गरी लेख्नको लागि फेरि प्रेरणा दिनुभयो । भिक्षु अशियङ वासेट्ठाभिवंसले पनि सो प्रेरणा अनुसार नै बुद्धगुणादि व्याख्या परिच्छेदलाई पुनः विस्तृत रूपले लेख्नुभयो ।

सयादो ऊ विसुद्धले आफूले हेर्ने, पढ्ने र निरीक्षण गर्ने गरिसकेपछि शगाइँ पर्वतका अग्गमहापण्डित महाशी सयादो, पतइँ शहरका माउँ थाउँ सयादोहरू र द्वितीय प्रमुख सम्पादक वण्णच्योथिङ ऊ भातांहरूकहाँ निरीक्षण र परीक्षण गर्नको निम्ति पठाउनुभयो । ती व्यक्तिहरूले पनि निरीक्षण र परिक्षण गरिसकेपछि 'पहिले यस नयाँ परित्राण निश्चय जस्तो प्रकाशित भइनसकेको मात्र होइन, जान्न बुझ्न योग्य अभिप्रायहरू पनि समावेश रहेको हुनाले साह्रै नै सुसम्पन्न भएकोले अतिव सुन्दर ग्रन्थ हुनाले तुरन्तातुरन्त नै छाप्न योग्य भएको तथ्य टिप्पणी सहित फेरि फिर्ता पठाइ दिनुभयो । उहाँहरू ४ जनाबाट बारम्बार परीक्षण गरिसकेपछि पठाइएको पाण्डुलिपिलाई मात्र छाप्नको लागि बुद्ध शासन समिति प्रेसमा पठाइएको थियो ।

प्रेसले परीक्षणको लागि दिइपठाइएको प्रूफलाई पनि सयादो ऊ विसुद्धले पालि विसोधक समितिको सदस्य हुनुभएका सयादोहरूसँग बसी संशोधन गर्नुभयो । उद्धरणका सन्दर्भ ग्रन्थहरूलाई पनि विसोधक समिति सदस्यहरूलाई खोज्नलगाई समावेश गर्न लगाउनुभयो ।

त्यसरी पालि विसोधक समिति सदस्य सयादोहरूले संशोधन



Downloaded from http://www.dhamma.digital

गरिसकिएको प्रूफलाई पनि फेरि संशोधन गर्नको लागि तिपिटक पालि बर्मेली अभिधान विभागको नायक अग्गमहापण्डित शगाइँ पर्वत आउँम्ये भउँसां सयादो ऊ ञानुत्तरले पनि आफ्नो कष्ट र परिश्रमलाई वास्ता नगरिकन नयाँ निश्रय ग्रन्थ जतिसक्यो त्यति राम्रोलाई पनि त्योभन्दा राम्रो पार्ने तिर मात्र बढी दृष्टि राखेर पालि, अर्थकथा र टीकासँग फेरि रुजु गरी अन्तिम शोधन परिशोधन गर्नुभयो । सयादोले पनि संशोधन गरिसक्नुभएको प्रूफलाई मात्र शुद्ध रूपले छाप्नको लागि प्रेसमा फिर्ता पठाउनुभएको थियो ।

## ग्रन्थको गुणानिशंस

यो नयाँ निश्रय ग्रन्थ व्यापक ग्रन्थ अध्ययन भएका एकजना विद्वान सयादोको हातको शीप भएकोले पाठकहरूबाट आकांक्षा राखिने धार्मिक बहुश्रुत धेरै धेरै परिपूर्ण गरिदिने ग्रन्थ हो । यस ग्रन्थमा परित्राण पालि, त्यसको निश्रय (शब्दार्थ), भावार्थ, अभिप्राय व्याख्या भनी चार तह विभाजन गरी लेखिएको छ । परित्राण पालि केही अलिकति ठाउँमा बाहेक बुद्धशासन समितिले छापिराखेको छट्ठसंगायन आरुढ भएको मूल पुस्तक अनुरूप नै छ । निश्रयमा भने काव्यात्मक अर्थलाई धेरै प्रयोग नगरिकन वचन स्पष्ट हुने गरी मात्र कारान्त लिई लेखिएको छ । धजग्ग सुत्तमा उल्लिखित त्रिरत्नका गुण दर्शाउने पालिमा मात्र पालि पनि अर्थ पनि कण्ठस्थ गरी स्वाध्याय र पाठ गर्न सकिने बनाउनको निम्ति उद्देश्य राखी धेरै अभिप्राय समावेश भएको काव्यात्मक अर्थ लेखिएका पाइन्छन् । अर्थ दिइएकोमा पनि व्याख्या, अर्थकथा र टीकासँग साम्यता बनाई विधिपूर्वक दिइएको छ । भावार्थलाई पनि विस्तृत नगरिकन पालि अनुसार मात्र लेखिएको हुनाले उक्त भावार्थलाई संग्रह गर्नेबित्तिकै परित्राण भावार्थ एउटा सिंगै ग्रन्थ खडा हुनेछ ।

अभिप्राय व्याख्या यस ग्रन्थको प्राण नै हो । सयादोले यस परिच्छेदमा व्याकरण पालिपद निर्णय, अर्थ निर्णयलाई समेत पनि समावेश गरी लेखिराख्नुभएको छ । मागधी, संस्कृत दुइटै क्षेत्रमा दक्षतायुक्त हुनुभएका



Downloaded from http://www.dhamma.digital

सयादोको हातको शीप भएकोले यस नयाँ निश्चयमा समावेश भएका शाब्दिक अर्थ निर्णयहरू विशेषता छन् । त्यसपछि फेरि प्रशंसा गाथा आदिमा समावेश भएका पालि पदहरूलाई निर्णय गर्नमा सयादोले मूल लेखकको मनोभावसँग जति सकिन्छ त्यति नजिक पर्ने गरी निर्णय गरिराखेको हुनाले सयादोका निर्णयहरू विशेषरूपले नै विशेषतायुक्त रहेको छ । (**सोतुमग्गं समग्गं** निर्णय-पृष्ठांक २३; **द्वादसहि** निर्णय-पृष्ठांक ३१; **यम्हि** निर्णय पृष्ठांक ३१९-३२०; **महस्सासा** निर्णय पृष्ठांक ५४५; आदि हेर्नुस् ।) त्यसपछि फेरि विभिन्न ग्रन्थमा प्रयोग बहुल भएको **वा-** शब्दको समुच्चयार्थ, विकल्पार्थहरूलाई समेत पनि विस्तृत रूपले व्याख्या गरिराखिएको हुनाले (पृष्ठांक १९३-४) पाठक श्रमण गृहस्थ धेरैले बाटोमा हिंड्दै गर्दा पनि सजिलै सुनको घडा भेटाई लिनु जस्तै परित्राण निश्चय पढ्दा पढ्दै नै ब्याकरण सम्बन्धी बहुश्रुतहरू सन्तुष्टि मिल्नेगरी अध्ययन मनन गरी संकलन गर्ने अवसर पाइने हुन्छ । (पालि ब्याकरण नजान्नेहरूले त त्यस्ता ब्याकरण सम्बन्धी लिखित स्पष्टिकरण अनुच्छेदहरू छोडेर पनि पढ्न मिल्छ ।)

अभिप्राय व्याख्या गर्नुमा पनि सयादोबाट बडो व्यापक र विस्तृत रूपले लेखिराखिएको देख्न सकिन्छ । परित्राण सम्बन्धमा जान्नु बुझ्नु अभिप्राय विषय वस्तुहरू, कथावस्तुहरू, उदाहरण साधक प्रमाण विभिन्नलाई पालि र अर्थकथा आदि ग्रन्थबाट उद्धृत गरी विषयवस्तुसँग सम्बन्ध भएका जतिमा समावेश गरी लेखिराख्नुभएको छ । आधुनिक युगका पाठकहरूलाई कुनै कुनै समस्यामा विस्तृत रूपले स्पष्टिकरण दिएर लेखिएको छ । देवता, देवलोक छ, छैन समस्या-पृष्ठांक ४-१३) त्यसपछि फेरि देवताहरूलाई पूजा सत्कार गर्ने सम्बन्धमा निर्देशन (पृष्ठांक २००-२०१), आँखा राम्रो बनाउन चाहनेहरूले पालन गर्नुपर्ने आचरण (पृष्ठांक १५८-९), सत्य वचन विषयमा स्पष्टिकरण (पृष्ठांक २१३), मार्ग धर्मको कल्प विनाश हुनुसम्मलाई पनि रोकेर राख्नसक्ने आनुभाव सम्बन्धी तथ्य (पृष्ठांक २३०) आदि धेरै बहुश्रुतहरूलाई पनि देखाइराखिएको हुनाले पाठकहरूले यो नयाँ निश्चय ग्रन्थ पूरैलाई धर्म



Downloaded from http://www.dhamma.digital

सम्बन्धी अनेकौं बहुश्रुत संकलन गर्ने अवसर छ। धजग्ग सुत्त व्याख्यामा पनि बुद्ध-गुण, धर्म-गुण, र संघ-गुणलाई विस्तृत रूपले व्याख्या गरी लेखिराखेको हुनाले उक्त लेखन नै एउटा गुण व्याख्या-ग्रन्थ समान भएको छ।

त्यसो हुनाले यो नयाँ निश्चय त मात्र निश्चयमा सीमित होइन; परित्राण पालिको अर्थ लेखिएकोले परित्राण निश्चय पनि हो; परित्राण पालिमा पालि पद, अर्थ, अभिप्राय सम्बन्धी गाँठो गाँठोहरूलाई निराकरण गरिराखिएको हुनाले परित्राण ग्रन्थी भनेर पनि भन्न सुहाउँछ; परित्राणलाई भावार्थ रूपले विस्तृत रूपले व्याख्या गरी देखाइराखिएको ग्रन्थ हुनाले परित्राण टीका भनेर पनि भन्न सकिने ग्रन्थ हो। सारांश अनुसार भन्ने हो भने परित्राण सम्बन्धी जान्न बुझ्न योग्य तथ्यहरू परिपूर्ण हुनेगरी संग्रह गरी लेखिएको ग्रन्थ भएकोले 'परित्राण विश्व-कोष ग्रन्थ' भनेर नै नाम दिन सुहाउने एउटा ग्रन्थ हो।

## आशीष

परित्राण पाठ गर्ने चलन बर्मा देशमा मात्र रहेको होइन; श्रीलंका, थाइलैंड आदि अरु अरु बुद्ध धर्मानुयायी देश देशहरूमा पनि रहेकै छन्। लंका द्वीपमा आजको अद्यापि रातभरी पाठ गरिने परित्राण पाठ गर्दा भाका हाली स्वर तल माथि गर्दा मिलाएर एकस्वरले एकै तालले पाठ गरिने हुनाले सुन्न रमाइलो, श्रद्धा प्रसन्न लाग्ने किसिमको हुन्छ। बर्मा देशमा त प्रायः गरी पालि पद अक्षर छुटाउनु, रुक्नुपर्ने स्थानमा रुक्नु, स्वर ताल मिलाउनु केही नगरीकन आआफूले बच्चाबेलामा जस्तो सिकेर आइएको हो त्यस्तै पढ्ने चलन भएकोले सुन्नेहरूका निम्ति श्रद्धा प्रसन्नता जति उत्पन्न गर्नु पर्ने हो त्यति हुने गर्दैन।

त्यसो हुनाले यस्तो स्थिति मन नपराउने अग्गमहापण्डित सयादो ऊ विसुद्ध प्रमुख गभाएः जम्बुद्वीप विहारमा बसोबास गरिरहनुभएका छट्ठसंगायना पटिविसोधक सयादोहरूले सबभन्दा पहिले जम्बुद्वीप विहारमा एकसाथ मिल्ने गरी पद-पद छुटाई परीक्षाको रूपमा पाठ गरिसकेपछि उक्त पाठक्रम अनुसारले एउटा एउटा पादमा एकएकपटक रुकेर परित्राण पालि संशोधन



Downloaded from http://www.dhamma.digital

गरिसकेपछि बुद्धशासन समितिलाई *परित्त पालि* नामले छपाउनुभयो । एउटा -एउटा पाद पाठ सकेपछि एक एकपटक रुक्नुको निम्ति व्यवस्था गर्ने गरी संशोधन भएको अनुसार छापिएको उक्त *परित्त पालि* अनुसार नै जम्बुद्वीप विहारमा प्रत्येक साँझ पाठ गर्ने चलन रहेको छ । देशव्यापी श्रमण गृहस्थीहरूले पनि त्यसरी नै उक्त *परित्त पालि* पुस्तक प्राप्त गरी परित्राण एकसाथसाथ समान रूपले सुन्न रमाईलो आकर्षक पारी पाठ गर्ने गर भनी पनि सयादोहरूले आदेश दिइरहनुभएको छ ।

यसरी परित्राणलाई एकसाथ पारेर मिलाई श्रद्धा प्रसन्नता लाग्ने गरी पाठ गर्ने र गराउने आकांक्षा र आदेशका कारणले *परित्त पालि* (परित्राण पालि) सानो पुस्तक प्रकाशित भएको थियो । परित्राणको अर्थ, अभिप्रायलाई पूरा पूरा हुने गरी हेर्ने, पढ्ने गर्न लगाउन चाहेको चेतनाका कारणले यो नयाँ परित्राण निश्चय पनि प्रकाशित हुनपुगेको हो । यसबाट अग्गमहापण्डित सयादो ऊ विसुद्धाभिवंस प्रमुख छट्ठसंगायना पटिविसोधक सयादोहरूको श्रेष्ठ पवित्र सम्यक छन्द आशीषका कारणबाट उत्पन्न भएको *परित्त पालि* र यो *नयाँ परित्राण निश्चय*लाई पूरै देशभरी बस्ने बुद्ध धर्मानुयायी भिक्षु, श्रमण र गृहस्थहरूले रातोदिन नै अटुटरूपले पाठ गर्ने, पढ्ने गर्नुद्वारा हस्तगत गरी यस नयाँ निश्चयको निर्देशनहरूलाई धारण, पालन र आचरण गरी जरा, व्याधि, मरण दुख र भयअन्तरायबाट टाढा भई अलग्ग रहेको अमृत निर्वाण प्रासादमा शीघ्र आरोहण गर्न सकुन् भनी आशीष प्रार्थना गरिरहेको छु ।

**भिक्षु अशियङ् सीलानन्दाभिवंस**
**परियत्ति सासनहित धम्माचरिय र**
**सासनधज सिरीपवर धम्माचरिय**

जम्बुद्वीप विहार
सीरिमंगला कउँ म्ये, गभाए:
बर्मी सम्बत १३२७ साल माघ शुक्ल षष्ठी



Downloaded from http://www.dhamma.digital

# पाँचौं संस्करण

नयाँ राष्ट्र निर्माण गरी नयाँ देश बनाउन असल नागरिकहरू अत्यन्त आवश्यक हुन्छ। असल नागरिकहरू उत्पादन गर्ने काममा पनि सरलता, ऋजुभाव (**उजु**), सही क्रियाकलाप (**अनाकुल कम्मन्त**), दोष रहित रहेका काम कुरा गर्नु (**अनवज्ज कम्म**), खराब कर्मबाट विरत हुनु (**आरती विरती पापा**), गौरवनीयहरूलाई गौरव राख्नु (गारव), विषमलोभ रहित भई आफूलाई प्राप्त भएकोबाट सन्तुष्ट हुनु (**सन्तुट्ठि, सन्तुस्सको**), निर्धारित पथक्रम अनुशरण गर्नु (**सोवचस्सता; सुवचो**), धेरैप्रति मैत्रीभाव राख्नु (**मेत्त सुत्त र रतन सुत्त** आदि), धेरै जनताको हितकार्य वहन गर्नु (**लोकत्थ चरिया**) आदि विशिष्ट स्वभाव गुणहरू नभई नहुने अत्यावश्यकता हो। उपरोक्त विशिष्ट स्वभाव गुणहरूका साथै अरु अरु धेरै असल नागरिक उत्पादनको कारण रहेको शुद्धाचरण र पवित्र मार्गहरू यस नयाँ निश्रयमा निर्देशित गरिराखिएको छ। ती निर्देशनहरूलाई पूराका पूरा हुनेगरी पालना गरियो भने अवश्यमेव असल नागरिकहरू बनी आफूहरूले निर्माण गरिरहेको नयाँ मनुष्य जीवन निःसन्देह सिद्ध हुन थाल्नेछ। तसर्थ यो ग्रन्थ नयाँ परित्राण निश्रय भनी नामाकरण गरिएको धार्मिक ग्रन्थ भन्नुपर्ने भए पनि वास्तविक रूपमा भन्ने हो भने देश राष्ट्र निर्माण गर्ने एउटा ग्रन्थ समेत भन्न सुहाउने ग्रन्थ हो।

तसर्थ एउटा पनि बाकी नरहने गरी सिद्धिनगएकोले यस ग्रन्थलाई पाँचौं संस्करणको रूपमा प्रमुख शासनिक विभाग प्रेसमा छपाउनुपर्‍यो। यस संस्करणमा पालि नजान्नेहरूका निम्ति बुझ्न गाहारो ब्याकरण सम्बन्धी स्पष्टिकरणहरू सानो अक्षरमा छपाइएको छ। पालि नजान्नेहरूले त्यो सानो अक्षरमा छापिएका विषयलाई छोडेर पढेमा पनि विषयवस्तुको रस नटुटाइकन नै जोडेर नै अनुभव गर्न पाइने छ। पालि जान्नेहरूको लागि त ब्याकरण सम्बन्धी स्पष्टिकरणहरू सजिलै सरलतापूर्वक भेटाउन सकिनेछ। त्यसो



Downloaded from http://www.dhamma.digital

हुनाले यस पाँचौं संस्करण पुस्तक पालि जान्ने तथा नजान्ने दुबै थरिका परिषद्‌लाई धेरै मन पर्नेछ भनी आशा र विश्वास लिएको छु ।

**भिक्षु अशियङ्‌ सीलानन्दाभिवंस**
**दुतिय नायक सयादो**
**अभयाराम स्वेगू ताइक्**
**सइँपान्, माण्डले**

बर्मी सम्बत १३४१ कार्तिक कृष्णपक्ष षष्ठी ।
ईशवी सम्बत १९७९ नवम्बर ९ तारिक ।



Downloaded from http://www.dhamma.digital

# धन्यवाद

***'तप्यिकान् नयाँ परित्राण निश्रय'*** भनी सजिलो नामले चिनिने रंगून अञ्चल तान्लयँय् शहर तप्यिकान् गाउँका महाधम्मिकाराम ताइक् विहारका सयादो भिक्षु अशियङ वासेट्ठाभिवंसले रचना गर्नुभएको यो *नयाँ परित्राण निश्रय* ग्रन्थ प्रकाशित हुनुपरेको अवस्था विस्तृतरूपले निदानमा उल्लेख गरिसकिएको छ । यो ग्रन्थलाई रंगून गभाए: बुद्ध शासन समिति प्रेसमा पहिलो संस्करण छापिसकेपछि पछि रंगून हंसावती पिटक प्रेस र मण्डले समत प्रेसमा दोश्रो, तेश्रो र चौथो संस्करणसम्म राम्रो भन्दा पनि झन झन राम्रो पारी संशोधन गरी प्रकाशित गरिसकिएको छ । चारपटक सम्म छापेर प्रकाशित गरिसकेपछि पनि अध्ययन मनन गर्ने आकांक्षा हुने भिक्षु, श्रमण गृहस्थीहरूको हातहातमा पुऱ्याउन नसकिरहेको अवस्था हुँदा धेरै व्यक्तिहरूको माग र प्रार्थना अनुसार अहिले पाँचौं पटक छापेर वितरण गर्नुपरिसक्यो । यस पाँचौं पटकको छपाईमा वा संस्करणमा झन् परिपूर्ण बनाउनको लागि ग्रन्थकारकबाट केही परिवर्तन परिवर्द्धन भएको मात्र होइन कि आआफ्ना रुचि अनुसारका परिच्छेदलाई सजिलै सरलपूर्वक खोजेर भेटाई पढ्नसकिने बनाउनको लागि अक्षर सानो, ठूलो पारी छुटाई छपाइएको छ ।

**विज्जालंकार स्मारिका-पत्र**

यो *नयाँ परित्राण निश्रय* ग्रन्थ प्रकाशन गर्नको लागि शुरुदेखि नै विभिन्न क्षेत्रमा कोसिस गर्नुभएका मण्डलेका अग्गमहापण्डित विज्जालङ्कार सयादो तेश्रो संस्करण प्रकाशित भइसकेपछि बर्मी सम्बत १३३१ साल मंसीर कृष्ण एकादशीको दिनमा परलोक हुनुभयो । त्यसपछि महास्थविर सयादोको छन्द अनुसार यो नयाँ परित्राण निश्रय सहित शासनको निम्ति धेरै लाभदायी ग्रन्थहरू छापेर प्रकाशित गर्ने कार्यक्रम निर्णय गरी चौथो पटकको संस्करणदेखि



Downloaded from http://www.dhamma.digital

'*विज्जालङ्कार स्मारिका पत्र नम्बर १*' आदि गरी क्रमशः प्रकाशित गर्‍यौं । यसरी छापेर वितरण गर्ने अधिकार बनाउने विभिन्न कामकाजहरूलाई ग्रन्थकारक (तप्यिकान्) भिक्षु अशियङ् वासेट्ठाभिवंस र मण्डले विज्जालङ्कार ताइक् विहार नायक समितिले निदान कारक मण्डलमा अभयाराम स्वेगू ताइक्; द्वितीय नायक सयादो भिक्षु अशियङ सीलानन्दाभिवंसलाई विधिवत अधिकार सौंपिराखिएको हुनाले सयादो भिक्षु अशियङ सीलानन्दाभिवंसले नै यस पाँचौं संस्करण छपाएर प्रकाशित गरी वितरण गर्ने काम सबै नै अगिसरा भई रेखदेख गर्नुभएको हो ।

**धन्यवाद**

पाँचौं संस्करणको प्रकाशन सम्भव गर्नको लागि उद्योग गरी चिन्ता लिई विभिन्न किसिमले सहयोग गर्नुभएका रंगून पूर्वीय भागको म्यातिनडां च्याउँ ताइक् विहारका सयादो भिक्षु ऊ सोभनलाई; सर्वोच्च अदालतका अधिवक्ता ऊ तान्टिंग; तान्लँयय् शहरका अधीक्षक ऊ क्वक्व; क्लर्क ऊ ताउँ फे; ऊ तिङमाउँले र ऊ च्योतिन् आदि धर्ममामक मित्रहरूलाई धन्यवाद अर्पण गर्दछु ।

Dhamma.Digital

ऊ माउँ माउँ (धम्मघोषक)
भारवाहक ।

१९७४ सितम्बर
रंगून ।



Downloaded from http://www.dhamma.digital

# परित्राण पालि

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

## देव-आराधना

(१) समन्ता चक्कवालेसु, अत्रा'गच्छन्तु देवता ।
सद्धम्मं मुनिराजस्स, सुणन्तु सग्गमोक्खदं ।

(२) धम्मस्सवणकालो अयं भद्दन्ता ।

## बुद्ध-वन्दना

(३) *नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

(४) ये सन्ता-सन्तचित्ता, तिसरण-सरणा, एत्थ लोकन्तरे वा ।
भुम्मा भुम्मा च देवा, गुण-गण-गहण, ब्यावटा सब्बकालं ।
एते आयन्तु देवा, वरकनक-मये, मेरुराजे वसन्तो ।
सन्तो सन्तोसहेतुं, मुनिवरवचनं, सोतुमग्गं समग्गं[1] ।

---

** यो नमो तस्स बुद्ध वन्दना पालि दीघनिकाय सुत्तन्त महावग्ग पालि २३०, मज्झिमनिकाय मज्झिमपण्णास पालि ३१४-३४१, संयुत्तनिकाय प्रथम भाग -१६२, अंगुत्तरनिकाय प्रथम भाग -६८, द्वितीय भाग - २०८* आदिमा हेर्न पाइन्छ ।

१ समग्गा (पुरानो संस्करण) ।



Downloaded from http://www.dhamma.digital

# देवताहरूलाई प्रेरणा

(५) सब्बेसु चक्कवालेसु, यक्खा देवा च ब्रह्मनो।
यं अम्हेहि कतं पुञ्ञं, सब्बसम्पत्ति-साधकं।

(६) सब्बे तं अनुमोदित्वा, समग्गा सासने रता।
पमाद-रहिता होन्तु, आरक्खासु विसेसतो।

(७) सासनस्स च लोकस्स, वुड्ढी भवतु सब्बदा।
सासनम्पि च लोकञ्च, देवा रक्खन्तु सब्बदा।

(८) सद्धिं होन्तु सुखी सब्बे, परिवारेहि अत्तनो।
अनीघा सुमना होन्तु, सह सब्बेहि ञातिभि।

(९) राजतो वा चोरतो वा
मनुस्सतो वा अमनुस्सतो वा
अग्गितो वा उदकतो वा
पिसाचतो वा खाणुकतो वा
कण्टकतो वा नक्खत्ततो वा
जनपदरोगतो वा असद्धम्मतो वा
असन्दिट्ठितो वा असप्पुरिसतो वा
चण्ड हत्थि अस्स मिग गोण कुक्कुर
अहि विच्छिक मणिसप्प दीपि
अच्छ तरच्छ सूकर महिंस यक्ख रक्खसादीहि
नाना भयतो वा नाना रोगतो वा
नाना उपद्दवतो वा आरक्खं गण्हन्तु।

★★★



Downloaded from http://www.dhamma.digital

# मङ्गल सुत्त पालि

(१०) यं मङ्गलं द्वादसहि, चिन्तयिंसु सदेवका।
सोत्थानं नाधिगच्छन्ति, अट्ठतिंसञ्च मङ्गलं।

(११) देसितं देव देवेन, सब्बपापविनासनं।
सब्बलोकहितत्थाय, मङ्गलं तं भणाम हे।

(१२) *एवं मे सुतं-
एकं समयं भगवा सावत्थियं विहरति
जेतवने अनाथपिण्डिकस्स आरामे।
अथ खो अञ्ञतरा देवता
अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा
केवलकप्पं जेतवनं ओभासेत्वा
येन भगवा तेनुपसङ्कमि; उपसङ्कमित्वा
भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि।
एकमन्तं ठिता खो सा देवता
भगवन्तं गाथाय अज्झभासि।

(१३) बहू देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं।
आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गल'मुत्तमं।

(१४) असेवना च बालानं, पण्डितानञ्च सेवना
पूजा च पूजनेय्यानं[1], एतं मङ्गल'मुत्तमं।

---

* यस *मंगल सुत्त पालि खुद्दक-पाठ पालि ३-४, सुत्तनिपात पालि* पृष्ठांक ३१८-३१९ मा हेर्न सकिन्छ।

१.पूजनीयानं (सी; स्या; कं; इ.)



Downloaded from http://www.dhamma.digital

(१५) पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।
अत्तसम्मापणिधि च[1], एतं मङ्गल'मुत्तमं ।

(१६) बाहुसच्चञ्च सिप्पञ्च, विनयो च सुसिक्खितो ।
सुभासिता च या वाचा, एतं मङ्गल'मुत्तमं ।

(१७) मातापितु-उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।
अनाकुला च कम्मन्ता, एतं मङ्गल'मुत्तमं ।

(१८) दानञ्च धम्मचरिया च, ञातकानञ्च सङ्गहो ।
अनवज्जानि कम्मानि, एतं मङ्गल'मुत्तमं ।

(१९) आरती विरती पापा, मज्जपाना च संयमो ।
अप्पमादो च धम्मेसु, एतं मङ्गल'मुत्तमं ।

(२०) गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।
कालेन धम्मस्सवनं[2], एतं मङ्गल'मुत्तमं ।

(२१) खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।
कालेन धम्मसाकच्छा, एतं मङ्गल'मुत्तमं ।

(२२) तपो च ब्रह्मचरियञ्च, अरियसच्चान-दस्सनं ।
निब्बानसच्छिकिरिया च, एतं मङ्गल'मुत्तमं ।

(२३) फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।
असोकं विरजं खेमं, एतं मङ्गल'मुत्तमं ।

(२४) एतादिसानि कत्वान, सब्बत्थ-मपराजिता ।
सब्बत्थ सोत्थिं गच्छन्ति, तं तेसं मङ्गल'मुत्तमं ति ।

मङ्गल-सुत्तं निट्ठितं

★★★

१. अत्तसम्मापणीधी (क)  २. धम्मस्सवणं (कुनै कुनै सी.) ।



Downloaded from http://www.dhamma.digital

# रतन सुत्त पालि

(२५) पणिधानतो पट्ठाय, तथागतस्स दस पारमियो,
दस उपपारमियो, दस परमत्थपारमियो'ति
समत्तिंस पारमियो, पञ्च महापरिच्चागे,
लोकत्थचरियं ञातत्थचरियं बुद्धत्थचरियन्ति
तिस्सो चरियायो, पच्छिमभवे गब्भवोक्कन्तिं,
जातिं, अभिनिक्खमनं, पधानचरियं, बोधिपल्लङ्के
मारविजयं, सब्बञ्ञुतञाणप्पटिवेधं,
धम्मचक्कप्पवत्तनं, नव लोकुत्तरधम्मेति
सब्बेपि'मे बुद्धगुणे आवज्जेत्वा
वेसालिया तीसु पाकारन्तरेसु
तियामरत्तिं परित्तं करोन्तो
आयस्मा आनन्दत्थेरो विय
कारुञ्ञचित्तं उपट्ठपेत्वा-

(२६) कोटीसतसहस्सेसु, चक्कवालेसु देवता।
यस्सा'णं पटिग्गण्हन्ति, यञ्च वेसालिया पुरे।

(२७) रोगा'मनुस्स दुब्भिक्ख-सम्भूतं तिविधं भयं।
खिप्प'मन्तरधापेसि, परित्तं तं भणाम हे।

(२८) *यानीध भूतानि समागतानि,
भुम्मानि वा यानि व अन्तलिक्खे।
सब्बेव भूता सुमना भवन्तु,
अथोपि सक्कच्च सुणन्तु भासितं।

---

* यस *रतन-सुत्त पालि खुद्दक-पाठ पालि ४-७, सुत्तनिपात पालि ३१२-३१५* मा हेर्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

(२९) तस्मा हि भूता निसामेथ सब्बे,
मेत्तं करोथ मानुसिया पजाय ।
दिवा च रत्तो च हरन्ति ये बलिं,
तस्मा हि ने रक्खथ अप्पमत्ता ।

(३०) यंकिञ्चि वित्तं इध वा हुरं वा,
सग्गेसु वा यं रतनं पणीतं ।
न नो समं अत्थि तथागतेन,
इदम्पि बुद्धे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ।

(३१) खयं विरागं अमतं पणीतं,
यदज्झगा सक्यमुनी समाहितो ।
न तेन धम्मेन समत्थि किञ्चि,
इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ।

(३२) यं बुद्धसेट्ठो परिवण्णयी सुचिं,
समाधि'मानन्तरिकञ्ञमाहु ।
समाधिना तेन समो न विज्जति,
इदम्पि धम्मे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(३३) ये पुग्गला अट्ठसतं पसत्था,
चत्तारि एतानि युगानि होन्ति ।
ते दक्खिणेय्या सुगतस्स सावका,
एतेसु दिन्नानि महप्फलानि ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।



Downloaded from http://www.dhamma.digital

(३४) ये सुप्पयुत्ता मनसा दळ्हेन,
निक्कामिनो गोतमसासनम्हि ।
ते पत्तिपत्ता अमतं विगय्ह ।
लद्धा मुधा निब्बुतिं[1] भुञ्जमाना ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(३५) यथिन्दखीलो पथविस्सितो[2] सिया,
चतुब्भि वातेहि असम्पकम्पियो ।
तथूपमं सप्पुरिसं वदामि,
यो अरियसच्चानि अवेच्च पस्सति ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(३६) ये अरियसच्चानि विभावयन्ति,
गम्भीरपञ्ञेन सुदेसितानि ।
किञ्चापि ते होन्ति भुसं पमत्ता,
न ते भवं अट्ठम'मादियन्ति ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(३७) सहावस्स दस्सनसम्पदाय[3],
तयस्सु धम्मा जहिता भवन्ति ।
सक्कायदिट्ठि विचिकिच्छितञ्च,
सीलब्बतं वापि यदत्थि किञ्चि ।

---

१. निब्बुति (क) ।
२. पठविस्सितो (कुनै कुनै सी.); पथविसित्रो (कुनै कुनै सी.; स्या; कं.इ.) ।
३. सहाव सद्दस्सनसम्पदाय (क) ।



Downloaded from http://www.dhamma.digital

(३८) चतूहपायेहि च विप्पमुत्तो,
छ चाभिठानानि[1] अभब्ब[2] कातुं ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(३९) किञ्चापि सो कम्म[3] करोति पापकं.
कायेन वाचा उद चेतसा वा ।
अभब्ब सो तस्स पटिच्छदाय[4],
अभब्बता दिट्ठपदस्स वुत्ता ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(४०) वनप्पगुम्बे यथ[5] फुस्सितग्गे,
गिम्हान मासे पठमस्मिं गिम्हे ।
तथूपमं धम्मवरं अदेसयि,
निब्बानगामिं परमं हिताय ।
इदम्पि बुद्धे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(४१) वरो वरञ्ञू वरदो वराहरो,
अनुत्तरो धम्मवरं अदेसयि ।
इदम्पि बुद्धे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

---

१. छच्चाभिठानानि (क) । २. अभब्बो (सी.) ।
३. कम्मं (सी.स्या.कं.इ.) । ४. पटिच्छादाय (सी.) ।
५. यथा (सी. स्या.) ।



Downloaded from http://www.dhamma.digital

(४२) खीणं पुराणं नव नत्थि सम्भवं,
विरत्तचित्ता'यतिके भवस्मिं ।
ते खीणबीजा अविरुळ्हि छन्दा,
निब्बन्ति धीरा यथायं[1] पदीपो ।
इदम्पि संघे रतनं पणीतं,
एतेन सच्चेन सुवत्थि होतु ।

(४३) यानीध भूतानि समागतानि,
भुम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्सपूजितं,
बुद्धं नमस्साम सुवत्थि होतु ।

(४४) यानीध भूतानि समागतानि,
भुम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्सपूजितं,
धम्मं नमस्साम सुवत्थि होतु ।

(४५) यानीध भूतानि समागतानि,
भुम्मानि वा यानि व अन्तलिक्खे ।
तथागतं देवमनुस्सपूजितं,
संघं नमस्साम सुवत्थि होतु ।

रतन-सुत्तं निट्ठितं

★★★

१. यथयं (क.) ।



Downloaded from http://www.dhamma.digital

# मेत्त सुत्त पालि

(४६) यस्सा'नुभावतो यक्खा,
नेव दस्सेन्ति भीसनं ।
यम्हि[1] चेवा'नुयुञ्जन्तो,
रत्तिन्दिव'मतन्दितो ।

(४७) सुखं सुपति सुत्तो च,
पापं किञ्चि न पस्सति ।
एवमादिगुणूपेतं,
परित्तं तं भणाम हे ।

(४८) *करणीय'मत्थकुसलेन,
यन्तं सन्तं पदं अभिसमेच्च ।
सक्को उजू च सुहुजू च,
सुवचो चस्स मुदु अनतिमानी ।

(४९) सन्तुस्सको च सुभरो च,
अप्पकिच्चो च सल्लहुकवुत्ति ।
सन्तिन्द्रियो च निपको च,
अप्पगब्भो कुलेस्व'ननुगिद्धो ।

(५०) न च खुद्द'माचरे किञ्चि,
येन विञ्ञू परे उपवदेय्युं ।
सुखिनो व खेमिनो होन्तु,
सब्बसत्ता[2] भवन्तु सुखितत्ता ।

---

१ यञ्हि (क.) ।
** यो मेत्त सुत्त पालि खुद्दक-पाठ पालि १०-११, सुत्तनिपात पालि पृष्ठांक ३००-३०१ मा हेर्न सकिन्छ ।*
२. सब्बे सत्ता (सी.स्या.) ।



Downloaded from http://www.dhamma.digital

(५१) ये केचि पाणभूतत्थि,
तसा वा थावरा व'नवसेसा ।
दीघा वा ये व महन्ता,
मज्झिमा रस्सका अणुकथूला ।

(५२) दिट्ठा वा ये व अदिट्ठा,
ये व[1] दूरे वसन्ति अविदूरे ।
भूता व[2] सम्भवेसी व,
सब्बे सत्ता भवन्तु सुखितत्ता ।

(५३) न परो परं निकुब्बेथ,
नातिमञ्ञेथ कत्थचि न कञ्चि[3] ।
ब्यारोसना पटिघसञ्ञा,
नाञ्ञमञ्ञस्स दुक्ख'मिच्छेय्य ।

(५४) माता यथा नियं पुत्त-
मायुसा एकपुत्त'मनुरक्खे ।
एवम्पि सब्बभूतेसु,
मानसं भावये अपरिमाणं ।

(५५) मेत्तञ्च सब्बलोकस्मिं,
मानसं भावये अपरिमाणं ।
उद्धं अधो च तिरियञ्च,
असम्बाधं अवेर'मसपत्तं ।

---

१. च (सी.स्या.क.इ.) ।
२. वा (सी.स्या.कं.इ.)
३. नं कञ्चि (सी.इ.) नं किञ्चि (स्या.) ।



Downloaded from http://www.dhamma.digital

(५६) तिट्ठं चरं निसिन्नो व[1],
सयानो यावता'स्स वितमिद्धो[2] ।
एतं सतिं अधिट्ठेय्य,
ब्रह्म'मेत्तं विहार'मिधमाहु ।

(५७) दिट्ठिञ्च अनुपगम्म,
सीलवा दस्सनेन सम्पन्नो ।
कामेसु विनेय्य[3] गेधं,
न हि जातु'ग्गब्भसेय्य पुनरेति ।

मेत्त-सुत्तं निट्ठितं

★★★

# खन्ध सुत्त पालि

(५८) सब्बासीविसजातीनं, दिब्बमन्तागदं विय ।
यं नासेति विसं घोरं, सेसञ्चापि परिस्सयं ।

(५९) आणाक्खेत्तम्हि सब्बत्थ, सब्बदा सब्बपाणिनं ।
सब्बसोपि निवारेति, परित्तं तं भणाम हे ।

(६०) *विरूपक्खेहि मे मेत्तं, मेत्तं एरापथेहि मे ।
छब्यापुत्तेहि मे मेत्तं, मेत्तं कण्हागोतमकेहि च ।

---

१. वा (सी.स्या.कं.इ.) । २. विगतमिद्धो (धेरै प्रयोग) ।
३. विनय (क) ।
* यो *खन्ध-सुत्त पालि विनय चूलवग्ग पालि पृष्ठांक २४५, जातक पालि (प्र.) ५३-४, अगुंत्तर पालि (प्र.) ३८४* मा हेर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

(६१) अपादकेहि मे मेत्तं, मेत्तं द्वि[1]पादकेहि मे।
चतुप्पदेहि मे मेत्तं, मेत्तं बहुप्पदेहि मे।

(६२) मा मं अपादको हिंसि, मामं हिंसि द्विपादको।
मा मं चतुप्पदो हिंसि, मा मं हिंसि बहुप्पदो।

(६३) सब्बे सत्ता सब्बे पाणा, सब्बे भूता च केवला।
सब्बे भद्रानि पस्सन्तु, मा कञ्चि[2] पाप'मागमा।

(६४) अप्पमाणो बुद्धो, अप्पमाणो धम्मो।
अप्पमाणो संघो, पमाणवन्तानि सरीसपानि[3]।
अहि विच्छिका सतपदी, उण्णनाभी सरबू मूसिका।

(६५) कता मे रक्खा, कतं मे परित्तं[4], पटिक्कमन्तु भूतानि।
सो'हं नमो भगवतो, नमो सत्तन्नं सम्मासम्बुद्धानं।

खन्ध-सुत्तं निट्ठितं

★★★

Dhamma.Digital

# मोर सुत्त पालि

(६६) पूरेन्तं बोधिसम्भारे, निब्बत्तं मोरयोनियं।
येन संविहितारक्खं, महासत्तं वनेचरा।

(६७) चिरस्सं वायमन्तापि, नेव सक्खिंसु गण्हितुं।
'ब्रह्ममन्त'न्ति अक्खातं, परित्तं तं भणाम हे।

---

१. दि....(सी.स्या.कं.इ.)। २. किञ्चि (स्या.कं.क.)।
३. सिरिंसपानि (सी.स्या.कं.इ.)।
४. कता मे परित्ता (धेरै प्रयोग)।



Downloaded from http://www.dhamma.digital

(६८) *उदेत'यं चक्खुमा एकराजा,
हरिस्सवण्णो पथविप्पभासो ।
तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं,
तया'ज्ज गुत्ता विहरेमु दिवसं ।

(६९) ये ब्राह्मणा वेदगू सब्बधम्मे,
ते मे नमो, ते च मं पालयन्तु ।
नमत्थु बुद्धानं, नमत्थु बोधिया,
नमो विमुत्तानं, नमो विमुत्तिया ।
इमं सो परित्तं कत्वा, मोरो चरति एसना ।

(७०) अपेत'यं चक्खुमा एकराजा,
हरिस्सवण्णो, पथविप्पभासो[1] ।
तं तं नमस्सामि हरिस्सवण्णं पथविप्पभासं,
तया'ज्ज गुत्ता विहरेमु रत्तिं ।

(७१) ये ब्राह्मणा वेदगू सब्बधम्मे,
ते मे नमो, ते च मं पालयन्तु ।
नमत्थु बुद्धानं, नमत्थु बोधिया,
नमो विमुत्तानं, नमो विमुत्तिया ।
इमं सो परित्तं कत्वा, मोरो वास'मकप्पयि ।

मोर-सुत्तं निट्ठितं

★★★

---

* यो *मोर-सुत्त पालि जातक पालि पृष्ठांक (प्र.)* ३८ मा हेर्न सकिन्छ ।
१. पठवि... (सी.स्या.इ.) ।



Downloaded from http://www.dhamma.digital

# वट्ट सुत्त पालि

(७२) पूरेन्तं बोधिसम्भारे, निब्बत्तं वट्टजातियं।
यस्स तेजेन दावग्गि, महासत्तं विवज्जयि।

(७३) थेरस्स सारिपुत्तस्स, लोकनाथेन भासितं।
कप्पट्ठायिं महातेजं, परित्तं तं भणाम हे।

(७४) *अत्थि लोके सीलगुणो, सच्चं सोचेय्य'नुद्दया।
तेन सच्चेन काहामि, सच्चकिरिय'मुत्तमं[1] ।

(७५) आवज्जेत्वा धम्मबलं, सरित्वा पुब्बके जिने।
सच्चबल'मवस्साय, सच्चकिरिय'मकास'हं।

(७६) सन्ति पक्खा अपतना, सन्ति पादा अवञ्चना।
माता पिता च निक्खन्ता, जातवेदपटिक्कम।

(७७) सह सच्चे कते मय्हं, महापज्जलितो सिखी।
वज्जेसि सोलस करिसानि, उदकं पत्वा यथा सिखी।
सच्चेन मे समो नत्थि, एसा मे सच्च पारमी।

वट्ट-सुत्तं निट्ठितं

★★★

* यो *वट्ट-सुत्त पालि चरियापिटक पालि पृष्ठांक* ४१५ मा हेर्न सकिन्छ।
१. सच्चकिरिय-मनुत्तरं (क.)।



Downloaded from http://www.dhamma.digital

# धजग्ग सुत्त पालि

(७८) यस्सा'नुस्सरणेनापि, अन्तलिक्खेपि पाणिनो ।
पतिट्ठ'मधिगच्छन्ति, भूमियं विय सब्बथा ।

(७९) सब्बुपद्दवजालम्हा, यक्खचोरादिसम्भवा ।
गणना न च मुत्तानं, परित्तं तं भणाम हे ।

(८०) *एवं मे सुतं-
एकं समयं भगवा सावत्थियं विहरति
जेतवने अनाथपिण्डिकस्स आरामे ।

(८१) तत्र खो भगवा भिक्खू आमन्तेसि- 'भिक्खवो'ति ।
'भदन्ते'ति ते भिक्खू भगवतो पच्चस्सोसुं ।
भगवा एतदवोच-
भूतपुब्बं भिक्खवे देवासुरसङ्गामो समुपब्यूळ्हो अहोसि ।
अथ खो भिक्खवे सक्को देवानमिन्दो
देवे तावतिंसे आमन्तेसि-
'सचे मारिसा देवानं सङ्गामगतानं उप्पज्जेय्य
भयं वा छम्भितत्तं वा लोमहंसो वा,
ममेव तस्मिं समये धजग्गं उल्लोकेय्याथ,
ममं हि वो धजग्गं उल्लोकयतं
यं भविस्सति भयं वा छम्भितत्तं वा
लोमहंसो वा, सो पहीयिस्सति ।'

---

* यो *धजग्ग-सुत्त पालि संयुक्त-पालि पृष्ठांक (प्र)* २२०-२२२ मा हेर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

(८२) नो चे मे धजग्गं उल्लोकेय्याथ,
अथ पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ।
पजापतिस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं
यं भविस्सति भयं वा छम्भितत्तं वा
लोमहंसो वा, सो पहीयिस्सति।

(८३) नो चे पजापतिस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ,
अथ वरुणस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ।
वरुणस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं
यं भविस्सति भयं वा छम्भितत्तं वा
लोमहंसो वा, सो पहीयिस्सति।

(८४) नो चे वरुणस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ,
अथ ईसानस्स देवराजस्स धजग्गं उल्लोकेय्याथ।
ईसानस्स हि वो देवराजस्स धजग्गं उल्लोकयतं
यं भविस्सति भयं वा छम्भितत्तं वा
लोमहंसो वा, सो पहीयिस्सति।

(८५) तं खो पन भिक्खवे
सक्कस्स वा देवानमिन्दस्स धजग्गं उल्लोकयतं
पजापतिस्स वा देवराजस्स धजग्गं उल्लोकयतं
वरुणस्स वा देवराजस्स धजग्गं उल्लोकयतं
ईसानस्स वा देवराजस्स धजग्गं उल्लोकयतं
यं भविस्सति भयं वा छम्भितत्तं वा
लोमहंसो वा, सो पहीयेथापि नो पि पहीयेथ।

(८६) तं किस्स हेतु ?
सक्को हि भिक्खवे देवानमिन्दो



Downloaded from http://www.dhamma.digital

अवीतरागो अवीतदोसो अवीतमोहो
भीरु छम्भी उत्रासी पलायी'ति।

(८७) अहञ्च खो भिक्खवे एवं वदामि,
सचे तुम्हाकं भिक्खवे अरञ्ञगतानं वा
रुक्खमूलगतानं वा सुञ्ञागारगतानं वा
उप्पज्जेय्य भयं वा छम्भितत्तं वा लोमहंसो वा,
ममेव तस्मिं समये अनुस्सरेय्याथ-

(८८) 'इतिपि सो भगवा अरहं, सम्मासम्बुद्धो,
विज्जाचरणसम्पन्नो, सुगतो, लोकविदू,
अनुत्तरो पुरिसदम्मसारथि,
सत्था देवमनुस्सानं, बुद्धो, भगवा'ति।

(८९) ममं हि वो भिक्खवे अनुस्सरतं
यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा,
सो पहीयिस्सति।

(९०) नो चे मं अनुस्सरेय्याथ,
अथ धम्मं अनुस्सरेय्याथ-

(९१) 'स्वाक्खातो भगवता धम्मो,
सन्दिट्ठिको, अकालिको,
एहिपस्सिको, ओपनेय्यिको,
पच्चत्तं वेदितब्बो विञ्ञूही'ति।

(९२) धम्मं हि वो भिक्खवे अनुस्सरतं
यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा,
सो पहीयिस्सति।



Downloaded from http://www.dhamma.digital

(९३) नो चे धम्मं अनुस्सरेय्याथ,
अथ संघं अनुस्सरेय्याथ-

९४) 'सुप्पटिपन्नो भगवतो सावकसंघो,
उजुप्पटिपन्नो भगवतो सावकसंघो,
ञायप्पटिपन्नो भगवतो सावकसंघो,
सामीचिप्पटिपन्नो भगवतो सावकसंघो,
यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला,
एस भगवतो सावकसंघो,
आहुनेय्यो, पाहुनेय्यो,
दक्खिणेय्यो, अञ्जलीकरणीयो,
अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति।

(९५) संघं हि वो भिक्खवे अनुस्सरतं
यं भविस्सति भयं वा छम्भितत्तं वा लोमहंसो वा,
सो पहीयिस्सति।

(९६) तं किस्स हेतु ?
तथागतो हि भिक्खवे अरहं सम्मासम्बुद्धो
वीतरागो वीतदोसो वीतमोहो अभीरु
अछम्भी अनुत्रासी अपलायी'ति।

(९७) इद'मवोच भगवा,
इदं वत्वान सुगतो
अथा'परं एतदवोच सत्था-



Downloaded from http://www.dhamma.digital

(९८) अरञ्ञे रुक्खमूले वा, सुञ्ञागारे व भिक्खवो।
अनुस्सरेथ[1] सम्बुद्धं, भयं तुम्हाकं नो सिया।

(९९) नो चे बुद्धं सरेय्याथ, लोकजेट्ठं नरासभं।
अथ धम्मं सरेय्याथ, निय्यानिकं सुदेसितं।

(१००) नो चे धम्मं सरेय्याथ, निय्यानिकं सुदेसितं।
अथ संघं सरेय्याथ, पुञ्ञक्खेत्तं अनुत्तरं।

(१०१) एवं बुद्धं सरन्तानं, धम्मं संघञ्च भिक्खवो।
भयं वा छम्भितत्तं वा, लोमहंसो न हेस्सति।

धजग्ग-सुत्तं निट्ठितं

★★★

# आटानाटिय सुत्त पालि

(१०२) अप्पसन्नेहि नाथस्स, सासने साधुसम्मते।
अमनुस्सेहि चण्डेहि, सदा किब्बिसकारिभि।

(१०३) परिसानं चतस्सन्नं, अहिंसाय च गुत्तिया।
यं देसेसि महावीरो, परित्तं तं भणाम हे।

(१०४) *विपस्सिस्स च नमत्थु, चक्खुमन्तस्स सिरीमतो।
सिखिस्स पि च नमत्थु, सब्बभूतानुकम्पिनो।

(१०५) वेस्सभुस्स च नमत्थु, न्हातकस्स तपस्सिनो।
नमत्थु ककुसन्धस्स, मारसेना पमद्दिनो।

---

१. अनुस्सरेय्याथ (क)।

* यो गाथासँगै १०९ सम्मका गाथाहरू *दीघनिकाय पाथिकवग्ग पालि पृष्ठांक १५९* मा हेर्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

(१०६) कोणागमनस्स नमत्थु, ब्राह्मणस्स वुसीमतो।
कस्सपस्स च नमत्थु, विप्पमुत्तस्स सब्बधि।

(१०७) अङ्गीरसस्स नमत्थु, सक्यपुत्तस्स सिरीमतो।
यो इमं धम्मं देसेसि[1], सब्बदुक्खापनूदनं।

(१०८) ये चापि निब्बुता लोके, यथाभूतं विपस्सिसुं।
ते जना अपिसुणा'थ[2], महन्ता वीत-सारदा।

(१०९) हितं देव-मनुस्सानं, यं नमस्सन्ति गोतमं।
विज्जाचरणसम्पन्नं, महन्तं वीतसारदं।

(११०) एते चञ्ञे च सम्बुद्धा, अनेकसतकोटियो।
सब्बे बुद्धा'समसमा, सब्बे बुद्धा महिद्धिका।

(१११) सब्बे दसबलूपेता, वेसारज्जेहु'पागता।
सब्बे ते पटिजानन्ति, आसभं ठान'मुत्तमं।

(११२) सीहनादं नदन्ते'ते, परिसासु विसारदा।
ब्रह्मचक्कं पवत्तेन्ति, लोके अप्पटिवत्तियं।

(११३) उपेता बुद्धधम्मेहि, अट्ठारसहि नायका।
बात्तिंसलक्खणूपेता, सीतानुब्यञ्जनाधरा।

(११४) ब्यामप्पभाय सुप्पभा, सब्बे ते मुनिकुञ्जरा।
बुद्धा सब्बञ्ञुनो एते, सब्बे खीणासवा जिना।

(११५) महापभा महातेजा, महापञ्ञा महब्बला।
महाकारुणिका धीरा, सब्बेसानं सुखावहा।

---

१. धम्ममदेसेसिं (सी.स्या.इ.)।  २. अपिसुणा (सी.स्या.इ.)।



Downloaded from http://www.dhamma.digital

(११६) दीपा नाथा पतिट्ठा च, ताणा लेणा च पाणिनं।
गती बन्धू महस्सासा[1], सरणा च हितेसिनो।

(११७) सदेवकस्स लोकस्स, सब्बे एते परायणा।
ते'साहं सिरसा पादे, वन्दामि पुरिसुत्तमे।

(११८) वचसा मनसा चेव, वन्दामे'ते तथागते।
सयने आसने ठाने, गमने चापि सब्बदा।

(११९) सदा सुखेन रक्खन्तु, बुद्धा सन्तिकरा तुवं।
तेहि त्वं रक्खितो सन्तो, मुत्तो सब्बभयेहि च।

(१२०) सब्बरोगा विनीमुत्तो, सब्बसन्तापवज्जितो।
सब्बवेर'मतिक्कन्तो, निब्बुतो च तुवं भव।

(१२१) तेसं सच्चेन सीलेन, खन्तिमेत्ताबलेन च।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२२) पुरत्थिमस्मिं दिसाभागे, सन्ति भूता महिद्धिका।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२३) दक्खिणस्मिं दिसाभागे, सन्ति देवा महिद्धिका।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२४) पच्छिमस्मिं दिसाभागे, सन्ति नागा महिद्धिका।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२५) उत्तरस्मिं दिसाभागे, सन्ति यक्खा महिद्धिका।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

---

१. महेस्सासा (धेरै प्रयोग)।



Downloaded from http://www.dhamma.digital

(१२६) पुरत्थिमेन धतरट्ठो दक्खिणेन विरुल्हको।
पच्छिमेन विरुपक्खो, कुवेरो उत्तरं दिसं।

(१२७) चत्तारो ते महाराजा, लोकपाला यसस्सिनो।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२८) आकासट्ठा च भूमट्ठा, देवा नागा महिद्धिका।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१२९) इद्धिमन्तो च ये देवा, वसन्ता इध सासने।
ते पि अम्हे'नुरक्खन्तु, अरोगेन सुखेन च।

(१३०) सब्बीतियो विवज्जन्तु, सोको रोगो विनस्सतु।
मा ते भवन्त्व'न्तरायो, सुखी दीघायुको भव।

(१३१) *अभिवादनसीलिस्स, निच्चं वुड्ढापचायिनो।
चत्तारो धम्मा वड्ढन्ति, आयु वण्णो सुखं बलं।

आटानाटिय-सुत्तं निट्ठितं

★★★

* *धम्मपद पालि १०९* गाथा।



Downloaded from http://www.dhamma.digital

# अंगुलिमाल सुत्त पालि

(१३२) परित्तं यं भणन्तस्स, निसिन्नट्ठान धोवनं ।
उदकम्पि विनासेति, सब्बमेव परिस्सयं ।

(१३३) सोत्थिना गब्भवुट्ठानं, यञ्च साधेति तं खणे ।
थेरस्स'ङ्गुलिमालस्स, लोकनाथेन भासितं ।
कप्पट्ठायिं महातेजं, परित्तं तं भणाम हे ।

(१३४) [1]'यतो'हं भगिनि अरियाय जातिया जातो ।
नाभिजानामि सञ्चिच्च पाणं जीविता वोरोपेता ।
तेन सच्चेन सोत्थि ते होतु सोत्थि गब्भस्स ।

अंगुलिमाल-सुत्तं निट्ठितं

# बोज्झङ्ग सुत्त पालि

(१३५) संसारे संसरन्तानं, सब्बदुक्खविनासने ।
सत्त धम्मे च बोज्झङ्गे, मारसेनापमद्दने ।

(१३६) बुज्झित्वा ये चि'मे सत्ता, तिभवा मुत्तकु'त्तमा ।
अजाति'मजरा'ब्याधिं, अमतं निब्भयं गता ।

(१३७) एवमादिगुणूपेतं, अनेकगुणसङ्गहं ।
ओसधञ्च इमं मन्तं, बोज्झङ्गञ्च भणाम हे ।

(१३८) *बोज्झङ्गो सतिसंखातो, धम्मानं विचयो तथा ।
वीरियं पीति पस्सद्धि, बोज्झङ्गा च तथा'परे ।

---

१. यो *अंगुलिमाल परित्राण मज्झिमनिकाय, मज्झिमपण्णास पालि पृष्ठांक ३०६* मा हेर्न सकिन्छ ।

* पालिमा यो गाथा *बोज्झङ्ग सुत्त भनी सोझै छैन ।* गद्य पालि त *संयुत्तनिकाय पालि (तृ.) पृष्ठांक* ७१-७२-७३ मा हेर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

(१३९) समाधुपेक्खा बोज्झङ्गा, सत्ते ते सब्बदस्सिना।
मुनिना सम्मदक्खाता, भाविता बहुलीकता।

(१४०) संवत्तन्ति अभिञ्ञाय, निब्बानाय च बोधिया।
एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा।

(१४१) एकस्मिं समये नाथो, मोग्गल्लानञ्च कस्सपं।
गिलाने दुक्खिते दिस्वा, बोज्झङ्गे सत्त देसयि।

(१४२) ते च तं अभिनन्दित्वा, रोगा मुच्चिंसु तं खणे।
एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा।

(१४३) एकदा धम्मराजापि, गेलञ्ञेना'भिपीलितो।
चुन्दत्थेरेन तंयेव, भणापेत्वान सादरं।

(१४४) सम्मोदित्वान आबाधा, तम्हा वुट्ठासि ठानसो।
एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा।

(१४५) पहीना ते च आबाधा, तिण्णन्नम्पि महेसिनं।
मग्गाहता किलेसाव, पत्ता'नुप्पत्तिधम्मतं।
एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा।

बोज्झङ्ग-सुत्तं निट्ठितं
★★★

# पुब्बण्ह सुत्त पालि

(१४६) यं दुन्निमित्तं अवमङ्गलञ्च, यो चा'मनापो सकुणस्स सद्दो।
पापग्गहो दुस्सुपिनं अकन्तं, बुद्धानुभावेन विनासमेन्तु।



Downloaded from http://www.dhamma.digital

(१४७) यं दुन्निमित्तं अवमङ्गलञ्च, यो चा'मनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं, धम्मानुभावेन विनासमेन्तु ।

(१४८) यं दुन्निमित्तं अवमङ्गलञ्च, यो चा'मनापो सकुणस्स सद्दो ।
पापग्गहो दुस्सुपिनं अकन्तं, संघानुभावेन विनास'मेन्तु ।

(१४९) दुक्खप्पत्ता च निद्दुक्खा, भयप्पत्ता च निब्भया ।
सोकप्पत्ता च निस्सोका, होन्तु सब्बेपि पाणिनो ।

(१५०) एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञसम्पदं ।
सब्बे देवा'नुमोदन्तु, सब्बसम्पत्ति सिद्धिया ।

(१५१) दानं ददन्तु सद्धाय, सीलं रक्खन्तु सब्बदा ।
भावनाभिरता होन्तु, गच्छन्तु देवता'गता ।

(१५२) सब्बे बुद्धा बलप्पत्ता, पच्चेकानञ्च यं बलं ।
अरहन्तानञ्च तेजेन, रक्खं बन्धामि सब्बसो ।

(१५३) *यं किञ्चि वित्तं इध वा हुरं वा,
सग्गेसु वा यं रतनं पणीतं ।
न नो समं अत्थि तथागतेन,
इदम्पि बुद्धे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ।

(१५४) यं किञ्चि वित्तं इध वा हुरं वा,
सग्गेसु वा यं रतनं पणीतं ।
न नो समं अत्थि तथागतेन,
इदम्पि धम्मे रतनं पणीतं ।
एतेन सच्चेन सुवत्थि होतु ।

---

* यो गाथा रतन सुत्तमा उल्लेख भइसकेको छ ।



Downloaded from http://www.dhamma.digital

(१५५) यं किञ्चि वित्तं इध वा हुरं वा,
सग्गेसु वा यं रतनं पणीतं।
न नो समं अत्थि तथागतेन,
इदम्पि संघे रतनं पणीतं।
एतेन सच्चेन सुवत्थि होतु।

(१५६) भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता।
सब्बबुद्धानुभावेन, सदा सोत्थि भवन्तु ते।

(१५७) भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता।
सब्बधम्मानुभावेन, सदा सोत्थि भवन्तु ते।

(१५८) भवतु सब्बमङ्गलं, रक्खन्तु सब्बदेवता।
सब्बसंघानुभावेन, सदा सोत्थि भवन्तु ते।

(१५९) महाकारुणिको नाथो, हिताय सब्बपाणिनं।
पूरेत्वा पारमी सब्बा, पत्तो सम्बोधि'मुत्तमं।
एतेन सच्चवज्जेन, सोत्थि ते होतु सब्बदा।

(१६०) जयन्तो बोधिया मूले, सक्यानं नन्दिवड्ढनो।
एवमेव जयो होतु, जयस्सु जयमङ्गले।

(१६१) अपराजितपल्लङ्के, सीसे पुथुविपुक्खले।
अभिसेके सब्बबुद्धानं, अग्गप्पत्तो पमोदति।

(१६२) *सुनक्खत्तं सुमङ्गलं, सुप्पभातं सुहुट्ठितं।
सुखणो सुमुहुत्तो च, सुयिट्ठं ब्रह्मचारिसु।

(१६३) *पदक्खिणं कायकम्मं, वाचाकम्मं पदक्खिणं।
पदक्खिणं मनोकम्मं, पणीधि ते पदक्खिणे।

---

* यी गाथाहरू *अंगुत्तर पालि (प्र) पृष्ठांक* २९९ मा हेर्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

(१६४) *पदक्खिणानि कत्वान, लभन्त'त्थे पदक्खिणे ।
ते अत्थलद्धा सुखिता, विरुल्हा बुद्धसासने ।
अरोगा सुखिता होथ, सह सब्बेहि ञातिभि ।

पुब्बण्ह सुत्तं निट्ठितं

★★★

Dhamma.Digital

* यी गाथाहरू *अंगुत्तर पालि (प्र) पृष्ठांक* २९९ मा हेर्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

# नयाँ परित्राण निश्रय

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

## देव-आराधना

१) **समन्ता चक्कवालेसु; अत्रा'गच्छन्तु देवता ।**
**सद्धम्मं मुनिराजस्स; सुणन्तु सग्गमोक्खदं ।**

१) **समन्ता**=यस चक्रवालको घेरामा; **चक्कवालेसु**=दशहजार चक्रवाल समूहमा; **देवता**=देव ब्रह्माहरू; **अत्र**=परित्राण देशना भइरहेको यस ठाउँमा; **आगच्छन्तु**=उपस्थित हुनुपर्‍यो । **मुनिराजस्स**=मुनिहरूका राजा समान श्रेष्ठ तथागतको; **सग्गमोक्खदं**= स्वर्ग र मोक्ष निर्वाण फल दिनसक्ने; **सद्धम्मं**=परित्राण सद्धर्मलाई; **सुणन्तु**= सुन्न आउनुस् ।

Dhamma.Digital

### भावार्थ

यस चक्रवालको चारैतिर दश हजार चक्रवालमा बस्ने देव-ब्रह्माहरू यस परित्राण देशना भइरहेको ठाउँमा आउनुस् । तथागत सम्यक्सम्बुद्धको स्वर्ग, मोक्ष-निर्वाण फल दिने परित्राण सद्धर्म सुन्नुस् ।

### देवताहरूलाई आमन्त्रण

'**समन्ता**' आदि परित्राण पाठ गर्नुअगाडि सबभन्दा पहिले देवताहरूलाई आमन्त्रण गर्ने वाक्य हो । बुद्धकालमा जीवनमुक्त स्थिति पुग्नेहरूमध्ये मनुष्यहरू स्वल्प मात्र थिए । तर देव-ब्रह्माहरू असंख्य-अंसख्य नै थिए । मङ्गल सूत्र,



Downloaded from http://www.dhamma.digital

महासमय सूत्र आदि सूत्रहरू देशना गर्नुभएको बेलामा दशहजार चक्रवालबाट आई उपदेश सुनेर विशिष्ट-धर्म लाभ गरेका देव-ब्रह्माहरू अनगिन्ति थिए। ग्रन्थअनुसार भनेमा देवताहरू बुद्धोपदेशलाई अति गौरव राख्ने हुनाले उपदेश सुन्नलाई सधैं लालायित भइरहने कुरा बुझ्न सकिन्छ। त्यसैले देवताहरूको सहयोग, आरक्षा लाभ गर्न सकिन्छ भनेर आस्था राखी आमन्त्रण गर्ने गरिन्छ। कुनै कुनै रोग, उपद्रव, भय-अन्तरायहरू खराब देवताहरूको प्रयासबाट पनि हुनसक्ने भएकाले असल देवताहरू आए भने खराब देवताहरू डराएर हटेर जाने हुनाले केही अन्तराय निवारण हुने आदि फल सिद्ध हुनसक्छन्। यसर्थ असल देवताहरूको आगमनको इच्छा गर्नु उपयुक्त भएकोले देव-ब्रह्माहरूलाई विशेष रूपले आमन्त्रण गर्ने एउटा परम्परा रहेको छ।

**चक्कवाल** : **चक्कं विय वालते वेठयती'ति चक्कवालं। चक्कं विय**=चक्रजस्तै; **वालते वेठयति**=घेरामा घुमिरहने; **इति**=त्यसलाई/त्यसो हुनाले; **चक्कवालं**=चक्रवाल (पर्वत) भन्दछन्। लोकधातुलाई पर्खालजस्तै भई घेरिराखेको चक्रवाल पर्वत नै हो। अर्को तरिकाले, **'चक्क'** शब्द देशसमूह (क्षेत्र समूह) अर्थ भएर **चक्कं**=प्रदेश समूहलाई; **वलति, आवरणं करोति**=घेर्दछ, छोप्दछ/रोक्ने गर्दछ। **इति**=त्यसलाई/त्यसो हुनाले; **चक्कवालं**=चक्रवाल भन्दछन्। **चक्कवालमेत्थ अत्थीति चक्कवाल। एत्थ**=यस लोकधातुमा, **चक्कवालं**=चक्रवाल भन्दछन् भनी अस्सत्थि तद्धित (विग्रह) गरी लोकधातु भनिने चक्रवाललाई (स्वरूप अनुसार) लिन सकिन्छ।

पियाल...., मल्लिका...., उसीर....शब्दहरूले रुखलाई नै व्यक्त गर्दछन्। तिनका फल, फूल, हाँगा आदि व्यक्त गर्नुपर्दा 'पियालस्स फलानि=पियालानि; मल्लिकाय पुप्फानि; उसीरस्स मूलं उसीरं' (विग्रह) गरी तद्धित रूपमा *मोग्गल्लान व्याकरण* (४-६७) मा चिन्तन गरिराखिएको छ। फेरि त्यसरी तद्धित चिन्तन नगरी अभेदोपचार (=भेदभाव नगरी एकै रूपमा आरुढ गर्ने) अनुसार पियाल आदि शब्दले नै फल आदिलाई व्यक्त गर्नसक्ने भनी चिन्तन गरिराखिएको छ। यस नय-विधि अनुसार चक्रवाल पर्वत व्यक्त गर्ने **चक्कवाल**लाई, अस्सत्थि नगरिकन नै त्यसबाट नै अभेदोपचार अनुसार चक्रवाल सिंगैलाई पनि व्यक्त गर्न सकिन्छ भनी मान्न सकिन्छ। यो संस्कृत भाषाको नियम अनुसार चिन्तन गरिएको हो। फेरि **'चक्कवाट'**



Downloaded from http://www.dhamma.digital

भन्नचाहेकोले ट-ल, आ-ह्रस्व भई **'चक्कवाल'** भनियो। रथको पाङ्ग्रा जस्तै समान रूपले बाटुलो आकार भएको; इनार जस्तै गहिरो आकार संस्थान भएको हुनाले **'चक्कवाल'** नाम भएको हो। (*जिनालंकार टीका विधि।*)

चक्रवाल पर्वतले छुट्याइएका चार महाद्वीप र सुमेरु पर्वत एउटा क्षेत्रको इकाईलाई चक्रवाल भन्दछन्। त्यसैलाई लोकधातु पनि भन्दछन्। शासनिक ग्रन्थहरूको भनाई अनुसार चक्रवाल वर्तुलाकार नै हुन्छन्। यस चक्रवालको चारैतिर अटुट रूपले अवस्थित भइरहेका त्यस्ता चक्रवालहरूको अन्त नै छैन। तीनवटा थालीहरू जोड्दा बिचमा खाली ठाउँ बनेझैं चक्रवाल तीनवटा जोड्दा जहिले पनि खाली ठाउँ हुन्छन् र उक्त खाली ठाउँ लोकान्तरिक भनिने नर्कको आधार स्थल हुन्छन्।

## तीनवटा क्षेत्र

त्यसरी एकअर्कासँग अटुटरूपले जोडिएर रहेका चक्रवालहरूमध्ये यस चक्रवालको चारैतिर रहेका दशहजार चक्रवाल जाति क्षेत्र हो। बोधिसत्व प्रतिसन्धि हुने, जन्म हुने आदि अवस्थामा भूकम्प हुने, देव-ब्रह्माहरू बुद्धोपदेश सुन्नआउने जस्ता समान क्रियाभाव भएका संयुक्त लोकधातुहरू हुन्।

एकलाखकोटी चक्रवाललाई आणाक्षेत्र भन्दछन्। तथागतको परित्राण देशनाको आणा (प्रभाव) फैलिने क्षेत्र हो। त्यसबाहिर रहेका अनन्त चक्रवालहरू विषय-क्षेत्र हुन्। 'परित्राणको चक्रवाल (प्रभाव) एकलाखकोटी चक्रवालमा फैलिएको हुन्छ' भनेको एकलाखकोटी चक्रवालबाट देवताहरू उपदेश सुन्न आउने त होइन; बुद्धको ऋद्धि आनुभावले गर्दा परित्राणको आणा (प्रभाव) शक्तिको आभास मात्र पुग्ने हो। उपदेश त दशहजार चक्रवालका देव-ब्रह्माहरू मात्र सुन्न आउँछन्। महासमय सूत्र आदि र अभिधर्म देशना दिनुहुँदा दशहजार लोकधातुका देवताहरूले मात्र सुनेको भनाई त्यसमा उल्लिखित छ। त्यसैले **'समन्ता चक्कवालेसु'** मा शब्द सामान्य भए पनि यसले दशहजार चक्रवाललाई मात्र ग्रहण गरी बुझिलिनु पर्छ।



Downloaded from http://www.dhamma.digital

**सद्धम्म**

**सतं धम्मो**=सत्पुरुषहरूको धर्म; **सन्तो धम्मो**=प्रशंसनीय/असल धर्म। यस अर्थ अनुसार **सद्धम्म** भन्दछन्। उक्त सद्धम्म **परियत्ति सद्धम्म** (=त्रिपिटक), **पटिपत्ति सद्धम्म** (=मार्ग फल लाभ हुने कारणहरूको आचरणहरू); र **अधिगम सद्धम्म** (=मार्ग, फल र निर्वाण) गरी तीनवटा छन्। यी तीनवटालाई नै सद्धम्म भनिने हुनाले उक्त पालिमा **सद्धम्म** शब्दले तीनवटै, दुइटा वा एउटा मात्रलाई अथवा एउटामा पनि भिन्नभिन्न अंगका उपदेशलाई क्षेत्र अनुसार व्यक्त गरिएका देखिन्छन्। त्यसैले यहाँ पनि परियत्तिको अंग भएको परित्राण धर्मलाई व्यक्त गरिएको छ। उक्त परित्राण देशना सद्धम्मप्रति स्नेह, ममता र आकांक्षा बढाउनको लागि, विशेषता बृद्धि गर्नको लागि; **'सग्गमोक्खदं**=स्वर्ग र मोक्ष-निर्वाण फल दिने' भनेको हो। सम्पूर्ण परित्राणका कुरा छोडौं; मङ्गल सूत्रोपदेश अनुसार मात्र धारण, पालन र आचरण गरे पनि स्वर्ग र मोक्ष-निर्वाण पुग्ने अवश्यम्भावी भएको विश्वास गर्न लायक छ।

## के देवता र देवलोक (स्वर्ग) छन् ?

देवलोक, ब्रह्मलोकहरू प्रकट रूपमा रहेकाले नै उक्त देवलोक, ब्रह्मलोकहरूमा बुद्ध भगवान् स्वयं जानुभएको, ऋद्धिवान अरहन्त स्थविरहरू जानुभएको, बुद्धकालीन अवस्थामा तथागतकहाँ देव-ब्रह्माहरू कहिले एक्लै, कहिले समूहमा दर्शनार्थ र धर्म श्रवणार्थ आएको कुरा पालि तथा अर्थकथाहरूमा धेरै धेरै रहेका छन्। स्वभाव धर्महरूका विचित्रतालाई, त्यस्तै नै विचित्र वा आश्चर्यजनक अवस्थामा स्थित रहेका सजीव सत्व तथा निर्जीव वस्तुहरूको आश्चर्यजनक विचित्रतालाई र त्यसमध्ये कुनै कुनै सामान्य आँखाबाट नदेखिने विशिष्ट ज्ञानबाट मात्र देखिनेलाई आधारभूत प्रमाण नठानी आफूले नदेखेको कारणले 'छैन' भन्ने व्यक्तिहरूले देव-ब्रह्माहरू र उनीहरूको भूमि क्षेत्रहरूलाई स्वीकार गर्न चाहँदैनन्; बरु विरोध गर्न खोज्दछन्। देव-ब्रह्माहरूलाई



Downloaded from http://www.dhamma.digital

(देव-ब्रह्माहरूको अस्तित्वलाई) अस्वीकार गर्न चाहने ती व्यक्तिहरूले देव-ब्रह्माहरूलाई मात्र होइन कि अविछिन्नरूपमा उत्पन्न भइरहने संसार स्वभावलाई समेत विरोध गरी 'परलोक छैन' भनिरहेका छन् ।

## परलोक

एउटा सत्वको पूर्वजन्मको कर्म सम्बन्धी कुरालाई र उक्त कर्मले प्रतिसन्धि उत्पन्न गराउने तरिकालाई तथागत र विशिष्ट अभिज्ञा ज्ञानधारी व्यक्तिहरूले मात्र पूर्णरूपले जान्न र देख्न सक्दछन् । उक्त ज्ञान नहुनेहरूले त तथागतप्रति आस्था र विश्वास राखी बुद्धोपदेश अनुसार जान्नुपर्दछ । तर त्यसो भन्दैमा जबरजस्ति आँखा चिम्लेर विश्वास गर्ने होइन; अनुमान प्रमाण लिनलायक कारणहरू र धर्महरू अनुसार धारण गर्ने र विश्वास गर्ने गर्नुपर्दछ ।

धेरै जातक निपातमा पहिलेका जन्महरू देख्नसक्ने व्यक्तिहरू भइसकेको हुनाले (नारद जातक आदि) कोही एक जन्म देख्नसक्ने, कोही सात जन्म त कोही त्योभन्दा पनि अगाडिका जन्महरू पनि देख्नसक्नेहरू थिए । त्यस्तै अहिले पनि जातिस्मरणज्ञान हुनेहरू हुनसक्ने भएकोले उनीहरूले पहिलेका जन्मका घटनाहरूलाई बताउन सक्दछन् । त्यस जन्मका आफन्त आमा-बाबु इष्टमित्र आदि साथै चीज बस्तुहरू सबैलाई स्पष्टरुपले चिन्न जान्न सक्दछन् । कति मनुष्य जन्म भए, कति गाई, गोरु, राँगा, बाँदर आदि तिरश्चीन योनिमा उत्पन्न भए भन्ने समेत बताउन सक्दछन् । यस्ता जातिस्मरण ज्ञान (पहिलेका भव ( जन्म) लाई सम्झना गर्ने ज्ञान) भएका त्यस्ता विशेष ज्ञानलाभ भएका व्यक्तिलाई कहिले काहीं देख्दा, सुन्दा यसपछि अर्को जन्ममा परिवर्तन हुनजाने, उत्पन्न हुनुपर्ने कुरालाई विश्वास गर्नैपर्छ । यसमा यो जन्मबाट अर्को जन्ममा परिवर्तन भइ सरेर जाने नाम र रूप अथवा सत्व भन्ने केही छैन । अर्को जन्ममा अर्कै नाम-रूप र सत्व हुन जान्छ । तर त्यस व्यक्तिले गरिआएको कर्म अनुसार उत्पन्न हुनेलाई र एउटै क्रममा निरन्तर उत्पन्न भइरहेको नाम र रूप क्रमलाई कारण गरी एउटै व्यक्ति जस्तो गरी 'अर्को जन्ममा परिवर्तन भयो'



Downloaded from http://www.dhamma.digital

भनी लोक व्यवहार रहिसकेको हुनाले उक्त व्यवहार अनुसार परिवर्तन भयो भनी भनिआएको कुरामा होस राख्नयोग्य छ।

## प्रतीत्य समुत्पाद अनुसार

त्यति मात्र होइन, तथागत सम्यक्सम्बुद्धको धर्मस्वभावलाई अध्ययन गर्नु, चिन्तन मनन गर्नुद्वारा पनि विश्वास गर्न सकिन्छ। प्रतीत्य समुत्पाद अनुसार उत्पन्नहुने सबै धर्महरू बिनाकारण उत्पन्न हुँदैनन्। कारण कार्यरूपमा उत्पन्न भइरहेका धर्महरू निर्वाणलाभ नभएसम्म सम्बन्ध टुट्यो भन्ने नभई अटुटरूपमा नै उत्पत्ति-विनाश भइरहन्छन्। प्रतिसन्धि भनेको जन्मको शुरुवात विज्ञान उत्पन्न हुनुमा पहिलेका राम्रा कर्म, नराम्रा कर्म संस्कार कारण रहेछन्। अविद्याको कारणले संस्कार, संस्कारको कारणले प्रतिसन्धि विज्ञान उत्पन्न हुनपुग्छ। उक्त प्रतिसन्धि विज्ञानको कारणले रूपधर्म र नामधर्महरू उत्पन्न भई एउटा जन्म भन्ने हुनजाने बेलामा त्यो जन्ममा तृष्णा उपादानहरूबाट फेरि कर्महरू बनाउँदै जाने भएकोले त्यो कर्मले जाति भनिने नयाँ जन्मलाई फेरि उत्पन्न गरिदिन्छ। यसरी कारण कार्य सम्बन्ध राख्ने विधिअनुसार जन्मको आदि (शुरुवात) भइरहेको प्रतिसन्धिमा असल कर्म र खराब कर्मका कारणले उत्पन्न हुनुपर्दछ। ती गरिएका जति सबै असल तथा खराब कर्मधातु शक्तिको रूपमा अन्तरनिहित भइरहेको पाइनाले अविद्या, तृष्णा आदि क्लेशरहित भई नसकेको भए उक्त धातुशक्ति त्यसै हराएर नगई अवसर जुर्दा प्रतिसन्धि उत्पन्न गराउने रहेछ। यसरी एकजन्मबाट अर्को जन्मसम्म अटुटरूपमा सम्बन्ध रहिरहने किसिमले जोडिएर सृजना गरिरहने क्लेश र कर्म स्वभाव हुन् भनी जान्न सकिन्छ।

कोही पुनर्जन्म छैन भन्ने धारणा राख्नेहरूले प्रतीत्य समुत्पाद देशनालाई नै भूत-भविष्यत् छैन र वर्तमान भावलाई मात्र देखाउने स्वभाव धर्मको रूपमा ठान्दछन्। उनीहरूको बुझाई अनुसार त प्रतिलोम प्रतीत्य समुत्पाद समेत बताइरहनु पर्दैन। मरण हुनासाथ टुटेर जाने; निरन्तर केही उत्पन्न



Downloaded from http://www.dhamma.digital

नहुने भएमा अविद्या आदि निरोध र शान्त हुने कारणको आचरण पनि गर्नु परेन। निरोध र शान्त हुनु पनि आवश्यक भएन। 'अविद्या निरोध हुनाले संस्कार निरोध हुन्छ।' आदि प्रतिलोम प्रतीत्य समुत्पाद देशना गरिराख्नुभएको पाइनाले 'प्रतीत्य समुत्पाद अतीत र वर्तमान, वर्तमान र अनागत भव संसारको सम्बन्ध नछुट्ने स्वभावलाई बताउनुभएको देशना हो' भन्ने कुरा स्पष्ट छ।

कोही भव संसारबाट सम्बन्ध छुट्दैन भनेर त विश्वास गर्दछन्। तर कर्मको कारणले उत्पन्न हुनुपर्ने होइन; तृष्णा उपादानको कारणले गर्दा उत्पन्न भएको हो, पनि भन्दछन्। धर्म स्वभावहरूमा सम्बन्धित शक्तिहरू बाँकी रहेकोले प्रतिसन्धिलाई उत्पन्न गराउनसक्ने सामर्थ्य कर्ममा मात्र भएकोले तृष्णा उपादानहरू त त्यसलाई सहयोग गर्ने मात्र हुन्छन्। रुख-बिरुवा उत्पन्न गर्नमा माटो-पानी आदि कारण हुन् भने पनि ती सहयोगी कारणहरू मात्र हुन्। साँच्चै रुख-बिरुवा उत्पन्न गर्ने कारक त बिऊ भए जस्तै नै हो।

ऋतुका कारणले उत्पन्न हुने रुख-बिरुवाका फल समान नै हुन्छन्। जस्तै कि आँपको रुखमा फलेका आँप एउटासँग अर्को बास्ना र स्वादमा फरक हुँदैनन्। तर सत्वहरूमा त्यस्तो छैन। आमा-बुबाको ऋतु र रगतका कारणले उत्पन्न भएका एउटै आमाबाबुका सन्तान पनि फरक-फरक हुनसक्छन्। उनीहरूका मनोवृत्ति, स्वभाव, बुद्धिको तीक्ष्णता, रूपवर्ण, सम्पत्ति आदि फरक-फरक हुनसक्छन्। यस्तो हुनुलाई प्रमाण मानेमा यस जन्मका आमा-बुबा बाहेक पुरानो एउटा कारण पनि हुनुपर्छ। त्यो कारण भनेको आफूले पहिले गरिराखेको कर्म नै हो भन्ने धारणा कतिको सन्तोषजनक रहेको छ त ?

त्यसपछि फेरि 'मरेपछि केही हुँदैन' भन्ने धारणामा 'राम्रो कर्म पनि गर्नु पर्दैन, नराम्रो कर्मदेखी डराउनु पनि नपर्ने भएकोले यस जन्ममा एकजना असल व्यक्ति बन्न पनि गाह्रो हुन्छ। फेरि पुनर्जन्म भएमा सुगति नपुगी दुर्गति पुग्ने हुनाले अहिले र पछि दुवैतिर कतिको हानिकारक छ नि त



Downloaded from http://www.dhamma.digital

! अर्को जन्म पनि छ भनी ग्रहण गर्ने व्यक्ति पुनर्जन्म छैन नै भने पनि यस जन्ममा असल, शुद्ध, पवित्र व्यक्ति बन्नपाउने भएकोले एक तह माथि नै हुन्छ। अर्को जन्मको अस्तित्व रहेमा सुगति सुखपूर्वक बस्नपाउने निश्चित भई दुवैतिर फाइदा नै फाइदा हुन्छ।

## जन्म सम्बन्ध

भवसंसारमा अटुटरूपमा उत्पन्न भइरहनको लागि कर्मले सृजना गरिराखेको अनुसार त्यसमा पनि शक्ति सामर्थ्य सम्पन्न भइरहनुपर्दछ। विशेषतः पुनर्जन्म निर्माण गराउनमा नामधातुको शक्ति प्रधान भइरहन्छ। स्वभाव धर्मलाई अध्ययन गरिसकेका व्यक्तिले आफ्नो चित्तलाई निरीक्षण गरेमा अटुट्रुपले उत्पन्न भइरहेको हेर्न पाउँछ। निदाएको अवस्थामा पनि चित्तको सम्बन्ध टुट्दैन। तर भवांग चित्त भन्ने चित्तलाई त साधारण ज्ञानले जान्न सकिदैन। अरुअरु देख्ने चित्त, सुन्ने चित्त, विचार गर्ने चित्त आदि चित्तहरू अटुट रूपमा उत्पन्न भइरहने ढंगलाई त जान्न सजिलो छ। त्यसरी चित्तहरू अटूट रुपले उत्पन्न हुनुलाई जान्नाले पुनर्जन्मलाई प्रत्यक्ष देख्न नपाए पनि मरणासन्न अवस्थाका चित्तहरूले उपकार गरेको कारणले र कर्म चित्तको शक्ति सामर्थ्यको कारणले च्यूति पछि प्रतिसन्धि आदि चित्तहरू अटुटरूपमा निरन्तर नै उत्पन्न भइरहने ढंग बुझ्न सकिन्छ।

## आर्य भएमा मात्र

साधारण ज्ञानले हेर्दा चित्तक्रम अटुटरूपमा उत्पन्न हुने स्वभावमा कि त झुलिन्छ, कि त एउटै चित्तले देखिरहेको सुनिरहेको भन्ने आभास हुन्छ। विपश्यना ज्ञानले मात्र एकपछि अर्को उत्पति विनाश अटुटरूपमा क्रमिकरूपले भइरहेकोलाई अलग्ग अलग्ग छुट्याएर जानी बुझी लिन्छ। मार्ग पूरा भई फलमा पुग्दा त निर्वाणलाई देख्ने अवस्थामा त झन स्पष्ट हुनेछ। पहिले विपश्यनाको क्षणमा नाम र रूप अटुटरूपमा उत्पन्न भइरहेको देखिन्छ। अब



Downloaded from http://www.dhamma.digital

निर्वाणलाई देख्ने क्षणमा नाम र रूपहरू शान्त भई छुटिनगएको देख्न पाइन्छ। पछि एक न एक समयमा नाम र रूपहरूका जोड्नी बिल्कुल टुट्दै गइरहेको बुझ्न थालिन्छ। त्यसरी नाम र रूप शान्त र निरोध भई टुटेको निर्वाणधातुलाई देख्नपाउनु पछि शान्त हुनेवालालाई बुझेर यी नाम-रूपहरू पहिले कहिल्यै टुटेको भने थिएन, धेरै धेरै जन्ममा बारम्बार अटुटरूपले उत्पन्न भइसकेको छ भन्ने कुरा दृढता र दक्षता पूर्वक निर्णय गर्न सक्नेछ। त्यसैले स्रोतापन्न भयो भने संसारको पूर्वान्त, अपरान्त, पूर्वापरान्त दुई र प्रतीत्य समुत्पादमा संशय हुनु, मोहित हुनुबाट रहित भई स्पष्ट भइसकेको हुन्छ भनी आज्ञा गरिराखेका छन्। धेरै धेरै जन्मसम्म अटुटरूपमा उत्पन्न भइरहने संसारका स्वभावहरू विपश्यनाज्ञान, मार्गज्ञान र फलज्ञान लाभ हुने अवस्थामा दक्षतापूर्वक, सुदृढपूर्वक निर्णय गर्नसक्ने हुनाले उक्त ज्ञानहरू लाभ हुनेगरी उद्योग गर्नुद्वारा भव संशयलाई यसै जीवनमा हटाउन सकिने छ।

## ब्रह्मलोक

पुनर्जन्म भन्नुको दृष्टान्त मनुष्य, तिरश्चीन जन्म मात्र होइन मनुष्यहरूबाट नदेखिने अरू पनि धेरै जन्महरू छन्। तीमध्ये ब्रह्मजन्म पनि एउटा हो र ती जन्महरूलाई बुद्धादि विशिष्ट ज्ञानाधिकारीहरूप्रति विश्वास गर्ने किसिमले स्मरण गरेर स्वीकार गर्नुपर्दछ। त्यसरी स्वीकार गर्नमा अनुमान प्रमाणहरू नभएका होइनन्, छन् नै। कुशलकर्महरू काम, महर्गत, लोकुत्तर भनी रहेकोमा यथार्थ विधि सही मार्ग बुद्धोपदेश पालन गरी आचरण गर्नेहरूमा लोकुत्तर कुशलमार्ग लाभ हुँदा उक्त मार्गद्वारा निर्वाणधातु विशिष्ट पवित्र आरम्मणहरू देखिने बुझिने मार्गको परिणामफल सुख अनुभव गर्न पाइने हुनाले लोकुत्तर कुशलको सामर्थ्य आनुभाव जान्न सकिन्छ। उक्त कुशलमा भवबाट मुक्त बनाउने शक्ति सामर्थ्य रहिआएकोले कुशलमा पुऱ्याउने भावनाको सामर्थ्यलाई बुझी आश्चर्य मान्नुपर्ने हुन्छ। भवबाट मुक्त हुनुसम्म सामर्थ्य भएको भावना शक्तिलाई बुझ्नपाइए जस्तै भवमा पुऱ्याउने कुशलहरू मध्येमा भावना शक्तिद्वारा



Downloaded from http://www.dhamma.digital

प्राप्त गर्नुपर्ने कुशलहरू रहेको हुनाले उक्त कुशल महर्गत कुशल नै रहेछ । उक्त महर्गत भन्ने ध्यान चित्तहरू अति नै आनुभावयुक्त रहेछन् । नीवरणहरूलाई हटाउनसक्ने भएर पनि काम कुशलहरू भन्दा विशिष्ट किसिमको सामर्थ्ययुक्त रहेछ । विशेषरूपले निरन्तर प्रयास गर्दै लगिए भने विभिन्न दर्शन शक्ति, श्रवण शक्ति र ऋद्धि सिद्धि निर्माण गर्नसक्ने गरी आश्चर्यजनक किसिमले अनुभव गर्न पाइने, भेटाउन सकिने रहेछ ।

उक्त भावनाशक्ति प्राप्तहुने ध्यानकुशलहरू पनि नीवरणबाट रहित भएको हुनाले उक्त कुशलहरूको फल दिने क्षेत्र कामभूमि त हुनै सक्दैन; नीवरण रहित भएको एक प्रकारको भूमि, एक प्रकारका सत्व नै मात्र हुनुपर्ने निश्चित छ । उक्त भूमि त काम सुखबाट मुक्तभएको ध्यानसुखको आधारस्थल ब्रह्मभूमि नै हुन्छ । त्यसमध्ये रूप मात्र भएका ब्रह्मा (=असंज्ञासत्व), नाम मात्र भएका ब्रह्मा (=अरूप), नाम र रूप दुवै परिपूर्ण भएका ब्रह्मा (=रूप बाकी भएको) भनी विशिष्ट भावनाको सामर्थ्यअनुसार तीनथरी रहेकोले नाम ( चित्त) मात्र भएका ब्रह्मालाई चिन्न त बुद्धका सर्वज्ञताज्ञान बाहेक अरु विशिष्ट ज्ञानाधिकारीहरूको क्षेत्र होइन । यदि 'ब्रह्मा छैन' भनी भन्यो भने उक्त विशिष्ट ध्यानकुशलका फलहरू निरर्थक हुन जानेछन् । कुशलको फल निरर्थक हुन अयोग्य भएकोले उक्त कुशलको फल दिने क्षेत्र ब्रह्मत्व प्रकट रूपमा हुनैपर्छ ।

ब्रह्माहरूको रूप ऋद्धिवान देवताहरूबाट समेत देख्न नसकिने हुनसक्छन् । उनीहरूले एकथरी रूप निर्माण गरेर देखाएमा मात्र देख्न सकिने हुन्छन्, भनिएको छ । सामान्य मनुष्यहरूबाट कहाँ देखिन्छन् र ? त्यति अति शूक्ष्मरूप भएकोले नै प्रकृति (सामान्य) आँखा जस्ताद्वारा, सामान्य कर्मज ऋद्धि (कर्मबाट उत्पन्न भइरहेको प्रभाव) ज्ञान जस्ताद्वारा नदेखिने भई अभिज्ञा ज्ञान विशेषद्वारा मात्र देख्न सकिने रहेछन् । त्यसरी अभिज्ञा ज्ञानद्वारा मात्र जान्न सकिने ब्रह्मालाई आफूले नदेख्दैमा छैन भन्यो भने 'शूक्ष्मदर्शक यन्त्र (माइक्रोस्कोप) ले हेरेमा मात्र देखिने विषयलाई प्रकृति (सामान्य) आँखाले नदेखेकोले छैन भनी भन्नु जस्तै मात्र हुन्छ ।



Downloaded from http://www.dhamma.digital

## देवलोक

ब्रह्माहरूको रूपजति शूक्ष्म नभए पनि मानिसहरूको प्राकृतिक ( सामान्य )आँखाद्वारा देखिँदैन । सामान्य प्रकृतिको गतिले पुग्न सकिँदैन; ऋद्धि अभिज्ञाद्वारा मात्र देख्न सकिने, पुग्न सकिने हुन् भूमि सत्व देवलोक र देवताहरू । उक्त भूमि, ध्यान सरह प्रभाव नभएको कामकुशलको फल दिने क्षेत्र हो । पहिले पहिलेका तथागतहरू, ऋद्धिवान् अरहन्तहरू, शासनबाट बाहिरका ऋषिहरू देवलोक र ब्रह्मलोकमा आउने जाने गरेका घटनाहरू ग्रन्थहरूमा स्पष्टरूपले रहेका छन् । कसैकसैले नदेखिने भएकोले देवलोकलाई विज्ञानलोक पनि भन्दछन् । वास्तवमा विज्ञान (पुतली वा हंस) मात्र होइन । यो त नाम र रूप कलापहरूद्वारा एक ढिक्का गरिराखिएका स्कन्धहरू मात्र हुन् । शूक्ष्मरूप भएकोले मात्र नदेखिएको हो । लोकमा हावासँग हुने स्पर्श रहेको भए पनि रूप देखिँदैन । शब्द एकमाथि अर्को फैलेर आउने शब्द तरंग रूप भयो भने स्पर्श सम्म पनि स्पष्ट हुँदैन । यी रूपहरूभन्दा पनि शूक्ष्म रूप भएकोले देव-ब्रह्माहरू प्राकृतिक आँखाले देखिँदैनन् ।

आलवी नगरसँगै रहेको पिपल वृक्षमा आलवक यक्षको विमान थियो । उक्त विमानमा तथागत जानुभई आलवक नभएको बेलामा भित्र पस्नुभएर आलवककी स्त्री र परिवार देव अप्सराहरूलाई उपदेश दिनुभएको कुरा *आलवक संयुक्त अर्थकथा*मा उल्लेख छ । उक्त आलवक विमानलाई मानिसहरू देख्न सक्दैनथे । आवत-जावत गर्नेहरूलाई धक्का लाग्यो भन्ने पनि थिएन । आजकाल कुनैकुनै देववृक्ष आदिमा देवताहरू, राक्षसहरू, भूत-प्रेतहरू रहेको भएपनि देखिँदैनन्, उनीहरूका ठाउँ र परिस्कारहरू (सामानहरू) पनि देखिँदैनन्; उनीहरूले आफ्ना शरीर प्रकट गरी देखाएमा मात्र देखिन्छन् । कुनैकुनै मानिसमा देवीदेवता चढेको, ख्याक चढेको देख्न पाइन्छन् । यसरी मानिसमा चढेका देवता वा ख्याक्हरू नदेखिए पनि उनीहरूको भनाइअनुसार देवता चढेको भनी बुझ्न सकिन्छ । त्यसैले प्राकृतिक आँखाले नदेखिने गरी शूक्ष्म रूपधातु रहेकाले उनीहरूले मानिसहरूबाट देखिने गरी देखाएमा मात्र



Downloaded from http://www.dhamma.digital

देख्न सकिने कर्मजऋद्धि प्रभाव भएका सत्वजातिहरूको अस्तित्व भएको कुरा राम्ररी स्पष्ट छ। यी सत्वहरू कुनै प्रेत जात अन्तर्गतका, कुनै हीन देवताहरू नै हुनसक्छन्। त्यस्ता सत्वहरू छन् भन्ने संकेत जस्ता प्रमाणहरू देवलोक पनि छ भन्ने साधक प्रमाण नै भयो।

विज्ञानको विकास भइरहेको यस युगमा मानिसहरू विज्ञानद्वारा परीक्षण गरेर सिद्ध भएन भने स्वीकार गर्न मन पराउँदैनन्। तर विज्ञानद्वारा नभेटिने गरी शुक्ष्म, आश्चर्यजनक स्वभावहरू धेरै धेरै नै रहिरहेको बिर्सनु हुँदैन। देवलोक थाहा पाउने काम दिव्यचक्षुको मात्र विषय हो, विज्ञानको विषय त होइन। देवलोकमा पुग्नसकिने विषय ऋद्धिविध अभिज्ञाको मात्र विषय हो। भावनासामर्थ्यद्वारा प्राप्त हुन सक्ने निर्वाणलाई उक्त भावनाकार्यमा उद्योग नगरिकन नै 'निर्वाण भनेको भनाइ मात्र छ; यथार्थमा छैन' भन्यो भने त्यो उसको नै दोष हुने जस्तै भावनाको सामर्थ्यद्वारा लाभ हुनसक्ने ऋद्धि-प्रभावले मात्र देख्न सकिने, पुग्न सकिने देवलोक, ब्रह्मलोकलाई उक्त भावना कार्य नै नगरिकन त्यस्ता ऋद्धि अभाव भएकोले नदेखिएकोले छैन भनी भनेमा त्यस व्यक्तिको मात्र दोष हो। आजभोलिका युगमा विभिन्न कारणले त्यो ऋद्धि प्राप्त व्यक्ति हेर्न र देख्न नपाए पनि उक्त अभिज्ञा प्रभावहरू एक अवस्थामा धेरै विकास भइसकेको थियो, भन्नसकिन्छ। कारण यो हो कि ती ऋद्धि प्रभाव प्राप्तिका कारण रहेको भावना आचरणहरू अझै प्रकटरूपमा बाकी रहिरहेकोले नै हो भन्न सकिन्छ।

(२) धम्मस्सवनकालो अयं भद्दन्ता।

(२) **भद्दन्ता**=हे देवगणहरू; **अयं**=यो समय; **धम्मस्सवणकालो**=धर्मश्रवण गर्ने समय हो।

भावार्थ - हे देवगणहरू हो! यो धर्मश्रवण गर्ने समय हो।



Downloaded from http://www.dhamma.digital

## प्रेरणा

**'समन्ता'** आदिद्वारा देवताहरूलाई आमन्त्रण गरिसकेपछि **'धम्मस्सवनकालो'** आदिद्वारा आइनपुगेका देवताहरूलाई फेरि सुनाउन-बुझाउन र आइपुगेका देवताहरूलाई उपदेशमा होश राखेर सुन्नको लागि समय सूचित गरी प्रेरणा दिने गर्दछ ।

**भदन्त भद्दन्त**- **'भदन्ता'** भद्दन्ता भनी पालिमा दुईथरी रहेकामा कारी कारिय अनुसार दुवै पद योग्य छन् । भद्दन्त शब्दबाट भदन्त भएको हो भन्ने र भदन्त शब्दबाट भद्दन्त भएको हो भन्ने भनाई फरक रहेका छन् । **'अङ्गारिनो दानि दुमा भदन्ते ।'** (कालुदायित्थेरगाथा) मा अर्थकथाले **'भदन्ते' ति भद्दं अन्त एतस्सा ति भदन्तो ति एकस्स दकारस्स लोपं कत्वा वुच्चति** (थेर.द्व.दु. १६९) भन्ने 'द' अक्षर एउटा लोप भएर भदन्त बन्नआएको कुराद्वारा मूलपद भद्दन्त रहेको भाव व्यक्त गरिराखेको छ । **'भद्दन्तस्स वा भदन्ते गे'** सूत्रद्वारा भद्दन्तलाई भदन्ते- गर्ने *सद्दनीति* (४८७ सूत्र) को मनोभाव अनुसार पनि भद्दन्त मूल पद रहेछ । **'भदन्तस्स भद्दन्त-भन्ते'** भन्ने *रूपसिद्धि* (१११सूत्र) को मनोभाव अनुसार त भदन्त मूल पद रहेछ । *मोग्गल्लान* (२-१४६सूत्र) मा पनि भदन्त मूल पद रहेछ । भद्दन्त-द-द्वि भावद्वारा सिद्ध भएको हो भनिएको छ । संस्कृतमा त भदन्त मात्र छ । भनाई जस्तोसुकै फरक भएपनि पालिमा दुवै पद प्रयुक्त भएको देखिएकोले दुवै पद उचित हो भनी जान्नु उचित हुनेछ ।

Dhamma.Digital

## भद्दन्ता

देवता र **'भदन्तो ति गुणविसेसयुत्तो'** *थेरगाथा अर्थकथा* अनुसार गुण विशेषले युक्त व्यक्तिलाई मात्र भदन्त प्रयोग गर्नु पर्छ भनी जान्न पाइन्छ । **'भदन्ते ति गारववचनं'** अर्थकथाहरूको छन्द अनुसार पनि 'भदन्त' शब्द गौरव राख्न लायक व्यक्तिहरूको निम्ति मात्र हो भनी बुझ्न सकिन्छ । *संस्कृत अभिधान*मा भदन्तको अर्थलाई मनापनीय, पूजनीय, गौरवनीय, बुद्धग्रन्थ बताउने, देखाउने, सिकाउने र बुद्ध भनी पाँचथरी अर्थ देखिन्छन् । पालि ग्रन्थमा अल्प गुणवालाले ठूलो गुण भएकालाई मात्र भदन्त, भद्दन्त भनी प्रयोग गर्ने, व्यवहार गर्ने चलन रहिआएको छ । त्यसैले यस क्षेत्रमा धेरै मनुष्यहरूले देवताहरूलाई भद्दन्त भनी सम्बोधन गर्नुमा केही विरोध गर्ने ठाउँ नभए पनि भिक्षुहरूले देवताहरुलाई भद्दन्त भनी बोलाउन योग्य छ, वा छैन भन्ने कुरो विचारणीय छ ।



Downloaded from http://www.dhamma.digital

तर तालवण्ट, सत्त आदि कुनै कुनै शब्दहरू शब्द अनुसार अर्थ नसुहाउने अवस्थामा रुढी शब्द अनुसार बोल्न मिल्ने जस्तै यहाँ पनि रुढी अनुसार बोलिए भने बिल्कुल प्रयोग गर्नलायक छैन भन्न त मिल्दैन। त्यसैले कुनैकुनै क्षेत्रमा पूजनीय व्यक्तिलाई आयुष्मान भनी व्यवहार गर्ने चलन भएको भद्दन्तलाई यहाँ 'आयुष्मान' भनी व्यवहार नगरी 'हे देवगणहरूहो !' भनी सामान्य अर्थमा भाषान्तरण गरिराखेको हुँ।

## बुद्ध-वन्दना

(३) नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

(३) **अरहतो**=ब्रह्मा, देव मनुष्यहरूले आदर गौरव सत्कारपूर्वक दिएको, दान गरेको पूजालाई ग्रहण गर्नयोग्य हुनुभएका; **सम्मासम्बुद्धस्स**= यथार्थ रूपले गुरुबिना सम्पूर्ण धर्मलाई स्वयम् जान्नुभएका; **तस्स भगवतो**=वहाँ छवटा भाग्य गुणाधिकारी पवित्र तथागतलाई; **नमो**=आदर सम्मान पूर्वक वन्दना प्रणाम गर्ने काम; (अत्थु=होस्) ।

### भावार्थ

ब्रह्मा, देव र मनुष्यहरूका विशिष्ट पूजालाई ग्रहण गर्न योग्य भई गुरुबिना सम्पूर्ण धर्मलाई यथार्थ रूपले जान्नु भएका भाग्य छ वटाका गुणाधिकारी श्रेष्ठ तथागतलाई नमस्कार गर्दैछु ।

### प्रणाम मङ्गल

**'नमो तस्स'** आदि तथागत सम्यक्सम्बुद्धलाई वन्दना प्रणाम गर्नुद्वारा राम्रो पवित्र मङ्गल कार्य सम्पादन गर्नु हो ।

### प्रणाम प्रतिफल

उपदेश सुन्नलाई आमन्त्रण गर्ने समय सूचक प्रेरणाहरू पौराणिक आचार्यहरूबाट व्यवस्था गरिराखेको हो । त्यसपछि परित्राण पाठ गर्न अगाडि



Downloaded from http://www.dhamma.digital

(पाठ नगर्दै) प्रणाम गर्नलाई नमो तस्स-लाई दोहोरो समावेश गरेर व्यवस्था गरिराखेको छ। यो क्रम परित्राण पाठगर्ने र श्रवण गर्नेहरूलाई फल लाभ गराउनको निम्ति नै हो। परित्राण भनेको अन्तराय निवारण गर्नको निम्ति र मङ्गल गर्नको लागि पाठ गर्ने श्रवण गर्ने चलन भएकोले प्रणाम चेतनाले उक्त फल दुवैलाई सिद्ध गरिदिन्छ।

प्रणाम चेतना उत्पन्न हुने क्षेत्र अद्वितीय विशिष्ट गुणयुक्त श्रेष्ठ बुद्ध भएकोले अति विशेषतायुक्त राम्रो उत्तम क्षेत्र हो। त्यसरी विशिष्ट पवित्र तथागतहरूप्रति उत्पन्न हुने प्रणाम गर्ने व्यक्तिको प्रणाम चेतना श्रद्धा आदि आन्तरिक धातु स्वभाव पनि अति नै पवित्र भएको अध्यासय धातु हुनुपर्छ। त्यसरी क्षेत्र (प्रमाण उत्पति अवस्था) को सम्पन्नता, अध्यासय (आन्तरिक मनोवृति धातु) को सम्पन्नता दुवैका कारणले उक्त प्रणाम चेतनाले अन्तरायबाट रक्षा गर्नसक्ने, राम्रो परिणाम मङ्गल उत्पन्न गर्ने फलहरू अनुभव गर्न पाएको कुरा धेरै ग्रन्थहरूमा व्याख्या गरी बताइएका छन्।

## प्रणाम उदान

यस **'नमो तस्स'** प्रणाम वाक्य भारद्वाज ब्राह्मणकी श्रीमती धनञ्जानी नामकी स्रोतापन्ना ब्राह्मणीले आफ्नो श्रीमानलाई भोजन दिनआउँदा चिप्लेर लडेर बुद्धलाई होसपूर्वक तीनपल्टसम्म उद्घोष गरेको उदानको रूपमा *सगाथावग्ग, ब्राह्मण संयुत्त, अरहन्तवग्ग* (पृष्ठांक १६२) मा उल्लेख रहेको छ। ब्रह्मायु भन्ने ब्राह्मण प्रामोक्ष (प्राध्यापक) आचार्यले आफ्ना शिष्य उत्तर माणवकबाट तथागत बुद्धका गुण उपकार सुनेर थाहापाएपछि अति नै प्रसन्नभई तथागत बुद्ध विराजमान भएकोतिर हेरी हात बिन्ती गरी 'नमो तस्स' वाक्यद्वारा नै उदान व्यक्त गरेको कुरा *मज्झिमपण्णास ब्राह्मणवग्ग ब्रह्मायु सुत्त*मा पनि देखिन्छ।

त्यसपछि फेरि *दीघनिकाय, महावग्ग सक्कपञ्ह सुत्त*मा देवराज इन्द्रको उदानको रूपमा र *दुकङ्गुत्तर समचित्तवग्ग*मा आराम दण्ड ब्राह्मणको



Downloaded from http://www.dhamma.digital

उदानको रूपमा पनि आएको छ।

*धम्मपद*, सारिपुत्तत्थेरवत्थु 'असारे सारमतिनो' आदि गाथाको व्याख्यानमा महिन्द महाराजले आफ्ना छोराहरू फुस्स तथागत र प्रथम अग्रश्रावक, त्यस्तै पुरोहितका छोरा द्वितीय अग्रश्रावक गरी तीनजनालाई हेरी सन्तुष्ट भई हर्ष मानी **'नमो तस्स'** द्वारा नै उदान व्यक्त गरेको कुरा आज्ञा भएको छ।

इत्यादि किसिमले **उदानं उदानेसि**=उदान व्यक्त गरे भनाईसँग संयुक्त भई देखिराखेको यस **'नमो तस्स'** लाई **'पोराण पणाम उदान'**=पुरानो बुद्ध-प्रणाम उदान भन्न लायक छ। उदान भनेको प्रीतिको उद्वेगले उत्पन्न हुने भनाई नै हो। नाप्ने भाँडोमा नअटी झुस्सि भरिएर पोखिने तेल झैं र तलाउ भरिएर ओइरिने पानीको धार झैं प्रीतिको उद्वेगले उत्पन्न गर्ने भित्री मनोविचार भित्र हृदयमा नअटेर मुखद्वारबाट शब्दको रूपमा बाहिर व्यक्त हुने वचन विशेषलाई उदान भनी भन्नु पर्दछ। त्यसो हुनाले बुद्धगुणलाई प्रसन्न भएको कारणले गर्दा उत्पन्न भएको प्रीतिको उद्वेग तीव्र रूपले उत्पन्न हुने व्यक्तिहरूबाट स्वतःस्फूर्तरूपमा बोलिने यो **'नमो तस्स'** उदान नाम रहेको छ।

Dhamma.Digital

## एकथरी भनाई

सातागिरि देवताले 'नमो' असुरेन्द्र देवराजले 'तस्स' भनी चातुर्महाराजिक देवताले 'भगवतो' शक्र देवेन्द्रले 'अरहतो' अनि महाब्रह्माले 'सम्मासम्बुद्धस्स' भनी बेग्लाबेग्लै वन्दना प्रणाम गरेकोलाई एक समूह गरी **'नमो तस्स'** हुनआएको तरिकालाई *च्यान् नेत्* भन्ने एउटा सानो व्याकरण ग्रन्थमा-

**सातागिरि नामो यक्खो; तस्स च असुरिन्दको।**
**भगवतो महाराजा; सक्को अरहतो तस्स।**
**सम्मासम्बुद्धस्स ब्रह्मा; एते पञ्च नमस्सन्ति।**



Downloaded from http://www.dhamma.digital

भनी भनिएको छ। *नयाँ कच्चायनभेद टीका*मा पनि **'तथा हि सातागिरि यक्खो 'नमो नमो' ति वन्दनं करोति'** आदि भनी पाँचजना देवताहरूले वन्दना गरेको कुरा नै बताइएको छ। लेत्वेनोः रथांबाट गाइएको स्तुति गाथाको *अयोध्या विजय मोःक्वन्* (स्तुतिवाद् काव्य) मा पनि त्यस्तै एकएक पदले वन्दना गरेको कुरा बताइएको पाइन्छ।

ब्रह्मा देवहरू पाँचजनाले एकएक पदद्वारा वन्दना गरेको कुरा संगायनमा रहेको मूलग्रन्थमा उल्लेख नभएकोले त्यो पालि अर्थकथा अनुसार उदानको रूपमा एक समूह गरी उद्‌घोषित गरिआएको स्पष्ट नै रहेकोले त्यसरी देव ब्रह्मा पाँचजनाले एकएक पदद्वारा वन्दना गरेको भन्ने भनाईलाई पिटकविद्‌हरूबाट समर्थन गरिएको वा स्वीकार गरिएको छैन।

४) **ये सन्ता सन्तचित्ता, तिसरणसरणा, एत्थ लोकन्तरे वा।**
**भुम्मा भुम्मा च देवा, गुण गण गहण, ब्यावटा सब्बकालं।**
**एते आयन्तु देवा, वरकनक-मये, मेरुराजे वसन्तो।**
**सन्तो सन्तोसहेतुं, मुनिवरवचनं, सोतुमग्गं समग्गं।**

४) **एत्थ वा**=यस चक्रवालमा अथवा; **लोकन्तरे वा**=अर्को चक्रवालमा; **सन्ता**=सत्पुरुषहरू; **सन्तचित्ता**=चित्त शान्त भएकाहरू; **तिसरणसरणा**=त्रिरत्न नै मात्र शरण लिएका; **सब्बकालं**=सधैं; **गुणगण गहण ब्यावटा**=गुण समूहलाई ग्रहण गर्नमा दृढतापूर्वक प्रयास गरिरहेका; **भुम्मा**=भूमिमा उत्पन्न भएका; **ये देवा च**=जो देवताहरू; **अभुम्मा**=भूमि बाहेक (आकाश) व्यापी उत्पन्न भएका; **ये देवा च**=जो देव ब्रह्माहरू; **वर कनकमय**=पवित्र परिशुद्ध सुवर्णले भरिपूर्ण; **मेरुराजे**=सुमेरु पर्वतको टुप्पामा; **वसन्तो**=वास गरिरहेका; **सन्तो**=जो सत्पुरुष छन्; **यो देवो च**=जो शक्र देवेन्द्र पनि; (**अत्थि**=रहेका छन्।) **एते देवा**=ती देव ब्रह्माहरू; **सन्तोसहेतुं**=अति प्रसन्न प्रमुदित हुने कारण भएको; **अग्गं**=उच्च अग्र भएको; **मुनिवरवचनं**=उत्तम मुनि (भगवान्) को वचनलाई; **सोतुं**=सुन्नलाई; **समग्गं**=मिलिजुली भई; **आयन्तु**=आइपुग्नुहोस्।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

जो सत्पुरुषहरू शान्त दान्त मनोवृत्ति भएका, त्रिरत्नको शरणमा बसेका, गुण समूहलाई प्राप्त गर्न राम्ररी उद्योग गरिरहेका, यहाँ तथा अन्यत्र चक्रवालमा बस्ने भूमि तथा आकाशमा अवस्थित देव, ब्रह्माहरू र श्रेष्ठ पवित्र परिशुद्ध सुवर्णमय सुमेरु पर्वतको टुप्पामा बास गर्ने सत्पुरुष शक्र देवेन्द्र छन् प्रसन्न प्रमुदित हुने कारण रहेको अग्र श्रेष्ठ भगवान् बुद्धका उपदेश श्रवण गर्नको लागि मिलिजुली भई आइपुग्नुहोस् ।

## अर्को तरिकाद्वारा आमन्त्रण

**'ये सन्ता'** आदिद्वारा देवताहरूलाई फेरि आमन्त्रण गरिरहेको हो । अगाडि **'समन्ता'** आदि द्वारा देवताहरूलाई आमन्त्रण गरिसकेपछि **'धम्मस्सवणकालो'** द्वारा उपदेश सुन्ने समय भइसकेको कुरा सूचित गरिसकेपछि अब फेरि देवताहरूलाई आमन्त्रण गरिरहेको दोहोरिएको जस्तो भयो । लेखनको नियम अनुसार राम्रा कुराहरू समावेश हुने किसिमले बनाइएको हुनाले पढ्ने बेलामा यथायोग्य किसिमले छुटाई छुटाई पढ्नको लागि मिल्ने गरी बनाइराखेको हो भनी धारण गर्न सकिन्छ । *परित्राण टीका*मा **समन्ता** आदि गाथाको व्याख्या गरिराखेको छैन । **धम्मस्सवनकालो** देखि मात्र व्याख्या गरिराखिएको छ । त्यसो हुनाले परित्राण टीकाका आचार्यहरूको पालामा बर्मेली परित्राण पुस्तकमा **समन्ता** गाथा समावेश छैन । पछि मात्र थपिएको हो भन्न सकिन्छ ।

**'नमो तस्स'** बाहेक **'समन्ता चक्कवालेसु'** देखि **'सोतुमग्गं समग्गं'** सम्मको गाथालाई आशियङ् (आयुष्मान्) महिन्द्र स्थविर लङ्का द्वीपमा भर्खरभर्खर पुग्नुभएको बेलामा महिन्द्र पर्वतमा बसेर सुमन श्रामणेरलाई देवताहरूलाई उपदेश सुन्न आमन्त्रण गर्न लगाएका गाथाहरू भएकोले परित्राण निदानमा आएका बाकी गाथा र चुण्णियपदहरू त लङ्का द्वीपका महाविहारवासी अरहन्त स्थविरहरूले रचना गर्नुभएको पालि भएको कुरा उल्लेख गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

## व्याकरण अनुसार स्पष्टीकरण

('गुणगण गहणब्यावटा' मा गुण गण गहण ब्यावटा- गुण समूहलाई प्राप्त गर्नमा उद्योग गरि राखेका छन् भनेर, र गुण गण गहणाय ब्यावटा- गुण समूहलाई प्राप्त गर्नको निम्ति उद्योग गरिरहेका हुन्, भनी दुई तरिकाबाट उचित नै छ। गुणको स्वरूप शील, समाधि, प्रज्ञा आदि गुणलाई ग्रहण गनुपर्छ। गुणलाई आनिशंस अर्थ वाचक अनुसार चिन्तन गरी सम्पत्ति भनेको फलानिशंस गुणलाई पनि ग्रहण गर्नुपर्छ। सम्पत्ति भनिएकोमा पनि लोक सम्पत्ति अंश उनीहरूलाई प्राप्त भइसकेको हुनाले त्यस्ता सम्पत्तिलाई व्यक्त गर्न चाहेको होइन; धर्म आकांक्षी देवताहरू हुनाले धर्मको कारणले लाभ हुनुपर्ने क्रमिक मार्ग, फल, निर्वाण सम्मको लोकुत्तर जस्ता सम्पत्तिलाई मात्र व्यक्त गर्न चाहेको कुरा बुझ्नुपर्छ।

**'वरकनकमये मेरुराजे'** मा 'पूर्वमा चाँदी, दक्षिणमा नीर, पश्चिममा सिसा, उत्तरमा सुन गरी चारै दिशामा चाँदी आदि चारथरि सुमेरु का' अनुसार यो पर्वत चार दिशामा चाँदी आदिका भएको सिद्ध छ। त्यसो भए पनि **वरकनकमये** भनेको उपलक्षण मात्र हो। उपलक्षण भनेको आफ्नो अर्थलाई त्याग नगरिकन आफ्नो वरपरका अरु अतिरिक्त अर्थलाई पनि बुझाउने शब्दलाई भनिन्छ। **'काकेभि दधि रक्खीयतं-** कागबाट दही रक्षा गर' भन्दा **काक** शब्दले आफ्नो काग भन्ने अर्थलाई मात्र होइन साथसाथै अरू नजिक रहेका कुकुर आदि अर्थलाई पनि देखाइरहेको छ। यसमा **'कनकमये'** शब्दमा **कनक** ले पनि आफ्नो सुन भन्ने अर्थका अतिरिक्त चाँदी, इन्द्रनीर, सिसा भन्ने अरू अर्थलाई पनि जनाउँदछ। संस्कृत भनाइ- चालीस प्रकारका नयहरूमा त अंश अंशलाई भन्नुद्वारा समूहलाई पनि प्राप्त हुने नयलाई उपलक्षण भन्दछन्। **'काकेभि दधि रक्खीयतं'** जस्ता उदाहरणमा नजिकको बोलेर टाढाको प्राप्त हुनुलाई प्रत्यासन्न नय भन्दछन्। दुई प्रकारका नयलाई पनि **वरकनकमये** मा भन्नुपर्दछ।

**'मेरुराजे वसन्तो** मा **मेरुराजे**=... मा; **वसन्तो**=बास गरिरहेका; **सन्तो**=सत्पुरुषहरू; **ये देवा**= जो त्रयस्त्रिंशत् देवताहरू-भनी बहुवचनबाट, र **वसन्तो**=बस्नेहरू; **सन्तो**=....बसेका; **यो देवो च**=जो शक्र देवेन्द्र पनि भनी एकवचनले अर्थ दुई प्रकारले दिइएका छन्। त्रयस्त्रिंशत् देवताहरू भुम्म अनुसार देवताहरूमा समावेश भइसकेको हुनाले विशेष भन्नु पर्ने आवश्यकता छैन। शक्र देवेन्द्र शासनलाई र लोकलाई कहिलेकाहीं उपकार गर्ने, रक्षा गर्ने भनी ग्रन्थअनुसार



Downloaded from http://www.dhamma.digital

जान्न पाइने भएकोले उक्त तथ्यलाई कारण गरी शक्र देवेन्द्रलाई विशेष रूपमा उल्लेख गरी आमन्त्रण गरिएको हुनुपर्छ भन्ने धारणा गरी यहाँ शक्र देवेन्द्रलाई लक्षित गरी अर्थ दिएको हुँ ।

## सन्तोसहेतुं

**'सन्तोसहेतुं'** मा सन्तोषलाई **सन्तुट्ठि** अर्थ गरेर सन्तोष हुने कारण रहेको भन्ने अर्थ दिने चलन रहेको छ । उक्त अर्थ अनुसार भनेमा बुद्धोपदेश सुन्न पाएमा तृप्त हुन्छ, पेट भर्छ, सन्तोष हुन्छ भन्ने अभिप्राय ग्रहण गर्नुपर्नेछ । अवश्य हो कि स्वाद तुच्छ भयो, आफूलाई मन नपर्ने खाना भयो भने सन्तोष भयो, पेट भऱ्यो, तृप्त भयो, पुग्यो भन्ने हुँदैन । तर मन पर्ने खाना, राम्रो, मिठो खाना खानपायो भने तृप्त हुन्छ, पेट भर्छ, पर्याप्त मान्छ, सन्तोष हुन्छ । त्यस्तै नै शब्द रस, अर्थ रस गरी दुवै रस वा ओजा सम्पन्न भएको बुद्धोपदेश सुन्न पायो भने सन्तुष्ट हुन्न, तृप्त हुन्न भन्ने छैन; पुग्छ, पेट भर्छ, सन्तोष नै हुन्छ । त्यसैले बुद्धोपदेशलाई **सन्तोसहेतु**=तृप्त हुने, सन्तोष हुने कारण रहेको छ, भनी भन्नुपर्दछ ।

बुद्धोपदेश सुन्दा सुन्दा अघाइँदैन, सन्तोष हुँदैन, पुग्दैन भन्ने भनाइ रहेकोले यसमा तृप्त हुने, सन्तोष हुने कारण रहेको भन्ने कुरोसँग अन्तरविरोध भएन र भन्ने लाग्न सक्छ । पहिले पहिले विभिन्न आचार्यहरूका विभिन्न उपदेशको आशा अभिलाषा राखे पनि बुद्धोपदेश सुन्न पाउने अवस्थामा अरू कुनै उपदेशहरूको अभिलाषा राख्दैनन् । त्यसो हुनाले बारम्बार बुद्धोपदेश सुन्न मन परेझैं अरू उपदेशहरू सुन्न मन पर्दैन; यही उपदेश मात्र सुन्न मन लाग्ने, सन्तोष मान्ने, यही उपदेशबाट मात्र तृप्त हुने भएकोले बुद्धोपदेश सन्तोष लाग्ने र तृप्त हुने रहेछ । राम्रो, मिठो उच्चकोटीको स्वादिष्ट खानाले हृष्टपुष्ट भएका व्यक्तिलाई अरू सामान्य निकृष्ट स्वाद मन पर्दैन । त्यसबाट प्रसन्न नभएजस्तै बुद्धोपदेश सुन्नपाएका व्यक्ति अरू धेरै श्रमण-ब्राह्मणहरूको उपदेश रुचिकर लाग्दैन, प्रमुदित हुँदैन भन्ने भनाईको आधार लिनुपर्छ । (वरो



Downloaded from http://www.dhamma.digital

वरञ्ञू गाथाको व्याख्या, कारणपाली कथावस्तु हेर्नुस् ।)

कसैकसैले चार प्रत्ययमा सन्तोष हुनुलाई सन्तोषको रूपमा लिनचाहन्छन् । बुद्धोपदेशका कारणले चीज वस्तुमा सन्तोष हुनु सजिलो हुँदा रहेछन् भन्छन् । 'यो उपदेश रागबाट रहित हुनलाई हो; राग अभिवृद्धि गर्नको लागि होइन । क्लेशलाई विनाश गर्नको निम्ति मात्र हो; क्लेश अभिवृद्धि गर्नको लागि होइन । अल्पेच्छु हुनको निम्ति मात्र हो; महेच्छु हुनको लागि होइन । सन्तोष हुन सजिलो बन्नको लागि हो; असन्तोष बन्नलाई होइन ।' आदि अभिप्रायद्वारा बताउनुपर्ने देशना अनुसार भन्नुपर्दा यो अर्थ पनि उचित छैन भन्न मिल्दैन । यो सन्तोसको सन्तोष हुने अर्थ अनुसार चिन्तन गर्न मिल्ने अभिप्राय हो ।

## सन्तोषको अर्को अर्थ

**'ते भिक्खू भगवतो भासितं अभिनन्दुन्ति ।'** आदि तद्तद् देशनाको अन्त निगमन अनुसार बुद्धोपदेश सुन्नपाएका भिक्षुहरूले सन्तोषभई प्रसन्न प्रमुदित भई उपदेश स्वीकार गर्ने कुरा जान्न पाइन्छ । बुद्धोपदेश सुनेर तृप्त हुन्छन्; प्रसन्न प्रमुदित हुन्छन् । त्यसरी प्रसन्न प्रमुदित हुने कारण उत्पन्न गर्नसक्ने कारणले गर्दा उपदेशलाई प्रसन्न प्रमुदित हुने कारण **'सन्तोसहेतु'** हो भन्नुपर्छ । सन्तोसको अर्थलाई **आहिलाद**=प्रसन्न हुनु; **आनन्द**=आनन्द हुनु; **हस्स**=हर्ष हुनु; **तित्ति**= तृप्त हुनु; **परितोस**=सन्तोष हुनु भनी *पकतिबोध अभिधान*मा उल्लेख गरिएको छ । यहाँ **सं**- लाई धेरै, **तोस**- लाई प्रसन्न प्रमुदित हुने अर्थ लिएर **सन्तोसहेतुं**=धेरै प्रसन्न प्रमुदित हुनुको कारण भएको भनी अर्थ दिएको हुँ ।

## समग्गं समग्गा

**'सोतुमग्गं समग्गा'** मा **समग्गं** भन्ने र **समग्गा** भन्ने दुइथरी रहेका छन् । **समग्गं** क्रिया विशेषण हो । व कर्ता, क्रिया बहुवचनद्वारा नै भए पनि द्वितीया



Downloaded from http://www.dhamma.digital

एकवचनद्वारा मात्र रहन्छ। **समग्गा** पनि प्रथमा बहुवचनले सिद्ध भइराखेको क्रिया विशेषण नै हो। परित्राण टीकामा **समग्गं** रहेकोले **'विसमं चन्दिमसुरिय परिवत्तन्ति'** जस्तै भाव नपुंसक रहेको बताइएको छ। दुवै पद उचिन नै हुन्। तर गाथा भाणक आचार्यको विचार अनुसार **समग्गं** हुनुपर्ने देखिन्छ। **'वसन्तो सन्तो सन्तोसहेतु'** भन्ने र **'भुम्मा भुम्माच'** भनी दोहोरिएका पदहरू मन पराउने आचार्यले **समग्गं** पनि उचित अर्थ नै भएकोले **सोतुमग्गं समग्गं** भन्ने दोहोरिएको पद पनि स्वीकार्य छ' भनी चिन्तन गर्न योग्य छ।

## देवताहरूलाई प्रेरणा

५) **सब्बेसु चक्कवालेसु; यक्खा देवा च ब्रह्मनो।**
**यं अम्हेहि कतं पुञ्ञं; सब्बसम्पत्तिसाधकं।**
६) **सब्बे तं अनुमोदित्वा; समग्गा सासने रता।**
**पमाद रहिता होन्तु; आरक्खासु विसेसतो।**

५) **सब्बेसु**=सम्पूर्ण; **चक्कवालेसु**=दशहजार चक्रवालसमूहमा; **सब्बे**=सम्पूर्ण; **यक्खा च**=यक्षहरू र; **देवा च**=देवताहरू र; **ब्रह्मनो च**=ब्रह्माहरू पनि; **अम्हेहि**=हामीले; **सब्बसम्पत्तिसाधकं**=सम्पूर्ण भोग सुख सम्पत्ति सिद्ध गर्न सक्ने; **यं पुञ्ञं**=जुन पुण्यलाई; **कतं**=गरिसक्यौं।

६) **तं पुञ्ञं**=उक्त पुण्यलाई; **अनुमोदित्वा**=अनुमोदन गरी; **समग्गा**=मिलीजुली भई; **सासने**=तथागतको अववाद उपदेशमा; **रता**=खुसी भई रमाउने; **होन्तु**=हुन सकून्। **विसेसतो**=विशेष गरी; **आरक्खासु**=मनुष्यहरूलाई सुरक्षा गर्नमा; **पमादरहिता**=झुक्किनु प्रमाद हुनुले रहित भएका; **होन्तु**=हुन सकुन्।

### भावार्थ

दशहजार चक्रवालमा रहेका यक्ष, देव र ब्रह्मा सबैले हामिले गरेका पुण्यलाई अनुमोदन गरी मिलिजुली भई तथागतको अववाद उपदेश मनपराउने र त्यसमा रमाउने होस्। विशेषतः मनुष्यहरूलाई संरक्षण र सुरक्षा गर्नमा प्रमाद र बेहोस नभई बस्न सकुन्।



Downloaded from http://www.dhamma.digital

## प्रेरणा

उपरोक्त गाथाद्वारा देवताहरूलाई भेलाहुन आमन्त्रण गरिसकेपछि यस **'सब्बेसु'** आदि गाथाद्वारा देवताहरूलाई प्रसन्न प्रमुदित गर्नलाई आफ्ना कुशलपुण्य बाँडिदिई सकेपछि त्यसरी प्रसन्न र प्रमुदित गरिसकिएका देवताहरू मनुष्यहरूलाई संरक्षण र सुरक्षा गर्नमा अप्रमादी रहनको निम्ति प्रेरणा दिएको हो ।

७) **सासनस्स च लोकस्स; वुड्ढी भवतु सब्बदा ।**
**सासनम्पि च लोकञ्च; देवा रक्खन्तु सब्बदा ।**

७) **सासनस्स च**= तथागतको शासन र; **लोकस्स च**=सत्व समूहको; **सब्बदा**=सधैं; **वुड्ढी**=विकास र अभिवृद्धि हुने; **भवतु**=भइरहोस् । **सासनम्पि च**=शासनलाई र; **लोकञ्च**=सत्व समूहलाई; **देवा**=धेरै देवताहरूले; **सब्बदा**=सधैं; **रक्खन्तु**=सुरक्षा गरून् ।

## भावार्थ

तथागतको शासन र सत्व समूहको सधैं विकास र अभिवृद्धि भइरहोस् । शासन र सत्वलोकलाई देवताहरूले सधैं सुरक्षा गरून् ।

Dhamma.Digital

## आशीष

लोक र शासन अभिवृद्धि गर्नु र त्यसरी अभिवृद्धि गर्नमा देवताहरूको सहयोग सुरक्षा प्राप्त गर्ने **'सासनस्स च'** आदिद्वारा अभिलाषा राख्नुपर्दछ ।

## सम्मुति देव समेत

मार्ग फल निर्वाण पुग्ने कारण रहेको असल र पवित्र प्रतिपत्ति सिकीलिनु; आचरण गर्नु शासनलाई सुरक्षा गर्नु नै हो । शासनलाई भय, उपद्रवहरू नआउने गरी राख्नु र आए पनि शान्त हुनेगरी रक्षागर्नु, निवारण गर्नु पनि शासनलाई सुरक्षा गर्नु नै हो । यी दुवै थरीद्वारा सुरक्षा गर्नको निम्ति आशीष राखेको हो । यसमा **देवा रक्खन्तु**- मा **देवा**-को स्वरूप



Downloaded from http://www.dhamma.digital

औपपातिक देवताहरू मात्र होइन सम्मुति-देव भनिने राजाहरूलाई पनि ग्रहण गरेमा झन पूर्णता पाइनेछ।

**'राजा रक्खन्तु धम्मेन; अत्तनोव पजं पजं**=राजाले सत्वप्रजालाई आफ्ना औरस पुत्रलाई जस्तै धर्मपूर्वक रक्षा गरून्' भनी आयुष्मान बुद्धघोषाचार्यले प्रार्थना गर्नुभएको छ। आयुष्मान धर्मपाल स्थविर आदि अर्थकथाकार आचार्यहरूले पनि त्यस्तै प्रार्थना गर्नुभएको छ। राजाहरूले धर्मलाई पालन गरेन वा प्रशासन गर्नजानेनन् भने देशवासी नागरिकहरू धेरै दु:ख-कष्टमा पर्छन्। उन्नति र विकास हुन सक्दैन; राजाको सहयोग प्राप्त भयो भने शासन पनि धेरै उन्नति वृद्धि हुनसक्छ। त्यसो हुनाले यसरी मनुष्यलोकका र शासन अभिवृद्धि विषयमा राजा पनि महत्वपूर्ण भएकोले देवको स्वरूप सम्मुतिदेव भनिने राजाहरूलाई ग्रहण गर्न लायक छ।

८) **सद्धिं होन्तु सुखी सब्बे; परिवारेहि अत्तनो।**
**अनीघा सुमना होन्तु; सह सब्बेहि ञातिभि।**

८) **सब्बे**=सम्पूर्ण सत्वहरू; **अत्तनो**=आफ्ना; **परिवारेहि**=परिवारहरू सहित; **सद्धिं**=सहित; **सुखी**=सुख भएका; **होन्तु**=होउन्। **सब्बेहि**=सम्पूर्ण; **ञातिभि**=ज्ञाति बन्धुहरू सहित; **सह**=सँगै; **अनीघा**=दु:ख नभएका; **सुमना**=प्रसन्न प्रफुल्लित मानसिक सुख भएका; **होन्तु**=होउन्।

## भावार्थ

सम्पूर्ण सत्वहरू आआफ्ना परिवारहरू सहित सुखी रहुन्। सम्पूर्ण आफन्त ज्ञाति-बन्धुहरू समेत गरी दु:ख रहितभई मानसिक सुख भएका होउन्।

## मैत्री आशीष

सबैजना सुखी बनाउनको निम्ति आशीष गरेको मैत्री आशीष कार्यलाई **सद्धिं होन्तु** आदिद्वारा फेरि दोहरो गरिएको हो। **सब्बे** भनेर सामान्यरूपमा



Downloaded from http://www.dhamma.digital

भनिएको भएपनि क्षेत्रको आधारमा भन्ने हो भने देवताहरूलाई नै उद्देश्य गरिएको जस्तो देखिन्छ। तर सत्व सम्पूर्णलाई उद्देश्य राख्नाले मैत्री अझ व्यापक हुनजाने लाभ रहेकोले सत्वहरू सबैलाई नै भनी समावेश गरी अर्थ दिएको हुँ।

९) **राजतो वा चोरतो वा**
**मनुस्सतो वा अमनुस्सतो वा**
**अग्गितो वा उदकतो वा**
**पिसाचतो वा खाणुकतो वा**
**कण्टकतो वा नक्खत्ततो वा**
**जनपदरोगतो वा असद्धम्मतो वा**
**असन्दिट्ठितो वा असप्पुरिसतो वा**
**चण्ड हत्थि अस्स मिग गोण कुक्कुर अहि विच्छिक**
**मणिसप्प दीपि**
**अच्छ तरच्छ सूकर महिंस यक्ख रक्खसादीहि**
**नाना भयतो वा नाना रोगतो वा**
**नाना उपद्दवतो वा आरक्खं गण्हन्तु।**

९) **राजतो वा**=दुष्ट राजाहरूबाट वा; **चोरतो वा**= चोरहरूबाट वा; **मनुस्सतो वा**=दुष्ट मानिसहरूबाट वा; **अमनुस्सतो वा**=यक्ष, दुष्ट देवताहरूबाट वा; **अग्गितो वा**=विनाशकारक आगोबाट वा; **उदकतो वा**=विनाशकारक पानीबाट वा; **पिसाचतो वा**=भूत पिशाचहरूबाट वा; **खाणुकतो वा**= रुख बिरुवाका ठुटाहरुबाट वा; **कण्टकतो वा**=काँढाहरूबाट वा; **नक्खत्ततो वा**=नराम्रा नक्षत्रहरूबाट वा; **जनपदरोगतो वा**=जनपदमा उत्पन्न हुने सरुवा रोगहरूबाट वा; **असद्धम्मतो वा**=असत्पुरुषहरूको आचरण धर्मबाट वा; **असन्दिट्ठितो वा**= गलत मिथ्या धारणबाट वा; **असप्पुरिसतो वा**=असत्पुरुषहरूबाट वा; **चण्ड हत्थि अस्स मिग गोण कुक्कुर अहि विच्छिक मणिसप्प दीपि अच्छ तरच्छ सूकर महिंस यक्ख**



Downloaded from http://www.dhamma.digital

**रक्खसादीहि**=रौद्र हात्ती, घोडा, हिंस्रक जन्तु, गोरु, कुकुर, सर्प, बिच्छी, हरियो सर्प, चितुवा, भालु, गैंडा, सुंगुर, रांगा, यक्ष, राक्षस आदिहरूबाट वा; **नाना भयतो वा**=विभिन्न भयबाट वा; **नाना रोगतो वा**=विभिन्न रोगबाट वा; **नाना उपद्दवतो वा**=विभिन्न उपद्रव अन्तरायबाट; **आरक्खं**=आरक्षा; **गण्हन्तु**=ग्रहण गर्नुहोस् ।

(**भावार्थ** सजिलै छ ।)

## व्याकरणको दृष्टिबाट स्पष्टिकरण

(असल, शुद्ध राजाहरूबाट भय उत्पन्न हुँदैनन् । दुष्ट र रौद्र राजाहरूबाट मात्र भय उत्पन्न हुनसक्ने हुनाले **आरक्खं गण्हन्तु** राजाबाट आरक्षा र संरक्षण होस्, भनेको दुष्ट र रौद्र राजाबाट आरक्षा र संरक्षण गर्नुपर्ने भाव प्रकट हुने गरी स्पष्ट भएको हुनाले सामान्य **राज** शब्दलाई विशेष रूपबाट दुष्ट राजा भनेर अर्थ लगाउनु पर्छ । **मनुस्स** आदि पनि त्यस्तै भनी जान्नुपर्दछ ।

दुष्ट राजाबाट आरक्षा होस् भन्दा राजाबाट भय नआउनेगरी आरक्षा गर्नुपर्ने भाव स्पष्ट भइसकेको हुनाले भय भनी अर्थ नभए पनि सिद्ध हुन्छ । तर अझ स्पष्ट पार्नलाई राजभयबाट भनेर अर्थ दिनु पनि उचित नै छ । 'तो' प्रत्यय एकवचन र बहुवचन दुवैसँग सम्बधित भएकोले दुष्ट राजाबाट भनेर एक वचनले पनि अर्थ दिन सकिन्छ । यहाँ धेरै धेरै भयलाई उद्देश्य गरेर बहुवचनको रूपमा अर्थ दिएको हुँ ।

**उपद्दव**-लाई उपद्रव भनी अर्थ दिने चलन छ । **'उपद्दवो ति अन्तरायो'** भनी *तिकंगुत्तर टीका* (७५) अनुसार अन्तराय भनेर पनि अर्थ दिएको छु । भय, उपद्रव, अन्तराय शब्द फरक भए पनि स्वभाव फरक छैन । हाम्रो भाषामा पनि भय, उपद्रव, अन्तराय भनी जोडेर नै बोल्ने चलन छ ।

## हीन धर्म र मिथ्यादृष्टि

दुष्ट राजा आदिहरूबाट देवताहरूले रक्षा गर्नको निम्ति प्रेरित गरेपनि, **असद्धम्म**=असत्पुरुषहरूको धर्म, **असन्दिट्ठि**=मिथ्यादृष्टिहरूलाई आफैले विरमण (रोकतोक) गरेमा मात्र त्यसबाट रक्षा हुने भएकोले देवताहरूले



Downloaded from http://www.dhamma.digital

कसरी आरक्षा गर्न सक्ला र ? भनेर प्रश्न गर्न सकिन्छ। काश्यप तथागत परिनिर्वाण हुनुभएपछि भिक्षु-श्रमण-गृहस्थीहरू धर्म विनाश गरी बस्दा शक्र देवेन्द्रले व्याधाको भेष लिई मातली देवपुत्रलाई कालो कुकुरको रूप धारण गराई मनुष्यलोक वाराणसीमा आएर धेरै मानिसहरूलाई तर्साइ भयभीत पारी उपदेश दिएकोले गृहस्थ श्रमण भिक्षुहरू राम्रो आचरण गर्ने बन्नगएका थिए भनी *द्वादसक निपात महाकण्ह जातक*मा उल्लेख छ। यस्ता देवताहरूले आरक्षा गरेका पुराना परम्परालाई उद्देश्य गरी 'असत्पुरुषहरूको आचरण र धर्म भयबाट आरक्षा गर्नुपर्‍यो भनेर प्रेरणा दिइरहेको हो।

नारद जातकमा अंगति राजाहरूको मिथ्याधारणालाई नारद ब्रह्मा आई उपदेश दिई हटाइ दिएका थिए। श्रावस्ती देशका आयुष्मान् ब्रह्मदेवकी आमा ब्राह्मणी आयुष्मान् ब्रह्मदेव घरमा भिक्षाटन आउँदा उहाँलाई वास्ता नगरी चलन अनुसार ब्रह्मालाई पूजा गरीबस्दा सहम्पति ब्रह्मा आई 'यस्ता खानपीन ब्रह्माको होइन, ब्रह्माले यस्ता खानापिना खाँदैनन्। तिमी त ब्रह्मा हुने कारण धर्म नजानिकन नै मनपरी कराई बस्छौ' भनी दोषारोपण गरी आयुष्मान् ब्रह्मदेवका गुणहरू उल्लेख गरी उहाँलाई मात्र पूजा गर्न प्रेरणा दिएर ब्राह्मणीको मिथ्या उपादान हटाइदिए। (*सगाथावग्ग, ब्रह्मसंयुत्त, ब्रह्मदेव सुत्तं १४२*)

बाहिय दारुचीरियले धेरै मनिसहरूबाट ठूला भन्ने मान्न पाउनको लागि अद्भूतभाव धारण गरी अरहन्त भनी आफूले आफैलाई सम्झिरहेको बेलामा काश्यप तथागतका पालामा सँगै ध्यान भावना गर्दाका साथी भिक्षु जो महाब्रह्मा भएकाले आएर होश दिई भयभीत पारी बुद्धकहाँ जानको निम्ति निर्देशन दिए। (*उदान-बाहिय सुत्त ८४*) आदि तथ्यहरूलाई उद्देश्य गरेर मिथ्यादृष्टिबाट आरक्षा गर्नुहोस् भनी भनिएको हो।

★★★



Downloaded from http://www.dhamma.digital

# मङ्गल सुत्त नयाँ निश्रय

१०) **यं मङ्गलं द्वादसहि; चिन्तयिंसु सदेवका ।**
**सोत्थानं नाधिगच्छन्ति; अट्ठतिंसञ्च मङ्गलं ।**

११) **देसितं देवदेवेन; सब्बपापविनासनं ।**
**सब्बलोकहितत्थाय; मङ्गलं तं भणाम हे ।**

(१०-११) **हे**=...सत्पुरुषहरूहो; **सदेवका**=देवताहरू सहित मनुष्यहरूले; **यं मङ्गलं**= जुन मङ्गललाई; **द्वादसहि**=बाह्रवर्षसम्म; **चिन्तयिंसु**=चिन्तन गरिसके । **सोत्थानं**=सुख हुने कारण भएका श्रेष्ठ पवित्र; तं मङ्गलं=ती मङ्गलहरूलाई; **नाधिगच्छन्ति**=जान्न सकेनन् । **देवदेवेन**=देवताहरूभन्दा पनि देवता हुनुभएका श्रेष्ठोत्तम तथागत (भगवान्) बाट; **सब्बपापविनासनं**=सम्पूर्ण पापलाई विनाश गर्ने; **अट्ठत्तिंसञ्च**=अड्तिसवटा संख्या भएको; **यं मङ्गलं**=जुन मङ्गल देशनालाई; **सब्बलोकहितत्थाय**=सम्पूर्ण सत्वसमूहको हित र अर्थको निम्ति; **देसितं**=देशना गर्नभयो; **तं मङ्गलं**=उक्त अड्तिसवटा मङ्गल देशनालाई; **मयं**=मैले (हामीले); **भणाम**=पाठ गरौं ।

## भावार्थ

हे... सत्पुरुषहरू हो; देवमनुष्यहरूले जुन मंगललाई बाह्रवर्षसम्म चिन्तन मनन गरिसके, तर सुखका कारण र श्रेष्ठ पवित्र रहेको उक्त मंगललाई जान्न सकेनन् । देवातिदेव तथागतले सम्पूर्ण खराब जति सबैलाई विनाश गर्नसक्ने अड्तिसवटा मंगल विवरण सम्पूर्ण लोकको हित र अर्थको लागि देशना गर्नुभयो । ती अड्तिसवटा मंगल देशनालाई हामीले पनि पाठ गरौं; पढौं ।



Downloaded from http://www.dhamma.digital

## स्तुति

कुनै एउटा विषय लेख्दा वा पढ्दा सर्वप्रथम शुरु गरिने प्राक्कथनलाई प्रारम्भ स्तुति (मंगलाचरण) भनिन्छ। यो **'यं मङ्गलं'** आदि पनि मङ्गल सूत्र पाठ गर्न अगावै मङ्गल सूत्र उत्पत्तिको ढंग र मङ्गल सूत्रको फलानिशंसलाई प्रशंसा गरिएको प्रारम्भिक स्तुति नै हो। परित्राण उत्पत्ति कारण र अर्थोत्पत्ति विषय वस्तुलाई रमाइलो तरिकाले लयबद्ध गरी पाठ गर्नुपर्ने परित्राण निदानलाई परित्राणलाई स्तुति गर्ने कारण भएकोले पहिले स्तुति भनेर पनि व्यवहार गरिआएको छ। **यं मङ्गलं** आदि पनि मङ्गल सूत्रलाई प्रशंसा गर्ने कारण भएकोले स्तुति नै भन्नुपर्छ। यो बुद्ध भाषित त होइन। यो त पाठकहरूमा मङ्गल सूत्रलाई जान्न, पढ्न र सुन्न अभिरुचि जगाई आकर्षित गर्नको लागि विषयको रूपमा पहिलेका आचार्यहरूले रचना गरिराखेको परित्राण प्रारम्भिक स्तुति मङ्गलाचरण नै हो।

## व्याकरण दृष्टिबाट स्पष्टीकरण

(**द्वादसहि**-लाई बाऱ्हवर्षसम्म भनी अच्चन्तसंयोग-अर्थ दिने गर्दछन्। गाथाभाणक आचार्यको विचार अनुसार अपादानलाई मन पराएको भाव पाइन्छ। त्यसैले समयलाई सीमित र विभाजन गरिने अवधि-मा अपादान भनी ग्रहण गरी बाऱ्हवर्षसम्म भनी अर्थ दिएको हूँ।

**सोत्थानं - कथंकरो सोत्थानेन गुत्तो** (दसमहामङ्गल जातक पालि) मा अर्थकथा मा **'सोत्थानेना' ति सोत्थिभावावहेन मङ्गलेन'** भनी व्याख्या गरिराखेकोले मङ्गलवाची रहेछ। **'सोत्थि**-पद **वहती**- अर्थमा आन प्रत्यय चिन्तन गरी **'सोत्थिं वहती'ति सोत्थानं'** गरेको हो। **-सोत्थिं**=सुख हुनेलाई; **वहति**=धारण गर्दछ। सुखलाई धारण गरी बस्ने स्वभाव धर्म सुख हुने कारण नै भएकोले; **'सोत्थानं**=सुखको कारण श्रेष्ठ पवित्र भएको भनी अर्थ दिएको हुँ। अर्को तरिकाबाट **'सुठान'** चिन्तन गरी **'सुखं ठाति अनेता'ति सोत्थानं'** भनी अर्थ्याए पनि हुन्छ। **-अनेन**=यस धर्मद्वारा; **सुखं**=सुखपूर्वक; **ठाति**=स्थिरभई बस्न सक्छ; **इति**=त्यसैले गर्दा; **सोत्थानं**= **सोत्थान** भन्दछन्। सुखपूर्वक स्थिरभई बस्नसक्ने कारण असल धर्म भन्ने अर्थ भएकोले उक्त धर्म मङ्गल नै हो। **हे**- भनेको आलपन (सम्बोधन) लाई गाथाको



Downloaded from http://www.dhamma.digital

अन्तमा रहेको हुनाले अन्तमा मात्र अर्थ दिने चलन रहेको छ। यस **यं मङ्गलं** आदि शब्द **हे**- को स्वरूप व्यक्तिहरूलाई संकेत गरिरहेका शब्दहरू हुनु कारण एउटा, पालिमा आलपन पद शुरुका एउटा दुइटा पदहरूमा प्रायः पछाडि नै रहने भए पनि हाम्रो भाषामा एउटा वाक्य बोल्दा अगाडि मात्र राखेर बोल्ने चलन भएको एउटा कारण, यी कारणहरूले गर्दा गाथाको शुरुमा नै अर्थ दिएको हुँ। **हे**- लाई पहिलेदेखिको चलनचल्ति अनुसार सत्पुरुषहरू भनेर यहाँ दिइराखेको भए पनि विषय अनुसार '**हे**...आयुष्मानहरू; **हे**... मित्रहरू आदि भनेर पनि अर्थ्याउन सकिन्छ।

लोकमा आधार भरोसा भनी सहयोग लिन र टेक्न मिल्ने व्यक्तिहरूलाई **देव**=देवता भनी भन्नु पर्दछ। त्यसैले औपपातिक देवता भनिने देव ब्रह्माहरू मात्र नभई मनुष्यहरूका आधार-भरोसा रहेका राजा, अरहन्तहरूलाई नै सम्मुतिदेव, विशुद्धिदेव भनेर व्यवहार गर्नुपर्दछ। तथागत पनि सत्वहरूको शरणका रूपमा आधार भरोसा लिन लायक भएकोले देव नै हुन्। तर साधारण देव मात्र होइन कि सम्मुति, विशुद्धि र औपपातिक देवहरू सबैका आधार-भरोसा भएका हुनाले 'सम्पूर्ण देवताहरूका पनि देवता, देवताहरू भन्दा पनि देवता 'देवाधिदेव' भनी भन्नुपर्दछ। **(देवानं देवो=देवदेवो ।-देवानं**=देवताहरूका; **वा**= (देवताहरू) भन्दा उच्च; **देवो**=देवता हुन् ।)। **देवदेवो**=देवताहरूका; **वा**= देवताहरू भन्दा उच्च देवता (हुन् ।)

दृष्ट मङ्गल आदि मंगलहरूमा सार छैन; आशक्ति उपादानयुक्त दृष्टिकोण मात्र हो। यी मङ्गल धर्महरू त शुद्ध असल कामकुरा र पवित्र विचार मात्र भएकोले कुशलकर्महरू नै भए। यी राम्रा कुशलहरूका प्रतिपक्षी रहेका खराब वा अकुशलहरूलाई विनाश गर्ने स्वभाव रहेकोले मङ्गल धर्मलाई **सब्बपापविनासनं**=अकुशल सबैलाई विनाश गर्ने' भनी वर्णन गरिएको हो। अकुशल सबैलाई विनाश गर्ने कारण धर्म पनि भन्न सकिन्छ। (यसमा कर्तृ साधन, करणसाधन दुवै समावेश छन् ।)

अकुशल समूह खराब कर्महरू दुःखका कारण, परिहानीय कारण मात्र भएकोले असल कर्महरू उन्नति वृद्धिको कारण, सुखको कारण हुन्। मङ्गल धर्म अनुसार आचरण गर्ने व्यक्ति साँच्चै सुखी उन्नति हुन सक्नाले मङ्गल धर्मदेशना गर्नुभएका तथागत बुद्धका उक्त बहुजनको उन्नति वृद्धि र सुख समृद्धि कामना गर्ने महाकरुणा मैत्रीलाई **सब्बलोकहितत्थाय** द्वारा व्यक्त गर्नुभएको हो।



Downloaded from http://www.dhamma.digital

## मङ्गलसूत्र अर्थोत्पत्ति

'मङ्गल धर्मलाई धेरै देव-मनुष्यहरूले बाह्र वर्षसम्म बिताएर चिन्तन-मनन गरिआएको भए तापनि जान्न नसकेकोले भगवान् बुद्धले देशना गर्नुपर्‍यो' भन्ने कुरा अर्थोत्पत्ति स्वरूप नै भयो। उक्त अर्थोत्पत्ति यस्तो छ- तथागत बुद्धले मङ्गल धर्म देशना गर्नुभन्दा पहिले नै लोकमा मङ्गल-प्रश्न उत्पति भइसकेको थियो। लोकमा प्रिय, असल, सुन्दर भनी समर्थन गरिराखिएका आरम्मणहरू (विचारका विषयहरू) अनेक भएकाले कोही आँखाबाट देखिने रमाइलो वर्ण आरम्मणलाई मङ्गल भन्न थाले। कोही कानबाट सुनिने प्रिय ध्वनीहरूका आरम्मणलाई मंगल भन्ने भए। कोही नाक, जिब्रो, शरीरबाट अनुभव गरिने प्रिय गन्ध, रस, स्पर्शहरूलाई मङ्गल भन्न थाले। एकले अर्काको धारणालाई स्वीकार गरेनन्। एकले अर्कालाई चित्त बुझ्नेगरी बताउन नसकेर वादविवाद शान्त नभएर समस्या समाधान हुन सकिरहेको थिएन। उक्त मङ्गल-प्रश्न मनुष्यहरूमा मात्र होइन, देव-ब्रह्माहरूमा समेत हलचल भई मङ्गल-विचार गर्दागर्दै देवब्रह्माहरूका बीचमा पनि तीनवटा भेद बन्नपुगे। उक्त प्रश्न बाह्रवर्ष बितिसक्दा पनि समाधान नभई समस्याकै रूपमा रहिरहेको थियो।

बाह्रवर्ष बितिसक्दा मात्र त्रयस्त्रिंश देवताहरूले शक्र देवेन्द्रकहाँ उक्त समस्या व्यक्त गरी त्यसको उत्तर दिन प्रार्थना गरे। शक्र देवेन्द्रले पनि तथागतसँग निवेदन गर्न एकजना देवतालाई अभिभार दिएर आफूसँग धेरै देवताहरू साथमा लिई मंगल देशना सुन्नको निम्ति तथागतकहाँ आइपुगे। अभिभार दिइएका देवताको निवेदन अनुसार तथागतले मङ्गल देशना बताउनुभएको थियो।

**सूचना**- यसपछि संक्षिप्त पार्नको लागि अर्थकथामा भनी सामान्यरूपले बताइएको अवस्थामा *सुत्तनिपात अर्थकथा* र *खुद्दकपाठ अर्थकथा* भनी बुझ्नुपर्‍यो।



Downloaded from http://www.dhamma.digital

१२) **एवं मे सुतं-**
**एकं समयं भगवा सावत्थियं विहरति**
**जेतवने अनाथपिण्डिकस्स आरामे ।**
**अथ खो अञ्ञतरा देवता**
**अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा**
**केवलकप्पं जेतवनं ओभासेत्वा**
**येन भगवा तेनुपसङ्कमि; उपसङ्कमित्वा**
**भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि ।**
**एकमन्तं ठिता खो सा देवता**
**भगवन्तं गाथाय अज्झभासि ।**

१२) **भन्ते कस्सप**=आयुष्मान महाकाश्यप; **मे**=मैले; **एवं**=यस्तो; **सुतं**=सुनेर सम्झिराखेको छु । **एकं**=एक; **समयं**=समयमा; **भगवा**=भगवान् बुद्ध; **सावत्थियं**= श्रावस्ती राजधानीमा; **अनाथपिण्डिकस्स**=अनाथपिण्डिक महाजनको; **जेतवने**=जेतवन नाम भएको; **आरामे**=आराममा; **विहरति**= विराजमान भइरहनुभयो । **अथ खो**=त्यसरी विराजमान भइरहेको बेलामा; **अञ्ञतरा**=गोत्र नाम प्रकट नभएका; **देवता**= देवपुत्र; **अभिक्कन्ताय**=पहिलो याम बितेपछि; **रत्तिया**=मध्य रातमा; **अभिक्कन्तवण्णा**=अति राम्रो वर्ण भएका भई; **केवलकप्पं**=चारैतिर सबैतिर; **जेतवनं**=जेतवन आरामलाई; **ओभासेत्वा**=शरीरको प्रकाशले जाज्वल्यमान पारी; **येन**= जुन ठाउँमा; **भगवा**=भगवान् बुद्ध; **अत्थि**=बस्नु भएको छ; **तेन**=त्यहाँ भगवान् बुद्ध विराजमान हुनुभएको ठाउँमा; **उपसङ्कमि**=नजिक गए । **उपसङ्कमित्वा**=नजिक गएर; **भगवन्तं**=भगवान् बुद्धलाई; **अभिवादेत्वा**=अतीव गौरवपूर्वक अभिवादन गरिसकेपछि; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **अट्ठासि**=उभिइरहे; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **ठिता खो**=उभिएका; **सा देवता**=सो देवपुत्रले; **भगवन्तं**=भगवान् बुद्धलाई; **गाथाय**=गाथाद्वारा; **अज्झभासि**=निवेदन गरे ।



Downloaded from http://www.dhamma.digital

## भावार्थ

आयुष्मान् महाकाश्यप ! यस्तो मैले सुनेको छु- एक समय भगवान् बुद्ध श्रावस्ती राजधानीमा अनाथपिण्डिक महाजनको जेतवन आराममा विहार गरिबस्नुभएको थियो । त्यसबेला गोत्र र नाम प्रकट नभएका एउटा देवपुत्र प्रथमयाम बितिसकेपछि मध्यरातमा अति सुन्दर वर्ण बनाएर जेतवन आरामलाई चारैतिर जाज्वल्यमान पारी भगवान् बुद्ध बस्नुभएको ठाउँको नजिक गई अभिवादन गरिसकेपछि अनुकूल ठाउँमा उभिएर बसे । अनुकूल ठाउँमा उभिएका सो देवपुत्रले भगवान् बुद्धलाई गाथाद्वारा यस्तो निवेदन गरे-

## निदान

तथागतले बताउनुभएको मङ्गलसूत्र बताउनुभन्दा पहिले त्यो सूत्र उत्पन्न हुन गएको कारण निदान देखाउन चाहेकोले **'एवं मे सुतं'** आदि आज्ञा गर्नुपरेको हो ।

## निदान उत्पत्ति तरिका

तथागत परिनिर्वाण भइसकेपछि तीनमहिनाभन्दा लामो अवधिपछि बुद्धोपदेशहरू हराएर नाश नहुने गरी स्थीर बनाइ राख्नको लागि तथा अधर्मवादहरू उठेभने निर्णय गरी त्यसलाई निवारण गर्नलाई आधार बनाइराख्नको निम्ति पाँचसय अरहन्तहरू भेला भई स्वाध्याय गरी वा वाचन गरी बुद्धवचन संगायना आरुढ गर्नुभएको थियो । त्यसबेला यथार्थरूपमा बुद्धभाषित रहेको कुरा पहिचान गरी जानी-बुझी विश्वसनीय बनाउनको लागि तथागत कुन नगरमा, कुन गाउँमा, कुन समयमा, कसलाई, कस्तो कारणले उपदेश दिनुभएको थियो भन्ने तथ्यहरूलाई आयुष्मान् महाकाश्यप स्थविरले परीक्षण र निरीक्षण गर्नुभएकोमा विनयको निम्ति आयुष्मान् उपालिले तथा सूत्रका निम्ति आयुष्मान् आनन्दले उत्तर निवेदन गर्नुभएको थियो । मङ्गलसूत्र संगायना आरुढ गर्नलागेको समयमा आयुष्मान् महाकाश्यपको



Downloaded from http://www.dhamma.digital

प्रश्नअनुसार आयुष्मान् आनन्दले उत्तर दिने क्रममा निवेदन गरेकोलाई **'एवं मे सुतं'** आदि द्वारा लेखबद्ध गरिराखिएको हो । त्यसैले **'एवं मे सुतं'** आदि भाग बुद्ध भाषित होइन । आयुष्मान् आनन्द स्थविरको उत्तर निवेदन मात्र हो । यो निवेदन मङ्गल सुत्त उत्पन्न हुनपुगेको कारण भएकोले **'निदान'** भनी भन्दछन् ।

## आयुष्मान् महाकाश्यप

आयुष्मान् सिग्गव स्थविरले भावी आयुष्मान् मोग्गलिपुत्ततिस्स स्थविर आफ्ना शिष्य श्रामणेरलाई आयुष्मान चण्डवज्जी स्थविरकहाँ पिटक अध्ययन गर्न पठाउनुहुँदा 'मेरो नाम के हो नि ? भनी चण्डवज्जी स्थविरले आफ्नो नाम सोधेको खण्डमा 'हजुरको नाम मेरा उपाध्यायलाई थाहा छ' भनी निवेदन गर्नू' भनी अगावै सिकाई अववाद दिई पठाउनुभयो । आदर गौरव राख्न लायक गुरुजनको नाम काढ्न नहुने चलनको कारणले त्यस्तो भन्नुभएको हो । त्यो तथ्यलाई साधक प्रमाण गरी **'भन्ते कस्सप'** भनी सम्बोधन गर्न आयुष्मान् आनन्दले अप्ठ्यारो मान्ने भावलाई विचार गरी यहाँ **'भन्ते'** मात्र भनेर सामान्य व्यवहार गर्न मनपराएको हो । **'पिप्पलि'** भन्ने स्थविरको बच्चा बेलाको मात्र नाम लिन पनि गाऱ्हो मानेको ढंग रहेको भए पनि **'कस्सप'** भन्ने नाम गोत्र अनुसार बताइएको नाम भएकोले उक्त नाम काढेर बोल्न त गाहारो मानेको छैन । गौतम बुद्ध भनेर नै तथागतलाई गोत्र अनुसार बोल्ने चलन गरिआएको छ । *विनय महावग्ग* (१२९) मा आयुष्मान् महाकाश्यप स्थविरले आफ्ना उपसम्पदापेक्षीलाई कर्मवाचा विधिवाक्य वाचन गरिदिन आयुष्मान् आनन्दकहाँ दूत पठाउँदा आयुष्मान् आनन्दले पनि आयुष्मान् महाकाश्यप स्थविर आफूले गौरव राख्नुपर्ने गुरू भएकोले वहाँको नाम वाचन गर्न अप्ठ्यारो मानिरहेकोले तथागतले **'अनुजानामि भिक्खवे गोत्तेन पि अनुस्सावेतुं ।'** भनी गोत्रद्वारा वाचन गर्ने अनुमति दिनुपरेको थियो । यसरी गोत्रको नाम काढ्न उचित भएकोले **'अपि मे भन्ते कस्सप सिरस्मिं पलितानि जातानि; अथ च पन मयं अज्जापि आयस्मतो महाकस्सपस्स कुमारकवादा**



Downloaded from http://www.dhamma.digital

**न मुच्चाम'** भनी **'भन्ते कस्सप'** भनी आयुष्मान् आनन्दले बोल्नुभएको प्रमाण छ। *निदानवग्ग कस्सप संयुत्त* (सं १-४१८)

## सावत्थि

सवत्थ ऋषिको स्थान भएकोले सावत्थि भनिएको हो। बस्ने ठाउँ भने पनि बस्ने मात्र त होइन; यो त सो ऋषिबाट शुरुदेखि नै स्थापना गरिएको शहर थियो। ककन्द ऋषि, मकन्द ऋषिहरूबाट स्थापना गरिएका शहरलाई काकन्दी, माकन्दी भनी स्त्रीलिङ्गी नाम रहे जस्तै सवत्थ ऋषिबाट स्थापना गरिएको शहर भएकोले सावत्थि भन्ने नाम रहेको थियो। यो व्याकरणाचार्यहरूको विचार (छन्द) हो। **(सवत्थेन निब्बत्ता सावत्थी)**। **-सवत्थेन**=सवत्थ ऋषिद्वारा, **निब्बत्ता**=उत्पन्न गरिएको, (स्थापना गरिएको) शहर; **सावत्थी**=सावत्थी भन्दछन्।

अर्थकथाचार्यहरूको विचार अनुसार मनुष्य जीवनमा उपभोग-परिभोग गरिने कुनै चीजबीजको कमी वा अभाव छ' भन्न नपर्ने गरी सबै भरिपूर्ण भएकोले **सब्बं अत्थि**=सबै थोक छन्, भन्ने अर्थमा सावत्थि नाम रहेको हो। व्यापारीहरू भेला भई 'त्यहाँ के के सामानहरू छन् नि त ?' भनी सोध्ने अवस्थामा **'सब्बं अत्थि**= सबै थोक छन्।' भन्ने कुरालाई आधार मानी सावत्थि नाम रहेको हो' भन्दछन्। यस मत (छन्द) अनुसार **सब्ब**- पद **साव** भएको निरुक्तिनय हो।

**'सावत्थियं**- भने पनि जेतवन आराम श्रावस्ती शहरभित्र होइन; शहरको आसपासमा टाढा पनि नभएको र नजिक पनि नभएको ठाउँमा अवस्थित छ। तर गंगा नदीको नजिकै घाटमा चरिरहेका गाई-गोरुलाई **'गङ्गायं चरन्ति**=गंगा नदीमा चरिरहेका छन्' भनी आरुढ गरी बोलिए झैं श्रावस्ती शहर वा त्यसको छेउछाउ बसिनुलाई नै श्रावस्ती नगरमा बसिरहेका छन् भनी आरुढ गरी बोलिएको हो। त्यसलाई समीप्यूपचार भन्दछन्। नजिककोलाई नजिकको वस्तुद्वारा आरुढ गरी व्यवहार गरिनु हो। श्रावस्तीको छेउछाउ उपचार अनुसार श्रावस्ती नाम रहेकोले **'सावत्थियं**=श्रावस्ती



Downloaded from http://www.dhamma.digital

नगरमा' भनेर पनि अर्थ दिन सकिन्छ। **'समीपत्थे भुम्मवचनं**=सप्तमी विभक्ति समीप (सँगै)' भन्ने अर्थमा रहेछन्' भन्ने अर्थकथाको भनाई अनुसार श्रावस्ती नगरको नजिक भनेर पनि अर्थ दिन सकिन्छ।

## जेतवन र अनाथपिण्डिक

जेतवन आराम मूलतः जेत राजकुमारको उद्यान नै थियो। मूल अधिकारीको नामको आधारमा जेतवन भनी नाम चलिरहेको हो। **(जेतस्स वनं जेतवनं। जेतस्स**=जेत राजकुमारको; **वनं**= वनउद्यान हो; **जेतवनं**=जेत राजकुमारको उद्यान) पछि अनाथपिण्डिक महाजनले किनेर विहार निर्माण गरेकोले द्वितीय अधिकारीको आधार लिई अनाथपिण्डिकको आराम भनी भन्नुपऱ्यो।

महाजनको बच्चाबेलाको नाम सुदत्त थियो। आधार भरोसा नभएकाहरूलाई दया-माया राख्ने अत्यन्त प्रबल चेतना भएका महाजन हुनाले आफूकहाँ आइपुगेका सबै मगन्ते गरीब-गुरुवा आदिहरूलाई खानापिना (भोजन) दिने भएकोले पछि **'अनाथानं**=आधारहीन अनाथहरूलाई; **पिण्डं**= खानापीना; **ददाति**=दिन्छन्' भन्ने अर्थमा अनाथपिण्डक भनी व्यवहार गर्न थालिएको थियो। लोकमा चैत्य स्थापना गर्नेलाई चैत्यदाता, विहार निर्माण गरी दान गर्नेलाई विहारदाता आदि भनी आफूले भन्नैनपर्ने गरी धेरैबाट प्रशंसा गरी नाम लिने गरेजस्तै महाजनको चेतनालाई धेरैले प्रशंसा गर्दा गर्दै बच्चाबेलाको नाम हराएर गई नयाँ नाम चलन चल्तीमा आएको थियो। नाम अनुसार प्रख्यात हुनपाएका महाजनको चेतना त आजसम्म पनि सबैले थाहापाइ प्रख्यात नै भइरहेको छ। यस तथ्यले नै धेरैजनाका राम्रो अर्थ वहन गर्नेहरू संसारमा नरहे पनि उनीहरूको उदारता नमेटिने तथ्यतिर निर्देशित गरिरहेको छ।

तथागत विराजमान हुनुभएपछि त्यो विहार अनाथपिण्डिकको सम्पत्ति रहेन। संघ अधिनस्थ आराम हुन गयो। तर पहिले नगराधिकारी भएका



Downloaded from http://www.dhamma.digital

व्यक्ति पदबाट हटिसकेको भए पनि नगराधिकारी भन्ने चलन बाँकी रहेभैं नै भयो । यसलाई 'भूतपूर्व गतिक नय' भनी भन्दछन् । 'एदत्त नय' भनेर पनि भन्नुपर्छ । अधिकारीहरू फरक भए पनि ठाउँ एउटै भएकोले उक्त एकत्वभावलाई आधार लिएर भनिने नय हो ।

उक्त नय अनुसार नै **जेतवन** भनी र **अनाथपिण्डिकस्स आराम** भनी भन्न सकिन्छ । फरक रहे पनि फरक नभएको जस्तो गरी भनिएको हुनाले यस्तोलाई अभेदोपचार (= भेद भएकोलाई भेद नभएको जस्तै एउटै जस्तो पारेर व्यवहार गर्नु) भनेर पनि भन्नुपर्छ ।

## आराम

फलफूल, पात, पालुवाहरूबाट सुशोभित भई राम्रो भएकोले त्यो आराम (विहार) अंगले परिपूर्ण भएको हुनाले तद्तद् ठाउँहरूबाट मानिसहरू विशेषतः भिक्षुहरू आई रमाइलो मान्ने हुँदा आराम भनेको हो । (आरामन्ति एत्थाति आरामो । एत्थ= यस विहारमा; आरमन्ति= आएर रमाइलो मान्ने गर्दछन्; इति=त्यसरी आएर रमाइलो मान्ने क्षेत्र भएको कारणले; आरामो=आराम भन्दछन् ।

आरामलाई अभिधानमा शहरबाट टाढा पनि नभएको नजिक पनि नभएको ठाउँमा साहु महाजनहरूबाट रोपाइएका रुखहरूको घारी (उद्यान) लाई भनिने कुरो उल्लेख छ । पुप्फाराम, फलाराम आदि भनी उल्लेख भएका ठाउँहरूमा आरामसँग समान नै रहेको छ । यति मात्र होइन, विहारको परिवेण, घरको परिवेण आदि परिवेण जति सबैलाई पनि आराम भनेर नै भन्नुपर्छ । संघाराम, पुब्बाराम, राजकाराम, तित्थियाराम, परिब्बाजकाराम आदि । हिजोआज घरको परिवेणलाई बगैंचा भनी भन्दछन् भने धेरै विहार (भवन) हरू भएको परिवेणलाई च्याउँ-ताइक् (आरामः म्यानमार भाषामा) भन्ने चलन छ । त्यस व्यवहार अनुसार यहाँ च्याउँ-ताइक् (आराम) भनी अनुवाद गरिराखेको छु ।



Downloaded from http://www.dhamma.digital

## अथ खो

**अथ**- लाई अविच्छेद (=विच्छेद नगर्ने अर्थमा) निपात भनेर र **खो**- लाई अधिकान्तर निदस्सन (विषय वस्तु एउटालाई देखाउने) अर्थमा निपात भनेर अर्थकथामा छुट्टाएर व्याख्या गरिराखिएको छ। तथागतको बास विच्छेद नहुँदै **अञ्ञतरा देवता**- आदि विषय-वस्तु एउटा उत्पन्न हुनआएकोलाई व्यक्त गर्न खोजेको तथ्य पनि उल्लेख गरिराखेको छ। आफ्नो भाषामा त त्यस अवस्थामा, त्यसरी बस्नुभएको बेलामा भन्यो भने बास विच्छेद भइनसकेको र उक्त अवस्थामा भनी भन्यो भने अगाडि निरन्तर भन्नुपर्ने विषय बाँकी रहेकोलाई पनि जान्न सकिने भएकोले 'त्यो बेलामा' भन्ने कुराद्वारा नै दुवै अर्थलाई देखाउने काम सिद्ध हुन्छ भनी भन्न सुहाउँछ।

## अञ्ञतरा देवता

**'अञ्ञतरा'ति अनियमितनिद्देसो**=नियमित नभएको अर्थलाई निर्देशित गर्ने शब्द' भनी अर्थकथामा उल्लेख गरिएको छ। नाम, वंश, गोत्र आदि नियमित (किटान) नभएको सामान्य अर्थ भयो। संस्कृतमा दुईजनामध्ये एकलाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्ञतर भनी, धेरैमध्ये एकजनालाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्ञतम भन्नुपर्ने कुरा उल्लेख छ। पालि भाषामा त 'अञ्ञतम' चलन नभएकोले धेरैमध्येबाट अलग्ग गरी बोल्नुलाई पनि अञ्ञतर नै भन्ने गरिन्छ। **'अञ्ञतरो च पनायस्मा मालुक्यपुत्तो अरहतं अहोसि।'** (सं २-२९९) यसमा अञ्ञतरो, अरहन्तहरूमध्ये एकजना समावेश रहेको कुरा सामान्यलाई मात्र भनी अरहन्तहरू मध्येमा विशेष रूपमा उल्लेख गरी नियमित रुपले भन्नुनपर्ने भएकोले अनियम नै भयो।

यहाँ त त्यसरी अलग्ग भनिएको क्षेत्र नभएकोले अञ्ञतर एउटै भयो। त्यसो हुनाले **'अञ्ञतरा'ति नामगोत्तवसेन अपाकटा'** भनी उल्लेख गरिएको हो। उक्त व्याख्या अनुसार नाम गोत्र प्रकट नभएको भनी अर्थ दिनुपर्छ। लोकमा नाम थाहानभएको अवस्थामा होस्, थाहा भएपनि व्यक्ति नप्रष्टिएको



Downloaded from http://www.dhamma.digital

अवस्थामा होस्, एउटा मान्छे आइरहेको छ, आदि व्यवहार हुँदो रहेछ । 'एउटा मान्छे' भन्ने व्यवहार नाम प्रकट नभएकोलाई निर्देशित गरिरहेको हुनाले **'अञ्जतरा देवता**=कुनै एउटा देवपुत्र' भनेर पनि अर्थ दिन सकिन्छ ।

देवता भन्ने स्त्रीलिङ्गी शब्दमा व्यक्त गरिएको भए पनि यहाँ देवी भनी ठान्नुहुँदैन । यो देवता शब्द देवपुत्र र देवपुत्री दुवै समूहसँग सम्बन्धित शब्द हो । यहाँ त देवपुत्रलाई व्यक्त गरिएको हो । **(देवो येव देवता;-देवो येव**= देवलाई नै; **देवता**=देवता भन्दछन् ।)

## अभिक्कन्त अर्थ

**'अभिक्कन्ताय रत्तिया'**- मा **अभिक्कन्त-खय** (=क्षय हुनु) अर्थवाची हो । बितिसकेको रात भन्नुमा रात पूरै बित्यो भनी भन्नु पर्नेजस्तो भए पनि त्यस्तो त ठान्नु हुँदैन । *चूलवग्ग, पातिमोक्खट्ठपनखन्धक* आदिमा **'अभिक्कन्ता भन्ते रत्ति'** मा पूरा रात बितेको भन्ने अर्थ्याउन खोजिएको छैन; प्रथम याम बितेकोलाई मात्र अर्थ्याउन चाहेकोले **'निक्खन्तो पठमो'** भनी जोडेर व्याख्या गरिएको छ । उक्त पालि अनुसार **अभिक्कन्तं** प्रथमयाम बितेकोलाई मात्र व्यक्त गरिसकेकोले यहाँ पनि प्रथमयाम बितेकोलाई मात्र ग्रहण गर्नुपर्नेलाई जान्न सकिन्छ । पहिलो याम बितिसकेको भन्ने विशेषणले गर्दा रत्तिया शब्दले पनि रातभर व्यक्त गर्नु नपर्ने भएर त्यसो नगरि आधा रातलाई मात्र व्यक्त गरेको हो । देवताहरू मनुष्यहरू सुनसान हुने बेलामा मात्र तथागतकहाँ आउने चलन भएकोले सो देवता पनि मध्यरातमा तथागतकहाँ आएका हुन् ।

**'अभिक्कन्तवण्णा'** मा **अभिक्कन्त**- अभिरूप (=अति सुन्दर) भन्ने अर्थवाची हो । अति प्रियकर वर्ण भनेको अति सुन्दर वर्ण भएको **'अभिक्कन्तवण्णा'** लाई अति प्रियकर वर्ण भएका भनेर वा अति सुन्दर शोभा भएका वर्ण भएका भनेर अर्थ दिन सकिन्छ । **'वण्ण'** वर्ण भने पनि रूपारम्मण वर्णलाई भनिएको होइन । **'छवि'** भनेको शरीरको रगत मासुको रंगलाई भनेको हो भनी जान्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

केवलकप्प **'केवल' अनवसेस** (= बाँकी नभएको सम्पूर्ण) अर्थवाची हो। **'कप्प' समन्तभाव** (=चारैतिर घेराको भाव) अर्थवाची हो। जेतवन आरामको सबैतिर घेरामा भनेको भाव हो। यसमा **'केवल'** सम्पूर्ण भने पनि बाँकी ठाउँ रहेन भन्ने अर्थ सिद्ध हुन सके तापनि **'कप्प'** शब्द जोडेर भनिराखेको केही पनि बाँकी नरहनेगरी सबै ठाउँमा फिजिने गरी सामर्थ्य भएको प्रकाश नै पनि कुनै न कुनै कारणले गर्दा केही अलिकति अंशमा मात्र फिजिने पनि हुनसक्दछन्; सो देवताको प्रकाश त त्यसरी केही अलिकति अंश मात्र नभई सबै नै फिजिरहेको भाव देखाउनलाई समन्त अर्थ भएको कप्पलाई समेत भनिएको हो।

ब्याकरणाचार्यहरूले **ईसं ऊनं** (= केही कमी भएको) अर्थमा **कप्प** आदि प्रत्ययहरूलाई रुचाउने गर्दछन्। उक्त भनाई अनुसार **'ईसंऊनं केवलं केवलकप्पं'** (विग्रह) गर्नु हो। **-ईसंऊनं**=केही कमी भएको; **केवलं**=सम्पूर्ण हो; **केवलकप्पं**= सम्पूर्ण भनेजस्तै। कुनै कुनै ढोका थुनिएको विहार आदिको भित्र प्रकाश छिर्न नसकेका केही स्थान बाँकी रहेकोलाई उद्देश्य गरिराखेको हो। यस्तो अर्थलाई कोहीकोही मन पराउँछन्। तर देवताहरूको ऋद्धिले उत्पन्न हुने प्रकाश प्रकृति प्रकाशसँग समान हुन नसक्ने हुनाले र यदि प्रकाश नछिरेको ठाउँ बाकी रहेको भए सम्पूर्ण भनी भन्न सक्नलाई येभुय्य आदि नयहरू रहेको हुनाले **'ईसंऊनं'** अर्थ चिन्तन आवश्यक छैन। अर्को तरिकाबाट भन्दा तथागतको प्रकाशलाई कुनै प्रकाशले पनि दबाउन सक्दैन। त्यसैले सो देवताको प्रकाशले पनि तथागतको प्रकाश नपुगेको ठाउँलाई मात्र उज्यालो पार्नसक्ने हुनाले **'ईसंऊनं'** भनेको हो भनेमा उचित हुनसक्छ।

## एकमन्तं

**'एकं+अन्तं'; अन्त**=शब्द **कोट्ठास** (=भाग) अर्थवाची हो। एकातिर एक ठाउँमा भन्ने अर्थ हुन्छ। एकातिर एक ठाउँमा भनेको बस्नलाई उचित ठाउँ हो। लोकमा गौरव राख्न योग्य व्यक्तिहरूकहाँ जाँदा बस्नयोग्य र बस्न अयोग्य ठाउँ हुने



Downloaded from http://www.dhamma.digital

भएकोले जान्ने बुझ्नेहरू बस्नयोग्य ठाउँ रोजेर बस्न जान्दछन् । बस्न अयोग्य ठाउँहरू त धेरै नजिक, धेरै टाढा, हावाको सम्मुख परेको ठाउँ, अग्लो ठाउँ, मुखामुख परेको ठाउँ, धेरै पछाडि पर्ने ठाउँ भनी छ प्रकारका छन् ।

**अति टाढा; अति नजिक; अग्लो, अनि हावा लाग्ने ।**
**मुखामुख पर्ने; अति पछाडि; दोष हुन् ठाउँका ६ वटा ।**

यी ६ दोषहरू सधैं सधैं विरत नभई हुन्न भनी निश्चितरूपले त ग्रहण गर्नु पर्दैन । धेरै परिषदहरूका साथमा उपदेश सुन्ने अवस्था आदिमा धेरै टाढा, हावा लाग्ने, धेरै पछाडि परेको ठाउँबाट हटिराख्नु हुँदैन; त्यस्तो बेलामा विरत नहुनुको कारणले दोष भन्ने हुँदैन । **एकमन्त** भन्दाखेरि ६ वटा दोषबाट अलग्ग भएको ठाउँ भनेर मात्र एकोहोरो तालले जिद्दी गरिबस्ने होइन; अरु अरु क्षेत्रअनुसार उचित ठाउँहरू पनि **एकमन्त** नै हो । कोशल मगधका ब्राह्मण दूतहरू वैशाली नगरको महावन कूटागारशालामा तथागतकहाँ आउँदा आयुष्मान् नागितले 'तथागतको दर्शन गर्ने समय भएको छैन' भनी भन्दै योग्य ठाउँमा बसे भनेकोमा उक्त **एकमन्तलाई** त्यहाँबाट सरेर गई यताउतिका रुखमुनि छायाँमा बस्नगएको कुरा उल्लेख गरी व्याख्या गरिराखिएको छ । (**एकमन्तं**- योग्य र उचित रूपले, अनुकूल ठाउँमा भनेर पनि अर्थ दिन सकिन्छ ।

## देवपुत्र उभिइरहेको

देवताहरूले मनुष्य-बासनालाई घृणा अनुभव गर्दारहेछन् । केही कुनै कामकुरा परेर करकापले मनुष्य लोकमा आउनुपरे पनि छिटोछिटो फर्किन चाहने हुँदा उक्त देवपुत्र नबसिकन उभिइरहेका हुन् । बस्नु भनेको विश्राम लिनु नै हो । त्यस्ता परिश्रम देवताहरूमा नभएकोले नबसेका हुन् भन्ने पनि अर्को कारण देखाइएको छ । त्यसपछि फेरि तथागतलाई घेरेर महाश्रावकहरू बसिरहनुभएको थियो । वहाँ महाश्रावक स्थविरहरूप्रति श्रद्धा प्रसन्नता रहेको कारणले पनि नबसेका हुन् भन्दछन् । उभिनु विशेष आदर गौरव राख्ने जस्तो



Downloaded from http://www.dhamma.digital

हुनाले तथागतलाई गौरब राख्नको लागि नबसेका हुन् । यसरी अर्थकथामा देवता उभिइरहेको कारण चार प्रकारले बताइएका छन् ।

१३) **बहू देवा मनुस्सा च; मङ्गलानि अचिन्तयुं ।**
**आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गलमुत्तमं ।**

१३) **भन्ते**=भगवान् शास्ता; **सोत्थानं**=यो जन्ममा र पछि सुख हुने भावलाई; **आकङ्खमाना**=आकांक्षा राख्नेहरू; **बहू**=धेरै; **देवा च**=देव-ब्रह्माहरूले पनि; **मनुस्सा च**=मनुष्यहरूले पनि; **मङ्गलानि**=सुखोन्नतिको कारण रहेको मङ्गललाई; **अचिन्तयुं**=कल्पना र चिन्तना गरिआइसके । (**त्वं**=हजुर तथागतले) **उत्तमं**=उत्तम भएको; **मङ्गलं**=मङ्गल; **ब्रूहि**=बताउनुहोला ।

## भावार्थ

भगवान् शास्ता; यो र अर्को जन्ममा पनि सुखको आकांक्षा राख्ने देव-ब्रह्मा मनुष्यहरू धेरैले सुखोन्नतिको कारण भएको मङ्गललाई कल्पना र चिन्तना गरिसके । हजुर तथागतले उत्तम मङ्गल देशना बताउनुहोला ।

## देवताको प्रार्थना

तथागतलाई मङ्गल उपदेश दिनुहुन देवपुत्रले प्रार्थना गरेको तरिकालाई आयुष्मान आनन्दले **'बहू देवा'** आदिद्वारा निवेदन गरेका हुन् ।'

## व्याकरण दृष्टिले स्पष्टीकरण

**(मङ्गलन्ति महन्ति इमेहि सत्ता'ति मङ्गलानि ।-इमेहि**=यस धर्मले; **सत्ता**=सत्वहरू; **मङ्गलन्ति महन्ति**=उन्नति वृद्धि हुन्छन्; **इति**=त्यसरी उन्नति वृद्धि हुने कारण भएको हुनाले; **मङ्गलानि**=मङ्गलहरू भन्दछन् । अर्थकथा को मतिअनुसार **'मङ्गल'** धातु भनी भन्न सकिन्छ । *सद्दनीती*मा त 'मगि' धातु भनिएको छ । इकारान्त धातु भएकोले निग्गहीत आएको छ । संस्कृतमा पनि 'मगि' धातु नै छ । अल प्रत्यय । त्यस मती अनुसार **'मङ्गन्ति बुद्धिं पापुणन्ति इमेहि सत्ताति**



Downloaded from http://www.dhamma.digital

**मङ्गलानि'** भनी सिद्ध गर्नुपर्छ। बाल मूर्खको संगत नगर्नु आदि कार्यहरू सत्वहरूलाई उन्नति र वृद्धि गर्ने सुख हुने कारण हुन्। त्यसो हुनाले ती कार्यहरूलाई उन्नति वृद्धि र सुख हुने कारण भएकोले मङ्गल भन्नुपर्छ। त्यसो हुनाले नै अर्थकथाले- **'मङ्गलन्ति**= मङ्गल भनेको; **इद्धि कारणं**=वृद्धि समृद्धि हुने कारण हो; **वुद्धि कारणं**= उन्नति हुने कारण हो; **सब्बसम्पत्ति कारणं**=सम्पूर्ण सुख ऐश्वर्यको कारण हो' भनी व्याख्या गरिएको छ।

**'सोत्थानं'** यं मङ्गलं आदि स्तुति गाथामा रहेको **सोत्थानं** सँग अर्थ समान छैन। उक्त **'सोत्थानं'** ले सुख समृद्धि हुने कारण मङ्गललाई व्यक्त गर्दछ। यो **'सोत्थानं'** त कारण भएको मङ्गल कार्य गर्नाको कारणले यो जन्ममा र आउने जन्ममा सुख हुने प्रतिफललाई व्यक्त गर्दछ। त्यसैले **'सोत्थानन्ति सोत्थिभावं'** भनी अर्थकथामा व्याख्या गरिएको हो। सुख हुने भनेको विभिन्न असल सम्पत्तियुक्त भइरहनु भएकोले नै **सब्बेसं**=सम्पूर्ण; **दिट्ठधम्मिक सम्परायिकानं**=यो जन्ममा र पछिको जन्ममा उत्पन्न हुने; **सोभनानं सुन्दरानं कल्याणानं धम्मानं**= शोभा भएको, सुन्दर, कल्याणकारी स्वभाव धर्मको; **अत्थितं**=उपलब्ध हुने भावलाई' भनी **सोत्थिभावको** मुख्य अर्थलाई अर्थकथामा भनी जोडेर व्याख्या गरिराखिएको हो। **'सोत्थिनो भावो सोत्थानं'** भाव-य् आन प्रत्यय चिन्तन गरिएको हो।

## उत्तम मङ्गल

दृष्ट मङ्गल आदि वास्तविक धर्मलाई नजान्नेहरूको कल्पना अनुसार उत्पन्न भएको धारणा मात्र भयो; ती धारणाहरू साररहित हुनाले नै एकजनाको धारणालाई अर्कोले स्वीकार गर्न नसकिरहेको थियो। भगवान् बुद्धले मङ्गल उपदेश दिनुभएको बेलामा भने ती मङ्गललाई होइन, मिल्दैन भनी विरोध गर्ने, अस्वीकार गरेर फाल्नेहरू एकजना पनि निस्केन। सबै नै असल धर्मको रूपमा स्वीकार गर्नुपर्‍यो। हिजोआज बुद्धानुयायी नभएका अन्य धर्मावलम्बीहरूले समेत यी मङ्गल कार्यलाई असल भनी स्वीकार गर्नैपर्ने छन्। सो देवपुत्रले त उक्त युगमा देव मनुष्यहरूबाट धारणा बनाइराखिएका मंगलहरूलाई स्वीकारयोग्य भएको उत्तम मंगल होइनन्



Downloaded from http://www.dhamma.digital

भनी राम्ररी बुझेका थिए । त्यसैले धेरैले धारणा बनाइराखिएका मंगलले अरु विशिष्ट उत्तम मङ्गल देशना गर्नुहुनको निम्ति **'ब्रूहि मङ्गलमुत्तमं'** भनी निवेदन गरेका हुन् ।

१४) **असेवना च बालानं; पण्डितानञ्च सेवना ।**

**पूजा च पूजनेय्यानं; एतं मङ्गल'मुत्तमं ।**

१४) **देवपुत्त**=हे देवपुत्र; **बालानं**=बाल मूर्खहरूको; **या असेवना च**=जुन संगत नगर्नु; **पण्डितानं**=प्रज्ञावान् सत्पुरुषहरूको; **या सेवना च**=जुन सत्संगत गर्नु र; **पूजनेय्यानं**=पूजनीयहरूलाई; **या पूजा च**=जुन पूजा गर्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनवटा धर्म; **उत्तमं**=उत्तम; **मङ्गलं**=मङ्गल हुन् ।

## भावार्थ

हे देवपुत्र, मूर्खहरूको संगत गर्नबाट पछि हटेर बस्नु; प्रज्ञावान सत्पुरुषहरूको सत्संगत र सेवन गर्नु, अनि पूजनीयहरूलाई पूजा गर्नु; यी तीनवटा उत्तम मङ्गल हुन् ।

Dhamma.Digital

## तीनवटा मङ्गल

यो **'असेवना च'** आदि पाठ बुद्ध-भाषित हो । देवपुत्रको निवेदन अनुसार सबभन्दा राम्रो मङ्गल बताउन लाग्नुभएकोले सर्वप्रथम **'असेवना च'** आदि द्वारा तीनवटा मङ्गल बताउनुभएको हो ।

## बाल मूर्ख

बाल मूर्ख भनी जान्नसकिने संकेत लक्षणहरू- खराब विचार गर्नु; खराब वचन बोल्नु; खराब काम गर्नु नै हो । यी तीनवटा लक्षण भएका व्यक्ति उच्चकुलीन नै भएपनि, धन सम्पत्ति सम्पन्न भए पनि, अधिकारी नै भएपनि, जस्तो सुकै भएपनि, बाल (=मूर्ख) नै हुन् । त्यस्ता व्यक्तिहरूले यस लोकमा



Downloaded from http://www.dhamma.digital

विभिन्न भय अन्तरायबाट मुक्त भएर, सुखशान्तिपूर्वक बस्नु, यशकीर्ति फैलाइ बस्नु; धेरैका मन पर्ने भई गौरव प्राप्त गरी बस्नु, परिषदमा डराउनु नपर्ने भई शुरवीर हुनु, आदि राम्रा फलहरूले सम्पन्न भई बस्नसक्दैन । ऊ यस जन्ममा उच्चश्रेणीमा पुगेका भए पनि परलोकमा त सुगति भूमिमा सुख अनुभव गर्न पाउँदैन । त्यसैले फल दुईलाई नाश गर्ने भनी बालको अर्थ व्याख्या गरिएको छ । **(द्वे अत्थे लुनन्तीति बाला ।-द्वे अत्थे**=दुइटै फललाई, **लुनन्ति**=नाश गर्छ; **इति**=त्यसैले; **बाला**=बाल भनिन्छन् ।)

यस्ता संकेत लक्षण भएका व्यक्तिले यो जन्ममा नै दोष दण्ड खप्नुपर्ने, भय अन्तराय धेरै हुने, यशकीर्ति हीन हुने, मनुष्यहरूबाट निन्दित हुनुपर्ने आदि खराब फल तथा निरर्थकता मात्र प्राप्त गर्छन् । परलोकमा मूर्खहरू जानुपर्ने बाटोले सिधा अपाय लोकमा पुऱ्याउँछ । त्यसैले दुइथरीका अनर्थ हासिल गर्ने सत्व भनेर पनि अर्थ गरिएका छन् । **(द्वे अनत्थे लान्तीति बाला ।-द्वे अनत्थे**=दुइटा अनर्थहरूलाई; **लान्ति**= हासिल गर्ने हुन्छन्; **इति**=त्यसैले; **बाला**=बाल भनिन्छन् ।) त्यस्ता व्यक्ति जति सुकै जान्ने-सुन्ने भए पनि बुद्धि भएअनुसार, जाने अनुसार असल खराबलाई आचरण गर्ने, विरमण गर्ने नगरिकन भुलेर आचरण गर्ने भई बुद्धिले बाँचेको होइन; श्वास प्रश्वास मात्र फेरि रहेको व्यक्ति हो, भनेर पनि व्याख्या गरिएको छ । **बलन्ती'ति बाला ।- बलन्ति**= (प्रज्ञाबिना) श्वास फेर्नाले मात्र बाँचिरहेकाहरू हुन्; **इति**=त्यसैले; **बाला**= बाल भनिन्छन् ।

## प्रज्ञावान्

असल विषयको विचार गर्नु, असल कुरा गर्नु, असल काम गर्नु यी तीनवटा प्रज्ञावान् हुन् भनी जान्नलाई संकेत लक्षण हुन् । यी तीन लक्षण प्रकट भएका व्यक्तिले उपरोक्त दुबै फल प्राप्त गरिलिनसक्ने भएकोले यस जन्मको फल, पछिको जन्मको फल दुबै हासिल गर्ने हुनाले **'पण्डित-** प्रज्ञावान' भनी भन्नुपर्ने कुरा तथागतबाट आज्ञा गरिराख्नुभएको हो । साहित्यका



Downloaded from http://www.dhamma.digital

साथै अरु विभिन्न शिल्प विद्या जानेको व्यक्तिलाई आफ्नो ठाउँमा केही कारणबस पण्डित भन्ने गरिए पनि उक्त व्यक्तिसँग उपरोक्त तीन लक्षणहरू छैनन् भने **'पण्डितानञ्च सेवना'** अनुसार **पण्डित** भन्न सुहाउँदैन। विशिष्ट रूपले शिल्पविद्या जानेन भने पनि असल, खराब भनी जानी बुझी त्यस अनुसार आचरण गर्ने सत्पुरुषलाई मात्र पण्डित हो भन्ने मनसाय हो। यदि शिल्प विद्याले पनि पूर्ण भई आचरण पनि राम्रो भयो भने त उक्त व्यक्ति **पण्डित** शब्दअनुसार पूर्णरूपले परिपूर्ण भएको अर्थ धारण गरिरहेको हुनाले साँच्चै नै आधार भरोसा लिन लायक व्यक्ति भए। उपरोक्त स्वभावहरू अनुसार पण्डितलाई वर्तमान र भविष्य दुइटा परिणाममा ज्ञान गति मुताविक गइरहने हुन् भनी अर्थ उल्लेख गरिराखिएको छ। **(पण्डन्तीति पण्डिता। पण्डन्ति**=दुइटा परिणाममा ज्ञानगतिद्वारा जाने हुन्; त्यहाँ पुग्ने हुन्; **इति**=त्यसो हुनाले; **पण्डिता**=पण्डित भनिन्छ।

दुइटा फललाई जान्ने ज्ञानक्रम भएका हुनाले राम्ररी उत्पन्न भइरहेको ज्ञान भएको भनेर पनि उल्लेख गरिराखिएको छ। **(सञ्जाता पण्डा एतेसन्ति पण्डिता। एतेसं**=यस व्यक्तिसँग; **सञ्जाता**=राम्ररी उत्पन्न भइरहेको; **पण्डा**=प्रज्ञा; **अत्थि**=छन्; **इति**=त्यसैले; **पण्डिता**=पण्डित भन्दछन्।

## सत्संगत गर्न योग्य, अयोग्य

लोकमा भय उपद्रव अन्तरायहरू मूर्खहरूको कारणले मात्र उत्पन्न हुन्छन्। पण्डितहरूको कारणले नहुने कुरा तथागतबाट आज्ञा भएको छ। त्यसैले धेरैलाई दुःखदायी भय अन्तराय उब्जाउने मूर्ख, डर मान्नुपर्ने, थर्कमान हुनुपर्ने व्यक्ति नै हो। धेरैजनाको सुख समृद्धि हुने काम मात्र गर्ने सत्पुरुष मनपराउन योग्य हुन्छ। नीति आचार्यहरूले 'विद्याद्वारा सजिएको व्यक्ति भए पनि दुष्टबाट बच्नुपर्छ। मणि धारण गरेको सर्पले डस्दैन भन्ने हुन्छ र ?' भनी भनिराखेका छन्। आगो लागेको घरमा आगोले घरलाई जलाउँछ नै, त्यस घरमा बसोबास गरी बस्ने मानिसहरूलाई पनि जलाउने



Downloaded from http://www.dhamma.digital

जस्तै नै बाल मूर्खले आफ्नो गलत दृष्टि, गलत कार्यद्वारा आफूलाई पनि विनाश पारेर आफ्ना अनुयायी मानिसहरूलाई पनि हानी र विनाश पार्दछ । भय-उपद्रव उत्पन्न भई आउने बेलामा असल संरक्षक आरक्षकले जस्तै; अन्धकारमा प्रकाश दिने बत्ती भैँ यथार्थ र उचित क्रियाकलाप, वाद दृष्टि भएका पण्डितहरू त आफूलाई र आफ्नो भरोसा लिई बसेकाहरूलाई पनि भय अन्तरायबाट मुक्त गरी सुख दिने गर्दछन् । त्यसैले 'आफूभन्दा श्रेष्ठ, वा आफू समान व्यक्ति प्राप्त गर्न सकिएन भने आफू एक्लैले मात्र आचरण गर्नुपर्छ । किन भने ? मूर्खसँग मित्रता हुनजानु त असल गुणांगहरूको अभाव भएकोले नै हो' भनी भगवान्बाट देशना भएको *धम्मपद*को बालवग्गमा उल्लेख भएको छ ।

## पारस्परिक धातु स्वभाव मिल्नेहरू

'सत्वहरू परस्पर धातुस्वभाव मिल्नेहरूसँग मिलेर बस्दछन्' भनी तथागतबाट आज्ञा भएको धातुसंयुत्तमा उल्लेख छ । श्रद्धा नभएकाहरू परस्पर; श्रद्धा भएकाहरू परस्पर मिलिजुली हुन्छन् । त्यस्तै नै प्रज्ञाहीन, प्रज्ञावान्, अल्छी, उत्साही, अकुशलदेखि लाज मान्ने, अकुशलदेखि लाज नमान्ने, डरपोक, निडरहरू पनि परस्पर मात्र संगत गरी मिलिजुली हुन्छन् ।

धातु भनेको मनसाय, आन्तरिक चरित्र मनोभाव नै हो । उक्त धातु एक अर्कामा सर्ने स्वभाव रहेकोले र एक-अर्कामा मिलिजुलि गर्नको लागि सिर्जना गरिदिने प्राथमिक स्वभाव एउटै किसिमको भएकोले त्यसलाई अध्यासय धातु भनिन्छ ।

आयुष्मान सारिपुत्र अत्याधिक प्रज्ञावान् भएकाले वहाँका शिष्यहरू पनि सबै प्रज्ञावान नै हुनुहुन्थ्यो । ऋद्धिवान आयुष्मान मौद्गल्यायनका शिष्यहरू भने सबै ऋद्धि क्षेत्रमा दक्ष हुनुहुन्थ्यो । तेह्रवटा धुतांगधारी आयुष्मान महाकाश्यप र उहाँका शिष्यहरू सबैजना पूर्णधुतांगधारीहरू नै हुनुहुन्थ्यो । इत्यादि रूपले राम्रा क्षेत्रमा धातु मिल्नेहरू परस्पर जोडिएर बस्नपुगे जस्तै



Downloaded from http://www.dhamma.digital

नराम्रा पक्षमा पनि आयुष्मान देवदत्तका शिष्यहरू सबै पूर्णरूपले खराब मनसाय भएका थिए। मेत्तिय, भूमजक, अस्सजि, पुनब्बसुक आदि भन्ने छ वर्गीय भिक्षुहरूको समूह र अनुयायीहरू भने सबै नै पूर्ण दुःशीलहरू थिए। धातु स्वभाव सर्ने, मिल्ने हुनाले छोरा-छोरीहरू, शिष्य शिष्याहरू दक्ष र असल हुने विषयमा आमा-बाबु, गुरु, आचार्यहरू सत्पुरुष हुनु र छरछिमेकी, साथी भाइहरू सुशिक्षित भएकाहरू हुनु अत्यावश्यक छ। यदि बाध्यताबश मूर्ख आमा-बाबुहरू, गुरुआचार्यहरूसँग संयोग भइरहनुपऱ्यो भने पनि मूर्खहरूसँग संयोग भइरहनुपर्ने किन नहोस्, धातुस्वभाव नसर्ने गरी विशेष होश गर्नु योग्य छ। असल धातु स्वभाव सर्न धेरै बेर लागे पनि खराब धातु स्वभाव भने चाँडै तुरन्तै सर्न सक्दछ। तथागतले 'हीनसँग संगत गरेमा आफू पनि हीन हुन्छ; समानसँग संगत गरेमा हानी हुँदैन; उच्च श्रेष्ठसँग संगत गरे भने चाँडै उन्नति र श्रेष्ठ हुन्छ' भनी भगवान्‌ले आज्ञा गर्नुभयो। (*अंगुत्तर प. सेवितब्ब सुत्त १२३*।)

आयुष्मान आनन्दले असल साथी कल्याणमित्र मार्ग भनेको ब्रह्मचर्यको लागि आधा काम भने पनि हुने गरी महत्वपूर्ण भएको कुरा निवेदन गरेको अवस्थामा भगवान्‌ले 'आनन्द, त्यस्तो नभन्नू' भनी दुइपल्टसम्म रोकेर कल्याणमित्र भनेको ब्रह्मचर्यको निम्ति सम्पूर्ण नै हो भनी भन्नुपर्ने गरी महत्वपूर्ण भएको कुरा आज्ञा भयो। (*कोसल संयुत्त कल्याणमित्त सुत्त ८८*।)

## अकित्ति ऋषिको प्रार्थना

बोधिसत्व अकित्ति पण्डितलाई शक्र देवेन्द्रले चाहेको वरदान माग्नको निम्ति निवेदन गर्दा 'मुर्खलाई हेर्न नपरोस्; संगत गर्न नपरोस्; मुर्खसँग कुरा गर्न नपरोस्' भन्ने वरदान मागे। के कारणले मुर्खलाई हेर्न नचाहेको, संगत गर्न नचाहेको नि ? भनी सोध्दा सो ऋषिले जवाफ दिएको ढंग कस्तो हो भने 'मुर्खले सही पद्धति नभएको, बाङ्गो बाटोलाई, आचरणलाई सही पद्धति, सही मार्ग भनी धारण गरिरहन्छ, आचरण गरिबस्छ। गर्न अयोग्य अभिभारमा



Downloaded from http://www.dhamma.digital

प्रेरणा दिन्छ । खराब पद्धतिहरू उसलाई राम्रो लाग्दछ । कारण कार्य सहि रूपले बताउँदा रिसाउँछ । आचरण गर्नुपर्ने विनयलाई बुझ्दैन, आचरण गर्दैन । त्यस्ता मुर्खलाई हेर्न नपरेको र नभेटिनु नै बेस ।' भन्ने थियो । फेरि प्रार्थना गरेको ढंग कस्तो हो भने 'पण्डितलाई मात्र देख्न चाहन्छु, संगत गर्न चाहन्छु, पण्डितसँग मात्र कुरा गर्न चाहन्छु' भनेका थिए । कारण सोध्दा 'पण्डितले यथार्थ पद्धति, सही मार्गको आचरण गर्न जान्दछ, गर्न अनुचित अभिभारमा प्रेरणा दिन खोज्दैन । सही पद्धति मात्र पण्डितका निम्ति श्रेष्ठ उत्तम हुन्छ । उ कारण कार्य सही रूपमा देखाई बोल्दा रिसाउँदैन । विनय नियम बुझ्दछ, आचरण गर्न जान्दछ । त्यस्ता पण्डितसँग संगत गर्नु राम्रो हुन्छ, बेस हुन्छ' भनी उत्तर दिए । (*जातक पालि प. अकित्ति २६६*)

## सत्तिगुम्ब सुगा

मूर्खहरू र विद्वानहरूसँग संगत गर्न पाउँदा तिरश्चीन पशु-पंक्षीहरू समेत मूर्ख र पण्डितमा फरक रहेको ढंग देखाउनको लागि *वीसतिनिपात सत्तिगुम्ब जातक* उल्लेख गरी देखाउनेछु । धेरै धेरै पहिले एउटा घना जंगलको सिम्बली वनमा सुगाहरू बसिरहेकोमा एकदिन तीब्र चलेको बतास (हुरी) ले भरखर भरखर प्वाँख उम्रनथालेका दुईटा सुगा दाजुभाइलाई दुइतिर उडाएर लग्यो । एकजना ऋषि आश्रममा फूलबोटको बीचमा खसेकोलाई पुप्फक नाम राखेर ऋषिहरूले पालेर राखे । अर्को भने चोर डाँकाहरूको गाउँमा शस्त्र अस्त्रको बिचमा खसेकोलाई चोरहरूले सत्तिगुम्ब भन्ने नाम राखेर पालेर राखे ।

पञ्चाल राजा वनविहारका निम्ति निस्कँदा बाटो नाघेर चोरहरूका गाउँको नजिक भिरालोनिर पुग्दा रथका सारथिसँगै रथबाट ओर्लेर नुहाइधुवाइ गरिसकेपछि विश्राम लिइरहँदा निदाइरहे । चोरहरू पनि राजा भनी चाल पाएर छलेर बसिरहँदा सो गाउँमा त्यही सुगा र एकजना पाले मात्र बाँकी रह्यो । सत्तिगुम्बले पालेलाई राजालाई मारेर बस्त्र अलंकारहरू फुकाली लिई रुखका पातले छोपिराख्न विचार (सल्लाह) दिंदा राजा भएकालाई त्यसो गर्न



Downloaded from http://www.dhamma.digital

नहुने कुरा पाले बसेकाले भने । सत्तिगुम्बलाई चित्त बुझेन । 'तपाँई पहिले लापरवाही छाँटले मुर्मुरिएर बस्नुहुन्थ्यो । हाम्री आमा (चोरनाइकेकी पत्नी) वस्त्र नपाएर रुख पात गाँसेर लुगा लगाउनुपर्ने अवस्था नआउन्जेलसम्म चोरीलाई घृणा गरिबस्ने हो कि ?' भनी गाली गऱ्यो । पातलो निन्द्रामा रहेका राजाले त्यो कुरा सुन्दा 'यो ठाउँ त भय उपद्रवरहित छैन रहेछ' भनी सारथिलाई छिटो-छिटो रथमा घोडा जोत्न लगाई रथ हाँक्न लगाए । सत्तिगुम्ब एउटा रुखबाट अर्को रुखमा उड्दै 'चोरहरू कहाँ छन् हाँ; पञ्चालराजा गइसके; धनुष, वाण, भाला उठाऊ; पञ्चालराजाको प्राण छोड्नहुन्न' भन्दै निरन्तर चिच्याई प्रेरणा दिइरह्यो । यसरी राजा त्यहाँबाट ऋषि आश्रममा पुग्दा त मनमा नचिताएको दृष्य देखे ।

## पुप्फक सुगा

ऋषि आश्रममा झरेको पुप्फक सुगाले राजालाई देख्नासाथ नरम र मधुर स्वरमा कुशलवार्ता गरी स्वागत गर्न आयो । 'महाराज ! हजुर यहाँ सवारी भएको साह्रै राम्रो भयो । हजुरलाई चाहिएको आज्ञा होस् । यी फलफूलहरूमध्ये राम्रा राम्रा छानी सेवन गर्नुहोस् । पर्वतको खोँचबाट उबाईल्याइएको यो अति चिसो र निर्मल पानी पनि खानुहोस् । उहाँ ऋषिहरू फलफूल खोज्न गइरहनुभएका छन् । मसँग हात नभएकोले हजुरले नै स्वयम् लिएर सेवन गर्नुहोस्' भनी सुगाले स्वागत गर्न आएको ढंग देखेर अति प्रसन्न भएर यस सुगाको धर्म परिपूर्ण भई सुसभ्य र सुशिक्षित भएको स्वभाव र अघि भेटेको सुगाको निर्दयी, दुष्ट र कडा स्वभाव बताए । उक्त अवस्थामा पुप्फक सुगाले 'महाराज, हामी दुवै एउटै आमा-बाबुका सन्तान दाजुभाइ हौं । ऊ सत्तिगुम्ब चोरहरूकहाँ पुग्यो, म ऋषिहरूकहाँ पर्न गएँ । दुष्टहरूकहाँ पुगेको र सत्पुरुषकहाँ पुगेकोले नै हामी दुइजनाका स्वभावमा फरक भएको कारण हो । चोरहरूबाट मार्नु, बाँध्नु, ढाँट्नु, जबरजस्ति गरी लुट्नु जस्ता नराम्रा काम कुरा मात्र सिक्न



Downloaded from http://www.dhamma.digital

पाइन्छन् । यस ऋषि आश्रममा त सत्य, सुचरित्र, धर्म, मैत्री, शील, इन्द्रीय-संयम गर्नु जस्ता राम्रा काम कुराहरू मात्र सिक्न पाइन्छ, भनेर बताइसकेपछि राजालाई फेरि उपदेश दियो ।

## पुप्फक सुगा उपदेश

महाराज ! सत्पुरुष, असत्पुरुष, सुशील, दुःशील जस्ताजस्ताको संगत र सेवन गरिन्छ; उनीहरूकै इच्छा र आकांक्षा अनुसार हुनजानु स्वाभाविक कुरा हो । जस्तोलाई साथी बनाइन्छ; शरण गइन्छ, संगत गरिन्छ; उक्त व्यक्ति पनि उनीहरू जस्तै हुन्छ । संगसाथ बास गर्नुमा त्यस्तो स्वभाव हुन्छन् । विष लेपिएको वाणले गर्दा त्यो वाण राखिने वाणधि (ठोक्रो) मा पनि विष लागेझैं सेवन गर्न अयोग्य गुरुको सेवन गर्ने शिष्यमा खराब कर्म लागेर लेपिएर वा घसिएर बस्नजाने हुनाले त्यो लाग्नु, लेपिनुबाट डराउने व्यक्ति खराब साथीको संगतमा लाग्न हुँदैन । कुहेको माछा दूबो घाँसमा पोको पार्दा दूबो घाँस पनि कुहेको गन्हाए झैं मूर्ख सेवन गरियो भने आफू पनि मूर्ख होइन्छ । चम्पक फूललाई पातमा पोको पारियो भने पात पनि मगमग बास आउने जस्तै प्रज्ञावानको सेवन गर्नुले पनि त्यस्तै हुन्छ । यसरी पात झैं आफूमा सर्ने कुशल, अकुशल फललाई जानेर मूर्ख र दुष्टदेखि टाढा बसी प्रज्ञावानको मात्र सत्संगत गर्नु उचित छ । दुष्ट र मूर्खहरू नर्कगामी हुने भएकोले सत्पुरुषहरू सुगतिगामी हुन्छन् । (*जातक पालि प. सत्तिगुम्ब ३२८*)

यस पुप्फक सुगाको उपदेशमा मुर्खको संगत गर्नाको दोष, प्रज्ञावान, सुशिक्षितको संगत गर्नाको फललाई राम्ररी पूर्ण हुने गरी उल्लेख गरिराखेको हुनाले प्रसन्न हुनलायक छ । उक्त उपदेशलाई गौरव राख्ने हिसाबले आफ्नो सुख समृद्धिको कामना गर्ने सबैले मुर्खबाट टाढा भई पण्डितको संगत गर्न योग्य छ ।



Downloaded from http://www.dhamma.digital

## मङ्गल

अरुहरूलाई दुःख हुने कारण सृजना गर्ने व्यक्ति मुर्ख हो। यो जन्ममा र पछिको जन्ममा पनि अनर्थ हुने भएकोले मूर्खको संगत गर्नु अमंगल मात्र भई सो मुर्खलाई विरमण (अलग हुने) गर्दा विभिन्न अनर्थबाट मुक्त भई सुख हुने कारण भएकोले मङ्गल हो। सत्पुरुषको संगत गर्ने व्यक्ति आफू पनि सत्पुरुष हुनपाएकोले यो जन्ममा पनि र अर्को जन्ममा पनि भयरहित, उपद्रवरहित भई सुखद् फलको अनुभव गर्न पाइने भएकोले पण्डितको सेवन गर्नु असल मङ्गल हो। मुर्खको संगत गर्ने, पण्डितको संगत नगर्ने व्यक्तिमा बताउन लागिएका मङ्गलहरूमध्ये कुनै पनि मङ्गल पूर्ण हुन सक्दैन। यी दुइटा मङ्गल सबै मङ्गलहरूको पृष्ठभूमि भएकोले भगवान्ले पहिले बताउनुभएको हो।

## पूजनीय व्यक्तित्व

**(पूजनं अरहन्ती'ति पूजनेय्यो।-पूजनं**=पूजा गर्नलाई; **अरहन्ति**=योग्य छ; **इति**=त्यसैले **पूजनेय्यो**=पुजनेय्य भन्दछन्। **'पूजना'** पदको पछाडि **'अरहन्ति'** अर्थमा 'णेय्य' प्रत्यय लागू गर्नुपर्छ। **पूजनीय** भन्ने प्रयोग पनि छ। **'अनीय'** प्रत्ययद्वारा सिद्ध हुन्छ। **'अरह'** अर्थमा लागू हुने अनीय प्रत्यय भएर पूजा गर्न लायकहरू भन्ने अर्थ नै रहेको छ।

**दक्खिणेय्य**=उत्तम दान ग्रहण गर्न योग्य व्यक्ति भन्दा दान दातालाई ठूलो फल पाइनेछ। दान दातालाई महत्फल पाइने गरी दानग्राहकमा गुणहरू रहेका छन् भन्ने अभिप्राय रहे झैं पूजा गर्न योग्य व्यक्ति भन्दा पनि पूजा गर्नेले फल अनुभव गर्न पाइनेछ। पूजा गर्नेहरूले फल अनुभव गर्न पाउने गरी पूजा गरिने उक्त व्यक्तिसँग गुणहरू रहेका छन् भन्ने नै अभिप्राय छ। ती पूजा गर्नयोग्य त्रिरत्न, आमा-बाबु, गुरु-आचार्य, दाजु, दिदी, काका-काकी, मामा-माइजु, फुपु-फुपाजू आदि आफन्तहरूमा जेठा ससुरा, सासु, श्रीमान आदि हुन्। त्रिरत्नमा क्लेशमुक्त भई परिशुद्ध हुनु आदि पूजा गर्न योग्य गुणहरू पाइने जस्तै आमा-बा, गुरु आचार्यहरूमा पनि वयोवृद्ध गुण,



Downloaded from http://www.dhamma.digital

उपकार गुणहरू रहेका छन् । आमा बाबुका उपकार गुण विशेष त भनिरहनु पर्दैन; धेरै विशाल छ । अरु दाजु, दिदी आदि हरूले पनि आफूलाई रेखदेख, लालन-पालन गर्ने, खानपिन गराउने, सम्झाइ-बुझाइ गरी बाटो देखाउने गरिरहने उपकारक नै हुन् ।

## पूजा गर्नुको फल

पूजा गर्न योग्यहरूलाई पूजा गर्नाको कारणले वर्तमान दृष्टान्त जीवनमा दीर्घायु हुनु आदि फलहरू र भावी जीवनमा सुगतिभूमिमा पुग्न पाउनु जस्ता फलहरू प्राप्त हुनसक्छन् । अवश्य हो, *चक्कवत्ति सुत्त*मा- आमा-बाबुको सेवा गर्नेहरू,आफन्तहरूमा जेष्ठ ठूला-बडाको पूजा सत्कार र गौरव राख्नेहरूलाई आयु, वर्ण, सुख, बल र प्रज्ञा, यी ५ पाँच तत्वको अभिवृद्धि हुने कुरा बताउनुभएको छ । पूजनीयहरूको पूजा गर्ने युगमा कनिष्ठहरूको चेतना, मैत्री, ठूलाहरूको मैत्री, करुणा, धातुको प्रभाव वृद्धि हुने गर्दछ । ती धातुहरूले बाहिरिक स्थितिलाई पनि प्रभावित गर्नु स्वभाविक हुनाले ऋतु-मौसम अनुकूल नियमित हुनु, हावापानी स्वभाविक हुनुले खेती, बालीनाली सप्रेर खाद्य पदार्थमा ओजा शक्ति पूर्ण हुने गर्दछ । त्यसबाट त्यस युगका मानिसहरू निरोगी हुने भएकोले दीर्घायु हुन्छन् । रूप-लावण्य राम्रा हुन्छन् । शरीर र मन दुवै सुखी हुन्छन् । बलशक्तिले सम्पन्न हुन्छन् । शरीर र मन दुबै सुखी निरोगी हुनाले प्रज्ञा पनि वृद्धि हुन्छन् । त्यसैले पूजनीयहरूलाई पूजा गर्नु विश्वका मानव जातिहरूको वृद्धि समृद्धिको एउटा कारण हुनाले मङ्गल भन्नुपर्दछ ।

## पूजाको स्वरूप

**'पूजा'** को स्वरूप अनुसार **आमिस पूजा** (=भौतिक वस्तुद्वारा गरिने पूजा) र **प्रतिपत्ति पूजा** (=सदाचरणद्वारा गरिने पूजा) भनी दुई थरी छन् । पटिपत्तिपूजालाई **'धम्म पूजा'** पनि भन्नुपर्छ । **पूजाति सक्कारगरुकार**



Downloaded from http://www.dhamma.digital

**मानन वन्दना**=पूजा भनेको सत्कार गर्नु, गौरव गर्नु, मान राख्नु, वन्दना गर्नु हो भनी अर्थकथामा उल्लेख गरिएको छ। भोजन, खाने-पिउने, फूल, जल, बत्ती आदि आमिसद्वारा पूजा गर्नु पनि सत्कार गर्नु, गौरव गर्नु मान गर्नु नै हो। आचरण प्रतिपत्तिलाई आचरण गर्नु पनि तथागत आदिहरूप्रति सत्कार गर्नु, गौरव गर्नु, मान गर्नु नै हो। गुरु आचार्य, आमा-बाबुहरूको अववाद उपदेश नसुन्ने आचार्य, आमा बाबुहरूलाई मान गर्ने ठहर्दैन। अववाद उपदेश अनुसार भनेको मान्ने मात्र गुरु आचार्य आमा-बाबुप्रति सत्कार गर्ने, गौरव राख्ने, मान राख्ने हुन्छ। त्यस्तै नै तथागतका अववाद उपदेश प्रतिपत्तिलाई पालन गरी आचरण गर्ने, तथागतलाई सत्कार गर्ने, गौरव राख्ने, मान राख्ने भई पूजा गर्नु नै हो। यहाँ **'वन्दना'** भनेको हात शीरमा बिसाई नमस्कार गर्नु, नमस्कार भनी वचन प्रकट गर्नु मात्र होइन, प्रतिपत्ति 'पूजा' लाई पनि **'वन्दना'** नै भनुपर्छ। **'वन्दना'** भनेको **गुण भिन्नता** (=गुणमा नतमस्तक हुने भएकोले आचरणलाई आचरण गर्ने व्यक्ति बुद्ध-गुणमा नुहेको नै भयो। गुणमा ननुहेकोले धर्मलाई कहिले आचरण गर्ला र ? त्यसैले धर्म आचरण गर्नु र बुद्धवन्दना गर्नु एउटै कुरो हो, भन्नुपर्छ।

*गोतमी थेरीगाथा*- मा 'नित्य उद्योग र प्रयत्नपूर्वक अभ्यास गरिरहेका दृष्टि तथा शील समान भएका श्रावक बुद्धहरूलाई देख्न-हेर्न पाउँदा यो दर्शन बुद्धहरूको वन्दना नै हुन्छ' भनिएको छ। सम्यकसम्बुद्ध, श्रावक बुद्धहरूको लोकुत्तर धर्मलाई साक्षात्कार गरी थाहा पायो भने ती बुद्धहरूका धर्मगुणमा नुहेको हुनाले वन्दना हुन्छ भन्ने भावलाई अर्थकथा अनुसार जान्न सकिन्छ। यस तथ्यद्वारा मार्गफल लाभ हुनु, निर्वाणलाई दृष्टान्त देख्नु वन्दना मध्यमा सर्वोत्तम वन्दना भनी जान्न सकिन्छ।

## उत्तम पूजा

परिनिर्वाण हुने शय्यामा लेटिरहनुभएका बुद्ध तथागतले उक्त अवस्थामा देव ब्रह्माहरूबाट अतिशय रूपमा गरिएको पूजाढंग देखेर आयुष्मान आनन्दलाई



Downloaded from http://www.dhamma.digital

'आनन्द, म तथागतलाई यति पूजा गर्दैमा पूजा गरेको ठहर्दैन, लोकुत्तर धर्म नौवटा लाभका कारण रहेको उत्तम धर्मलाई आचरण गर्नुद्वारा पूजा गरे मात्र सर्वोत्तम पूजा गरेको हुन्छ' भनी बताउनुभयो। (*दी. २-११४*)

कहिले काहीं तथागतले एकथुँगो फूल मात्र दानलाई पनि अति अति प्रशंसा गरी बताउनुभयो। अहिले भव्य र विशाल रूपमा गरिएको पूजालाई पनि निम्नस्तरको भन्नुभएकोमा शासनको भविष्यको निम्ति रहेछ। चीजवस्तुहरू, विहार, पुष्करणीहरू जति नै दान गरे पनि तिनमा शासनलाई चिरकालसम्म स्थिर राख्नको लागि सामर्थ्य हुँदैन; आचरण गरेर मार्गफल लाभीहरू निरन्तर वृद्धि भइआएमा मात्र शासन चिरस्थायी भइ स्थिर भइरहनसक्छ। त्यसैले अनागत कालमा शासन चिरस्थायी बनाउनको निम्ति उद्योग गराउने मनसायले धर्म-पूजालाई यतिसम्म प्रशंसा गरी उच्च पारी बताउनुभएको हो।

## बुद्धका प्रशंसा पात्रहरू

'तथागत चार महिनापछि परिनिर्वाण हुनलाग्नुभएको छ' भनी थाहापाउँदा धेरै भिक्षुहरू शोक-परिदेव गरिरहे। उनीहरू कसरी, के गर्नुपर्ला भनी विचार गरी छलफल गरी बुद्धको समीपबाट टाढा जानै सकेनन्। अत्तदत्थ, तिस्स, धम्मारामो- तीनजना भिक्षुहरू भने ' तथागत परिनिर्वाण हुनलाग्नुभयो; हामीमा पनि आश्रव-क्षय भएको छैन; तथागत अस्तंगत नहुँदै आश्रवक्षय हुनेगरी उद्योग गर्नुपर्ला' भनी अलग-अलग छुट्टिएर भावना धर्ममा मात्र उद्योग र अभ्यास गरिरहे। अरू भिक्षुहरूद्वारा ती भिक्षुहरूले तथागतलाई वास्ता गरेनन्, हेरविचार गरेनन् भनी बिन्ती गर्दा तथागतले उनीहरूलाई बोलाई सोध्नुहुँदा कारण थाहाभएपछि प्रशंसा गर्नुभयो। 'म तथागतलाई आमिसपूजाद्वारा पूजा गर्दैमा म तथागतप्रति स्नेह गरेको हुँदैन। धर्मपूजाद्वारा पूजा गरेमा मात्र म तथागतप्रति स्नेह गरेको हुन्छ' भनी आज्ञा गर्नुभएको कुरो *धम्मपद अट्ठकथा* मा उल्लेख रहेको छ। त्यसैले आफ्नो शासन चिरस्थायी गर्नको लागि आफ्ना शिष्य



Downloaded from http://www.dhamma.digital

श्रावकहरू सुखी समृद्ध गर्नलाई तथागतले मन पराउनुभएको धर्मपूजा भन्ने सर्वोत्तम पूजाद्वारा पूजा गरी बुद्ध २श्रावकहरू साँच्चैको बुद्धशासनिक हुनसक्नलाई उद्योग गर्नुपर्‍यो। (*धम्मपद ट्ठ. २-१०२-१७३-६६४*)

१५) पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता।

अत्तमसम्मापणिधि च, एतं मङ्गल मुत्तमं।

१५) **देवपुत्त**=भो देवपुत्र; **यो पतिरूपदेसवासो च**=जुन योग्य अनुकूल भएको देशमा वास गर्नु; **पुब्बे**=पहिले पहिलेका जन्ममा; **या कतपुञ्ञता च**=जुन गरिआएको पुण्य रहेको भाव र; **यो अत्तसम्मापणिधि च**=जुन शरीर र मन दुबैलाई ठीकसँग लगाउनु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनैवटा धर्म; **उत्तमं**=उत्तम किसिमको; **मङ्गल**=मङ्गल हुन्।

## भावार्थ

भो देवपुत्र, अनुकूल देशमा बास गर्नु पहिले पहिलेका जन्ममा गरिएको पुण्य हुनु; शरीर र मन दुबैलाई स्थीर बनाउनु; यी तीनवटा उत्तम मङ्गल हुन्।

## अनुकूल देश

आफ्नो अर्थ परिहानी हुने ठाउँ; अनर्थ गर्ने ठाउँहरू बास गर्नलायक अनुकूल देश होइनन्। अर्थ, हित विकास हुने ठाउँ, उन्नति वृद्धि हुनसक्ने ठाउँ मात्र बस्नलायक बस्नयोग्य अनुकूल देश हुन्छ। बुद्ध-शासन विकास भइरहेको समयमा प्रत्येक व्यक्तिहरूको निम्ति सर्वश्रेष्ठ भएको वास्तविक हित र अर्थ मार्ग, फल र निर्वाण नै हो। मार्ग, फल र निर्वाणसम्म पनि लाभ गर्दैन; लाभ नभए पनि उक्त मार्ग, फल र निर्वाणमा पुग्ने कारण पुण्यकर्म नै हो। त्यसैले सर्वश्रेष्ठ फल अभिवृद्धि हुनसक्ने देश वा ठाउँलाई मात्र पतिरूपको रुपमा अर्थकथामा नियमित गरी देखाइ राखिएको छ। उक्त देशहरू त चार परिषद प्रकटरूपमा भएको देश, पुण्य क्रिया वस्तु कुशल कर्म गर्न सकिने देश, शासन वृद्धि भइरहेको देश र मध्यम देश आदिहरू हुन्।



Downloaded from http://www.dhamma.digital

## लौकिक हितार्थ

उपरोक्त अर्थकथा अनुसार **पतिरूप**-देश धार्मिक अवस्थालाई महत्व दिई व्याख्या गरिराखेको हो । लौकिक हितको निम्ति पनि पतिरूप छ, वा छैन; रोज्नु, परिक्षण गर्नु बाकी छ। आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख शान्ति, मनोरमता आदिमा उपयुक्त भए, नभएको देश पनि रहेको हुनाले अवस्था हेरी हेरी बास गर्न उचित भएका वा नभएका देशहरू रहेकै छन्। आफ्नो कामधामसँग अनुकूल नभएको देश आर्थिकको निम्ति अनुकूल नभएको देश भयो । स्कूल नभएको, गुरुहरू नभएको देश भएमा शैक्षिक अवस्थाको निम्ति बस्न अयोग्य देश भयो । ऋतु-मौसम गतिलो नहुनु, डाक्टर-वैद्य अभाव हुनु आदि कुराहरू स्वास्थ्यको निम्ति बस्न अनुपयुक्त देशहरू पनि छन् । चोर, डाँका बदमासहरू धेरै भएको ठाउँ सुख-शान्ति मनोरमता अभाव हुनसक्ने भएकोले बस्नु अनुपयुक्त छ। त्यसैले शासन उन्नति भई शिक्षा, सम्पत्ति स्वास्थ्य आदि परिहानी नभएको विकास वृद्धि समृद्धि हुनसक्ने देश पतिरूप देश हुन्छ ।

## नीतिकारको भनाई

नीतिकारहरूले 'जुन ठाउँमा मानसम्मान गर्नेहरू छैनन्; जीविकोपार्जनको निम्ति कामधन्दा छैन, आफन्त इष्टमित्रहरू छैनन्, शिक्षा लाभ हुँदैन, त्यो देशलाई त्याग गर्नुपर्छ' भनी भनिराखेका छन् । 'धनीमानि, वेदज्ञ, राजा, नदी, वैद्य नभएको देशमा बस्नहुन्न' पनि भनिराखेका छन् । फेरि 'जीवन निर्वाहको बाटो, भय लिन जान्नु, लज्जा मान्न जान्नु, बुद्धि विवेक हुनु, दान वा त्याग गर्ने यी पाँचतत्व नभएको देशमा बस्न हुन्न' भनिएको छ । त्यस्तै 'ऋण दिने, बैद्य, वेद जान्ने, पानी भएको नदीनाला यी चारतत्व नभएको देशमा बस्नहुन्न' पनि भनिएका छन्। यी सबैलाई सारांशमा हेरेमा उपरोक्त आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख सुविधा नभएको देशमा बस्नहुँदैन नै भनेको हो ।



Downloaded from http://www.dhamma.digital

## मङ्गल हुन्छ, हुँदैन

योग्य देशमा बास गर्नु लौकिक र धार्मिक दुवैतिरबाट उन्नति, विकास र अभिवृद्धि हुने भएकोले मङ्गल हो । तर पतिरूप देशमा बसे पनि लाभ हुनुपर्ने अर्थ लाभ नभएको व्यक्तिलाई मङ्गल भयो भन्न मिल्दैन । कोही व्यक्ति शासन पनि समुज्ज्वल भएको, लौकिक क्षेत्रमा पनि अनुरूप भएको देशमा बस्न पाएर पनि आफू मुर्ख, बदमास, अल्छी भएकोले लौकिकपक्षमा पनि केही फाइदा पाइएन, धार्मिक पक्षमा पनि केही विकास भएन भने उसको लागि नाम मात्र **पतिरूप देसवास** भयो, मङ्गल भइरहेको छ भन्न त सुहाउँदैन । मङ्गल भनेको असल फल लाभ हुने क्रियाकलापको नाम हो । *अट्ठङ्गुत्तर निकाय*मा मार्ग लाभको अवसर नभएको अलक्षण ८ वटा बताइएकामा जस्तै- नर्क, तिरश्चीन, प्रेत, असंज्ञासत्व, जंगली मानिसहरू, मिथ्यादृष्टि, प्रज्ञाहीन र बुद्धोत्पन्न नभएको समय हुन् । तिनमध्ये मिथ्यादृष्टिक, प्रज्ञाहीनहरूमा पतिरूप देशमा नै भए पनि मार्ग लाभ नहुने भएकोले देश मात्र होइन कि व्यक्ति पनि त्यस्ता अर्थ प्राप्तिको निम्ति पतिरूप भएको नभएको भन्ने तथ्य छँदैछन् ।

**नर्क, तिरश्चीन, प्रेतभव; असंज्ञासत्व र जंगली ।**
**मिथ्यादृष्टि, प्रज्ञाहीन; छैन उत्पन्न बुद्ध पनि ।**
**मार्ग लाभको मौका छैन; आठ अक्षणहरू यी भए ।**

## लाभ हुनु पर्दछ

तथागत श्रावस्ती नगरको उत्तर ढोकाको नजिक रहेको गाउँमा भिक्षाटनबाट फर्किंदा भेटिएका एउटा मछुवासँग नाम सोध्नुहुँदा उसले अरिय (आर्य) भनेर उत्तर दियो । त्यसबेला सत्वहरूलाई सास्ति गर्ने अरिय हुननसक्ने कुरा; सत्वहरूलाई सास्ति नगरिकन नमारिकन, दयामाया गर्न जान्नेलाई मात्र अरिय (आर्य) भनिने कुरा बताउनुभएको अवस्थामा त्यो मछुवा अरिय स्रोतापन्न भयो भनी *धम्मपद अट्ठकथा* मा वर्णन गरिएको छ । यहाँ अरियले



Downloaded from http://www.dhamma.digital

मछुवा भएर पनि पतिरूप देशमा बस्न पाएकोले भएको लाभलाई विशेषरूपले अनुभव गर्न पायो। (*धम्मपद* हु.२-२५१)

आयुष्मान देवदत्त र कोही कोही छवर्गी भिक्षुहरू उच्च श्रेणीका भिक्षुहरू भएर पनि मार्गफल लाभ भएनन्, परिहानी सहेर बसेको मात्र नभई आगामी जीवनको निम्ति पनि अनुकूल नहुने गरी दुःख भोग्नुपर्ने बनेर पतिरूप देशमा बसिरहनुको लाभ उनीहरूले अनुभव गर्न सकेनन्। यी तथ्यहरूबाट पतिरूप देशमा उत्पन्न भइरहेकाहरूले आआफूलाई प्राप्त भइरहेको मौकासँग अनुकूल बन्नको लागि उद्योग गर्नको लागि सचेत गरिरहेको छ।

## पुब्बे कतपुञ्ञता

यस जन्ममा धन सम्पत्ति सम्पन्न हुनु, विद्वान हुनु, रूपलावण्य सुन्दर हुनु, अधिकारयुक्त हुनु, परिवार धेरै हुनु आदि सम्पत्ति (=परिपूर्णता) सबै नै पहिलेका कुशलकर्मले पाइने रहेछन्। यी विषयहरू बाहेक, एकथरी होस् वा धेरैथरी, त्यस्ताबाट सम्पन्न व्यक्ति त पुण्यवान नै ठहर्दछन्। दुःखी-दरिद्र हुनु, बुद्धिहीन मूर्ख हुनु, रूप लावण्य नराम्रो हुनु, अर्काका नोकर-दास हुनु आदि पुण्यकर्म हीन भएको शोभाहीन कर्महरू हुन्। उपरोक्त सम्पत्तिहरू साँच्चै नै श्रीशोभा नै भएकाले उक्त सम्पत्तिका मालिक रहेका व्यक्तिहरू श्रीशोभायुक्त व्यक्ति भएर बस्न पाउँछन्। यहाँ 'श्री' केलाई भनिएको हो भनी बताउने अवसर आयो।

## सिरी (श्रीशोभा)

'श्रीशोभा' भनेको पालि भाषाको 'सिरी' भएकोले उक्त सिरी पदलाई **'सिरी'ति पञ्ञा पुञ्ञानं अधिवचन'न्ति वदन्ति**=सिरी भनेको प्रज्ञा र पुण्यको नाम हो' भनी आचार्यहरूले व्यक्त गरिराखेका छन्; भनी मूल टीकामा उल्लेख गरिराखेको छ। पुण्य भनेकोमा पहिलेको जन्मको पुण्य र



Downloaded from http://www.dhamma.digital

यस जन्मको पुण्य दुवैलाई मान्न सकिन्छ । यस जन्ममा नराम्रो बोली वचन, काम र मनोवृत्ति भएका व्यक्ति श्रीशोभा हीन नै भयो । राम्रो काम, कुरा र मनोवृत्ति भएका पुण्यवान व्यक्ति श्रीशोभा युक्त नै भयो । श्रीशोभा मङ्गल भनी जोडेर भन्ने चलन भएकोले यस मङ्गल सूत्रमा उल्लेख भएको मङ्गलयुक्त भएका व्यक्ति श्रीशोभायुक्त व्यक्ति नै हो ।

## श्रीको अर्को अर्थ

आचार्यहरूको भनाईमा पुण्य भनेको **कारण वोहार** (= कारण व्यवहार) मात्र हो; **सिरी** भनी मुख्यरूपले ग्रहण गर्नलाई उक्त पुण्यका कारणले उत्पन्न भइआएका सम्पत्तिहरू मात्र हुन् भन्ने धारणा अनुसार सिरि अर्थलाई फेरि अर्को एक तरिकाबाट उल्लेख गरी देखाउन चाहेकोले अथवा **'पुञ्ञनिब्बत्ता सरीरसोभग्गादिसम्पत्ति कतपुञ्ञे निस्सयति, कतपुञ्ञेहि वा निस्सीयतीति सिरीति वुच्चति'** भनी *मूलटीका*मा वर्णन गरिएको छ । - अथवा=अर्को तरिकाले; **पुञ्ञनिब्बता**=पुण्यको कारणले उत्पन्न हुने, **सरीरसोभग्गादिसम्पत्ति**=शरीर शोभायमान हुनु आदि सम्पन्नतालाई; **कतपुञ्ञे निस्सयतीति**=पुण्य गरिआएको व्यक्तिको सहारा लिनजान्ने भएकोले, **कतपुञ्ञेहि वा निस्सीयतीति**=अथवा पुण्य गर्नेहरूले सहारा लिनुपर्ने भएकोले, **सिरीति वुच्चति**=सिरी (श्री) भनी भन्नुपर्छ । (*मूल टी १-९*)

यस भनाई अनुसार पहिलेका पुण्यको कारणले उत्पन्न हुने शरीर शोभायमान हुनु, अधिकार प्राप्त हुनु, परिवार धेरै हुनु, सम्पत्ति धेरै हुनु, विद्वान हुनु आदि विभिन्न सम्पत्तिलाई 'सिरी' भनी भन्नुपर्दछ । लोकमा व्यक्तिसँग धर्म हुनाले धर्मले व्यक्तिको सहारा लिइ रहेको छ र व्यक्तिले धर्मलाई एउटा आधार भरोसा बनाउनुपर्ने भएकोले व्यक्तिले धर्मको आधार लिनुपर्ने रहेछ भन्नुपरे जस्तै यहाँ पनि सिरीलाई व्यक्तिसँग आधार लिने, व्यक्तिले आधार लिनुपर्ने स्वभावको रूपमा दुइथरी रहेको बताइसकें ।

**सिरी**-लाई **यस विभव**=यश र वैभव भनी, **पुञ्ञ**=पुण्य भनी,



Downloaded from http://www.dhamma.digital

**परिवारसम्पत्ति**=परिवार सम्पत्ति भनी, **इस्सरिय**=अधिकार सम्पन्न हुनु भनी र, **पभा**= प्रभा इत्याादि भनी क्षेत्र अनुसार *अट्ठकथा* मा वर्णन गरिएको देखिन्छ। ती वर्णनहरू अनुसार सम्पत्तिहरू मात्र भएकोले *मूलटीका*मा विभिन्न सम्पत्तिहरू भन्ने अर्थलाई समर्थन गरिरहेको छ। त्यसैले **सिरी** (=श्री शोभा) लाई यस जन्मको कुशल कर्म, पुण्य, मङ्गल र पहिलेको पुण्यकर्म, यस जन्मको ज्ञानबल, वीर्यबलको कारणले पाइएका, उत्पन्न भएका विभिन्न सम्पत्ति फल गुणलाई सिरी भनी भन्नु उपयुक्त छ। निर्जीव वस्तुमा पनि श्री व्यवहार पाइन्छ। उपमा- धेरै राम्रा फूलहरू देखेमा कति शोभायमान फूल भनी भन्दछन्। त्यो शोभायमान वा सिरी भनेको पनि ती फूलहरूको सम्पत्ति गुण नै हो। त्यसैले निर्जीव चीज वस्तुहरूमा पनि ऋतु बीज आदिका कारणले र अरु अरु रेखदेख मरम्मत स्याहार-सम्भार आदि विभिन्न कारणबाट उत्पन्न हुने विभिन्न सम्पत्ति गुणांगलाई नै 'श्रीशोभा' भन्नुपर्दछ।

## श्री सर्छ

विभिन्न सम्पत्तिलाई 'सिरी' भनिएमा *दुकनिपात, सिरी जातक* वर्णनमा श्री सर्छ भन्ने भनाईलाई कसरी लिने नि ? भनी प्रश्न गर्न सकिन्छ। अनाथपिण्डिक महाजनसँग श्री चोरेर लिन्छु भनी श्रीलक्षण जान्ने एकजना ब्राह्मण आइपुगे। श्री कहाँ छ नि भनी हेर्दा महाजनका सेतो भाले कुखुराको कल्कीमा बसिरहेको देखे। सेतो भाले माग्दा महाजनले लानुस् भन्नासाथ श्री मणि रत्नमा सर्नगयो। मणिरत्न माग्दा लौरोमा सर्न गयो। लौरो माग्दा श्री पुण्यलक्षणदेवी नामकी महाजननीमा सर्न गयो। त्यसरी महाजननीमा सर्दा यो त माग्न नहुने चीज भयो भनी हरेस खाई आफूले यी चीजवस्तुहरूको इच्छाले होइन, श्री चोर्न आएको हुँ, तर आफूले मागेमागेका बस्तुबाट श्री सर्दै सर्दै गएको कुरा यथातथ्य बताई ती बस्तुहरू नलिइकन नै फर्केर गए ।



Downloaded from http://www.dhamma.digital

## लक्षण (= चिन्ह) मात्र

यहाँ श्री भने पनि श्रीशोभा वृद्धिको कारण रहेको लक्षण (चिन्ह) एउटै हो भनी भनेको बुझ्न सकिन्छ। लोकमा 'फलानो पन्छी-पशु पाल्यो भने अर्थवृद्धि हुन्छ भन्दछन्। फलानो पत्थर धारण गऱ्यो भने सम्पत्ति वृद्धि हुन्छ पनि भन्दछन्। त्यस्ता पशुपन्छी, पत्थर आदिमा सम्पत्ति वृद्धि हुने कारण रहेका लक्षणहरू रहेको हुनाले राम्रो जन्त्र हुनपुग्यो। त्यस्तै नै श्री वृद्धि कारण भएको जन्त्रको रूपमा लक्षणहरू युक्त भएकोलाई भनेको हो।

उक्त लक्षण सर्छ भने पनि यताउति उफ्रेर, सरेर जानुलाई भनेको होइन होला। यहाँबाट श्री लक्षण बिलाएर गई अर्को ठाउँमा नयाँ लक्षण देखा पर्नुलाई भनेको हुनुपर्छ। उक्त वस्तु स्थिति असल जन्त्रको रूपमा स्थीर भइ रहनुलाई विशेषता भएको रंग रूप आदि संकेत लक्षण प्रकट हुनथालेको हो भनी भन्न सकिन्छ। मानिसको हत्केलामा समेत लक्षणहरू हराईजानु, नयाँ देखापर्नु आदि हुनसक्छ। लोकमा कतिपय स्वभावहरू र उक्त स्वभावलाई जान्ने विद्याहरू विचित्र छन्। ती स्वभावहरूलाई जान्ने प्रज्ञाज्ञान भएकोलाई उक्त ज्ञान आफूसँग नभएकोले नजानेकोले हुनै सक्दैन भनी निश्चितरुपले भन्न मिल्दैन।

Dhamma.Digital

## सिरी जातक

माथिको ब्राह्मणको कुरा महाजनले तथागतमा निवेदन गर्दा पहिले पहिले श्री सरेर गएको घटना *श्री जातक कथा* बताउनुभयो। एउटा दाउरे जंगलमा दाउरा चिरेर फर्कंदा नगरको ढोका बन्द भइसकेपछि मात्र आइपुगेकोले नगरबाहिर एउटा देवमन्दिरमा सुत्नुपऱ्यो। त्यो मन्दिरको नजिकै रहेको रुखमा अभय दानको रूपमा छोडिएका कुखुराहरू आ-आफ्नो खोरमा सुत्दा माथि बसेको कुखुराले बिस्टा गरेको तल बसेको कुखुराको जिउमा पर्नाले आपसमा झगडा गरेर शक्तिको बाजी ठोकी कराई रहे। तल बसेको कुखुराले 'मेरो मासु गोलमा पोलेर खायो भने एकविहानै एक हजार दाम लाभ हुनसक्छ' भनी भन्यो। माथिको कुखुराले भन्यो- जाबो त्यति कुरामा फुर्ति न



Downloaded from http://www.dhamma.digital

लगा; मेरो गाँठो गाँठो परेको भित्री मासु खानपायो भने उ राजा हुनसक्छ; बाहिरको मासु खानपायो भने लोग्ने मान्छे भए सेनापति, स्वास्नी मान्छे भए महारानी हुनसक्छ। हाडमा टाँसिएको मासु खायो भने गृहस्थी भए राजाका भण्डारे, भिक्षुश्रमण भए राजगुरु हुन सक्छ' भनी भन्यो। यी कुरा सुनेका दाउरेले 'राजा हुने भए एक हजार दामले के गर्नु र' भनेर चढेर गई माथिको कुखुरालाई समातेर ल्यायो।

प्वाँख उखेली आन्द्रा सफा गरिसकेपछि स्वास्नीलाई पकाउन लगायो। पाकेपछि 'यो मासु प्रभावशाली छ, नुहाइ धुवाइ गरिसकेपछि खाउँला' भनेर भातको भाँडो समेत लिएर गंगा (नदी) मा गएर घाटमा बिसाई नुहायो। त्यसैबेला ठूलो आँधीबेरी सहित वर्षात आउँदा भातको भाँडा पनि पानीको छालले बगाई लग्यो। दाउरे दम्पति भाग्नुपर्‍यो।

उक्त भातको भाँडो नदीमा बग्दै तल हात्तीहरूलाई नुहाइ दिइरहेको माहुत्तेकहाँ पुग्यो। बिर्को खोलीहेर्दा पाकेको कुखुराको मासु भनी थाहापाई छाप राखेर आफू आएपछि मात्र खोल्ने सूचित गरी घरमा दिन पठायो। माहुतेका गुरु दिव्यचक्षु भएका ऋषिले आफ्नो दाताको स्थिति विचार गरी हेर्दा उपरोक्त घटना थाहापाई अगावै घरमा आएर बसिरहे। माहुते पनि घर फिरिसक्दा भातको भाँडा गुरु ऋषिलाई चढाउन लगाए। ऋषिले 'यो तरकारी म व्यवस्था गरिदिन्छु।' भनेर कलेजो, मुटु आदि भित्रको मासु माहुतेलाई, बाहिरको मासुजति माहुतेकी स्वास्नीलाई छुटाएर दिइसकेपछि आफूले हाडमा टाँसिएको मासु सेवन गरे।

त्यसपछि 'तीनदिन पछि तिमी राजा हुन पाउनेछौ; अप्रमादी भई बस' भनी सूचित गरी ऋषि पनि फर्केर गए। तीनदिनपछि अरू देशका एउटा राजासँग युद्ध गर्दा राजाले माहुतेलाई राजाको रूप लिनलगाई आफू सैन्यहरूको बिचमा गुप्त भेषमा बसी लडाई गर्न जाँदा शस्त्र लागेर राजा परलोक भए। यता माहुतेले लगातार युद्ध गरी विजय भएकोले राजाको तहमा पुग्न पाए। (*जातक ट्ठ. २- ३६९*)



Downloaded from http://www.dhamma.digital

## अत्तसम्मापणिधि

(**अत्त**=चित्तलाई; **वा**=सम्पूर्ण शरीर आत्मभावलाई; **सम्मा**=सम्यकरूपले; **पणिधि**=राख्नु ।) चित्त खराब हुनेको शरीर पनि कुरूप हुन्छ; वचन पनि खराब हुन्छ । चित्त असल भयो भने शारीरिक क्रियाकलाप पनि असल भई बोली-वचन पनि राम्रो हुन्छ । चित्त प्रधान भएकोले **'अत्ताति वुच्चति चित्तं**=चित्तलाई अत्त भनी भन्नुपर्छ' भनी *अर्थकथा* मा वर्णन गरिएको छ । यो भनाई अनुसार **अत्तसम्मापणिधि**=चित्तलाई ठीकसँग राख्नु भनेको हो । **अत्त** शब्दले सम्पूर्ण शरीर आत्मभावलाई पनि ब्यक्त गरिंदो रहेछ । सम्पूर्ण शरीर आत्मभावलाई राम्ररी राख्ने रहेछ भन्दाखेरि चित्त पनि त्यसैमा समाहित भयो नै । त्यसैले **'सकलो वा अत्तभावो**=सम्पूर्ण शरीरलाई पनि **'अत्त'** भनी भन्नुपर्ने कुरा वर्णन गरिराखिएको छ । यी दुवै अर्थलाई लिएर 'शरीर र मनलाई राम्रोसँग राख्नु' भनिआएको हुँ ।

## राम्रोसँग राख्ने तरिका

*अर्थकथा* मा, श्रद्धा नभए श्रद्धा हुने गरी, शील भइनसकेको भए शील हुने गरी, मात्सर्य भइराखेको भए त्याग (=दान प्रदान गर्नु) उत्पन्न गरी काम गर्नुलाई **अत्तसम्मापणिधि**- भनिएको हो । खराब चिन्तन, कार्य, बोलीवचन उत्पन्न नहुने गरी, उत्पन्न भई आएमा पनि हटाएर पर सारेर मनोवृत्ति, क्रियाकलाप र बोलीवचन राम्रो पार्दै लानुलाई **'अत्तसम्मापणिधि'** भन्नुपर्दछ । लौकिक दृष्टिले भनेमा रोग-व्याधि नहुनेगरी स्वास्थ्य अनुकूल हुनेगरी भोजन, रहन-सहन आदिमा ध्यान दिनु, आर्थिक शैक्षिक आदि विषयमा अल्छी मान्नु, पछि हट्नु उत्पन्न नगरिकन प्रयास र उद्योग गर्नु आदि द्वारा आफ्नो शरीर र मनलाई राम्ररी बनाइलाने सुधार गर्नु जस्ता सबैसँग सम्बन्धित रहेका छन् । यो **अत्तसम्मापणिधि** अत्यावश्यक कुरो हो । यो मङ्गलले सम्पन्न भएमा धेरै धेरै मङ्गलहरू परिपूर्ण हुनेछन् । पहिलेका जन्मका कुशलकर्म नभएका भए पनि यस जन्ममा



Downloaded from http://www.dhamma.digital

**अत्तसम्मापणिधि** भए भने सुख-समृद्धिपूर्ण भई पछिका जन्ममा पनि राम्रो भई सप्रेर जान्छ । पहिलेका जन्मको पनि कुशल छ, यस जन्ममा पनि यो मङ्गल रहेको छ भने त भन्ने कुरो नै रहेन । पहिले राम्रो गरिआएकोले अहिले राम्रो भइरह्यो । अहिले पनि राम्रो भएकोले पछि पनि राम्रो हुनेभयो । पूरै राम्रैराम्रो मात्र भई चक्र घुमिरहने छ ।

## श्रेणी उच्च पार्नु

**'मिच्छापणिहितं चित्तं; पापियो नं ततो करे**=खराब मनोभावले त्यस्ता मनोवृत्ति भएकालाई दुष्ट र नीच गरिदिन्छ ।' **'सम्मापणिहितं चित्तं; सेय्यसो नं ततो करे**= असल मनोभावले उक्त व्यक्तिलाई उच्च श्रेणीमा पुग्नसक्ने बनाइदिन्छ ।' यस *धम्मपद* गाथा (१९) अनुसार उच्च श्रेणी भएका, निम्न श्रेणी भएका भावलाई **अत्तसम्मापणिधि** हुनु र नहुनुले नियमित गरीदिन्छ । **अत्तसम्मापणिधि** भएमा मानिसको श्रेणी उच्च हुन्छ, छैन भने मानिस भन्ने नाम मात्र पाएको हुन्छ मानिसको श्रेणीमा पुगेको छैन भनी भन्नु पर्ला । साँच्चै हो, मनुस्सको अर्थ चित्तवृत्ति श्रेष्ठ पवित्र भएको भएकोले **अत्तसम्मापणिधि** नभएकोमा उक्त अर्थ कहाँ लागु हुनसक्ला र ! तिरश्चीनहरूमा ईर्ष्या हुनु, कपटी हुनु, लोभ द्वेष धेरै हुनु अत्यधिकरूपले हुने भएकोले त्यस्ता चित्तहरू पातलिंदै घट्ने किसिमले गर्नाले तिरश्चीनहरूसँग सरोबर नहुने गरी मनुष्यको श्रेणीमा पुग्नसक्ने गरी प्रयास गर्नु उचित छ । मैत्री करुणा अभाव भई परस्पर मनोभाव बिग्रेर मानिस परस्पर एकले अर्कालाई, एउटा समितिले अर्को समिति, एउटा संगठनले अर्को संगठनसँग मेलमिलाप अभाव भई भेद भइरहँदा **अत्तसम्मापणिधि** भयो भने त परस्पर एकता भई सितल, रमाइलो मनुष्यलोक सृजना गर्न सकिने भएकोले लोक रमणीय बनाउनमा यो **अत्तसम्मापणिधि** महत्वपूर्ण छ ।



Downloaded from http://www.dhamma.digital

## ऐना हेर्नु जस्तो

यस **अत्तसम्मापणिधि** उत्पन्न गर्न *मज्झिमपण्णास राहुलोवाद सुत्त*मा आयुष्मान राहुललाई तथागतले दिनुभएको अववाद उपदेश अनुसरण गर्नलायक छ । **'किमत्थियो आदासो**=ऐना केको लागि हो ?' भनी तथागतले सोध्नुहुँदा **'पच्चवेक्खणत्थो भन्ते**=प्रत्यवेक्षण (=निरीक्षण) गर्नलाई हो, भन्ते' भनी आयुष्मान राहुलले उत्तर दिए ।

ऐना हेर्नु भनेको आफूले लुगा लगाएको ढंग, सजाएको ढंग, घसेको ढंग, केश कोरेको ढंग, ठीक ठाउँमा परेको छ, वा छैन, राम्रो छ, वा छैन, आफ्नो अनुहारमा र शरीरमा कुनै दाग साग लागेका दोषहरू छन्, कि छैनन् ? भनी थाहा पाउनको लागि हो । त्यसैले निरीक्षण गर्नलाई काम लाग्छ भनी आयुष्मान राहुलले निवेदन गरेका थिए । त्यसपछि तथागतले 'ठीक छ, राहुल ! त्यो ऐनामा हेरेर गरेजस्तै नै निरीक्षण गरी कायिककर्म गर्नुपर्छ; निरीक्षण गरी वचीकर्म गर्नुपर्छ; निरीक्षण गरी मनोकर्म गर्नुपर्छ' भनी ओवाद उपदेश दिनुभयो । आफ्नो शरीर, वचन र मनोभावहरूलाई प्रज्ञारूपी ऐनामा बारम्बार अगाडि राखी राम्रा नराम्रा हेरी नराम्रा भएमा सच्याएर राम्रो पारी दिनुपर्छ भनी आज्ञा हुनुभएको नै मूल उद्देश्य हो । (*मज्झिमपण्णास, राहुलोवाद सुत्त* ७८)

## चारवटा चक्र

यी तीनवटा मङ्गलमा **'सप्पुरिसुपनिस्सय** (=सत्पुरुषहरूको आश्रय लिनु) मिसायो भने चारवटा चक्र बन्दछन् । यी चारवटा **चक्कं** सम्पन्न व्यक्तिलाई धन-वैभव वृद्धि हुनसक्ने, परिवार, यश, कीर्ति, सुख, समृद्धि लाभ हुनसक्ने कुरा भगवान्बाट आज्ञा भएको *चतुकङ्गुत्तर चक्कवग्ग* (३४१) मा उल्लेख छ । अनुकूल देशमा बास गर्नु, पहिले पहिलेका पुण्यकर्म संचित हुनु, सत्पुरुषको भरोसा लिन पाउनु, आफ्नो शरीर र मनलाई राम्ररी राख्नु; यी चारवटाले सम्पन्न व्यक्ति भावी जन्ममा पनि सम्पन्न नै हुन पाउँछ । यसरी अटुटरूपले घुमिरहने भएकोले **'चक्क**=चक्र' भनी भन्नु पर्छ ।



Downloaded from http://www.dhamma.digital

यी चारवटैमा **'पुब्बे कतपुञ्ञता'** मुख्य प्रमाण भएको छ । ज्ञान सम्प्रयुक्त चित्तले कुशल पुण्य गर्ने व्यक्तिलाई उक्त ज्ञान सम्प्रयुक्त चित्तले पतिरूप देशमा पुऱ्याइ दिन्छ । सत्पुरुषको आधार पाइने गरी प्रबन्ध गरीदिन्छ । आफ्नो शरीर र मनलाई राम्ररी राख्न जान्ने बनाइदिन्छ । यसरी भगवान्‌बाट आज्ञा भएको कुरा *चतुकङ्गुत्तर* र *दीघनिकाय संगीति सुत्त अर्थकथा*मा उल्लेख भएको छ ।

## अझै ढुक्क हुने अवस्था छैन

उपरोक्त तथ्यहरू साँच्चै पारमी सम्पन्न पश्चिम भविकहरूको निम्ति मात्र पर्याप्त हुनसक्छ । सामान्य पुण्यवानहरूले त मन ढुक्क पारेर बस्ने मौका छैन । आयुष्मान देवदत्त पतिरूप देशमा पनि उत्पन्न हुनपाएका, असली सत्पुरुष तथागतको भरोसा पनि पाएका हुन् । पहिलेका पुण्यकर्म पनि भएका हुन् । तर **'अत्तसम्मापणिधि'** भंग पारी परिहानी र अनर्थ भोग्नुपऱ्यो । अजातशत्रु पनि एकजना पुण्यवान नै थिए । स्रोतापन्न सत्पुरुष पिताको भरोसा लिनपाएर पनि देवदत्तसँग संगत परेको गल्तीले **'अत्तसम्मापणिधि'** बिगारी हानी सहनुपऱ्यो । यी तथ्यहरूले पृथग्जन गतिको जीवन सुरक्षित नभएको भावलाई व्यक्त गरिएको हुनाले पृथग्जन गतिले जीवनबीमा भएको आर्य भूमिमा पुग्नलाई महत्व दिई उद्योग गर्न योग्य भएको कुरा यसले सचेत गरिरहेको छ ।

१६) **बाहुसच्चञ्च सिप्पञ्च; विनयो च सुसिक्खितो ।**
**सुभासिता च या वाचा; एतं मङ्गल मुत्तमं ।**

१६) **देवपुत्त**=भो देवपुत्र; **यं बाहुसच्चञ्च**=जुन धेरै बहुश्रुत (विद्वान्) हुनुको भाव; **यं सिप्पञ्च**=जुन हस्त शिल्पविद्या सिकिराख्नु पनि; **सुसिक्खितो**=राम्ररी सिक्नुपर्ने, आचरण गर्नुपर्ने; **यो विनयो च**=जुन भद्र व्यवहार गर्नु; **सुभासिता**=बचनबोली राम्रो गर्नुपर्ने; **या वाचा च**=जुन वचन पनि; **अत्थि**=छन्; **एतं**=यी चार; **उत्तमं**=उत्तम; **मङ्गल**=मङ्गल नै हुन् ।

Downloaded from http://www.dhamma.digital

## भावार्थ

भो देवपुत्र ! धेरै बहुश्रुत (विद्वान) हुनु, हस्त शिल्पविद्या जान्नु, आफ्नो आचरण विनय सिक्नु, आचरण गर्नु, वचनबोली राम्रो बोल्नु; यी चार उत्तम मङ्गल हुन् ।

## बाहुसच्च

(**बहुस्सुतस्स भावो, बाहुसच्चं ।-बहुस्सुतस्स**=धेरै ज्ञान सुनेको, हेरेको, बुझेको; **भावो**=स्वभाव हो; **बाहुसच्चं**=धेरै धेरै ज्ञान सुनेको हेरेको व्यक्तिको स्वभाव । बहुस्सुत पद, भाव अर्थमा ण्य प्रत्यय । *मोग्गल्लान व्याकरण* मा दोस्रो अक्षर उ-लाई अ-गरी संयोग आदि (पहिलो) स-लाइ लोप गरी बाहुसच्च भनी सिद्ध गर्दछ । *रूपसिद्धि* ले त उ-लाई मात्र अ-गरी स-लाई त लोप गर्दैन । *रूपसिद्धि*को विचार अनुसार बाहुस्सच्च-भनी स संयोगले हुनुपर्छ ।

## साहित्य ज्ञान

हेर्नु, सुन्नु भनेको हेरेर सुनेर अभ्यास गरिराखिने त ग्रन्थ, साहित्यहरू नै भएकोले **बाहुसच्च**को स्वरूप ग्रन्थ, साहित्यज्ञान भइराख्नुलाई ग्रहण गर्नुपर्दछ । पहिले विद्या र शिल्प भनी ज्ञान दुई थरीमा विभाजन गर्ने चलन रहेको हुनाले विद्यालाई वचन ज्ञान भन्ने गर्दथे । *चतुर्वेद* आदि १८ प्रकारका विद्याहरू नै हुन् । त्यसयुग अनुसार भन्नुपर्दा बाहुसच्चको स्वरूप उक्त विद्या भनेको ग्रन्थ साहित्य जानेको हुनु भनी भन्नुपर्छ । तर हिजोआज बर्मा देशको विश्वविद्यालयमा नियमित गरिराखेको विद्या भनिने शिक्षाहरू पहिलेका भन्दा धेरै छन् र गहिरो शिक्षा विषय समेत समावेश छन् ।

## आँखाले नदेख्ने तथा देख्ने

नीतिकारहरूले 'द्वन्द, संशयलाई हटाइदिने अप्रत्यक्ष भइरहेको अर्थ



Downloaded from http://www.dhamma.digital

हितलाई देखाउनसक्ने ग्रन्थ साहित्यहरू प्रत्येक व्यक्तिहरूका आँखा भएकोले ग्रन्थ साहित्यरुपी आँखा नभएको अन्धो नै हो' भनिराखेको छ। ग्रन्थ साहित्यहरूबाट वर्तमान दृष्टान्त फल, विभिन्न भविष्य जीवनका फलहरू जान्न पाइने भएकोले ग्रन्थ साहित्य जान्नुले लौकिक र धार्मिक क्षेत्रमा सहिमार्ग, यथार्थ पद्धतिको आचरण गरी भयरहित उपद्रवरहित भई सुखमा पुग्न पाइन्छ। ग्रन्थ साहित्य नजान्ने व्यक्ति छामछुम गरी केही नजानिकन बाटो हिंड्नु जस्तै हुनाले कहिले गलत, कहिले सहि भएर हानि सहेर बस्नुपर्ने हुनसक्छ। **अन्ध** (= दुइटै आँखाले नदेख्ने), **एकचक्खु**=कानो ( एउटा आँखाले नदेख्ने) र **द्विचक्खु** (=दुवै आँखाले देख्ने), भनी तीन थरिका व्यक्ति भएकोमा इहलोक र परलोकको अर्थ मध्ये कुनै नजान्ने अन्धो भयो। यस जन्मको अर्थ (फाइदा) को लागि मात्र जान्ने एक चक्षुक हो। दुवै जान्ने भए द्विचक्षु भयो। आफू दुवै आँखा देख्ने बन्नलाई द्विचक्षुको आधार लिनुपर्दछ। भगवान्‌बाट यो तथ्य आज्ञा भएको *तिकङ्गुत्तर* मा उल्लेख छ। साहित्य ज्ञान विद्या जान्ने बुझ्ने द्विचक्षु हो। (*अं१ -अन्धसुत्त* १२६)

## रतन

**'पञ्ञा नरानं रतनं**=प्रज्ञा मानिसहरूको रत्न हो' भनी तथागतले उपदेश दिनुभयो। नीतिकारहरूले पनि 'सम्पूर्ण सम्पत्तिहरूमध्ये प्रज्ञा सम्पत्ति सर्वोत्तम छ। किनभने मनुष्यबाट पनि चोर्न नसकिने; मूल्य पनि राख्न नसकिने; जति बाँडे पनि, खर्च गरे पनि नसिद्धिने भएकोले हो' भनिएको छ। प्रज्ञा प्रियकर रत्न भएकोले नै प्रज्ञा रत्न अलंकार भएको व्यक्ति जुनसुकै उत्सवको माझमा वा बाहिर जस्तोसुकै ठाउँमा होस्, धेरै मानिसहरूबाट हेर्न लायक र शोभायमान हुनपाउँछ। प्रज्ञा ज्ञान नजानेका व्यक्ति भने धेरैजनाको सभाको बिचमा देखापर्न नसक्ने, लुकेर बस्नुपर्ने भएको रत्नहीन भई शोभारहित भएकोले नै हो। नीतिकारहरूले 'रूपसम्पत्ति



Downloaded from http://www.dhamma.digital

सुन्दर भएर शोभायमान भएको भरखरको तरुण, उच्च कुल वंशको भए पनि प्रज्ञाज्ञान नजानेको भयो भने गन्ध नभएको निम्नस्तरको पलाँस फूलजस्तै शोभाविहीन हो' भनेर र 'गुरु आचार्यहरूकहाँबाट विधि नसिकेका, ग्रन्थ साहित्य अध्ययन नगरेका, विद्यारहित व्यक्ति हंसराजहरूको बिचमा बकुल्ला झैं शोभाहीन हुन्छ' भनी भनिराखेका छन् ।

प्रज्ञावान व्यक्तिले रत्न धारण गरिराखेको जस्तै सबैको अगाडि प्रकट हुनु, शोभा हुनु, धेरैजनाको आधार भरोसा हुनु, कीर्तिमान हुनु, परिवार धेरै हुनु, धनसम्पत्ति वैभव लाभ हुनु आदि लौकिक अर्थ अनुभव गर्न पाउनु मात्र नभई प्रज्ञाद्वारा जान्नसकिने आचरण गर्न लायक, विरमण गर्न लायकलाई आचरण गर्नु र विरमण गर्नुद्वारा सुगततिभावमा पुग्नपाइने आदि पारलौकिक अर्थ पनि अनुभव गर्न पाउने हुन्छ । त्यसैले प्रज्ञा बहुश्रुत हुनु मङ्गल हो ।

## आचरण पनि गरेमा मात्र

प्रज्ञा बहुश्रुत हुँदैमा स्वतः मङ्गल हुने होइन । जानेबुझेअनुसार आचरण गर्नेलाई मात्र मङ्गल हुन्छ । भिक्षु कपिल स्थविर त्रिपिटकधर, गणवाचक आचार्य हुनुहुन्थ्यो । आफ्नो प्रज्ञाका कारणले धेरै परिवार भएका र धेरै लाभसत्कार भएका कारणले गर्दा अभिमान चढेर धर्मलाई अधर्म, अधर्मलाई धर्म भनी गलत गलत ढंगले बरबाद हुनेगरी कुरा गर्ने, काम गर्ने गरिआएको कारणले उनको आफ्नो प्रज्ञा बहुश्रुत असल फल पाउनको लागि नभई अवीचि नर्कमा पुग्नको निमित्त हुनपुग्यो ।

'धेरै-धेरै ग्रन्थहरू जाने पनि मुर्ख हुनसक्छ । ग्रन्थमा बताइएअनुसार आचरण गर्ने मात्र प्रज्ञावान् हुन्छ । अनुपात मिलाएर विचार गरी राम्ररी जोरजाम गरिएको औषधिद्वारा मात्र रोगीहरूको रोगलाई निको हुनेगरी उपचार गर्नसक्छ । औषधिको नामले मात्र रोग निको पार्ने काम गर्न सक्दैन ।' यो नीतिले आचरण नगर्ने व्यक्तिसँग भएको प्रज्ञा बहुश्रुत लाभकारक नभएको कुरा देखाइरहेको छ । भगवानले यो अवधारणा बताउनुभएको *चतुकङ्गुत्तर*



Downloaded from http://www.dhamma.digital

*अप्पस्सुत्त सुत्त (३१२)* मा पनि उल्लेख छ। हेर्नु, सुन्नु कम हुनाले श्रुतले सम्पन्न नभएको, हेर्नु सुन्नु कम भएर पनि श्रुतले सम्पन्न भएको, हेर्नु सुन्नु धेरै भएर श्रुतले सम्पन्न नभएको, हेर्नु सुन्नु पनि धेरै भएर श्रुतले पनि सम्पन्न भएको भनी चार प्रकारका व्यक्तिहरू छन् भनी बताउनुभएको छ। हेर्नु सुन्नु कम भएपनि आफूले जानेजति आचरण गर्ने व्यक्ति श्रुतले सम्पन्न हुनपाउँछ; सुन्नु, हेर्नु धेरै भए पनि आचरण गरिएन भने श्रुतले सम्पन्न नभएको नै हुन्छ। 'बुद्धि-विवेक पुस्तकमा छ' भनिए झैं उक्त बुद्धि-विवेक आफूसँग युक्त हुनेगरी काम गर्ने दुर्लभ छ। बुद्धि-विवेक गुण सुन्दर रत्न नै भएकोले उक्त बुद्धि विवेकले आफूलाई सिंगार्नुद्वारा अरुभन्दा भिन्नै खालका विशेषतायुक्त हुनेगरी आचरण गर्नु योग्य छ।

## सबै राम्रो हुनुपर्छ

कसैकसैले 'किताबमा छँदैछ नि' भनेर कण्ठ गर्नु, याद गरी धारण गर्नु इच्छा गर्दैनन्। त्यस्ताहरू नजान्ने व्यक्तिहरूभन्दा फरक छैन। 'पुस्तकमा भएको प्रज्ञा, अर्काको हातमा रहेको धन-सम्पत्ति प्रज्ञा पनि होइन, धन सम्पत्ति पनि होइन' भन्ने नीतिकारहरूको भनाई छ। जुनसुकै साहित्य नै किन नहोस् पूर्णता र दक्षता हुनेगरी हासिल गरिराख्न योग्य छ। त्यस्तो नभई ज्युँत्युँ मात्र अध्ययन गरियो भने फायदा वा लाभ हुन गाह्रो हुन्छ। ग्रन्थको भनाइ अनुरूप नहुनु, नाघ्नु आदिले अनर्थ समेत हुनजानसक्छ। प्रज्ञा संचय गर्दा उद्देश्य पनि राम्रो हुनुपर्दछ। अरुलाई हमला गर्नको लागि, मान अभिमान बढाउनको लागि, आदि नराम्रो चित्तवृत्ति राखेर अध्ययन गरिने प्रज्ञाले मंगल नहुन सक्छ।

बोधिसत्वहरूमा धेरै सत्वहरूप्रति अर्थहितको कामना भएको चित्तवृत्ति भइरहने हुनाले उक्त चित्तवृत्तिका कारणले गर्दा नै बोधिसत्वहरूको प्रज्ञा सत्वहरूलाई फाइदाका निम्ति हुन्छ। आफ्ना ज्ञातिबन्धुहरूका निम्ति त्यसको अतिरिक्त सके भने, सम्पूर्ण विश्वको कल्याणको निम्ति भने जस्तो उद्योग गऱ्यो भने, प्रज्ञापारमी सिद्ध हुन्छ।



Downloaded from http://www.dhamma.digital

भगवान्‌ले *मूलपण्णास अलगद्दूपम सुत्त (१८६)* मा सर्प समात्ने विधि जान्नुपर्ने कुरा बताउनुभएको उल्लेख छ। सर्पलाई जिउमा वा पुच्छरमा बेढंगले समात्यो भने सर्पद्वारा टोकेर मरिनसक्छ। भेडा बाखाका खुरजस्तो आकारको (सर्प समात्ने विशेष प्रकारको) लट्ठीले कसेर दबाएर समात्यो भने सर्पले टोक्नुबाट बचिन्छ। त्यस्तै नै राम्ररी सिकेका उपदेश अर्थयुक्त भई राम्रो चित्तले नसिकिकन उद्देश्य गलत भयो भने अनर्थ हुनसक्ने कुरा बताउनुभएको छ।

## प्रज्ञा अनर्थ हुँदैन

अल्प मात्र प्रज्ञा भए पनि कुनै न कुनै दिन फल दिने नै हुन्छ। त्यसैले हीन, मध्यम र प्रणीत भनी नछुट्याईकन सबैखाले प्रज्ञा विद्या जान्न-बुझ्न योग्य छन्। पहिले वाराणसी निवासी माणवक एकजना तक्षशिलामा दिशाप्रामोक्ष आचार्यकहाँ प्रज्ञा विद्या अध्ययन गर्न आइपुग्यो।

कर्तव्य राम्ररी पालन गर्ने शिष्य हुनाले आचार्यले कोसिसपूर्वक सिकाइ दिन्थे। तर पनि मन्दबुद्धिको भएकोले उसले विद्या सिक्न सकेन। आचार्यले उसलाई जंगलमा लगेर एउटा मन्त्र सिकाइ दिए। त्यो मन्त्र **'घट्टेसि घट्टेसि, किं कारणा घट्टेसि, अहम्पि तं जानामि, जानामि'** थियो। आफ्नो भाषामा भन्दा तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ। किन कोसिस गरिरहेको हो भन्ने कुरा मैले जानेको छु, जानेको छु, अर्थ भयो। सयौं पटक घोक्न लगाएर बल्ल कण्ठ भएपछि 'तिमीले यो मन्त्र नहरिने गरी नबिर्सिकन सधैं पाठ गर्नू; यस मन्त्रद्वारा तिम्रो जीवन निर्वाह हुनसक्नेछ' भनेर बाटो खर्च दिई शिष्यलाई बिदा दिई फर्काइदिए।

उक्त माणवक वाराणसीमा आफ्नो घर पुगेर पछि एक दिन रातमा वाराणसीका राजा शहर निरीक्षण गर्न आफ्नो भेष बदलेर घुमिरहेका थिए। त्यसबेला चोरहरूले दुइवटा घरमा एकैचोटी चोर्ने हिसाबले दुइटा घरका बिचमा प्वाल खनिरहेको देखेर राजा घरको छाँयामा लुकेर उभिरहे। चोरहरू



Downloaded from http://www.dhamma.digital

भित्ता प्वाल पारी घरभित्र पुग्दा तक्षशिलाबाट फर्केका उक्त माणवक बिउँझेर त्यही 'घट्टेसि घट्टेसि' आदि मन्त्र पाठ गर्न थाल्यो । चोरहरू डराएर धोती नै फुस्कने गरी त्यहाँबाट भागे । राजा त्यो घरमा चिन्ह लगाएर त्यहाँबाट फर्केर बिहान भएपछि राजाले उक्त माणवकलाई डाक्न पठाए । माणवक आइपुगेपछि त्यो मन्त्र सिकाइदिन हुकुम भएपछि समान स्तरमा बसेर सिक्नुपर्ने कुरा बिन्ती गरे । राजाले पनि उसको इच्छा अनुसार गरी मन्त्र सिकिसकेपछि गुरु दक्षिणाको रूपमा एकहजार कार्षापण चढाएर फर्काइदिए ।

त्यसबेला सेनापतिले हजामलाई एकहजार कार्षापण घुस दिएर 'राजाको जुँगादाढी खौरने बेलामा छुरीले राजाको घाँटी रेटेर मार; म राजा भएपछि तिमी सेनापति बन्न पाउनेछौ' भनेपछि हजामले पनि स्वीकारेछ । राजाको जुँगादाढी खौरने दिनमा श्रीखण्ड पानीले दाढी भिजाइसकेपछि छुरी छोएर हेर्दा धार नपुगेको लागेर एकैमारमा छिनिने गरी घाँटी काट्नलाई अझै घोट्नुपर्ला भनी छुरी घोटीरह्यो । त्यसबेला राजाले आफूले सिकेको मन्त्र सम्झेर पढे । 'तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ; किन कोसिस गरिरहेको हो, उक्त रहस्य मैले जानेको छु, जानेको छु' भनेको मन्त्र भएकोले हजामले 'मेरो कुरा त राजाले थाहा पाइसकेका रहेछन्' भनी राजाको पाउ समाती क्षमा दिइ मुक्त गरियोस् भनी प्रार्थना गऱ्यो । केरकार गरिंदा राजालाई मार्न सेनापतिले अह्राएको खुलेपछि सेनापतिलाई देश निकाला गरिदिए । आफूलाई त्यो मन्त्र सिकाइदिने गुरु माणवकलाई बोलाई गुरुको भरोसाले म बाँच्न पाएँ भनी सेनापति पद दिएर सत्कार गरे । (धम्मपद ट्ठ. १-१५९)

## सिप्प

**'सिप्पं नाम यं किञ्चि हत्थकोसल्लं**=हातले गरिने जानिने अभ्यास गरिने जति सबै कामलाई शिल्प भनिन्छ' भन्ने *अर्थकथा*को भनाई अनुसार हस्तकलालाई शिल्प भन्नुपर्दछ । हिजोआजका यन्त्र-शिल्प र विज्ञान सम्बन्धी शिक्षाहरू यस शिल्पको अन्तर्गत नै पर्दछ । पहिले पहिलेका युगमा नाच्ने,



Downloaded from http://www.dhamma.digital

बाजा बजाउने आदि कला भनिने शिक्षाहरूलाई **सिप्प**=शिल्प भनिने रहेछन् । ती कला भनिने शिल्प ६४ (चौंसट्ठी) प्रकारका थिए । (यी सबै जान्नको लागि अभयाराम *नयाँ अभिधान निश्रय पाना नं २०१* मा हेर्नुस् ।) पहिले पहिले मुखस्थ गरेर सिकिने विद्या-प्रज्ञालाई मात्र विशेष प्रोत्साहन दिइराखिएको थियो । शिल्पलाई भने बोल्न नजान्ने लाटाहरूले समेत जान्न सकिने प्रज्ञा भनिन्थे । तर आजकल बर्मा देशका विश्वविद्यालयहरूमा नियमित गरिराखेको शिल्प भनिने शिक्षाहरू पहिलेभन्दा धेरै बढी रहेकोले गम्भीर शिक्षाहरू पनि समावेश भएका छन् । ती शिल्प विद्याहरू सम्पत्ति लाभ हुने कारण, सुखको कारण, उन्नति वृद्धिका कारण भएकोले मङ्गल हुन् ।

## मति राम्रो भएमा मात्र

तर **'यं परूपरोधरहितं अकुसलवज्जितं**=अर्कालाई दुःख दिनु शास्ति गर्नुबाट अलग्ग रहेको अकुशलबाट मुक्त रहेको शिक्षा' भनी *अर्थकथा* मा भनिएको हुनाले सबैलाई दुख दिने कारण, हिंसा गर्ने कारण रहेका अकुशलबाट अलग्ग नभएका शिक्षाहरू त मङ्गल भएनन्, अमङ्गल मात्र हुन् । जस्तोसुकै शिक्षा ज्ञान भए पनि चित्तवृत्ति राम्रो हुनु र नराम्रो हुनु महत्वपूर्ण छ । चित्तवृत्ति राम्रो भएकाको ज्ञान शिक्षा आफू र अरु दुवैपक्षलाई फलदायी हुने भएकोले चित्तवृत्ति खराब हुनेको ज्ञान, शिक्षा हानिकारक र दुःखदायी हुन्छ । उपमा- डाक्टरी शिक्षा पवित्र छ । तर डाक्टर मति बिग्रेको भयो भने धेरै रोगीहरू दुखी हुने नै भयो । डाक्टरको आफ्नो पनि अलाभ हुनसक्छ ।

## शिक्षाको फल अनुभव गर्न पाएका

वाराणसी देशमा कंकड हान्ने शिल्पमा दक्षता भएका अपाङ्ग एकजना थियो । बच्चाहरूले उसलाई गाडामा चढाएर शहरबाहिर पिपल बोटनिर लगेर त्यसको फेदमा बिसाई राख्दारहेछन् । 'हात्तीको रूप देखाऊ, घोडाको रूप देखाऊ' आदि भनेर मनपर्ने चित्र बनाउन लगाउँदा कंकडले



Downloaded from http://www.dhamma.digital

हानी पीपल रूखको पातमा भनेभनेका चित्रहरू बनाइ देखाइदिन्थ्यो। वाराणसीका राजा शहर परिक्रमा गर्नआउँदा त्यही पिपल बोटनिर पुग्दा बच्चाहरू भागेकोले अपांग एकजना मात्र बाँकी रह्यो। पिपलका पातहरू छियाछिया परेका देखेर कारण सोद्धा जानेपछि आफूकहाँ बस्ने धेरै कुरौटे एकजना ब्राह्मण पुरोहितको कारणले दिक्दार भइरहेकोले उक्त पुरोहितलाई सुधार गर्ने उपाय भेटियो भनी सोचेर अपाङ्गलाई बोलाई गोप्यरूपमा सबै कुरा बताए। अपाङ्गले भेडाको बड्कुलो एककुरुवा जति पाएमा काम सिद्ध गर्नसक्ने कुरा बिन्ती गऱ्यो। अनि अपाङ्गलाई बोलाएर लगी पर्दाको भित्र बसाली पर्दामा प्वाल पार्न लगाई त्यस प्वालको ठीक अगाडि पुरोहितलाई आसन लगाइदिएको रहेछ। पुरोहित आइपुगेर उक्त आसनमा बसेर कुरा गर्न थाल्यो। पर्दा पछाडि बसेका अपाङ्गले पनि पर्दाको प्वालबाट कुरा गरिरहेको पुरोहितको मुखमा भेडाको बड्कुलो एक एक गरी फालिरह्यो। भेडाको बड्कुलो एककुरुवा सकिंदा पर्दा हल्लाई संकेत दिएपछि राजाले 'आचार्य साँच्चै नै कुरा गर्नसक्ने रहेछन्; भेडाको बड्कुलो एककुरुवा सकेर पनि कुरा छिन्न सकेनन्; लौ अब घर फर्केर बान्ता हुने औषधि खानू' भनी भने। पुरोहित पनि लाज मानेर पछि बढी कुरा गर्न छोड्यो। राजाले पनि अपाङ्गले गर्दा मेरो कानलाई आराम भयो भनी अपाङ्गलाई ठूलाठूला चारओटा गाउँ बक्सिस दिई उद्धार गरे। (*एकनिपात सालित्त जातक ४४२*)

## शिल्पबाट अनर्थ भएको

उक्त अपाङ्गबाट कंकड हान्ने शिल्प एकजना मानिसले सिक्यो। पोख्त भएपछि आफ्नो शिल्पको परीक्षा गर्नलाई शहरबाट निस्कँदा ठीक त्यही बेला बाटोमा भिक्षाटन गरिरहेका सुनेत्त नामका प्रत्येक बुद्धलाई देखेर 'लौ यसमाथि नै परीक्षा गर्नुपर्ला' भनेर दायाँ कानको प्वाल ताकेर हानेको कंकड छिरेर बायाँ कानको प्वालबाट निस्क्यो। अनि वहाँ भिक्षाटन जान नसकी आश्रममा फर्केर परिनिर्वाण हुनुभयो। 'हाम्रा भन्ते आउनु भएन' भनेर मानिसहरू हेर्न जाँदा

Downloaded from http://www.dhamma.digital

परिनिर्वाण भइसकेको देखेर साह्रै विलाप गरे । त्यसबेला कंकड हान्ने मानिस त्यहाँ पुगेर आफ्नो शिल्प परीक्षा गरेको कुरा सुनाउँदा 'हाम्रा भन्तेलाई मार्ने दुष्ट' भनी सबैले कुटपिट गर्दा मरेर अवीचि नर्कमा पतन हुनपुग्यो । नर्कबाट मुक्त हुँदा फेरि गृधकूट पर्वतमा तीन गावुत ठूलो प्रेत भएर जन्म्यो । उक्त प्रेतको शिरमा साठीहजार मुङ्ग्रोले अटुट हानी टाउको चूरचूर गरिरहन्थ्यो । मुर्खको शिल्प अनर्थ गर्नलाई मात्र हुन्छ । शिल्प विद्या प्रयोग गर्न जाने मात्र राम्रो फल दिन्छ; प्रयोग गर्न जानेन भने हानी मात्र बाँकी रहनसक्ने तथ्य देखाउने उदाहरणको नमूना नै भयो । (*धम्मपद-३२५*)

## सुसिक्खित विनय

**(विनेती'ति विनयो । विनेति**=दान्त गरिदिने, सिकाइ दिने रहेछ; **इति**=त्यसैले; **विनयो**=विनय भन्दछन् । विनय जान्ने, बुझ्ने व्यक्तिलाई उक्त विनयले कसरी खाने-लाउने, चल्ने, बस्ने गर्नुपर्छ भनेर निर्देशित गरिरहेजस्तै हुने भएकोले सिकाइदिने भनेको हो । बोलचाल र रहन सहन आदि ठीक ठाउँमा पर्नेगरी सुधार गरी नियमित गर्ने नियमहरू नै भए । **'सुसिक्खित'** भनिए अनुसार राम्ररी सिक्नु र आचरण गर्नु भनी दुईटा अर्थ भएकोले आचरण गर्नु नै प्रधान हो । विनय जानेर आचरण गरेन भने पनि मङ्गल हुन्न । भिक्षु विनय, गृहस्थी विनय भनी दुइटा रहेकामा सात प्रकारका आपत्ति नहुने गरी आचरण गर्नु अथवा चतु:पारिशुद्धि शीलको रक्षा गर्नु भिक्षु विनय हो । यस विनयलाई अरहत्त फलमा पुग्ने गरी आचरण गर्नुद्वारा लौकिक, लोकुत्तर सुख लाभ हुनसक्ने भएकोले यो मङ्गल भनिएको हो ।

## गृहस्थी-विनय

गृहस्थी विनयलाई अर्थकथा मा **'अगारिकविनयो नाम दस अकुसल-कम्मपथ-विरमणं**=दशवटा अकुशल कर्मपथबाट विरत हुनुलाई



Downloaded from http://www.dhamma.digital

गृहस्थी-विनय भनिन्छ' भनी वर्णन गरिएको छ। यी दश अकुशल कर्मपथबाट विरत नभएका व्यक्तिले अरु-अरु गृहस्थी नियमहरू पनि भंग नै गर्नेछ। उक्त दशअकुशल धर्मले विरत हुन सक्यो भने अरु-अरु नियमहरूलाई पनि अनुशरण गर्नलाई गाऱ्हो छैन। त्यसैले मूलभूत भएकोले अकुशल कर्मपथ धर्म दशवटालाई मात्र गृहस्थी विनयको रूपमा वर्णन गरेको हुनुपर्छ। सिङ्गालोवाद सुत्त लाई **'गिहिविनय सुत्तन्तो नामायं**=यो गृहस्थी-विनय देखाउने सूत्र हो' भनेको *पाथिकवग्गट्ठकथा* मा उल्लेख छ। उक्त सूत्रमा गृहस्थीहरूले विरमण गर्नुपर्ने आचरणहरू पालन र आचरण गर्नुपर्ने नियमहरू भगवान्ले बताइराख्नुभएको छ। आमा-बाबु र छोरा-छोरीहरूले, गुरु र शिष्यले, लोग्ने र स्वास्नीले, मालिक र दासले, आचार्य र अनुयायीले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू उक्त सूत्रमा देख्नसक्छौं।

तीं व्रताचरणहरू पुराना आचार्यहरूका साहित्यिक काव्य-अंलकारका माध्यमद्वारा समाजमा प्रचार प्रसार र प्रकट भइराखेका छन्। ती व्रताचरणहरू पालन नगरी नहुने गृहस्थी व्रताचरण विनयहरू हुन्। साँच्चै हो, लोकमा गर्न अयोग्य काम गर्नु अकुशल भएजस्तै गर्नुपर्नेलाई नगर्नु पनि अकुशल नै हो। यी व्रताचरणहरू परस्पर मायाममता बढाई बस्न मान-मर्यादा गरी, संगठित भई अनुकूल भएर बस्नको लागि सम्बन्धकारक रसायन जस्तै भएकोले यी कर्तव्यहरू भंग भइरहनुले गृहस्थी समाजमा विभिन्न समस्याहरू उत्पन्न भइरहन्छन्। कर्तव्य पालन भएका मानिसहरूका माझमा त सधैं रमाइलो भइरहन्छ। मैत्री, करुणा, मुदिता धर्महरू प्रकाश र विकास भइरहने जस्तो युगमा भए यी कर्तव्य धर्महरू स्वभावतः नै परिपूर्ण भइरहने हुनाले नियमहरू नै नियमित गर्न पर्ने अवस्था हुँदैन। त्यसपछि फेरि बास गर्ने, बस्ने, बोलिचाली, खाने, पिउने, परस्परमा सम्पर्क राख्ने ढंग आदिमा असभ्यता नहुने गरी, सभ्य भई मनुष्यजातिका चलन अनुसार नियमित गरिराखिएका नियमहरू रहिआएको हुनाले ती नियमहरू पनि विनय नै हुन्।



Downloaded from http://www.dhamma.digital

देशवासीहरूको व्रताचरण भनेको पूरै राष्ट्रसँग सम्बन्धित विषयमा विरमण गर्नुपर्ने, अनुसरण गर्नुपर्ने नियमहरू पनि हुनसक्ने हुनाले ती नियमहरू पनि विनय नै भन्नुपर्छ ।

## सुधार गरिदिए स्वीकार्नु पर्छ

विनय नियम जानीबुझी अनुसरण गर्ने व्यक्ति प्रज्ञावान सत्पुरुषहरूको दृष्टिमा सुसंस्कृत हुने भएकोले गहना वस्त्र अलंकारहरू उचित ठाउँमा सजधज गरिएको जस्तै हेर्नलायक हुन्छ । विनय नजान्ने, जाने पनि आचरण र अनुशरण नगर्ने व्यक्ति अतिव असभ्य भई प्रज्ञावानहरूका दृष्टिमा घृणास्पद, निन्दनीय अमङ्गल मात्र हुनसक्छ । आफूहरूले नजान्नाले कसैले सुधार गरिदिए भने चिटिक्क मिल्ने राम्रो अलंकार दिनल्याएको समान सम्झेर सहर्ष स्वीकार गर्न योग्य छ । मनुष्य स्वभावमा मान-घमण्ड बलियो हुने हुनाले त्यसरी सुधार गरिदिएकोलाई सहन नसकी वाद-प्रतिवाद गरी विरोध गरी हिंड्नसक्छ । यस्ता व्यक्तिहरू आफूलाई लाभ हुने श्रीशोभा मङ्गललाई विनाश पारेर बस्नेहरू नै हुन् ।

Dhamma.Digital

## गन्धार जातक

यहाँ क्रमैसित आएको हुनाले संक्षिप्तमा गन्धार जातक उल्लेख गर्दछु । पूर्वकालमा गन्धार ऋषि र वेदेह ऋषिहरू सँगै बसोबास गरिरहेको हिमवन्त पर्वत छोडेर एउटा प्रत्यन्त गाउँमा आइपुगेछन् । यी ऋषिहरू दुइजना गन्धार राष्ट्र, विदेह राष्ट्र त्याग गरी ऋषि बन्नआएका पुराना राजाहरू रहेछन् । उक्त गाउँमा बस्दाबस्दै एकदिन भिक्षाटनमा प्राप्त भएको उब्रेको नुन वेदेह ऋषिले आश्रमको छतमुनि घुसारी राखेछन् । भोलिपल्ट नुन प्राप्त नहुँदा उक्त नुन झिकेर गन्धार ऋषिलाई दिँदा ‘आज नुन प्राप्त भएको थिएन, यो नुन कहाँबाट आयो ?’ भनी सोद्धा हिजो उब्रेको साँचेर राखेको कुरा बताउँदा ‘देशलाई नै त्याग गरी आइसकेपछि पनि जाबो नुन अलिकतिमा



Downloaded from http://www.dhamma.digital

पनि आशक्त भई बचाइ राखेको त' भनी दोष लगाई अनुशासन गरे। त्यसलाई वेदेह ऋषिले सहन सकेनन्। 'तपाँई अरुलाई अनुशासन गर्न मन नलागेकोले आफूले आफैलाई अनुशासन गर्नको लागि निस्केर आई अब अरुलाई (मलाई) अनुशासन गर्नु पर्छ र' भनी जवाफ दिए। 'हे वेदेह ! मैले धर्मपूर्वक बोलिरहेको छु, अधर्मपूर्वकका कामकुरा मलाइ मन पर्दैन; धर्मपूर्वक भनिरहँदा मलाई अकुशल हुँदैन' भनी भन्दा 'जस्तोसुकै कारणले होस्, अरुलाई हानी हुने भएमा लाभ हुने कुरा भए पनि बोल्न मिंल्दैन' भनी फेरि जवाफ दिए। 'अरुलाई जतिसुकै धक्का परेपनि भूस झैं उडाएर लगे पनि धार्मिकपूर्वक बोलिरहेको मलाई दोष छैन' भनी भनिसकेपछि फेरि अनुशासन गरे 'वेदेह ... आफ्नो बुद्धि पनि छैन, विनय पनि नसिकेका धेरै मानिसहरू जंगलमा बस्ने अन्धो राँगो झैं केही विचार विमर्श नगरिकन जथाभावी हिंड्ने मात्र हुन्छन्। गुरु आचार्यहरूबाट शिक्षा दीक्षा पाएर संयमित भइसकेको विनयी व्यक्ति मात्र स्थीर र स्वच्छ चित्तका भएर विचरण गर्नपाउने हुन्छन्' भनी अनुशासन गरेपछि मात्र आफूले गरेको गल्तीमा क्षमा मागे। यिनी वेदेह ऋषि स्मृतिधर्म (होशियार) भएका हुनाले बेशै भयो। यदि स्वीकार नगरी बिल्कुल विरोध गरिरहेको भए अनर्थ नै हुनसक्थ्यो। यसपालि भने गन्धार ऋषिको अनुशासनलाई दोहोरो सुनेर स्वीकार गरेकोले ध्यान समापत्तिहरू लाभ गरी अर्थ प्राप्त गरिलिन सके। (*जातकट्ठ. ततिय सत्तकनिपात गन्धार जातक ३४*)



Downloaded from http://www.dhamma.digital

## सुभासित वाचा

दुश्चरित्र नभएको दोषरहित वचन-बोलीलाई **सुभासित वाचा** (=राम्ररी बोलिएको कुरा) भन्नुपर्दछ । यो **सुभासित वाचा**-को क्षेत्रमा 'वचनका ४ अंग' भन्ने भनाई छ । *सगाथावग्ग, वङ्गिस संयुत्त, सुभासित वाचा सुत्त*मा उल्लेख भएका ४ अंग नै हुन् । ती हुन्-

१) **सुभासित**=राम्रो वचन

२) **धम्म**=धर्मानुसारको वचन

३) **पिय**=मनपर्ने वचन

४) **सच्च**=सत्य वचन

यीमध्ये परस्पर मेलजोल बिग्रनेगरी झगडा मचाउने **पिसुणवाचा** (=चुगली कुरा) नगरी बरु फाटेर बसेकाहरूलाई मिलिजुली बनाउनु, मिलिजुली भएकाहरूलाई अझ मैत्रीभाव वृद्धि हुनेगरी बोलिने कुरालाई सुभासित भन्दछन् । **सम्फप्पलाप** (=निरर्थक गफ) नगरी सही घटना, कारणयुक्त भएको यथार्थ कुरा, सत्यता भन्नु वा बोल्नुलाई **धम्म** भन्दछन् । *फरुसवाचा* (=गाली गर्नु, हकार्नु, सराप्नु, सत्यकराल गराउनु, आदि कडा वचन नबोली रमाइलो, प्यारो, चट्ट परेको, नरम र सबैलाई मनपर्ने कुरा गर्नु **पिय** (=मन पर्ने) वचन हो । **मुसावाद** (=झुठो) कुरा नगरी सहीढंगले बोलचाल गर्नु नै सच्च हो ।

## अर्को थरी ग्रहण विधि

यी माथि बताइएका कुरा अनुसार **सुभासित** भनेको वची-दुश्चरित्र चारवटाबाट विरत हुनु नै हो । त्यो विरत हुनु **'विनयो च सु-सिक्खितो'** मा **विनय** विषयमा पहिले नै समावेश भइसकेको हुनाले नदोहरिने गरी सुभासितमा ग्रहण गरिएका चारअंग बाहेक बाँकी काय र मनो-दुश्चरित्रबाट विरत हुनुलाई **विनय** भनी ग्रहण गर्नको निम्ति सूचित गरिसकेपछि त्यसरी विनय र सुभासित घटाउने वा हटाउने काम गर्न नपर्नेगरी अर्को एक तरिकाबाट



Downloaded from http://www.dhamma.digital

पनि वर्णन गरिएको छ। उक्त विधिअनुसार अरूलाई उपदेश दिनु, आदि कुरालाई **सुभासित** भन्नुपर्दछ। यस कथनअनुसार उपदेश मात्र होइन लौकिक क्षेत्रमा धेरैलाई अर्थहित हुनेगरी निर्देशन दिनसक्ने, कुरा गर्न जान्ने असल व्यक्तिहरूको कथनलाई पनि **सुभासित** नै भन्नुपर्दछ। कुरा गर्न जान्नु, नेता-नाइके बन्नसक्नु, अरुलाई भूलेको बाटो र सही बाटो विभाजन गरी देखाउन जानेर धेरै जनाको अर्थ र हित धारण गर्ने बन्नु, धेरै जनाको श्रद्धा, स्नेह, आदर गौरव ग्रहण गर्न पाउनु, आदिद्वारा धेरै लाभहरू छन्। त्यसरी कुरा गर्नजान्नुमा प्रतिसन्धिदेखि उत्पन्न भएका स्वाभाविक कुशल कर्म र सुधार गरेर जानिने सिकिने कर्म गरी दुई प्रकारका हुनसक्ने भएकोले प्रतिसन्धिदेखि भएका स्वाभाविक रूपले विशिष्टहरू विशेष कोशिस नगरिकन नै आकर्षित हुने गरी कुरा गर्नसक्ने हुन्छन्। त्यस्तो भएन भने पनि विशेष कोशिस र अभ्यास गरिनुद्वारा पनि कुरा गर्न सक्ने हुनसक्छन्। त्यसो हुनाले बहुश्रुत (जानकारी) संकलन गर्नु, बोलचाल गर्नु, विधिको अध्ययन गर्नु आदिद्वारा कुरा गर्न जान्ने भई उच्च श्रेणीमा उक्लन सक्छन्।

## जिब्रो नै तलवार

'जन्मेदेखि नै मानिसको मुखमा ठूलो तलबार पैदा भएको हुन्छ। त्यस तलबारले मूर्ख मानिस आफूले आफैलाई काट्छ' भगवान्‌बाट यो कुरा आज्ञा भएको *सगाथावग्ग ब्रह्मसंयुत्त (१५१-१५४)* मा उल्लेख छ। ठूलो तलबार भनेर जिब्रोलाई रुढि अनुसार भनिएको हो। जिब्रोलाई प्रयोग गर्न नजानेर नर्क पुगेका प्रेत बन्नगएकाहरू ग्रन्थअनुसार धेरै भएकाले उनिहरू जिब्रोरूपी तलबारद्वारा काटिएकाहरू हुन्। संसारमा मरणपछि मात्र होइन यसै जन्ममा नै जिब्रोले जथाभावी गर्दा भय उत्पन्न गरी बस्नुपरेको र विकासबाट वंचित भइ बस्नुपरेको आदि रूपले जिब्रोरूपी तलबारद्वारा काटिएका मानिसहरू पनि धेरै नै छन्। मूर्खहरूको लागि जिब्रो तलबार भए पनि पण्डितहरूको जिब्रो फलामलाई आकर्षित गर्नसक्ने चुम्बक जस्तै नै



Downloaded from http://www.dhamma.digital

हुन्छ । मिठो वचन सबैलाई मन पर्छ । कडा वचन कसैलाई मन पर्दैन । अरुलाई पनि त्यस्तै नै हो । त्यसो भएपछि किन अरुलाई आफूलाई स्वीकार्य हुने किसिमको मीठो वचन नदिई आफूलाई स्वीकार्य नभएको कडा वचन बोल्नु त ?

## सुजात जातक

पहिले बोधिसत्व वाराणसी देशमा राजा भएछन् । बोधिसत्वकी आमा भने रिसाहा भएकोले उद्दण्ड स्वभावकी थिइन्, गाली गर्दथिइन् । बोधिसत्वले पनि आमालाई उपदेश दिनको लागि उपयुक्त कारण वा उपमाको मौका खोजिरहे । एकदिन बोधिसत्व उद्यानमा घुम्न निस्कँदा आमा पनि सँगै आएकी थिइन् । बाटोमा टिट्टिभक पंक्षीको आवाज सुनेर मानिसहरूले 'ए कर्कश बोल्ने पंक्षी, ... तँ नकरा' भन्दै कान थुने । बगैंचामा घुमिरहँदा फूलका बोटबिरुवाहरू र हाँगा बिंगाले झ्वाम्म परेका शालवृक्षको माथिबाट कोईली कराउँदा 'ए सुमधुर बोल्ने पंक्षी, ! फेरि गाऊ, तिमी फेरि गाऊ' भनी गर्धन तन्काई-तन्काई कान दिएर सुनिरहे । उक्त तथ्यलाई नमूना बनाई बोधिसत्वले 'हे आमा ! टिट्टिभक पंक्षीको बोली सुन्दा सबैले कान थुने । कर्कश बोली वचन कसैले पनि सुन्न मन पराउँदैनन्' भनी भनिसकेपछि 'आमा, रूप लावण्य राम्रो भए पनि आकर्षक भए पनि स्वर नराम्रो भयो भने यस लोकमा र परलोकमा जुनसुकै लोकमा भए पनि कतै पनि, कसैले पनि मन पराउँदैनन्, आकर्षित हुँदैनन्; कोइली पंक्षीको रूप कालो भई नराम्रो भए पनि नरम मीठो हुनेगरी बोल्न जानेकोले मानिसहरूले मन पराई मान गरिरहेका छन्, होइन र ? त्यसो हुनाले प्रज्ञा ज्ञानले तुलना गरी मिठो राम्रो वचन मात्र बोल्न योग्य छ' भनी भने । त्यसबेलादेखि राजमाताले आफ्नो खराब बानी छोडेर राम्रो बानी भएकी बनिन् । (*जातकअट्ठकथा २, सुजात जातक ३१५*)



Downloaded from http://www.dhamma.digital

१७) **मातापितु उपट्ठानं; पुत्तरदारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता; एतं मङ्गल'मुत्तमं ।**

१७) **देवपुत्त**=भो देवपुत्र; **मातापितु**=आमा बुबालाई; **यं उपट्ठानञ्च**=सेवा उपस्थान गर्नु; **पुत्तदारस्स**=सन्तान र स्वास्नीलाई; **यो सङ्गहो च**=जुन सहयोग र संग्रह गर्नु पनि; **अनाकुला**=आकुल-व्याकुल नहुने शुद्ध; **ये कम्मन्ता च**=जुन काम-कुराहरू गर्नु पनि; **अत्थि**=रहेका छन्; **एतं**=यी चारैवटा, **उत्तमं**=उत्तम, **मङ्गलं**=मङ्गल नै हुन् ।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, आमालाई सेवा-उपस्थान गर्नु, बुबालाई सेवा-उपस्थान गर्नु, सन्तान र स्वास्नी आदिलाई सहयोग र संग्रह गर्नु, आकुल-व्याकुल नहुनेगरी काम-कुराहरू गर्नु, यी चारवटा उत्तम मङ्गल हुन् ।

## मातापितु उपट्ठान

आमा-बुबालाई सेवा उपस्थान गर्नु अति उत्तम कुशल कर्म हुनाले मङ्गल भएको हो । आफ्नोप्रति भएका आमाबुबाहरूका उपकारहरू अति धेरै हुनाले र विशाल गुणयुक्त आमाबुबाहरूलाई सेवा उपस्थान गर्नुद्वारा अति महान लाभ हुने भएकोले आमा बुबा दुवै साँच्चै नै सेवा उपस्थान गर्न योग्य उपकारक व्यक्तिहरू रहेछन् । आमा-बुबाहरू महान गुणवान् र महान उपकारक रहेको ढंग देखाउने छु-

## ब्रह्मा

ब्रह्माहरूमा मैत्री, करुणा, मुदिता र उपेक्षा यी ४ प्रकारका भावना खाली नभइकन निरन्तर भइरहनेजस्तै नै आमा-बुबाहरूमा पनि आफ्ना छोरा-छोरीहरूप्रति उक्त ४ प्रकारका भावना खाली नभइकन सधैं उत्पन्न भइरहेका हुन्छन् नै । छोरा-छोरीहरू गर्भमा बसेदेखि नै आमा-बुबामा 'हाम्रा सन्तान



Downloaded from http://www.dhamma.digital

अङ्गले-परिपूर्ण भइ राम्ररी निरोगी-पूर्वक कहिले जन्म हुने होला' भनी मैत्रीचित्त उत्पन्न भइरहने हुन्छ। जन्म भएपछि आफ्नो छोरा-छोरीको अनुहार देख्ने अवस्थामा भन्नै पर्दैन। उत्तानोपरी सुत्न मात्र जान्ने-सक्ने कमलो उमेरमा उडुस, उपियाँ, लामखुट्टे आदिको टोकाईले वा बस्नु, सुत्नुमा शास्ती हुनाले रोए पनि आमा-बुबामा दया-माया र करुणा उत्पन्न हुन्छ। सन्तान दगुरी जान सक्यो, उफ्रिन सक्यो, खेली हिंड्नसक्यो भने उनीहरूलाई हेरेर आमा-बुबाको चित्तमा प्रसन्नता हुने मुदिता उत्पन्न हुने गर्दछ। घर-गृहस्थी बसाली भिन्नै घरजम गरिबस्ने बेलामा 'अब मेरो छोरा-छोरी आफैंले जीवन-यापन गर्नसक्ने भयो' भनी सोची ढुक्क हुन्छन्। यसरी सन्तानको अवस्थाअनुसार आमा-बुबामा ब्रह्मविहार धर्म ४ थरी उत्पन्न भइरहने हुनाले **'ब्रह्मा'ति मातापितरो**=आमा-बुबा भनेका ब्रह्मा नै हुन्' भनी तथागतले उपदेश दिनुभएको हो।

## पुब्बाचरिय (पहिला गुरू)

आमा-बुबाले धेरै सानो उमेरदेखि 'यसलाई के भन्दछन्' आदि भनी भन्न बोल्न जान्ने गरी सिकाइदिन्छन्। बस्न जान्ने, आसनमा बस्न जान्ने, खान जान्ने, पिउन जान्ने गरी सिकाइदिन्छन्। के गर्न मिल्छ, गर्न मिल्दैन, संगत गर्न मिल्छ, गर्न मिल्दैन जस्ता तथ्यहरू बुझाई सिकाइदिन्छन्। त्यसपछि मात्र अरु अरु गुरुहरूले शिक्षा, साहित्य, गणित आदि शिल्प-विद्याहरू सिकाउँछन्। यसरी अरु अरु गुरुआचार्यहरूभन्दा पहिला परेका गुरुहरू भएकाले आमा-बुबा पहिला गुरुहरू हुनपाएका हुन्। त्यसैले **'पुब्बाचरियो'ति वुच्चरे**=पहिला गुरुहरू भन्न योग्य छन्' भनी भगवान्ले बताउनुभएको हो।

## अति उपकारी

त्यसरी गौरव राख्नुपर्ने भनेको धेरै उपकारी भएकोले नै हो। आमा-बुबाहरूले आआफ्ना छोरा-छोरीहरूलाई दीर्घायु बनाउनको लागि विभिन्न



Downloaded from http://www.dhamma.digital

प्रकारले सेवा-टहल र रेखदेख गर्दछन् । आमाले आफ्नो रगतको दूध खुवाई संरक्षण गरी हुर्काएकी हुन् । यो लोकलाई जान्न-बुझ्न सक्ने पारी देखाउन जान्दछन् । त्यतिसम्म महान उपकार गर्ने भएकोले नै लौकिक विधि अनुसार ऋण तिरे भने कुनै तरिकाबाट पनि तिर्न सकिंदैन भन्ने कुरा भगवान्‌ले बताइराख्नुभएको हो । 'पूर्णरूपले आमा-बुबाको गुणको बदला तिर्छु' भनी दाहिने काँधमा आमालाई र देब्रे काँधमा बुबालाई बसाली बोकी सयवर्षसम्म हिंडेर सेवा उपस्थान गरे पनि पूरा ऋण तिरेको नहुने कुरा तथा श्रद्धा शील आदि सत्पुरुष धर्मयुक्त भइनसकेका आमाबुबालाई श्रद्धायुक्त हुनेगरी, शीलयुक्त हुनेगरी, प्रज्ञायुक्त हुनेगरी उपाय गरिदिएर मात्र उपकारको पूरा ऋण तिरेको हुने कुरा बताउनुभएको हो । (*अगुत्तर प. ६३*) त्यस्ता महान उपकारक महान गुणवान्‌हरू भएकाले आमा-बुबालाई अभिवादन गर्नुपर्छ; खानापीना, लुगा गरगहना, ओढ्ने, ओछ्याउने बसोबास ठाउँ दिनु, नुहाइदिनु, हात, खुट्टा, शरीर मिचिदिनु आदि कर्तव्य व्रतधर्मद्वारा सेवा उपस्थान गर्नुपर्छ । त्यसरी कर्तव्य पूरा हुनेगरी व्रतधर्म गर्नुद्वारा यसै जन्ममा पण्डितहरूबाट प्रशंसा पाउँदछन् । आगामी जन्ममा देवलोकमा आनन्दमय जीवन यापन गर्न पाउँछन्' भनी तथागतले आज्ञा गर्नुभएको छ । (*अंगुत्तर प (१३०-१)*)

## पश्चाताप हुने काम नगरौं

कोही कोही छोरा-छोरीहरू आमा-बुबालाई फालेर बस्ने हुन्छन् । त्योभन्दा धेरै छोरा-छोरीहरू आमा-बुबालाई दोषारोपण गर्ने हुनसक्छन् । उनीहरू पछि कुनै न कुनै दिन पश्चाताप भोग्नुपर्नेहरू हुन् । तर पश्चाताप हुने बेलामा आमा बुबाहरू बितिसक्ने हुनाले पश्चाताप मात्र बाँकी भएर जीवनभर मानसिक दुःखलाई हृदयमा टाँसेर बस्नुपर्ने हुन्छन् । अजातशत्रु राजाले देवदत्तसँग संगत गर्न गएकोले सत्पुरुष पिता विहारदाता बिम्बिसार राजालाई कारागारमा थुनीराखे । पाइतालामा छुरीले चिर्न लगाउने सम्म पनि क्रूर व्यवहार गरे । पछि आफ्नो छोरा जन्मेको सुन्नपाउँदा हृदयको भित्रसम्म



Downloaded from http://www.dhamma.digital

नै प्रीति उत्पन्न हुँदा 'मेरा बुबाले पनि मलाई यसरी नै माया गरेका थिए होलान् ।' भनी होस आएर आमासँग सोध्नगए । त्यसबेला आमाले 'नानी, यति मात्र कहाँ हो र, तिमी बच्चा छँदा तिम्रो औंलामा मुसाँकै खटिरा विशेष आएकोले दुखाई कम होस् भनेर त्यो औंलालाई तिम्रा बुबाले मुखमा राखिरहनुभयो । मुखभित्र खटिरा फुटी पीप निस्कँदा पीप थुक्यो भने तिमीलाई दुखेर रोउला भनेर त्यो पिप-रगत सबै निलिदिनुभयो । यतिसम्म माया गर्नुहुन्थ्यो तिमीलाई' भनी सुनाएपछि मात्र  पश्चाताप भइ बुबालाई छाडी दिनू' भनी हुकुम दिए । तर समय घर्किसकेको थियो । बुबा स्वर्गारोहण भइसकेको थियो । यस पश्चातापले अजातशत्रुलाई जीवनभर शास्ती गरिरह्यो ।

## गुणलाई चिनेमा मात्र गुण हो

तथागतले आमा-बुबाको गुण उपकारलाई विशेष गरी प्रशंसा गरी बताउनुभएको छ । आमा-बुबालाई  सेवा-टहल गरी भय-उपद्रवबाट मुक्त हुनपाएको, लाभ अनुभव गर्न पाएको बताइराखेका जातक- कथाहरू पनि धेरै देखिन्छन् । अरु प्रज्ञावान विद्वानहरूले पनि आमा-बुबाको गुण-उपकारलाई धेरै उच्च प्रशंसा गरिराखेका छन् । सुमेरु पर्वतभन्दा पनि उच्च प्रशंसनीय हो भन्नु साँच्चै नै गुण देख्नेहरूको प्रशंसा हो । हिजोआज त त्रिरत्नलाई समेत फाल्नचाहने व्यक्तिहरू धेरै भइसकेका हुनाले आमा-बुबाको गुण उपकारलाई त भन्ने ठाउँ नै छैन । भौतिकतत्वलाई महत्व दिने युगमा नाम-धातु ( आध्यात्मिक) को शक्ति-प्रभाव वा आनुभावलाई स्वीकार गर्न मन पराउँदैनन् । यसरी आमा-बुबा, गुरूजन मात्र होइन कि त्रिरत्नप्रतिको चेतनालाई नै चेतना मात्र हो (अवधारणा) हो, जसबाट कुनै लाभ हुँदैन भनी ठानेर त्यस्तो अवधारणा राखेर कुरा गर्न मन पराउँछन् । यो त अतिवादमा लागेको स्वभाव हो । जुनसुकै क्षेत्रमा पनि दुवैतिर सन्तुलित हुने गरी बीचमा बसी तौलेर हेर्नजान्नु आवश्यक छ । त्यसरी हेर्दा श्रद्धा र प्रज्ञा सन्तुलनमा राखेर एकपक्षतिर मात्र बढी नढल्कने गरी सुधार गर्नु पनि आवश्यक छ । नत्र भने गुणलाई दोष



Downloaded from http://www.dhamma.digital

र दोषलाई गुण भन्ने भ्रामक अवधारणा हुनजान सक्छ। 'नदीहरूमा बग्ने पानी मीठो हुन्छ। तर समुद्रमा पुगेपछि खान अयोग्य हुनजान्छ। गुणहरू चिन्नेहरूको निम्ति साँच्चै नै गुणहरू हुन्छन्। गुणरहित र गुण नचिन्ने व्यक्तिहरूतिर पुगे भने दोष मात्र भइदिन्छन्।' यस नीतिद्वारा मूर्ख र ज्ञानीहरूका हातमा पुगेका गुण तथा उपकारमा आआफ्ना दृष्टिका कारणले अन्तर पर्नजाने ढंगलाई बुझ्न सकिन्छ।

## पुत्तदारसङ्गह

पुत्त- शब्दले कुनै ठाउँमा छोरालाई मात्र जनाए पनि कुनै ठाउँमा छोरीलाई समेत अर्थ लिनुपर्ने परिस्थिति पनि रहेका छन्। यो **'पुत्तदारस्स सङ्गहो'** मा **पुत्त**- को स्वरूप छोरीलाई समेत लिनुपर्छ। छोरा-छोरी, स्वास्नीलाई संग्रह गर्नु मङ्गल नै हो। त्यसमध्ये छोरा-छोरीको संग्रह गर्नु भनेको आमा-बुबाको कर्तव्य नबिगार्नु नै हो। खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, शिल्प-विद्या सिक्नलगाउनु, अनुकूल अवस्थामा सम्पत्ति दिनु, उमेर पुगेपछि विवाह गरिदिनु; यी पाँचवटा आमाबुबाले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू हुन्।

यी कर्तव्य-व्रतहरूमा खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, अध्ययन गराउनु, असल छोरा-छोरीहरू उत्पादन गर्नमा अति महत्वपूर्ण कुरा हुन्। यहाँ महाधनी श्रेष्ठी-पुत्रको कथावस्तुमा ध्यान दिनुपर्छ। सो महाजन पुत्र दम्पतिका आमा-बुबा प्रत्येकसँग ४०-४० कोटी धनसम्पत्ति थियो। 'हामीसँग धेरै धन-सम्पत्ति छन्। हाम्रा छोरा-छोरीले केही काम गर्नुपर्दैन' भनी नाच, गान, वाद्यवादन मात्र सिकाई राखे। आमा-बुबा परलोक भएपछि रक्स्याहाहरूको संगत परी सबै धन-सम्पत्ति सिध्याई जोपायो त्यसको घरदैलोको भरोसा लिई हातमा कतारो बोकी मागेर खाने अवस्थामा पर्न पुगे। उनीहरूले आर्थिक क्षेत्रमा मात्र उद्योग गरेको भए प्रथम श्रेणीका साहु-महाजन बन्नपाउने, धर्म अन्वेषण गरेको भए मार्गफल लाभ गर्न सक्ने असल पृष्ठभूमि भएकाहरू



Downloaded from http://www.dhamma.digital

भएर पनि मनुष्य जीवनबाट पराजित भइ बस्नुपरेको ठूलो हानि हो। उनीहरूका आमा-बुबाले छोरा-छोरीप्रति कर्तव्य (व्रत) धर्म पूरा गरी अनुशासन दिने, शिक्षा-दीक्षा दिने गरेको भए यी महाजनपुत्र दम्पतिको यति परिहानी हुने थिएन; आमा-बुबाहरू माया गर्न नजान्ने भएर अत्यन्त परिहानी सहेर बस्नुपर्‍यो।

## अनाथपिण्डिक महाजन-पुत्र काल

छोरा-छोरीहरूलाई संग्रह गर्नमा अनाथपिण्डिक महाजन नमुना लिन योग्य छन्। त्रिरत्नप्रति अति श्रद्धावान महाजनका छोरा भए पनि काल बुद्धकहाँ जाँदैनथे, उपदेश सुन्दैनथे, संघको सेवा गर्दैनथे। महाजनले अह्राए पनि मान्दैनथे। एकदिन महाजनमा विचार उठेकोले 'तिमी... उपोसथ धारण गरी विहारमा उपदेश सुनेर आऊ; म तिमीलाई सय कार्षपण (रूपैंया) दिन्छु' भने। पैसा मन पराउने काल उपोसथ धारण गरी विहारमा गई उपदेश नसुनिकन एउटा पायक पर्ने ठाउँमा सुतेर सबेरै फर्किआए। घरमा पुगी जाउलो भात आदि खुवाउँदा पनि नखाई सय रूपैंया हातमा आएपछि मात्र खाना खाए। फेरि अर्को एकदिन 'तिमीले... तथागतको उपदेश सुनेर एक-टुक्रा सम्झेर आऊ; म एक हजार कार्षापण दिन्छु' भनी पठाइदिए। कालले तथागतकहाँ उपदेश सुन्दा एक टुक्रा सम्झेमा अर्को पद उपदेश नसुनी भागेर जान्छु भन्ने विचारले सुनेको भए पनि सुन्दा सुन्दै उपदेश घत लागेर स्रोतापन्न हुनपुगे। यसरी महाजनको छोराको प्रसंग सर्वोत्तम संग्रह विधि हुनपुग्यो। *(धम्मपदट्ठकथा २.१२३)*

## ज्ञान अंश दिनुपर्छ

असल आमा-बुबाहरूले आफ्ना छोरा-छोरीहरूलाई धन-सम्पत्तिभन्दा पनि ज्ञान र बुद्धि दिएर संग्रह गर्ने इच्छा गर्दछन्। चीजवस्तुहरू विनाश भएर जाने हुनाले विनाश नभइ स्थावररूपमा स्थीर हुने असल फल दीर्घकालसम्म



Downloaded from http://www.dhamma.digital

दिने उक्त संग्रह सही संग्रह नै रहेको छ । त्यसरी संग्रह गर्ने आमा-बुबाहरू छोरा-छोरीहरूलाई साँच्चै माया गर्ने छोरा-छोरीहरूका कल्याणमित्र हुन्छन् । छोराछोरीहरूलाई पुल्पुल्याउनखोज्ने र अनुशासन गर्न नजान्ने आमाबुबाहरू छोरा-छोरीहरूलाई माया गर्ने नभइ थुनामा पार्ने भएकोले शत्रुहरू नै हुन् । छोरा-छोरीलाई सिधा विधिद्वारा एकथरी र घुमाउरो विधिद्वारा एकथरी उपाय विधिद्वारा अनेक रूपले अनुशासन गर्नु थाम्नुद्वारा असल-छोराछोरी असल बन्ने किसिमले सुधार गरिदिनु आमा-बुबाको अभिभार नै हो । आमा-बुबाका क्रियाकलाप, बोलीवचन, आचरण र चिन्तन-मनन हेरी-हेरी नक्कल गर्दै सिक्ने हुनाले आमा-बुबाले छोरा-छोरीले राम्रो नक्कल गर्न र राम्रो शिक्षा लिन पाउनेगरी नमुना वा आदर्श भइ सधैं बस्नसक्नु उचित छ । लौकिक विकास मात्र होइन अनाथपिण्डिक महाजनले झैं धार्मिक क्षेत्रमा दिलचस्पी उत्पन्न हुनेगरी फकाई-फुलाई सुधार गर्दै लैजानु पर्दछ । **'यं नवे भाजने लग्गो, सङ्खारो नाञ्ञथ भवे**=नयाँ भाँडोमा टाँसिने वृत्ति बढी हुने भएकोले विचार र प्रबन्ध विग्रने, फेरिने भन्ने छैन' नीतिमा भनिए झैं मनचाहे मुताविक इच्छा भएअनुसार ढाल्नसकिने उमेरमा ढालिएको चित्तवृत्ति 'छाया' हरू दरिलो नै हुँदै जान्छ ।

बुद्ध-शासनलाई शिरोपर गरिरहेको एक व्यक्ति तथागतको अववाद अनुशासन अनुरूप आचरण गर्दै गयो भने लौकिक क्षेत्रमा पनि मानसिक सुख पाइन्छ, आचरण राम्रो हुन्छ, उन्नति-वृद्धि हुन्छ । साँच्चै सुख-शान्ति इच्छा हुने बेलामा पनि आधार लिन लायक सितल विश्राम-गृह हुन्छ । यस्तो भएमा आफूले प्राप्त गरिराखेका उक्त अंशलाई छोरा-छोरीहरूले जीवनभर संरक्षण र सुरक्षा गरिराख्न सक्ने गरी सुम्पेर नदिई बस्न सुहाउँछ र !

## सालिकेदार जातक

आमा-बुबालाई पालन-पोषण गर्नु, छोराछोरीहरूलाई संग्रह गर्नु मनुष्य मात्रले नगरी नहुने अभिभारा नै हो । उक्त अभिभारा पूरागर्ने व्यक्ति मनुष्य



Downloaded from http://www.dhamma.digital

श्रेणीमा पुगेको र मानिस भएको सार भएको व्यक्ति भई लोकमा एक शोभायमान व्यक्ति हुन्छ । 'पुरानो ऋण तिरी पठाऊ; नयाँ ऋणको बिउ छर, सुनको घडा भित्र्याऊ' भनी भन्ने परम्परा रहेकोमा उक्त अभिभारालाई इंगित गरिरहेको छ । उक्त कुरा *पकिण्णक निपात, सालिकेदार जातक (२७६)* मा उल्लेख छ । राजगृह नगरको नजिक सालिद्दिय ब्राह्मण गाउँमा कोसिय गोत्त भन्ने ब्राह्मणले आफ्नो अधीनस्थ धेरै खेतहरूमध्ये केही ज्याला दिएर एकजना मानिसलाई जोत्न दिइराखेका थिए । उक्त खेतमा सुगा-पंछीहरू चारा खान आउने गर्दथे । ती सुगाहरूमध्ये बोधिसत्व सुगाले खाने मात्र होइन धानका बालाहरू चुच्चोले च्यापेर पनि लाने गर्थ्यो । ज्यामी किसानले रोक्न नसकेपछि त्यो खेतको बाली तिर्न नसकिएला भन्ने पीर लागेर जग्गाधनी ब्राह्मणकहाँ गएर खबर दियो । खेतमालिकले पनि धानका बाला टिपेर लाने सुगालाई जालमा अल्झाई ल्याउन अह्राएपछि किसानले समातेर ल्याई ब्राह्मणकहाँ बुझायो ।

कोसियगोत्त ब्राह्मणले बोधिसत्व सुगालाई 'ए सुगा, अरुको पनि पेट छ नै होइन र ? तैंले मात्र धानको बाला टिपेर लानुपरेको किन ? अरुको भन्दा तेरो पेट ठूलो भएर हो कि ? तेरो भकारी पो छ कि ? अथवा तँ हाम्रो शत्रु भएर पो हो कि' भनी सोधे । 'भो ब्राह्मण ! मसँग भकारी पनि छैन; मैले तपाँइलाई शत्रु बनाउन चाहेको पनि होइन । मैले पुरानो ऋण तिरेर नयाँ ऋणको बिउ छर्ने, सुनको घडा भित्र्याउने गर्दैछु' भनी बोधिसत्वले भन्दा ब्राह्मणले पुरानो ऋण तिरी पठाउनु, नयाँ ऋणको बिउ छर्नु, सुनको घडा भित्र्याउनुको अभिप्राय सोधे ।

'भो ब्राह्मण, हामी हाम्रा प्वाँख उम्री नसकेका बच्चाहरूलाई पालनपोषण गर्छौं । उनीहरूले पछि हामीलाई पालनपोषण गर्नुपर्ने भएकोले नयाँ ऋणको बिउ छर्नु भन्दछन् । चलफिर गर्न नै नसक्ने गरी बुढा-बुढी भइसकेका आमा-बुबालाई पालनपोषण गर्नु उनीहरूले पहिले हामीलाई पालनपोषण गरिसकेको हुँदा पुरानो ऋण तिर्नु हो । बलशक्ति नभएकोले



Downloaded from http://www.dhamma.digital

उड्न नसक्ने बुढाबुढी सुगाहरूलाई पुण्य पाउनको लागि पालनपोषण गर्नु सुनको घडा भित्र्याउनु हो' भनी स्पष्ट गरी बताइदियो ।

ब्राह्मणले पनि 'यो सुगा धेरै धर्मात्मा रहेछ; कतिपय मानिसहरू समेत यस्तो धर्मात्मा हुँदैनन्' भनी विचार गरी अतीव सन्तुष्ट र उत्साहित भई सुगालाई चाहिने जति लिएर खानको लागि खेतको फाँट समेत दान गरिदिए । एकहजार करीस जति खेतको फाँट सुगालाई दान दिएकोमा बोधिसत्व सुगाले आठ करीस मात्र ग्रहण गर्‍यो । बोधिसत्वले दान पुण्य गर्ने, आमा बुबालाई पालन-पोषण र सेवा-उपस्थान गर्ने उपदेश दिएअनुसार पछि ब्राह्मणले पनि उक्त धर्मअनुसार अनुशरण गरी धर्माचरण गरिरहेका श्रमण-ब्राह्मणहरूलाई महान रूपमा दानपुण्य गरे ।

## दारसङ्ग्रह

स्वास्नीलाई संग्रह गर्नु भनेको लोग्नेको कर्तव्य व्रत-धर्म पूरागर्नु भनेको हो । लोग्नेको कर्तव्य धर्महरू भनेको स्वास्नीको मान गर्नु, अवहेलना नगर्नु, परस्त्री गमन नगर्नु, सम्पत्ति अधिकार सुम्पिदिनु, लुगाफाटा र गर-गहनाहरू दिनु, गरी पाँचवटा छन् ।

तीमध्ये मान गर्नु भनेको रमाइलो र मीठो वचनद्वारा मनको उत्साह बढ्नेगरी खुशी लाग्नेगरी बोल्नु भनेको हो । अवहेलना नगर्नु भनेको निन्दा गर्नु, नीचा देखाउनु, गाली गर्नु, हकार्नु आदि नगर्नु हो । सम्पत्तिमा अधिकार जिम्मा दिनु भनेको व्यवस्था गर्नको निम्ति घरको अभिभारा सबै सुम्पनु हो । खेतिपाती, व्यापार गर्नु आदि अभिभारहरू लोग्नेको भएकोले त्यसबाट उत्पादन भएको आम्दानी सम्पत्तिलाई सुरक्षितपूर्वक राख्ने, संरक्षण गर्ने र घरको प्रबन्ध गर्ने अभिभार स्वास्नीको अभिभार हो भन्ने पुरानो परम्परा रहेको छ । लुगा र गरगहना दिनु भनेको आफ्नो गच्छेअनुसार दिनुलाई भनेको हो ।

कर्तव्य धर्मानुरूप स्वास्नीलाई संग्रह गर्न जान्ने असल लोग्ने एकजनालाई स्वास्नीले पनि आफ्नो कर्तव्य धर्मबाट विमुख नहुनुद्वारा असल



Downloaded from http://www.dhamma.digital

परिणाम देखाउन सकेमा मात्र असल स्वास्नी हुनसकिन्छ। स्वास्नीको व्रत धर्म भनेको घरभित्रका कामकाजहरू राम्ररी गर्नु, आफन्तहरूलाई संग्रह गर्नु, आफ्नो पुरुष बाहेक परपुरुषसँग नियम उल्लंघन नगर्नु, धन-सम्पत्ति राम्ररी संरक्षण र संकलन गर्नु, पकाउने तुल्याउने आदि काममा दक्ष भइ अल्छी नमानी काम गर्नुको रूपले पाँचवटा छन्।

## युगल चारथरी

लोग्ने-स्वास्नी दुवै कर्तव्य व्रत-धर्म पूर्ण गरी आ-आफ्ना शीलाचरणले सम्पन्न भइरहेमा उनीहरूको घर सधैं रमाइलो भई श्री शोभायुक्त भएको 'श्रीगृह' भइरहन्छ। यस्ता जोडीलाई देव-देवी मिलेको जस्ता युगल (जोडी) भनी भन्नसकिन्छ। *चतुकङ्गुत्तर दुतिय पण्णासक पुञ्ञाभिसन्दवग्ग (३३८)* मा निम्नलिखित चार युगल (जोडी) बताउनुभएको उल्लेख छ। ती युगलहरू-

१) मृत लोग्ने र मृत स्वास्नीको जोडी- लोग्ने पनि चरित्रहीन भएको र स्वास्नी पनि चरित्रहीन भएकी एक जोडी। गुण वृद्धि नभइकन मृत भएको हुनाले मृत जोडी भनी भन्नुपर्छ।

२) मृत लोग्ने र देवी स्वास्नीको जोडी- लोग्ने चरित्रहीन, स्वास्नी शीलवती भएको जोडी।

३) लोग्ने देवता र मृत स्वास्नी भएको जोडी- लोग्ने शीलवान स्वास्नी दुःशील भएको जोडी।

४) देवता लोग्ने र देवी स्वास्नी भएको जोडी- लोग्ने स्वास्नी दुवै शीलवान भएको जोडी।

## सङ्गहवत्थु ४ वटा

**सङ्गहवत्थु** (=संग्रह गर्ने कारण) ४ वटा बताउनुभएको *चतुकङ्गुत्तर चक्कवग्ग (३४१)* मा उल्लेख छ। संग्रह धर्म ४ वटा पनि भन्ने चलन छ। ती धर्महरू-



Downloaded from http://www.dhamma.digital

१) **दान**=दिनु,

२) **प्रियवाचा**=प्रिय वचन बोल्नु,

३) **अत्थचरिया**=अर्थ हितकारी व्यवहार गर्नु,

४) **समानतत्ता**=आफूसमान व्यवहार गर्नु; हुन् ।

यी ४ संग्रह धर्मद्वारा संग्रह गर्नुलाई पनि अरु किसिमले **दारसङ्गह** (=स्वास्नीलाई संग्रह गर्नु) भनेर लिनमिल्ने भएकोले उपरोक्त व्रतधर्महरू परिपूर्ण भएको नै हो ।

**दान दिनु, प्रिय वचन बोल्नु; अर्थाचरण गर्नु र ।**
**आफूसमान व्यवहार गर्नु; चार सङ्ग्रह धर्म हुन् ।**

(धर्मानुकूल छोरा-छोरी र स्वास्नीलाई पालन-पोषण र सेवा-उपस्थान गरिरहनेहरूले शक्र-देवेन्द्रले गरेको नमस्कारलाई समेत ग्रहण गर्न योग्य हुन्छ, तथागतले बताउनुभएको लोकमा उत्तम हुने तरिका *सक्क संयुत्त गहट्ठ वन्दना सुत्त*मा उल्लेख छ । विस्तृत कुरा *संयुक्त पालि*मा हेर्नुपर्छ ।)

## अनाकुल कम्मन्त

**आकुल-नाना जनसमाकुलं** आदिमा **आकिण्ण**=गोलमाल भएको, खाँदाखान भएको भन्ने अर्थलाई व्यक्त गर्दछ । *थोमनिधि* मा **आकुललाई व्याकुल**=रोग आदिका कारणले के गरौं, कसो गरौं भइरहेको व्यक्ति, चिन्तित व्यक्ति भनी अर्थ लगाएर अनाकुलको अर्थलाई **अब्यग्ग**=ब्यग्र नभएको, हडबड नभएको, **एकग्ग**=एकाग्र भएको, **थिर**=स्थीर भएको, **अब्याकिण्णवाक्य**=गोलमाल नभएको वाक्य भनी चारथरी देखाइएका छन् । यहाँ गोलमाल नभएको वाक्यलाई मात्र व्यक्त गरेको भए पनि गोलमाल नभएका सबैथोकलाई लिनुपर्छ । **अनाकुलविनिच्छया** -*उदान अट्ठकथा* आदि त्यही त्यही *अट्ठकथा निगमन*), **अनाकुलानमत्थानं; सम्भवा *अट्ठसालिनी*** (*अट्ठकथा निगमन*), **यस्स रञ्ञो पभावेन; भावितत्तं यमाकुलं; अनाकुलं दुल्लद्धीहि, पापभिक्खूहि सब्बसो** (*मोग्गल्लान निगमन*), आदिद्वारा स्पष्ट



Downloaded from http://www.dhamma.digital

भएका छन् । यस **अनाकुलकम्मन्त**- मा **अनाकुल**-पनि गोलमाल नहुनु भन्ने अर्थलाई नै ब्यक्त गरी **आकुलभावविरहिता** (गोलमाल भएको भावबाट अलग्ग भएकाहरू) पनि अर्थकथामा वर्णन गरिराखेका छन् ।

पहिलेको अर्थ **अनाकुल**=विघ्नबाधा नभएको भन्ने हो । **आकुलको** अर्थ बिघ्नबाधा भन्ने अर्थ देखिंदैन । यदि **'आकुल'** ले बिघ्नबाधा अर्थ व्यक्त गरेमा काम कुरा गोलमाल हुने कारणहरू कामकाजमा बिघ्नबाधा नै भएकोले अर्को ढंगबाट उचित हुनसक्छ । तर **'न आकुल-अनाकुला'** भनी विग्रह गरिएको अर्थकथासँग भने अनुकूल छैन । केहीले विनाश हुनु भनेर पनि अर्थ दिने गरेको पाइन्छ ।

## अनाकुल हुने ढंग

अर्थकथामा समय नाघ्नु, न सुहाउने गरी गर्नु, हलुका रूपमा गर्नु, ढिलासुस्ति गर्नु आदिलाई काम कुरा गोलमाल हुनुका कारणको रूपमा देखाई कामकाज गोलमाल नहुनुका कारणहरू- उचित समय जान्नु, सुहाउने गरी गर्न जान्नु, अल्छी नहुनु, मेहनती हुनु, विनाश नहुनेगरी गर्नु भनेर पाँच प्रकारका देखाइएका छन् ।

**समय बुझ्नु, उचित काम रोज्नु, अल्छी नहुनु, मेहनती हुनु ।**
**कामकाज विनाश नगर्नु, अनाकुल हुनु हो ।**

## समय बुझ्नु

कुनै पनि काम आ-आफ्नो उचित समयमा ढंगपूर्वक गरिएमा उक्त काम सजिलै र हलुकारूपमा निर्विघ्न सम्पन्न हुन्छ । काममा भंग अवस्था हुनुहुँदैन; त्यसो नभइ समय बितेपछि मात्र काम सुरु गरिएमा काम शुद्ध र सुन्दर बन्नसक्दैन; समयमा न सिध्दिएर अधुरै आंशिक मात्रामा नै छोड्नु पर्ने हुनसक्छ; त्यसो हुनाले समय घर्कनु, कामकाज अपुरो हुनु, काम शुद्ध र सुन्दर नहुनुले काम गोलमाल पार्नसक्ने हुनाले म्यादभित्रै काम गर्नु, शुद्ध र



Downloaded from http://www.dhamma.digital

सुन्दर पारेर काम गर्नु, छ्यासमिस हुननदिनु भनेको र काम सिद्ध हुनु भनेको एउटै कुरो हो ।

## अनुकूल हुनेगरी काम गर्नु

त्यसपछि कामसँग अनुकूल स्थान र समय आदि रोजेर काम गरेमा मात्र काम सजिलै हलुका ढंगले सिद्ध हुन्छ । त्यसो नभइ वर्षा नाघिसकेपछि खेत खन्नु भन्ने उखान झैं समय अनुकूल नहुनु, मरुभूमिमा धानको बिउ रोप्नु जस्तै स्थान अनुकूल नहुनु पर्‍यो भने काम सिद्ध हुँदैन; सिद्ध भए पनि पूरा हुँदैन; यसरी सिद्ध नहुनु, पूरा नहुनुलाई नै काम शुद्ध र सुन्दर नहुनु गोलमाल हुनु भनी भन्नुपर्छ ।

## अल्छी हुनु

अल्छी हुनु पनि काम गोलमाल हुनुको अर्को कारण हो । अल्छी व्यक्तिले गर्मी छ, जाडो छ, अबेर भयो, सबेर छ, भोक-प्यास छ, पेट टन्न छ भनेर विभिन्न बहाना राखेर काम छल्ने गर्छ; ढिलासुस्ती पार्ने गर्छ; धेरै जाडो छ, धेरै गर्मी छ लाई त तृण र धूल जति पनि वास्ता नगरिकन कोसिस गरी कामकाज गर्ने व्यक्ति मात्र सुखबाट वंचित हुननपर्ने कुरो भगवान् बुद्धले बताउनुभएको *सिङ्गालोवाद सुत्त* मा उल्लेख छ । त्यसरी अनेक प्रकारले बहाना गरेर वा अरु अरु कारणहरूबाट कामकाज छलेर फासफुस गर्नु सबै नै काम अपूरो हुनु, शुद्ध र सफा नहुनु हुने हुनाले कामकाजको आकुलभाव ( =गोलमाल) हरू नै भएकोले अल्छी नभएको व्यक्तिको कामकाज मात्र शुद्ध सफा भइ चट्ट परेको अनाकुल कार्य हुन्छन् ।

## वीर्यवान हुनु

अल्छी भएन भने उद्योगी हुने काम पनि सिद्ध हुन्छ भनी भन्न मिले पनि कहिले पनि अल्छी नभई गर्ने भए पनि काममा मन नलागेर त्यस बाहेक



Downloaded from http://www.dhamma.digital

अरु काममा दिलचस्पी हुन जानसक्ने आदि भएकोले काम हलुका हुनजानु कर्तब्यनिष्ठ नहुनु आदि हुनसक्ने भएकोले वीर्यवान् हुनुलाई अलग्ग देखाउनु परेको छ । वीर्य भने पनि बुझेको, दक्षता भएको आदिलाई समेत लिनुपर्दछ । काम सम्बन्धी बुझाई नभएको अवस्था, दक्षता नभएको अवस्था, आंशिक मात्र ज्ञान हुने अवस्था पनि काम गोलमाल हुनुको कारणहरू भएकोले वीर्य भए पनि नजान्नेको, नबुझेको, अदक्ष व्यक्तिको कामकाज गोलमाल हुन नै सक्छन् । जानेका बुझेका दक्षता भएका वीर्य भएकाको काम मात्र शुद्ध सफा र हलुका सजिलो हुने भएकोले अनाकुल=कामकाज गोलमाल नभएको हुन्छ ।

## विनाशबाट बचाउनु

काम नगर्नु, राम्ररी नगर्नुलाई काम बिगार्नु भनिन्छ । त्यसो हुनाले '**इत्थिधुत्त**=रण्डिबाज, **सुराधुत्त**=रक्स्याहा, **अक्खधुत्त**=जुवाडे हुनु आदि सम्पत्ति विनाशका कारणहरूले पनि कामलाई बाधा पार्छ । *संयुक्त निकाय सगाथावग्ग देवतासंयुत्त* मा बताइएका सम्पत्ति बगेर जाने कारण भएका छिद्र नौवटा र छवटा प्वाल भनेको-अल्छी हुनु, प्रमादी हुनु, वीर्य नहुनु, संयम नहुनु, सुतुवा हुनु, जिउ मात्र तन्काइ बसी जांगरिलो नहुनु हुन् । यी पनि कामकाज विनाशका कारणहरू नै भए । त्यस्ता कुलक्षणयुक्त काम चोरहरू काम गरे पनि राम्ररी नगर्नाले कामकाज विनाश गर्नेहरू हुन् । काम भनेको जतिजति ठूलो हुन्छ त्यतित्यति नै सबल बनाउनको लागि सम्पत्ति खर्च गर्नु, लगानी गर्नु, खर्च गर्नु आवश्यक हुने भएकोले सम्पत्ति विनाश गर्नु त काम काज विनाशक नै हुने भएकोले काम गोलमाल गर्नु नै भयो । सम्पत्ति वृद्धि हुँदै जाँदा मात्र काम उन्नति र वृद्धि हुँदै जाने हुनाले सम्पत्तिवृद्धि हुने कारण सम्पदा-धर्म चारवटा पनि परिपूर्ण हुने गरी उद्योग गर्नुपर्दछ ।

**अल्छी प्रमादी, वीर्यहीन; असंयमी र सुतुवा ।**
**छैन जाँगर आँग तान्छ मात्र; धन बग्ने छवटा प्वाल हुन् ।**



Downloaded from http://www.dhamma.digital

### उट्ठान सम्पदा

उद्योग पूर्ण हुनु हो। यहाँ उद्योग भने पनि काममा दक्षता नै नभएकाको उद्योग लाभ-दायक नहुने भएकोले काममा दक्षता भएकाको उद्योग भन्ने अर्थ समावेस छ। खेती गर्नु, ब्यापार गर्नु आदि कामकाज भए पनि कुनै एउटा शिल्प-विद्याद्वारा आफ्नो जीवन निर्वाह गर्नेहरूले त्यस काममा दक्ष भइ, जानीबुझी, अल्छी नभइकन उद्योग गर्नुलाई **उट्ठानसम्पदा** भन्दछन्। सम्पत्ति उत्पादनमा यो **उत्थानसम्पदा** महत्वपूर्ण छ। **'उट्ठाता विन्दते धनं**=वीर्यवान्लाई सम्पत्ति लाभ हुन्छ' भन्ने *सगाथावग्ग मग्गसंयुत्त (२१७)* मा बताइएअनुसार धनसम्पत्ति, गुण र श्रीशोभा अल्छीलाई सुहाउँदैन, मूल्य छैन, वीर्यवानलाई मात्र सुहाउँछ, मूल्य हुन्छ। त्यसरी उद्योग गर्नमा नसुस्ताइकन बेइमानी नगरिकन नरुकीकन अटुट उद्योग गरिबस्ने माहुरी भमराहरूबाट फूलको रस जम्मा पारिनुलाई नमूना लिई काम गर्नको निम्ति र धमिराहरूले आफ्नो घर बनाउन काम गर्ने तरिकालाई नमूना लिनको लागि भगवान्ले उपदेश दिनुभएको *सिङ्गालोवाद सुत्त*मा उल्लेख भएको छ।

### आरक्खसम्पदा

संरक्षण वा सुरक्षा गर्नुबाट पूर्ण हुनु। लाभ गरी जम्मा गरिएका धनसम्पत्तिलाई आगो, पानी, चोर, डाँका आदिद्वारा नाश नहुनेगरी लुट्न नसकिने गरी बैंकमा राखीराख्नु, जीवन बिमा गरिराख्नु आदिद्वारा रक्षा गरिराख्नुलाई **आरक्खसम्पदा** भन्दछन्।

### कल्याणमित्तता

कल्याणमित्र उपलब्ध हुनु। लौकिक र धार्मिक क्षेत्रमा उन्नति-बृद्धि हुने कारण रहेको असल मार्ग-निर्देशन गर्नसक्ने आदर्शयोग्य गुणांग भएका कल्याणमित्र असल साथीसँग सरसल्लाह गर्नु, स्वीकार गर्नु, सत्संगत ब्यवहार गर्नु र नजिक जानुलाई **कल्याणमित्तता** भन्नुपर्दछ।



Downloaded from http://www.dhamma.digital

## समजीविता

सन्तुलित तरिकाले जीवनयापन गर्नु। आम्दानी थोरै भइ खर्च बढी हुनेगरी चलाउनुलाई सन्तुलित जीवननिर्वाह नभएको भन्नुपर्दछ। कमाउने बढी भएर खर्च हुने कम गरी सन्तुलन गरी खर्च गर्न जान्नुलाई **समजीविता** भन्दछन्। उचित हुने गरी खर्च व्यवहार गर्नु भनेको हो। *सिङ्गालोवाद सुत्त* मा उल्लिखित तथागतबाट सम्पत्ति प्रयोग गर्ने विधि बताइएकोमा लाभ भएको सम्पत्तिलाई चारभागमा विभाजन गरी एक भाग ब्यवहार गर्नु, दुईभाग काममा लगाउनु, एकभाग अपर्झट आपद-विपदमा खर्च गर्नलाई जम्मा गरिराख्नको लागि निर्देशन दिइराख्नुभएको छ। दानप्रदान गर्नको लागि दैनिक व्यवहारमा रहेको एकभागबाट टुक्र्याई गर्नुपर्ने कुरा त्यसको अर्थकथामा बताइएको छ।

**उद्योग र धन रक्षा; सन्तुलित प्रयोग र।**
**कल्याणमित्र बनाउनु; यी चार सम्पदा हुन्।**

## चार प्रकारका सुख

**अनाकुलकम्मन्त**-द्वारा सम्पत्ति लाभ हुनु, उक्त सम्पत्तिको आधार लिई सेवन गर्नु र अनुभव गर्नु, परलोकमा सुख प्राप्तहुनु आदि फलहरू लाभ गर्न सकिने हुनाले यो मङ्गल भयो। विशेषत: यो **अनाकुलकम्मन्त** द्वारा प्राप्त हुने *अङ्गुत्तर चतुक्क निपात आनव्य सूत्र (३८०)* मा उल्लेखित सुख चार प्रकारका लाभ हुनसक्छन्; ती हुन्-

(१) **अत्थि सुख**=मसँग छ भनी विचार गर्न पाउँदा हुने सुख हो। कामकाजमा कोसिस गर्नुले सम्पत्तिहरू लाभ हुनथाल्ने अवस्थामा मसँग सम्पत्ति छ भनी बारम्बार विचार गर्दा प्रत्येक पटक प्राप्तहुने मानसिक सुख हो। यसले आफूलाई हर्षोल्लास भइरहन्छ।

(२) **भोग सुख**=उपभोग परिभोगका कारणले उत्पन्न हुने मानसिक सुख हो। कामकाजमा उद्योग गर्नाले लाभ भएको सम्पत्ति उपभोग परिभोग गर्न पाउँदा उत्पन्न हुने मानसिक सुख हो। हर्षित हुनु हो।



Downloaded from http://www.dhamma.digital

(३) **आनण्य सुख**=ऋण नहुनुको कारणले उत्पन्न हुने सुख हो। ऋणमा डुबेको व्यक्ति उक्त ऋणको कारणले सधैं शोकमा परिरहनुपर्ने, ऋण तिर्न नसक्ने अवस्थामा मानसिक दुःख हुनु, ऋण स्वामीहरूको चोट सहनपर्नु, नालिस मुद्दामा पर्नु आदि रूपले धेरै दुःख छन्। कामकाजमा कोसिस गरी सम्पत्ति पूर्ण भएका व्यक्तिले उक्त ऋणदुःख नहुनुले आफू ऋणबाट रहित भई परिपूर्ण भइरहेको कुरा सम्झँदा प्रत्येक पटक मनमा प्रीति सौमन्य अनुभव गरिबस्न पाउनु मानसिक सुख नै हो।

(४) **अनवज्ज सुख**=दोष नभएको हुनाले उत्पन्न हुने सुख हो। आफूसँग निर्दोष कायिक, वाचिक, मानसिक अवस्था तीनैवटाले पूर्ण भएको तथ्य मनमा चिन्तन गर्दा उत्पन्न हुने मानसिक सुख हो। सबै सुखहरू धर्मपूर्वक लाभ भएको सम्पत्तिका कारणले उत्पन्न हुने सुखहरू हुन्। अधर्मपूर्वक सम्पत्ति खोज्ने व्यक्तिलाई आफ्नो अधर्म र अन्याय स्मरण हुँदा प्रत्येक पटक अशान्ति हुनसक्ने भएकोले पूर्णरूपले मानसिक सुख कहाँबाट हुनसक्ला र!

## चारमहिनामा दुईलाख

काम सानो हुनु वा ठूलो हुनु मुख्य कुरो होइन। अरुलाई हानी नहुने, अकुशल नभएको काम हो भने असल नै हुन्छन्। व्यक्तिको उद्योग र दक्षता आदि अनुसार गुण, श्रीशोभा वृद्धि भइ मङ्गल हुन्छ। त्यसैले प्रज्ञावानहरूको निर्देशन ग्रहण गर्नु, काम काजमा दक्षता हुनेगरी काम गर्नु, प्रयास गर्नुद्वारा **अनाकुलकम्मन्त** मङ्गल हुनेगरी सुख शान्ति लिन योग्य छ।

बोधिसत्वले वाराणसी देशमा महाजन जन्म भएको अवस्थामा एकदिन राजाको हाजिरीमा जाँदा बाटोमा मूसाको लास एउटा देखेर नक्षत्र हेरी यो मूसाको लास पूँजी लगाउने व्यक्ति कारोवारमा सफल भइ धनी हुन सक्छ भनी बोले। उक्त कुरा सुनेको एकजना गरीब मानिसले 'यो महाजन प्रज्ञावान भएकोले नजानिकन त्यसै बोलेको होइन होला' भनी सो मूसाको लास लगेर



Downloaded from http://www.dhamma.digital

बिरालोको खानाको लागि बेच्दा एकदाम प्राप्त भयो । उक्त एकदामबाट शुरु गरेर सम्पत्ति लाभको निम्ति अटुटरूपमा उद्योग गर्दै लगी ४ महिनाभित्र दुईलाख लाभ भयो । उक्त दुईलाखबाट एकलाख गुरू दक्षिणाको रूपमा महाजनलाई चढाउन जाँदा महाजनले उसको सामर्थ्य देखेर सन्तुष्ट र खुसी भएर आफ्नी छोरीसँग विवाह गराई संग्रह गरे । उक्त गरीबले प्रज्ञावानको कुरालाई गौरवपूर्वक स्वीकार गर्नु, सम्पत्ति वृद्धि गर्नको लागि आवश्यक तथ्य र अवस्थालाई बुझ्नसक्नु, अटुटरूपले प्रयास गर्नुको कारणले गरीबको जीवनबाट महाजनको स्थानमा पुग्न पाए ।

**सुझाव...**

यस गाथामा **मातु उपट्ठान, पितु उपट्ठान** भनी दुईटा छुट्याएर मङ्गल चारवटा छन् । त्यसरी चारवटा हिसाव गर्दा मात्र अट्ठकथामा देखाइएका मङ्गल ३८ वटा पूरा हुन्छन् । फेरि **मातापितु उपट्ठान** लाई दुई थरीले छुटाए जस्तै **पुत्तदार संगह** लाई पनि **पुत्त संगह** र **दार संगह** गरी दुई थरीमा छुटाए भने पाँचवटा मंगल हुन्छन् । त्यसरी दुईदुई थरी नछुटाई जोडेर लिएमा मङ्गल तीनथरी मात्र हुन्छन् । यसरी अट्ठकथामा मङ्गल गणना गर्ने तरिका तीनथरी देखाइएका छन् । यस विभाजनबाट के थाहापाइन्छ भने ३८ वटा भनेको मङ्गलसंख्या नियम (=निश्चित रूपले ठोकुवा गरी नियमित गरिराखेको) होइन; ३८ वटा भन्दा बढी वा कम पारी हिसाब गरे पनि दोष छैन । मंगल ५ थरी बनाई ३९ भनी गणना गर्नुलाई र तीनथरी बनाएर ३७ वटा भनी गणना गर्नुलाई अट्ठकथा मा निषेध गरिराखेको छैन, अनुमति दिइराखेको छ भन्ने भनाइ हो ।

१८) **दानञ्च धम्मचरिया च; ञातकानञ्च संगहो ।**
**अनवज्जानि कम्मानि; एतं मङ्गल मुत्तमं ।**

१८) **देवपुत्त**=भो देवपुत्र; **यं दानञ्च**=जुन दानपुण्य गर्नु; **या धम्मचरिया च**=जुन सुचरित्र धर्मको आचरण गर्नु; **ञातकानं**=ज्ञातिबन्धुहरूलाई; **यो संगहो च**=जुन संग्रह र सहयोग गर्नु;



Downloaded from http://www.dhamma.digital

**अनवज्जानि**=दोष नभएका; **यानि कम्मानि च**=जुन कामकाज; **अत्थि**=रहेका छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मङ्गल हुन् ।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, दानपुण्य गर्नु; सुचरित्र धर्मको आचरण गर्नु; ज्ञातिबन्धु (आफन्त) हरूलाई सहयोग र संग्रह गर्नु; दोषरहित काम गर्नु; यी चारवटा उत्तम मङ्गल हुन् ।

## दान

दान भनेको **दानं देति**=दान दिइरहेको छ आदि कतिपय क्षेत्रमा दान दिइने वस्तुलाई व्यक्त गर्दछ । (**दातब्बन्ति दानं ।-दातब्बं**=दिनु पर्ने रहेछ; **इति**=त्यसैले; **दानं**=दान भन्दछन् ।) चेतना भएमा मात्र दिने काम हुन्छ । चेतना भएन भने दिइदैन । त्यसैले दान सिद्ध गर्नमा चेतना कारण भएकोले दान सिद्ध हुनुको कारण चेतनालाई पनि दान भन्नुपर्दछ । (**दीयति इमिनाति दानं । -इमिना**=यस चेतनाद्वारा; **दीयति**=दिइन्छ; **इति**=त्यसरी दिइनुको कारण भएकोले; **दानं**=दान भन्दछन् ।)

फेरि चीज वस्तुमा टाँसिने लोभ हुनेबाट दान हुँदैन । टाँसिने भाव नभएको अलोभ  चित्त हुनेबाट मात्र दान हुन्छ । त्यसैले अलोभ पनि दान उत्पत्तिको कारण भएकोले **तं सम्पयुत्तो वा अलोभो**=उक्त चेतनासँग सम्प्रयुक्त भएको अलोभ चित्तलाई पनि **'दान'** भनेर अर्थकथामा वर्णन गरिएको छ ।

## दिने ढंग

चेतनामा **'दानं नाम**=दान भनेको, **परं उद्दिस्स**=अरुलाई उद्देश्य गरेर; **सुबुद्धिपुब्बिका**=सिधा सद्‌बुद्धि अगाडि भएको; **अन्नादि दस दानवत्थु परिच्चागचेतना**=अन्न आदि दस प्रकारका दानवस्तु परित्याग गरिनुको



Downloaded from http://www.dhamma.digital

कारण चेतना नै हो' भन्ने अर्थकथा मा भएको भनाईअनुसार ज्ञान पूर्वगामी भएको दिनुको कारण चेतनालाई दान भनेको हो भनी जान्नुपर्दछ। ज्ञान पूर्वगामी रहेको छ भनेकोमा कर्म, कर्मको फललाई जानेको बुझेको **'कम्मस्सकता सम्मादिट्ठि'** हुनुपर्ने लाई भनेको हो। 'दानको कारणले असल फल लाभ हुन्छ भनी जान्नु हो। ज्ञान पूर्वगामी भएको हुनुपर्दछ भनेकोले यो ज्ञान भएन भने दान भएन भनी सोच्नुहुन्न। सबभन्दा असल ज्ञान सम्प्रयुक्त कुशल बनाउनको लागि मात्र भनेको हो। उक्त ज्ञान नै नभए पनि व्यक्तिलाई श्रद्धा राख्नु आदिद्वारा दिनुले पनि अवश्य दान हुन्छ। ज्ञान विप्रयुक्त दान हो। कतिपय बच्चाहरू र कुनै कुनै प्रदेशका मानिसहरू फल दिन्छ भनी नजाने पनि स्नेह भएकोले दिनु, मान भएकोले दिनु; दया-माया राखेर दिनु; लाभको कामना राखेर दिनु आदि हुनसक्ने हुनाले त्यस्ता दिनु दान मात्र हो। दान नभएको जस्तो दिनु पनि छ। ती डराएर दिनु, लाभको आशा राखेर दिनु, मन परेर दिनु जस्ता नै हुन्।

## आशक्त नहुनु

आफ्नो चीजवस्तुमा आशक्त हुनु त स्वाभाविक नै हो। तर व्यक्तिसँग श्रद्धा-प्रसन्नता हुने बेलामा अथवा मैत्री भएकोले, करुणा उत्पन्न भएर पराईको हितको कामना गर्दा आशक्तिभाव काट्न सक्छ, दिन सक्छ, अर्पण गर्न सक्छ। बोधिसत्वहरू धन-सम्पत्ति मात्र होइन आफ्नो शरीर र प्राण समेत त्याग गर्नसक्ने गरी हृदय उदार भएकाहरू हुन्छन्। त्यसको कारण त मैत्री, करुणा नै हो। उक्त मैत्री, करुणाको कारणले स्वतन्त्ररूपमा परित्याग गर्दै गएर **अलोभज्झासय**=अलोभ अध्यासय वा मनोभावना परिपक्व हुनथालेपछि आशक्ति भन्ने नै रहँदैन। मैत्री, करुणा राख्न नसक्नु, श्रद्धा कमजोर हुने कारणले कसै-कसैमा आफ्नो चीजवस्तुप्रति आशक्त हुनजाने, आशक्त नभए पनि दिन मन नलाग्नुले दान नभए पनि श्रद्धा राख्न जान्ने, अरुको लाभको कामना गर्ने व्यक्तिहरूले आफूलाई साह्रै मन परेका चीजवस्तु



Downloaded from http://www.dhamma.digital

समेत कञ्जुस्याँई गर्न नजान्ने भएर निर्बाधरूपले दानदिन सक्छन् । सो तथ्य सम्बन्धी *अङ्गुत्तर एतदग्गवग्गट्ठकथा महाकच्चायन वत्थु*मा उल्लेख भएको एउटी महिलाको कथा बताउँदछु ।

## निर्बाध त्यागी स्त्री

चण्डपज्जोत (चण्डप्रद्योत) राजाले तथागतलाई निमन्त्रणा गर्न कच्चायन (कात्यायन) माणवकलाई पठाउँदा आठजना अरु साथीहरूसँग तथागतकहाँ आइपुगे । बुद्धोपदेश सुन्नपाउँदा सबैजना अरहन्त भए । अरहन्त भइसकेपछि चण्डपज्जोत राजाको निमन्त्रणा निवेदन गर्दा 'तिमी मात्र गए पनि राजाले श्रद्धा राख्नेछन्' भनी कच्चायन स्थविरलाई मात्र पठाइदिनुभयो । स्थविर पनि अरु सातजना भिक्षुहरूसँग फर्किनुहुँदा बाटोको बिचमा तेलपनालि भन्ने निगममा पुग्नुभयो । उक्त निगममा दुईजना महाजन पुत्रीहरू रहेकामा एकजनाको सम्पत्ति नाश भएर गरीब भइ परिचारिकाको सहारामा जीवन बिताउनुपर्ने अवस्थामा थिइन् । तर उसको रूप लावण्य मात्र राम्रो होइन कि केश पनि अति राम्रो थियो । अर्को महाजन पुत्रीसँग भने सम्पत्ति भए पनि केश थिएन । केश राम्रो भएकी महाजन पुत्रीसँग उक्त केश आफूलाई बेच्न सय देखि हजार रूपैयाँसम्म बढाबढ गरेर दिंदा पनि दिएनन् ।

स्थविरहरूले उक्त निगममा भिक्षाटन गर्नुहुँदा उक्त राम्रो केश भएकी महाजन पुत्रीले देखेर 'अहो, वहाँहरूलाई भिक्षा पनि प्राप्त भएको छैन, मसँग पनि दान दिने केही छैन' भनी मन दुःखित गरिन् अनि आफ्नो केश पहिले साथी महाजन-पुत्रीले किन्नआएको सम्झेर स्थविरहरूलाई निमन्त्रणा गरी घरमा बोलाइन् । त्यसपछि कोठामा गएर परिचारिकाबाट आफ्नो केश काट्न लगाइन् । महाजन पुत्रीमा अति प्रबल चेतना भएकोले आफ्नो अति मेहनत गरी रक्षा गरिएको तथा मन पर्ने केश काट्न परेकोले रत्तीभर पनि प्रभाव नपरे पनि परिचारिका भने यति राम्रो केश काट्नु परेकोमा लोभ लागेर मन दुःखित भएकोले छातीमा हत्केलाले दबाई अविरल आँसु बहाउँदै बसिन् ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि स्थविरहरूले नदेख्ने गरी केश छोपेर घरबाट निस्की पहिले केश किन्न चाहेकी महाजन-पुत्रीकहाँ बेच्न जाँदा उक्त महाजन पुत्रीले पनि मूल्य घटाई आठरूपैँया मात्र दिइन् । दिएको जति लिएर घरमा आई एकजनालाई एकरूपैँया मूल्य पर्ने हिसाबले भोजन पकाई पात्रमा राखेर दान दिई पठाइन् । कच्चायन स्थविरले उक्त कारण जान्नुभइ महाजन पुत्रीसँग सोध्नुहुँदा त्यसै बस्न नसकी महाजन पुत्रीले निस्केर आई स्थविरहरूलाई प्रणाम गर्न आईन् । प्रणाम गर्नासाथ उनको केश उम्रेर आई पहिलेको जस्तै भयो । कुशलको दृष्टधर्म फल नै हो । त्यसपछि स्थविरहरू भिक्षा ग्रहण गरी आकाशमार्गबाट चण्डपज्जोत राजाको कञ्चनवन उद्यानमा पुग्नुभइ भोजन गर्नुभयो । उद्यानपालको बिन्तीअनुसार राजा सवारी भयो । स्थविरबाट तथागत आउनुनभएको जान्नुभएर 'आज कहाँ भोजन गर्नुभयो त ?' भनी निवेदन गर्दा कच्चायन स्थविरले महाजनपुत्रीको दुष्करकार्य बताउनुभयो । राजाले त्यही दिनमै महाजन पुत्रीलाई डाक्नपठाई महारानी पदमा नियुक्त गरिदिनुभयो रे । (*अं.टु. १-१६२*)

## दानको दृष्टान्त फल

*पञ्चंगुत्तर (३३)* -मा उल्लेख भए अनुसार सीह सेनापतिले 'दानको वर्तमान जीवनमा नै प्राप्त हुने प्रत्यक्ष फल देखाउन सक्नुहुन्छ कि' भनी निवेदन गर्दा देखाउनसक्ने कुरा आज्ञा भई भगवान्ले पाँचवटा फल देशना गर्नुभयो । ती हुन्-

(१) धेरै मनुष्यहरूबाट मान-मर्यादा र स्नेह राख्ने होइन्छ । तिरश्चीनहरूले समेत दिनेलाई मन पराउने रहेछन् । मानिसहरूको त कुरै नगरौं । यो फल लाभको कामना गरिने मैत्री फैलाउनुद्वारा प्राप्त हुने फल नै हो ।

२) सत्पुरुषहरू दाताहरूकहाँ नजिक आउँछन् । दान नगर्नेहरूकहाँ कोही पनि जान मन पराउँदैनन् । सत्पुरुषहरू आई नै हाले भने दाताकहाँ



Downloaded from http://www.dhamma.digital

मात्र आउनु स्वाभाविक हो । सत्पुरुषहरूको आगमनले गर्दा कुशल उत्पन्नहुने, अमूल्य धर्मको उपहार प्राप्त हुनुबाट धेरै लाभ हुन्छन् ।

३) असल यशकीर्ति फैलिन्छ । अरुको हित हुनेगरी अर्थ वहन गर्ने व्यक्तिले आफैले गुण प्रकाश गर्नु पर्दैन; सबैले नै गुण वर्णन र प्रकाशन गरिरहने हुनाले सधैं गुणगान फिजीरहने हुन्छ ।

४) जस्तोसुकै परिषद्मा पनि निर्भीकरूपमा जानसक्ने हुन्छ । खराब कर्म गरेको व्यक्ति आफ्नो दोष याद गरी डराउन सक्छ; थर्कमान हुनसक्छ; तर अरुको स्नेह-प्रशंसा प्राप्त गरिबस्न पाएको व्यक्ति बिचार गरी डर मान्नुपर्ने थर्कमान हुनुपर्ने नदेखेर सदा निर्भीक भइ बस्दछ । यी चारवटा फल प्रत्यक्ष वर्तमान फलहरू हुन् ।

५) मरण भएपछि देवलोकगामी हुनपाउँछ ।

**सबैले मन पराउनु, मान पाउनु; हुन्छ सामिप्य सत्पुरुषको ।**
**राम्रो कीर्ति फैलिरहनु, गमन निर्भीक संसदमा ।**
**मरणपछि स्वर्ग-गमन; फल हुन् यी पाँच दानका ।**

## दानले संसार लम्बिन्छ कि ?

कोहीकोही दानलाई संसार लम्बिने कुशल-धर्म भनी डरलाग्दो रूपमा चित्रण गर्दछन् । संसार चक्रबाट मुक्तहुने कामना भएका बोधिसत्वहरूले महत् आकांक्षा राखी दान गर्नुभएको संसारचक्रबाट मुक्त हुनुको कारण भएकोले नै हो । तृष्णा मात्र संसार लामो हुने कारण हो । सही बाटोमा सही मार्गमा बसी गरिने दान तृष्णालाई हटाउन समर्थ कारण हो । बोधिसत्वहरूले वर्तमान र भविष्यको जीवन रमाइलो बनाउनको निम्ति र आफ्नो निम्ति केही पनि कामना गर्दैनन् । बहुजन प्राणीहरूको हित र सुखको कामना गरी, चेतना राखी मात्र दान गर्दछन् । यस्तो दानलाई पारमीसिद्ध दान भन्दछन् । यदि प्रार्थना नै गरे पनि संसार चक्रबाट मुक्त हुने प्रार्थना मात्र गर्न योग्य छ ।



Downloaded from http://www.dhamma.digital

संसार चक्रबाट मुक्त हुनलाई प्रार्थना गर्नु तृष्णा होइन। यस्तो दानलाई विवर्त-निश्रित दान भन्दछन्। तृष्णा छन्दबाट मुक्त नभएको वर्त-निश्रित दान संसार घुम्ने कारण भइराखे पनि तृष्णा-रहित विवर्त-निश्रित दान संसारबाट चाँडै मुक्त हुने कारण नै हो।

## डराउनु नपर्ने

दानकर्तामा दान दिइरहेको क्षणमा मैत्री, करुणा, मुदिता उत्पत्ति र वृद्धि भइरहने हुनाले दान ग्राहकहरूले दान ग्रहण गरी सेवन गर्नुलाई तृप्त सन्तुष्ट बनाई श्रद्धाले प्रसन्न प्रफुल्लित भइ मनमा आनन्द अनुभव गरिरहन्छ। पछिपछि मनमा सम्भिंदा पनि प्रत्येक पटक हर्ष, प्रसन्न र प्रमुदित भइरहन्छ। यी प्रत्यक्ष अनुभव गर्न पाइने दानका प्रतिफल धर्महरू हुन्। अरूप्रति मैत्री, करुणा, मुदिता वृद्धि गरिरहनाले मान, दोष, लोभ, ईर्ष्या, मात्सर्य आदि खराब धर्महरूबाट मुक्त रहेको हुनाले पनि उक्त खराब धर्महरूलाई पातलो पार्ने कारण भएको दानलाई अनुशरण नगरिकन आचरण नगरिकन बस्नु उचित हुन्छ र! दान गर्नुदेखि डराउनेहरू बेल खस्दा आकाश खस्यो भनी ठानी भाग्ने मुर्ख खरायो जस्तै डराउनु नपर्नेमा डराइ बसेको मात्र हो।

## हानी

कोहीकोही दानमा विश्वास नराख्ने हुनाले दानै दिंदैन; आफूले भने अरुको दान उपभोग गर्छ। त्यस्तो व्यक्ति भविष्यको जीवनमा परिहानी गरिरहेको भए पनि यस जन्ममा हानी नभएकोले बेसै छ। कोहीकोही दान पनि गर्दैन, उपभोग पनि गर्दैन; गर्ने आँट गर्दैन; यस्ता व्यक्तिले भनै परिहानी गरिरहको हुन्छ। त्यस्तो व्यक्तिलाई सुनारहरूले आगो फुक्ने खलाँती भैं सास फेरे पनि जीवन नभएको (मृत) भनी प्रज्ञावान्हरू भन्ने गर्दछन्।

*कोसल संयुत्त (९०)* मा उल्लेख छ- एकजना महाजनको छोरा-छोरी सन्तान थिएन; धनसम्पत्ति भने नगद मात्रै अस्सीलाख कार्षापण; सुन, चाँदी



Downloaded from http://www.dhamma.digital

आदिबाट बनेका मालसामान परिभोग्य वस्तुहरू पनि त्यति नै प्रशस्तमात्रामा थिए। यत्रो महाधनी भएर पनि चूकको अमिलो तिहुन र कनिकाको भात खाई सधैं झुत्रो रथ चढी, पात गाँसेको छाता ओढी हिंड्न मन पराउँथ्यो। मरण हुँदा सम्पत्ति सबै राजश्व हुनगयो। यस घटनालाई कारण गरी तथागतले 'मनुष्यरहित सुनसान जंगलमा कसैबाट प्रयोग गर्न नपाइकनै सुकेर गएको पोखरी जस्तै नीच व्यक्तिहरूले सम्पत्ति लाभ गरे पनि आफूले पनि उपभोग गर्ने आँट गर्दैनन्; (अरुलाई) दिन पनि कंजुस्याँई गर्दछन्। प्रज्ञावानहरू त आफूले पनि उपभोग गरी; धेरैजनाको काम-काज पनि बहन गरी आफन्त सबैलाई ख्वाई-पिलाई गरी निन्दामुक्त भइ बस्दछन्। प्रशंसा मात्र प्राप्त गरी सुगतिगामी हुनपाउँछन्' भनी आज्ञा हुनुभयो। नीति आचार्यहरूले पनि 'जम्मा गरिएको सम्पत्ति त्याग गर्नुलाई नै मात्र सुरक्षा गर्नु भन्दछन्; पोखरीमा भएको पानी निकाल्ने नली मात्र सुरक्षा गर्नु भन्नु जस्तै हो' भनेका छन्।

### धम्मचरिया

मार्नु, चोर्नु अर्काकी स्त्री र छोरा-छोरीप्रति अपराध गर्नु भनेको काय-दुश्चरित्र तीनवटा; झुठो बोल्नु, झगडा गराउने कुरा गर्नु, कडा वचन बोल्नु र काम नलाग्ने गफ गर्नु भनेको वची-दुश्चरित्र चारवटा; अर्काको सम्पत्ति आफ्नो बनाउने विचार गर्नु, अरुको विनाश गर्ने विचार गर्नु; धारणा गलत हुनु (मिथ्यादृष्टी) भनेको मनो-दुश्चरित्र तीनवटा; यी दशलाई दुश्चरित्र (=खराब आचरण) भनेर र **अकुसल-कम्मपथ** (अपाय जाने बाटो अकुशल कर्म) भनी भन्नुपर्दछ। ती कार्यहरूबाट विरत हुनुलाई **सुचरित** (=असल आचरण) भनेर र **कुसल-कम्मपथ** (=सुगतिगामी मार्ग, कुशलकर्म) भनी भनिन्छ। यो कुशल-कर्मपथ दशवटालाई आचरण गर्नु नै **धम्मचरिया** भनेको हो। ( **'धम्मस्स चरिया धम्मचरिया। (धम्मस्स**=धर्मको; **चरिया**=आचरण गर्नु; **धम्मचरिया**=धर्माचरण गर्नु हो।)



Downloaded from http://www.dhamma.digital

**धम्म** भनेको सत्पुरुषहरूको स्वाभाविक आचरण हो। धम्मचरिया भनेको अर्काको प्राण हनन गर्नु आदि अकुशल धर्मबाट अलगग भएका क्रिया-कलापहरू हुन्। हत्या गर्नु आदिबाट विरत हुनु धर्मबाट अलग नभएको आचरण भनेर पनि **धम्मचरिया**को अर्थ बताउनुपर्छ। **(धम्मतो अनपेता चरिया धम्मचरिया। धम्मतो**=धर्मबाट, **अनपेता**=अलग नभएको, **चरिया**=आचरण हो; **धम्मचरिया**=धर्मचर्या हो।

दान आदि **पुञ्ञकिरिया** पनि **धम्म** नै भए पनि उक्त धर्महरू दान आदि सम्बन्धित मङ्गलमा समावेश भइसकेको हुनाले र **'धम्मचरिया समचरियाहेतु खो गहपतयो।'** आदि भनेर *मूलपण्णास सालेय्यकसुत्त (३५५)* मा उल्लेख भएको **धम्मचरिया**को स्वरूप कुशल कर्मपथ धर्म दशवटाको आचरण गर्नु हो भनेर आज्ञा हुनु भएको हुनाले **धम्मचरिया**को स्वरूप त्यही कुशल कर्मपथ दसवटाको आचरण गर्नु मात्र अर्थकथा मा वर्णन गरिएको छ।

## मङ्गल उत्पत्ति तरिका

'धर्म आचरण गर्नु स्वर्गगामी हुनुको कारण भएकोले मङ्गल भनिन्छ' भनी अर्थकथा मा वर्णन गरिराखेको छ। उपरोक्त *सालेय्यक सुत्त*मा भन्नुभए अनुसार नै हो। यसरी परलोकको मात्र असल फल देखाई राखे पनि यसै जन्ममा विभिन्न सुपरिणामहरू प्राप्त भइरहेका छन्। खराब आचरण गर्ने व्यक्तिले चारवटा भयहरू भोग्नुपर्ने हुनसक्छ, ती हुन्-

१) **अत्तानुवाद भय**=आफूले आफैलाई आरोप लगाउने भय। दुष्कर्म गर्ने व्यक्तिले 'म खराब छु' भनी आफूले आफैलाई सधैं दोषारोपण गरी मन बेखुश भइ अशान्त पारी बस्नुपर्ने हुनसक्छ।

२) **परानुवाद भय**=अरुबाट आरोप लगाइनुको भय। 'यो व्यक्ति बदमास हो' भनी अरुबाट विशेषतः प्रज्ञावान सत्पुरुषहरूबाट निन्दा उपहास गरिनु पर्ने भय हो।



Downloaded from http://www.dhamma.digital

३) **दण्ड भय**=राजअपराध राजदण्ड भोग्नुपर्ने हुन्छ ।

४) **दुग्गति भय**=अपायमा पतन हुनुपर्ने भय । (*अं.१-४३६*)

**आफूले आफैलाई निन्दा; त्यस्तै निन्दा अरुबाट ।**
**राजदण्ड, अपाय-पतन; छोड्नू भयका कारण यी चारथरी ।**

यिनमा शुरुका ३ वटा भयहरू प्रत्यक्ष-जीवनमा भोग्नुपर्ने भयहरू हुनाले धर्माचरण गरिरहेका व्यक्ति उक्त भयहरूबाट मुक्त भइ कायिक र मानसिक सुख-शान्ति पाउने हुन्छ । धेरै जनाको स्नेह, गौरव, मान-मर्यादा पाउने हुन्छ । मैत्री, करुणा, मुदिता उत्पन्न भएर गहिरो मानसिक सुख-शान्ति प्राप्त भएका व्यक्तिको रूप-लावण्य, बलशक्ति वृद्धि भइ दीर्घायु भइ रहन पाउँछ । सत्पुरुष-धर्म परिहानी भएको युगमा रोग धेरै हुनु, अल्पायु हुनु हुने भएकोले सत्पुरुष धर्म विकास भएको युगमा रोगबाट मुक्त भइ दीर्घायु हुनु **धम्मचरिया**को आनिशंस फल नै हो । **'तयो रोगा पुरे आसुं; इच्छा, अनसनं, जरा**=पहिले पहिले इच्छा हुनु, भोक लाग्नु, यथासमयमा बृद्धबृद्धा हुनु रोग तीनथरि मात्र थिए भन्ने कुरो बताउनुभएको कुरो *सुत्तनिपात ब्राह्मणधम्मिक सुत्त (३२५)* -मा उल्लेख भएको छ । गौ-हत्या शुरु भएदेखि अन्ठान्नब्बे (९८) प्रकारका रोहरू उत्पन्न भएको हो भन्ने पनि उक्त सूत्रमा नै बताउनुभएको छ ।

## धम्मपाल

काशी राष्ट्रका धम्मपाल गाउँमा बस्ने धम्मपाल (धर्मपाल) माणवक तक्षशीला देशका दिशा-प्रामोक्ष आचार्यकहाँ गई विद्या अध्ययन गर्न जाँदा पाँचसय शिष्य विद्यार्थीहरूका नाइके शिष्यको तहमा पुगे । एकदिन आचार्यका जेठा छोरा परलोक भएकोले उक्त विषयमा छलफल गर्न थाल्दा धम्मपालले उनीहरूको वंशमा यसरी बाल-अवस्थामा मृत्यु हुनेहरू कोही नभएको कुरा सुन्दा आचार्य आश्चर्य मानेर आफैं गएर परीक्षा गर्ने निर्णय गरे । त्यसपछि



Downloaded from http://www.dhamma.digital

शिष्यहरूलाई पढाई-लेखाई गराउने जिम्मा सबै धम्मपाललाई सिकाई निस्केर आई बाखाका हाडहरू झोलामा हाली धम्मपाल गाउँमा धम्मपालको घरमा पुगे । आचार्यलाई घरमा बस्नेहरूले कर्तव्यपूर्वक सेवा-टहल गरे । भोजनपछि आनन्दले विश्राम गरिरहँदा आचार्यले धम्मपालको बुबा ब्राह्मणलाई धम्मपाल परलोक भइसके, संस्कार सबै अनित्य मात्र हुनाले शोक गर्नु नपर्ने कुरो बताए । ब्राह्मण त ताली बजाई बेस्सरी हाँसे । 'किन हाँस्नुभएको' भनी सोध्दा 'हाम्रो छोरा मरेको होइन, आचार्य । अरु नै कोही मरेको होला' भने । 'विश्वास गर्नुस् ब्राह्मण, हेर्नुहोस् यो हो तपाँईको छोराको अस्तु ।' भनी झोलाबाट हाडहरू निकाली देखाउँदा आचार्यले देखाएका हाडहरू बाखाको, कुकुरको हाड होला; हाम्रो छोरा मर्दैन; हाम्रो कुलमा सात पुस्ता पहिलेदेखि यसरी बच्चा बेलामा मर्ने कोही छैन, आचार्य' भनी ब्राह्मणले निर्भीक पूर्वक प्रतिकार गरे । आचार्य पनि अति अचम्म मानेर 'तपाइहरूको कुलमा यसरी बच्चा बेलामा नमर्नाको कारण के हो नि' भनी सोधे । ब्राह्मणले सविस्तार बताए ।

'भो आचार्य, हामीले धर्माचरण गरिरहेका छौं । पण्डित आर्यहरूबाट निन्दा गर्न योग्य खराब काम गर्दैनौं । असत्पुरुषहरूको धर्म र सत्पुरुषहरूको धर्म दुवै पक्ष हामी सुन्दछौं । उनीहरूसँग विरोध नहुनेगरी सुन्दछौं, तर असत्पुरुषहरूको धर्मलाई स्वीकार गर्दैनौं; सत्पुरुषहरूसँग मात्र सत्संगत गर्दछौं । हामी दान दिनअगाडि पनि प्रसन्न हुन्छौं, दिइरहँदा पनि प्रसन्न हुन्छौं, दिईसकेपछि पनि प्रसन्न रहन्छौं, पश्चाताप गर्दैनौं । श्रमण, ब्राह्मण, यात्रु, मगन्ते, गरीब-गुरूवाहरूलाई खान-पान दान गर्छौं । हाम्रा जहान-स्त्रीहरूले पर-पुरुषहरूसँग गलत ब्यवहार नगरे जस्तै नै हामीहरूले पनि परस्त्रीहरूसँग गलत ब्यवहार गर्दैनौं । ब्रह्मचर्य नियमको आचरण गरिरहेका छौं । हामी अरुहरूको ज्यान-प्राण हनन गर्दैनौं, चोरी गर्दैनौं, झुठा कुरा गर्दैनौं, मद्यपान गर्दैनौं । हाम्रा धर्मात्मा जहानहरूले वेदज्ञ, प्रज्ञावान, असल, उत्तम सन्तान मात्र जन्म दिएका छन् । आमा-बुबा, दाजु-भाइ दिदी-बहिनी, लोग्ने-स्वास्नी,



Downloaded from http://www.dhamma.digital

ज्यामी कर्मी, दास-दासी सबैजना आगामी जन्मको निम्ति धर्माचरण गर्नेहरू मात्र हुन् । यी आचरणहरू नै हामी साना उमेरमा नमर्नाका कारणहरू हुन्' भनी भनेका धम्मपालका बुबा ब्राह्मणका कुरा सुन्न पाउँदा आचार्यले आफू परीक्षण गर्न चाहेकोले आएको कुरा भनी धम्मपाल निरोगी र स्वस्थ रहेको कुरा बताएर ती धर्महरू आफूहरूले आचरण गर्नको लागी लेखेर लिई फर्केर आए । **'धम्मो हवे रक्खति धम्मचारिं ।**=धर्माचरण गर्नेलाई धर्मले अवश्य पनि रक्षा गर्दछ ।' (*जातकट्ठकथा ४-५८*)

## ञातिसङ्ग्रह

**ञाति**=आफन्त भनेका आमाका तर्फबाट र बुबाका तर्फबाट सातसात पुस्ताकालाई भनेको हो । वैभव सम्पत्ति विनाश भएको कारणले वा, रोग शास्तीका कारणले अरु प्रान्तबाट आफूकहाँ आइपुगेका आफन्तहरूलाई, आफ्नो नजिक भएका आफन्तहरूलाई वस्त्र, खानपान, औषधी उपचार आदिद्वारा भरोसा दिनु सहयोग गर्नुलाई **ञातिसङ्ग्रह** भन्दछन् । उपरोक्त चार संग्रह वस्तुद्वारा आफन्त जति सबैलाई भरोसा दिनुलाई पनि संग्रह भन्नुपर्छ । आफन्तहरूलाई भरोसा दिने व्यक्तिले 'साह्रै असल मान्छे' भनेर धेरैबाट प्रशंसा पाउँदछन् । आफन्तहरूका गौरव र प्रियपात्र हुनपाउनुको प्रतिफल स्वरूप उनीहरूबाट पनि रक्षा प्राप्त हुन्छ । मैत्री करुणा दया मायाद्वारा संगठित हुनु, आपसी मिलिजुली र सरसल्लाह भएको परिषदद्वारा सदा प्रसन्न प्रफुल्लित र रमाईलो भइरहन्छ । इत्यादि दृष्टधर्म फललाई र सुगति भवमा पुग्न पाउने आगामी जन्मका फल समेत प्राप्त हुनुको कारण असल कर्म भएकोले **ञातिसङ्ग्रह** मङ्गल हो ।

## बोधिसत्वहरूको आचरण

आफन्तहरूलाई सहयोग गर्नु बोधिसत्वहरूको स्वाभाविक आचरण हो । बोधिसत्वहरूले आफन्तहरूको अर्थवहन गर्नु, भय उपद्रवबाट बचाउनु



Downloaded from http://www.dhamma.digital

आदिद्वारा सधैं आफन्तहरूको अर्थ हित आचरण गरिआएको हुनाले **ञातत्थचरिया** भनी एउटा चर्याको रूपमा प्रकट रहेको छ। एकचोटि एउटा पुरोहितको टाउकोमा एउटा कागले हग्नाले सो पुरोहितलाई रिस उठ्यो र कागहरूप्रति प्रतिशोधको भाव राखी बस्यो। एकदिन राजाको हस्तिशालामा आगो लागेर हात्तीहरू घाइते भएपछि माहुतेहरूले निको पार्न नसकी राजालाई बिन्ती चढाउँदा राजाले पुरोहितसँग सोधे। पुरोहितले मौका आइपुग्यो भनी विचार गरेर 'कागको बोसो भएमा निको पार्न सकिन्छ' भनी बिन्ती चढायो। राजाले कागहरू मारी बोसो निकाल्न हुकुम भयो। राजाको हुकुम बमोजिम कागहरू मारी बोसो निकाल्न खोजे पनि बोसो निक्लेन, कागका लास मात्र जतातते थुप्रियो।

त्यसबेला कागहरूका राजा बोधिसत्व ८० हजार कागहरूका साथ मसानमा बसिरहेको थियो। कागहरूलाई आइपरेको भय-उपद्रव सुनेर 'म बाहेक मेरा जातिबन्धुहरूको भय-उपद्रव शान्त गरी रक्षा गर्नसक्ने अरु कोही छैन' भनी विचार उठेकोले आफ्नो पारमिताहरू निरीक्षण गरी मैत्री पारमिता सम्झेर जोडतोडले उडेर गई प्रत्यवेक्षण गरी सिंहासन मुनिबाट निस्की राजालाई निवेदन गरेको कस्तो थियो भने 'महाराज, राजाहरूले निरीक्षण र परीक्षण गरेर मात्र काम-कुरा गर्नु उचित हुन्छ। आफूहरूले गरेको काम साँच्चै फाइदाजनक भएमा मात्र गर्न लायक छ। फाइदा नभइ धेरैलाई दुःख-कष्ट हुने भएमा गर्नहुँदैन। हामी काग जातिमा बोसो छैन। पुरोहितले आघात प्रतिशोधको कारणले झुठो कुरो बोलेको मात्र हो।' कागबाट यस्तो कुरो सुन्नपाएकोले राजा अतिव प्रसन्न भइ सुनको पिड्कामा बसाली राजपरिभोग्य खानापीना ख्वाई पिलाइसकेपछि कागहरूमा बोसो नहुनाको कारण सोधे।

'हामी कागहरू सधैं थर्कमान रहने स्वभावका हौं। धेरै सत्वहरूलाई सास्ति गर्ने हौं। त्यसो हुनाले हामी कागहरूमा बोसो छैन' भनी कागहरूका राजाले कारण बताए। राज अतिव सन्तुष्ट भई, प्रसन्न प्रमुदित भई कागहरूका राजालाई राज्य समेत सुम्पिदिए। कागहरूका राजाले राज्य स्वीकार नगरिकन फेरि



Downloaded from http://www.dhamma.digital

फर्काइदिएर सत्वहरूलाई अभव वरदान मागेपछि मागेको अनुसार नै दिएको मात्र होइन कि कागहरूका निम्ति सधैं चारा दान दिन थाले। (जातक द्व.१-५१०)।

## जाति पूरै लिनुपर्छ

बोधिसत्वहरूले आफ्ना जातिहरूको निम्ति आफूले कष्ट सहेको, सहयोग र रक्षा गरिआएको *जातकअर्थकथा* मा धेरै देखिन्छन्। **ञातत्थचरिया** -मा **ञाति** भनेको आफ्ना रगत मासुको सम्पर्क भएको कुललाई मात्र नलिई समान जातिका आफन्त सबैलाई नै भन्नुपर्दछ। यहाँ पनि आफ्ना जाति समूह सबैलाई नै ञातक- को रूपमा लियोभने चरिया झन पूरा हुन्छ। आफूलाई मात्र हेर्ने स्वभावको सानो मनोवृत्तिको सकीर्ण व्यक्ति हुन्छ। त्यस्तासँग आफ्ना ज्ञाति आफन्तहरूलाई सहयोग गर्नुमा नै होस् नहुनसक्छ। सम्पूर्ण जातिप्रति त झन भन्नै पर्दैन। धेरैजनाको अर्थ र हितको कामना भएको व्यक्तिको स्वभाव र मनोवृत्ति विशाल भएको हुन्छ। यस्ता उदार व्यक्तिले आफ्नो आफन्त मात्र होइन कि सक्ने अवस्थामा सम्पूर्ण जातिलाई नै उपकार गर्नको निम्ति तयार हुन्छन्। आफन्त र आफ्ना जातिलाई असल बनाउन मैत्री, करुणा प्रमुख भएकोले ती धर्महरू विकास भइरहेको युगमा यस **ञातिसङ्गह**का लागि अरुले अनुशासन गरिरहनु पर्दैन। भित्री हृदयमा आशक्त भइरहेको आचरण हुनाले परस्पर सहयोग मद्दत गरी एकढिक्का भइ मिलिजुली भइ बस्ने भएकोले रमाइलो युग हुन्छ। मैत्री, करुणा अभाव भएको युगमा त सम्पूर्ण जातिलाई त के भन्नु र, आफन्त आफन्तमा नै फूट भई नरमाइलो भइरहेको हुन्छ। त्यसैले रमाइलो लोक सृजना गर्नको लागि यो ञातिसङ्गह मंगल अति नै महत्वपूर्ण छ।

## अनमतग्ग

**'न सो भिक्खवे सत्तो सुलभरूपो, यो न माता भूतपुब्बो'** आदि अनमतग्ग देशना अनुसार यति लामो घुमीघुमी आइरहेको यो संसारचक्रमा



Downloaded from http://www.dhamma.digital

आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी आदि भइनसकेका, आफन्त नपरेका कोही छैनन्; सबै नै आफन्त भइसकेकाहरू मात्र छन् । (*सं. १-३९५*)

यो देशना मनन गऱ्यो भने सबैजना आफन्तहरू नै रहेछन् भन्ने सामिप्यभाव, स्नेह दया-माया-पूर्ण मनोवृत्ति बनाउनसक्ने भई विशाल हृदय भएका बन्न सक्ने भएकोले आफ्नो जातिहरूप्रति मनोवृत्ति ठूलो बनाई, विकास गर्दै लानसक्ने हुनसक्नु पऱ्यो ।

**अयं निजो परोवा'ति, गणना लहुचेतिनं ।**
**उदारचरितानं तु, वसुधेव कुटुम्बकं । (*हितोपदेश*)**

**अयं**=यो व्यक्ति, **निजो**=आफूसँग नजिकको आफन्त पर्ने व्यक्ति हो; **अयं**=यो व्यक्ति त, **परोव**=पराई/अपरिचित व्यक्ति हो; **इति**=यसरी; **लहुचेतिनं**=हलुका मनोवृत्ति वा अगम्भीर स्वभावका मानिसहरूको; **गणना**=आफन्त र पराई भनी दुई भाग छुटाई हिसाब गर्ने काम; **होति**=हुन्छ । **उदारचरितानं तु**=मनोवृत्ति उच्च विशाल भएकाहरूका लागि त; **वसुधा**=सम्पूर्ण विश्व, सम्पूर्ण पृथ्वी नै; **कुटुम्बकं एव**=एउटै परिवार एउटै नाता कुटुम्ब भएको हुन्छ ।

Dhamma.Digital

**अनवज्जकम्म**

मार्नु, चोर्नु आदि काम-कुराहरूबाट लोकमा राजदण्ड र राजआरोप पनि भोग्नुपर्छ । संसारवर्तको दोष भनिने अपाय पतन पनि हुन्छ । त्यसो हुनाले **सावज्जकम्म** (=दोष सहितका कामकाजहरू) भनी भन्नुपर्दछ । ती त्यसरी राजआरोप, राजदण्ड पनि नपर्ने; अकुशल पनि नभएका कामकाजलाई **अनवज्जकम्म** (=निर्दोष कामकाज) भनी भन्नुपर्दछ । त्यस्ता कामकाज भनेका उपोसथ धारण गर्नु, सेवा-टहल गर्नु, सार्वजनिक विश्राम लिन हुनेगरी रुख रोप्नु, धेरैलाई उपयोग हुनेगरी वनउद्यान निर्माण गर्नु, साँघु, नदी खोला तर्ने पुल बनाउनु, बाटो मरम्मत गर्नु, इनार, पोखरी खन्नु आदि असल कामकाजहरू हुन् । खराब कामकाज गरी दुख पाइरहेका, भोग गर्नुपर्ने



Downloaded from http://www.dhamma.digital

सबैजनाको मन शान्त हुन्नन्, कष्ट सहनुपर्ने हुन्छन् । तसर्थ अमङ्गल नै हो । उपरोक्त असल कामकाजहरूबाट धेरै प्राणीहरूलाई शारीरिक तथा मानसिक सुख दिन्छ, प्रफुल्लित र रमाइलो बनाइदिन्छ । सार्वजनिक प्रयोजनको निम्ति असल काम गर्ने मानिस हुनुले धेरैका प्रियपात्र बन्नपाउनु, गौरव पाएर प्रशंसा-पात्र बन्दछन् । आफूलाई पनि स्मरण हुँदा प्रत्येक पटक, आरम्मण हुँदा प्रत्येक पटक मनमा सुखशान्ति हुन्छ । मरणासन्न अवस्थामा उक्त कुशल-आरम्मणद्वारा असल निमित्तहरू पाएर सुगति-भूमिमा पुग्नपाउने सुनिश्चित हुन्छ । त्यसैले यी कामकाजहरूलाई उत्तम मङ्गल हो भनी भन्नुपर्दछ ।

### माघ (मघ) माणवक

यस **'अनवज्जकम्म'** को क्षेत्रमा माघ (मघ) माणवक नमूना नै हो । मचल गाउँका माघ माणवक दान दिनु, शील पालन गर्नु, गाउँठाउँ सिंगार्नु, रमाइलो पार्नु जस्ता कुशल कर्ममा दिलचस्पी भएका व्यक्ति थिए । उक्त गाउँमा ३३ वटा घरपरिवार रहेकामा माघ माणवकको अनुशासनद्वारा , आकर्षणद्वारा ३३ वटा घरपरिवारका व्यक्तिहरू नै शरीर र मन एउटै भइ दान, शील आदि कुशलकर्ममा स्थिर भएका मात्र होइनन् कि गाउँठाउँ रमाइलो बनाउने कुशलकर्म पनि गर्दथे । बाटो सम्याउन ढुँगा गुड्काएर मरम्मत गर्दथे । रथ, गाडा आदि गुड्ने बाटोमा पाँग्रा धुरी अड्कने रुख झाडहरू उखेलेर काटेर सफा गर्दथे । रथमार्ग सम्याउँथे । पूलहरू बनाउँथे । पोखरी खन्ने, पाटी धर्मशाला बनाउने गर्दथे । मानिसहरू पनि असल मतिका भएकाले गाउँ, बस्ति पनि रमाइलो र सुन्दर भएर मचल गाउँ दर्शनीय र रमणीय बन्नथाल्यो ।

पहिले उनीहरू जाँड-रक्सी खाने, पशु-पंक्षी मार्ने, माछा मार्ने गरिरहँदा उनीहरूबाट आम्दानी पाइरहेका द्वारेले अहिले कुशल-धर्मी, सज्जन भलादमी मात्र बन्नपुग्दा आम्दानी नपाएकोले यी ग्रामवासीहरू चोर-डाँकाहरू हुन् भनी



Downloaded from http://www.dhamma.digital

राजाकहाँ बिन्ती चढाउन गए । राजाले पनि निरीक्षण र परीक्षण नगरिकन नै सबैजनालाई हात्तीबाट कुल्चाई मार्न हुकुम भयो । राजपटाङ्गिनीमा सबैजनालाई लडाएर राखी कुल्चाउन हात्तीहरू डोऱ्याएर ल्याए । त्यसबेला माघ माणवकले 'तिमीहरूले आ-आफ्ना शीलको प्रत्यवेक्षण गर । चुगली गर्ने द्वारे, मार्न लगाउने राजा, मार्ने हात्तीहरू र आआफूलाई समेत सबैजनाप्रति समान रूपले मैत्री वृद्धि गर्नू' भनी अनुशासन गरे । माघ माणवकले भनेमुताबिक अनुशरण गर्दा कुल्चाउन ल्याइएका हात्तीहरू कुल्चने आँट नगरीं जोरतोरले कराई भागे । फेरि एकपछि अर्को ल्याउँदै कुल्चनलगाउँदा पनि सबै नै त्यस्तै नै भागेर गए । अनि राजाले 'उनीहरूसँग औषधि होला, तलाशी लेऊ' भनी अह्राएपछि तलाशी लिंदा पनि औषधि देखेनन्, भेटाएनन् । 'मन्त्र पढेको होला, सोधपूछ गर' भनी अह्राएपछि सोद्धा माघले मन्त्र रहेको बताए । राजाले सबैलाई बोलाउन लगाई 'तिमीहरूको मन्त्र बताऊ त' भनी भनेपछि माघ माणवकले 'हामीसँग अरु मन्त्र त छैन; हामी पर प्राणी हत्या गर्दैनौं; पर वस्तु चोरी गर्दैनौं; पर-स्त्रीप्रति अपराध गर्दैनौं; झुठो बोल्दैनौं; जाँड-रक्सी खाँदैनौं; दान दिन्छौं; मैत्री वृद्धि गर्दछौं; बाटो मर्मत गर्ने, पोखरी खन्ने, पाटी-पौवा बनाउने गर्दछौं । यी कामकाजहरू सबै नै मन्त्र भने नि हुन्छ, परित्राण आरक्षा पनि हो' भनी बिन्ती चढाए । राजाले उनीहरू सबैप्रति प्रसन्न र सन्तुष्ट भई द्वारेको वैभव सम्पत्ति र गाउँ समेत पूरै उनीहरूको अधिकारमा छोडी दिए । सबैजना कुशल कर्महरू गरेर मरण पछि त्रयस्त्रिशत् देवलोकमा ३३ जना शक्रहरू हुन पुगे । (*धम्मपद १-१६९*)

## शोक रहित शान्ति-स्वस्ति

आफ्नो अर्थाचरण मात्र गर्ने (स्वार्थी), अर्काको अर्थाचरण मात्र गर्ने (परार्थी), स्व र पर दुवै पक्षको अर्थाचरण गर्ने र कसैको पनि अर्थाचरण नगर्ने भनी चार प्रकारका व्यक्तिहरू रहेकामा आफ्नो अर्थाचरण मात्र गर्नेलाई सम्पत्ति आदि परिपूर्ण गर्न खोजे भने त्यस्तो भए पनि मनमा आनन्द हुनु र हर्ष प्रसन्न हुनु पूर्ण



Downloaded from http://www.dhamma.digital

रूपमा पाउन सम्भव हुँदैन। पराईको अर्थाचरण मात्र गर्नेलाई आफ्नो अर्थको निम्ति शोक हुनसक्छ। दुवै आचरण गर्ने व्यक्ति शोकरहित भई शान्ति-स्वस्ति भएको हुन्छ। दुवै आचरण नगर्ने व्यक्ति लोकमा परिहानी पारी बस्ने हुन्छ। धेरै जनाको अर्थ-हित सधैं वहन गर्ने व्यक्ति धेरैको स्नेह-गौरव पाउने मात्र होइन, आफ्नो उक्त कुशल कर्महरू देखेर मनमा सम्झने बेला प्रत्येक पटक मन प्रफुल्लित भइ उल्लासले भरिएर रमाइलो मानी बस्न पाउने हुन्छ। भय उपद्रवबाट अलग्ग भइ मानसिक सुखले पूर्ण भई सधैं लाभ प्राप्त भइरहन्छ। प्रत्येक ठाउँमा, गाउँ-गाउँमा, शहर-शहरमा त्यस्ता व्यक्तिहरू धेरै भएमा त्यो गाउँठाउँ सधैं रमाइलो भइ स्वच्छ, रमणीय, शान्ति र स्वस्तिले मात्र पूर्ण हुन्छ। त्यस्ता ठाउँमा मनुष्य परस्पर मैत्रीमा आबद्ध भएर भेदभाव रहित भई एकै रूपले मिलेर एकताबद्ध भई बस्न पाउने भएकोले **अनवज्जकम्म** भनिने गाउँठाउँ, गाउँ, शहर रमाइलो पार्ने, मानिसहरू परस्पर समता र एकता हुनु, सधैं कुशल-कर्म उत्पन्न गर्नको निम्ति गम्भीर रूपमा अनुशरण गर्नुपर्ने कुशल-कर्म हो।

१९) **आरति विरति पापा; मज्जपाना च संयमो।**
**अप्पमादो च धम्मेसु; एतं मङ्गल मुत्तमं।**

१९) **देवपुत्त**=भो देवपुत्र; **पापा**=खराब कर्मबाट; **या आरति च**=जुन मनबाट विरमण भई बस्नु र; **या विरती च**=जुन शरीर र वचनद्वारा विरमण भई बस्नु अनि; **मज्जपाना**=मद्यपान गर्नुबाट; **यो संयमो च**=जुन संयम गर्नु; **धम्मेसु**=कुशल धर्ममा; **यो अप्पमादो च**=जुन अप्रमाद हुनु; **अत्थि**=छन्; **एतं**= यी तीनवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल हुन्।

## तीनवटा मंगलको भावार्थ

देवपुत्र !खराब कामबाट मन, शरीर र वचन विरत हुनु, मादक-पदार्थ खानुबाट संयमित हुनु, कुशल धर्ममा अप्रमादी हुनु; यी तीनवटा उत्तम मंगल हुन्।



Downloaded from http://www.dhamma.digital

## सूचना

कसैकसैले यस गाथा अनुसार **'पाप आरति, पाप विरति'** भनी मंगल दुईथरी छुटाएर मंगल चारवटा भनी ग्रहण गरी **'मातापितुउपट्ठान'** लाई एउटै मंगल मानी ३८ मङ्गल गनेर देखाउँछन्।। यहाँ त **'आरती विरती पापा'**- को स्वरूप खराबबाट विरत हुनु भन्ने अर्थ समान नै रहेकोले **पापविरति** एउटा मात्र हिसाब गरी तीनवटा मंगल बताइएको अर्थकथा अनुसार मंगल तीनवटा मात्र लिएको हुँ।

## आरति विरति

रमू-धातुको विरत हुनु अर्थअनुसार **आरति** र **विरति** समान नै भए। 'आ' र 'वि' उपसार मात्र फरक रहेको छ। त्यसरी फरक रहे पनि उपसारको निम्ति अर्थभेद नभएकोले **'आरती'ति आरमणं; विरती'ति विरमणं'** भनी विरत हुनु सामान्य शब्दार्थ मात्र वर्णन गरिएको छ। *अट्ठसालिनी लोकुत्तर वर्णन*मा **'आरका रमतीति आरति**=टाढाबाट विरत हुने भएर आरति भन्दछन्। **विना तेहि रमतीति विरती**= उक्त धर्मबाट अलग्ग हुनेगरी विरत हुने हुनाले **'विरति'** भन्दछन्' भनी उपसार दुईटा भेदगरी वर्णन गरिएका छन्। यस्तो वर्णनको आधार लिई **'आरति**=टाढाबाट विरत हुनु; **विरति**=विशेष रूपले विरत हुनु' भनेर पनि अर्थ दिने गरिन्छ। *अट्ठसालिनी*मा उपसार अर्थलाई वर्णन गरिएको भए पनि दुईटा पदमा विशेष अर्थ छैन। विरत हुनु मात्र हो भनेर पनि भनिएको छ। यहाँ त शब्दार्थ विशेष नभए पनि स्वरूपार्थ अभिप्राय फरक हुनु पर्ने भएकोले **आरति**=मनबाट विरत हुनु, **विरति**=शरीर र वचनबाट विरत हुनु भनेर विरत हुने ढंग फरक रहेको कुरा अर्थकथामा वर्णन गरिएको छ। यस्तो वर्णन गरिनु दृष्टिपात गर्नुपर्ने क्षेत्र नै हो। **विरति**लाई अभिधर्ममा काय-दुश्चरित्र, वची-दुश्चरित्र दुवैमा विरत हुनुलाई मात्र देखाइएकोले **विरति**-को स्वरूप काय र वाक् दुबैबाट हुनु मानेर **आरति** को स्वरूप मनबाट



Downloaded from http://www.dhamma.digital

विरत हुनुलाई मान्नुपर्दछ । यो भनाईको अर्थ पनि आरतिद्वारा विरत हुनु, काय, वाक्, मन तीनवटाबाट नै विरत हुनु हो; तर विरतिले काय वाक् दुइटै विरत हुनुलाई जनाइसकेकोले पारिसेस (=बाँकीलाई मात्र ग्रहण गर्नुपर्ने) नय अनुसार **आरति**को स्वरूप मनले विरत हुनुलाई मात्र मान्नुपर्दछ । पुञ्ञाणसम्भार, **गोबलिबद्ध नय** पनि भन्दछन् ।

## सूचना

**आरति विरति** -मा गाथामा छन्दको लागि **आरती विरती** भएको पाइन्छ । यस **आरती विरती** पद जस्तै नै पछिपछि अनुवाद गर्दा पालिसँग समान नभइ फरक भइराखेका कुनै-कुनै पदहरू देखिएमा पालि छन्दको लागी परिवर्तन भएका पदहरू भनी बुझ्नुपर्छ ।

## मनले विरत हुनु

अकुशलमा दोष देखिने गरी विचार गरी मनले अकुशल-कर्म नगर्नका निम्ति चिन्तन गर्नु, निरीक्षणद्वारा निर्णय गर्नुलाई मनले विरत हुनु भन्नुपर्दछ । पाणातिपात- आदि खराब कर्मले नर्क, तिरश्चीन, प्रेत योनिमा उत्पन्न गराउँदछ । उक्त कर्मको हलुका दोष उल्लेख गर्ने हो भने प्राणघात गर्ने व्यक्ति अल्पायुको हुन्छ । चोरी गर्ने व्यक्तिको सम्पत्ति विनाश हुन्छ । अर्काका स्वास्नी, छोरा-छोरीलाई दुराचार गर्नेको शत्रु धेरै हुन्छन् । झुठो कुरा गर्ने व्यक्तिले अन्यायपूर्वक लगाईने आरोप खप्नुपर्छ । भगवान्ले इत्यादि तथ्यहरू बताउनुभएको कुरा *अङ्गुत्तर सब्बलहुस सुत्त (अं ३-७७; दुच्चरित विपाक सुत्त)* -मा उल्लेख भएको छ । यी दोषहरूलाई निरीक्षण गरेर मनले विरत हुनु हो । त्यसपछि फेरि *मूलपण्णास सल्लेख सुत्त (५२)* -मा 'चुन्द ....कुशल धर्ममा चित्त उत्पत्ति हुनु मात्र पनि ठूलो उपकारक हो' भनी म तथागत बताइरहेको छु । शरीर र वचनले पनि गर्न पाए भने त कुरै छैन । त्यसैले अरुहरू शास्ति गर्ने, घात गर्ने भइरहन्छन्; यस क्षेत्रमा नै पनि हामी शास्ति नगर्ने भइ बस्नेछौं भन्ने चित्त



Downloaded from http://www.dhamma.digital

उत्पन्न गर्नुपर्छ। अरुहरू प्राणघात गर्नेहरू भइबस्छन्; यस क्षेत्रमा हामी प्राणघात गर्नबाट विरत भइ बस्नेछौं, भनी चित्त उत्पन्न गर्नुपर्छ' आदि भनी बताउनुभएको छ। यो तथ्य पनि मनले विरत हुनुको एक ढंग नै हो।

## शरीर र वचनले विरत हुनु

**विरति**-मा **सम्पत्त विरति, समादान विरति र समुच्छेद विरति** भनी विरत हुने ढंग तीन थरी अर्थकथामा देखाई राखिएका छन्। सम्पत्त-अगाडि आइपुगेको सम्पर्कमा भेटिएको वस्तुद्वारा; **विरति**=विरत हुनु। शिक्षापद धारणा गरेको नभइ आफ्नो जाति, गोत्र, उमेर बहुश्रुत आदि गुणलाई प्रत्यवेक्षण गरी 'म जस्ताले यस्तो काम गर्न योग्य छैन' भनी विरत हुनु हो। यस क्षेत्रमा *अट्ठसालिनी* -मा चक्कन उपासकको कथावस्तु देखाइएको छ। सो उपासककी आमालाई रोग लाग्दा वैद्यले खरायोको ताजा मासु चाहिन्छ भनी भन्यो। दाजुले अह्राएबमोजिम खेतमा खरायो खोज्न निस्कँदा दूधे धान खाइरहको खरायो मानिसको आवाज सुनेर भाग्दा झारमा अल्झेकोले समातियो। त्यसपछि मेरी आमालाई बचाउनको निम्ति अरुको प्राणघात गर्नु उचित छैन भनी खरायोलाई छोड्दियो। घरमा पुग्दा दाजुबाट हप्काई खानपर्‍यो। उनी आफ्नी आमाकहाँ गएर 'मैले जाने बुझेदेखि जानाजान कहिले पनि कसैको प्राण हनन गरेको छैन' भनी सत्य कराल गरी उभिइरह्यो। उक्त सत्यको कारणले उनकी आमाको रोग तुरुन्त निको भयो। (*अभि. ट्ठ. १-१४६*)

## समादान, समुच्छेद

शिक्षापद समादान र धारण गरी विरत हुनु **समादान विरति** हो। उक्त विरतिलाई उत्तर वड्ढमान पर्वत निवासी उपासकको कथावस्तुद्वारा देखाई राखिएको छ। सो उपासकले पिंगल बुद्धरक्खित स्थविरबाट शिक्षापद ग्रहण गरी खेतीपाती गरिरह्यो। एकदिन आफ्नो गोरु हराएकोले पर्वतमा चढेर खोज्नजाँदा



Downloaded from http://www.dhamma.digital

अजिंगरबाट बेरेर समातिए। आफ्नो साथमा भएकोले कोदालोले सर्पको टाउको काट्ने विचार गरे। 'म गौरव राख्न लायक गुरूबाट शील ग्रहण गरी धारण गरिबसेको व्यक्तिले पनि शील बिगारेमा अनुचित हुनेछ' भनी फेरि विचार गरे। त्यसरी तीनपटकसम्म विचार गरिसकेपछि 'मैले बरु प्राण नै त्याग्छु शिक्षापद त त्याग गर्दिनँ' भनी कोदालो जंगलमा फ्याकिदिए। उही क्षणमा अजिंगर उनलाई छोडेर अन्त गयो। (*अभि. ट्ट. १-२४६*)

मार्ग (ज्ञान) सँग सम्प्रयुक्त भएको विरति **समुच्छेद विरति** हो। उक्त विरति उत्पन्न भइसकेका आर्यहरूसँग अर्काको प्राण हरण गर्छु भन्ने चित्तसम्म पनि उत्पन्न हुँदैन। पञ्चशीलमा रहेका पाणातिपात आदि पाँचैथरीका भय, उपद्रव सबै शान्त भइसकेको हुन्छ।

## पाप स्वरूप

पाप विरतिद्वारा कायदुश्चरित्र तीनवटा, वचीदुश्चरित्र चारवटाबाट विरत हुनुलाई लिएर **पाप आरति** द्वारा मनो दुश्चरित्र तीनैवटाबाट विरत हुनुलाई लिए भने पाप-को स्वरूपमा दुश्चरित्र दशैवटा समावेस रहन्छ। तर अर्थकथामा पञ्चशीलमा रहेको मज्जपानलाई पछि सोझै उल्लेख गर्ने भएकोले बाकी रहने पाणातिपात आदि चारवटालाई लिएको छ। त्यसरी लिइएका 'आर्यश्रावकहरूमा भय, उपद्रव पाँचवटा शान्त भइसके' भन्ने देशनामाथि विचार गरी र *सिङ्गाल सुत्त* मा आर्यश्रावकहरूले मार्नु, चोर्नु, कामगुणमा मिथ्याचरण गर्नु, झुठो कुरा बोल्नु भन्ने **कम्मकिलेस**=(धमिलो पार्ने कारण कार्य) चारवटालाई हटाइसकेको कुरा देशना गरिएको उपदेशलाई आधार मानेर **पाप**-को स्वरूप उक्त चारवटालाई मात्र गणना गरिएको हो।

आर्यश्रावक... पिसुण वाचा आदि दुश्चरित्रबाट पनि विरत भएको उक्त देशनाअनुसार स्पष्ट भएको छ। तर 'मुसावाद एउटालाई मात्र उल्लंघन गर्नसक्ने ठगले गर्न नसक्ने अकुशल केही छैन' भन्ने *धम्मपद (३९)* अनुसार मुसावादबाट विरत हुनसक्ने व्यक्ति भएमा पिसुणवाचा आदि पनि बोल्दैन।



Downloaded from http://www.dhamma.digital

पञ्चशीलले उक्त मुसावादलाई विरमण गर्नुले नै दुश्चरित्रबाट विरत हुने काम सिद्ध भइसकेकोले पञ्चशीललाई आर्यहरूको हातमा सधैं धारण गरिने अरियकन्तशीलको रूपमा नियमित गरिएका छन् । त्यसो भएपछि **पाप** -को स्वरूप उपरोक्त चारवटा लिइएको उचित नै छ ।

## हिरी ओत्तप्प

हिरी, ओत्तप्प धर्म विकास भइ लाज मान्न जानेको, डर मान्न जानेको युगमा अकुशल कर्म गर्न गाह्रो मानी बस्छन्, भारी ठान्दछन् । अकुशल कर्म गर्नलाई लाज मान्नुपर्दछ; डराउनु पर्दछ भनी नजानेको युगमा अकुशल धर्महरू विकास हुन्छन् । हिरी, ओत्तप्प कुशल धर्मको, विशेषतः शीलको पृष्ठभूमि मूल कारण नै भयो ।

आफ्नो कुल, बाजे, बज्यै, आमा-बुबा परम्परादेखि बुद्धधर्मावलम्बीहरू भएकोले खराब काम नगरेको भनी विचार उठ्दा कुलको गुणलाई आरम्मण गरी अकुशल कर्म गर्नमा लाज लाग्नथाल्छ । आफ्नो उमेर, आफ्नो शिक्षा, बहुश्रुत गुण आदि विचार गर्दा पनि अकुशल काम गर्न लाज लाग्न थाल्छ । त्यसैले कुल, जाति, उमेर, श्रुतगुण आदि **हिरी** (=लज्जा) उत्पन्न गराउने कारणहरू हुन् । एकजना बुद्धधर्मावलम्बी भएकाले तथागतको अप्रिय अकुशल कर्म गऱ्यो भने सबैले उपहास गर्नेछन् । विशेषगरी प्रज्ञावानहरूले निन्दा गर्नेछन् । अपायमा पनि पतन हुनपुग्नेछ । यी तथ्यहरू विचार गर्नेहरूमा **ओत्तप्प** (=त्राश) उत्पन्न हुन्छ । अकुशल गर्न डराउनेछन् । त्यसैले हिरी ओत्तप्प धर्म दुइटालाई **लोकपाल** (=लोकवासी सत्वहरूलाई अकुशलबाट संरक्षण र सुरक्षा गर्ने धर्म) भनेर र **देवधम्म** (=कुशल उत्पत्ति गर्नलाई, सम्मुति, उपपत्ति, विशुद्धि देव बन्ने कारण भएकोले ती देवताहरूको धर्म) भनी तथागतले आज्ञा हुनुभयो । (*जा.ट्ठ. १-१४९*) त्यसो हुनाले हिरी, ओत्तप्प विहीन हुनु, अकुशल उत्पतिको कारण विभिन्न भय विभिन्न दुःख उत्पत्तिको कारण खराब अमंगल मात्र हुन् । लज्जा र भय युक्त हुनु कुशल उत्पत्तिको कारण र सुख उत्पत्तिको कारण असल श्री-



Downloaded from http://www.dhamma.digital

शोभा मंगल भएकोले हिरी रओत्तप्प द्वारा पाप विरति मंगललाई कहिल्यै नछुट्ने गरी संरक्षण गरिराख्न योग्य छ।

## मज्जपान संयम

**मज्ज**=नशा लाग्ने कारण भएका अनेक प्रकारका रक्सी। मात लाग्ने गरी कुहाएर उमालेर बनाइने अनेक ढंगका रक्सी; कुहाउनु नपर्ने गरी उमाल्न नपर्ने गरी स्वभावत: कडा हुनपुग्ने ताडको रस, नीपताडको रस आदि र मात लाग्ने गाँजा आदि सबैलाई नै **मज्ज** भनी भन्दछन्।

**सेवन मादक चीज; विकाल भ्रमण अफ।**
**हेर्नु तमासा, खेल्नु जुवा; संगत मूर्खसँगको।**
**आलस्य सहित ६ वटा; छोड विनाश कारण।**

यो भनाई अनुसार जाँड-रक्सी खानु, रातको अबेलाकुबेलामा घुम्नु, जात्रा, उत्सवमा भुल्नु, बाह्रमासे खेली हिंड्नु, कुमित्र संगत गर्नु, अल्सी हुनु; यी छवटा सम्पत्ति विनाशका कारण हुन् भनी भगवान्‌ले बताउनुभएको *सिङ्गाल सुत्त (दी. ३-१४८)* मा छ। यस देशनाअनुसार जाँड-रक्सी खानु सम्पत्ति विनाशका कारण हो भनी थाहा पाइन्छ।

## ६ वटा दोष

यस बाहेक जाँड-रक्सी खानाले ६ वटा दोषहरू हुनसक्ने तथ्य पनि भगवान्‌ले बताउनुभएको छ। ती छवटा दोषहरू हुन्- १) सम्पत्ति सिद्धिएर विनाश हुनु, २) भैभगडा पर्नु, ३) विभिन्न रोगहरू उत्पन्न गराउनु, ४) श्रीशोभा, गुण, यशकीर्ति हीन पार्नु, ५) लुकाएर गोप्य गरिराख्नुपर्ने शारीरिक अंगहरू खोली देखाइनु, ६) ज्ञानबुद्धि कमजोर हुनेगरी काम गर्नपुग्नु।

**सम्पत्ति नाश, भगडा वृद्धि; अनेक रोग कारण।**
**फैलिने बदनामी; गुह्य अंग उघार्नु।**
**प्रज्ञा ज्ञान हुन्छ दुर्बल; मद्य सेवनका ६ दोष हुन्।**



Downloaded from http://www.dhamma.digital

## सम्पत्ति विनाश

रक्सीले मात्तिएर बेहोस भइरहेको रक्स्याहामा आफ्नो सम्पत्तिको संरक्षण र सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान नभइराख्ने हुनाले ऊ चोरिने, लुटिने अवस्थामा परी सम्पत्ति नाश हुनसक्छ। सामान्य प्राकृतिक मन नभइ फरक भइ विपरीत भइरहनाले अरुबेला कंजुस भए पनि त्यस अवस्थामा जोगाउनु पर्छ भन्ने कुरा जान्दैन, खर्चबर्च छुट्याउन जान्ने भए पनि त्यसबेला खर्च बढी गर्ने हुन्छ। रक्स्याहासँग अरु अरु रसरंग गर्नु, जुवामा थाप्नु आदि जोडिएर आउनसक्ने हुनाले रक्सी खर्च मात्र होइन अरुअरु खर्च पनि बढ्न गई सम्पत्ति सिद्धिन्छ। पहिले बताइसकिएको महाधन महाजन पुत्रको कथालाई नमूना लिनुपर्‍यो। पहिले बोधिसत्व महाजन कुशल कर्महरू गरी शक्रत्वमा पुग्न गएका थिए। तर बाँचेको महाजनको एक्लो छोरो रक्स्याहा भइ अनेक प्रकारले सम्पत्ति हिनामिना गरी अन्तमा चालीसैकोटी सम्पत्ति सबै सिद्धिनाले कतारो बोकी मागेर खानु पर्ने स्थितिमा पुग्न गयो। शक्र देवेन्द्रले इच्छा गरेको सबै दिनसक्ने घडा दिएर 'यो घडा नफुटुन्जेलसम्म सम्पत्ति सिद्धिनेछैन, तिमीले होश गर' भनी सुझाव दिएर फर्के। त्यसबेलादेखि फेरि रक्सी खाई सम्पत्ति सिध्याउँदै एक दिन रक्सीले मातेर घडा उफारी-उफारी, फाली- फाली, टिपी-टिपी चलिरहँदा हातबाट खुस्किनगई झरेर घडा फुट्यो। त्यसबेलादेखि फेरि मागी-मागी खानुपर्ने स्थितिमा पुगी अर्काका पर्खालमा अडेस लिएर अनाथ भइ मर्नुपर्‍यो। (*जातकट्ठकथा २-३८८*)

## झैझगडा बृद्धि

रक्सीले मात लाग्नु भनेको एकप्रकारले बहुलाउनु नै हो, मादक पदार्थ सेवनद्वारा विभिन्न दुश्चरित्र उत्पन्न गर्ने खराब क्रिया हुनाले *(अट्ठङ्गुत्तर सब्बलहुस सुत्त (अं.३-४८)* -मा बारम्बार मादक पदार्थ सेवन गर्ने व्यक्ति नर्क, तिरश्चीन, प्रेतयोनिमा उत्पन्न हुनजाने, सुरापानको सबभन्दा हलुका दोष नै बहुलाउनु हो भनी भगवानले बताउनुभएको छ। बहुलाहरू अरुलाई गाली गरी, कुटपिट गरी, झैझगडा गरी हिंड्ने झैं अघिपछि स्वाभाविकरूपले



Downloaded from http://www.dhamma.digital

सभ्य भई बसे पनि नशा सेवन गर्ने व्यक्ति नशा लागेको अवस्थामा शरीर र वचन दुइटैद्वारा नै जथाभावी गरिहिंड्ने हुन्छ। त्यसबाट फेरि कुटाई खानु, गाली खानु आदि हुने हुनाले उसका शत्रु धेरै हुने मात्र होइन कि राजअपराधका राजदण्ड समेत भोग्नु पर्ने भएकोले धेरै दोषहरू छन्।

## रोग उत्पत्तिको कारण

अत्यधिक रक्सी, जाँड आदि मद्य सेवनले अनेक प्रकारका रोग हुन सक्ने कुरालाई आजकल औषधिका ज्ञाताहरूले स्वीकार गरेका छन्। कसैकसैले ठीक तरिकाबाट मात्रा मिलाई मद्य खायो भने औषधि हुन्छ भनेर बहाना बनाउँछन्। तर मात्रा मात्रले सन्तोष हुनसक्नेहरू पाउन गाह्रो छ। **'न किरत्थि रसेहि पापियो**-रस तृष्णाभन्दा नीच विषय अरु छैन' भनी भगवान्ले भन्नुभएको *एकनिपात-वातमिग जातक (४)* मा उल्लेख भएजस्तै भय छोपिएर नदेखिने गरी आशक्त भइरहँदा सन्तुष्ट भयो, पुग्यो भन्ने नै नभइ अतिक्रमण र उल्लंघन हुनजानु स्वाभाविक छ। *तिक अंगुत्तर (२६३)* -मा **'तिण्णं भिक्खवे पटिसेवनाय नत्थि तित्ति'** आदि द्वारा निदाउनु, जाँडरक्सी खानु, मैथुन सेवन गर्नु भनेको कहिल्यै तृप्त र सन्तोष नलाग्ने तथ्यको रूपमा बताउनुभयो। कसैकसैमा रोगको स्थिति बिग्रेर डाक्टर बैद्यहरूले छोड्ने सल्लाह दिए पनि छोड्न नसकी ज्यानसँग साटेर मृत्युवरण सम्म पनि गर्नपुग्ने गरी आशक्त हुनजाने रस तृष्णाको भयंकरता नै हो।

पहिले वाराणसी देशमा पञ्चशील पालन गर्ने सोत्थिय भन्ने एउटा कुल रहेकोमा उक्त कुलमा एक्लो छोरो त्रिवेद पारंगत भएका प्रज्ञावान थिए। उसले मद्यपान गर्नेहरूबाट गरिएको जालझेल तथा छलकपटमा परी ठगेर लगेको अनुसार मद्यपानमा भुलिरहेकोले उनको बाबुले कुल विनाश हुने, सम्पत्ति विनाश हुने विषयहरू देखाई रोक्दा पनि मानेनन्। मद्यपान सेवन नछोडेमा घरबाट निकालीदिन्छु, भनी धम्क्याउँदा पनि भएन। जति सम्झाई बुझाई गरे पनि नमानेपछि अन्तमा बुबाले अदालतमा लगी बाबु-छोराको



Downloaded from http://www.dhamma.digital

नाता तोडेर घरबाट निकालिदिए । पछि मागीमागी खानुपर्ने जीवनमा पुगेपछि अनाथ भइ मृत्यु हुनपुग्यो । (विस्तृत जानकारीको लागि *असीति महासुतसोम जातकअट्ठकथा* मा हेर्नुस् ।)

## बदनाम होइनु

मद्यपानमा भुलेकोले गर्न नसक्ने र गर्न लाज मान्ने विषय भन्ने छैन । जाँडरक्सी सेवनकार्य दुश्चरित्र समूहमा खराब दोषयुक्त कार्य सबैको उत्पत्तिको कारण भएकोले अकुशल कर्म भयो नै । नशालु पदार्थ सेवनले महान उपकारक आमा-बुबा, गुरू-आचार्यहरूलाई समेत कुट-पिट गर्न सक्छ र अझ मार्न समेत सक्छ । अति प्रेम भइरहेका पत्नी, छोरा-छोरीहरूलाई समेत कुटपिट गर्न सक्छ, मार्न सक्छ । मद्यपान गर्नेले सम्पूर्ण खराब कामकाज अवश्य गर्न सक्छ, बोल्न सक्छ । पूर्वकालमा मासु-बिना भोजन नगर्ने एकजना रक्स्याहा राजाले रक्सीले मात्तेको बेलामा मासु किन्न नसकिएको कुरा भान्छेले बिन्ती गर्दा आफ्नो काखमा बसाली राखिएको राजकुमारको घाँटी निमोठी मारेर तरकारी बनाउनको लागि भान्छेतिर फालिदिए । भोलिपल्ट रक्सीको अम्मलले छोडेपछि होश आएदेखि अत्यन्त संवेग उत्पन्न गरी असह्य पीडा भोग्नुपर्‍यो । (*जातकट्ठकथा* २-२७७) त्यसैले मद्यपानका कारणले मानिसहरूबाट हुने निन्दा-उपहास सहनुपर्ने र राजदण्ड भोग्नुपर्ने आदि खराब अपयश, अकीर्ति मात्र फैलिइरहन्छ ।

## गुह्यांग पनि उघार्न सक्छ

गुणवान सु-सभ्य व्यक्तिहरूले अरुका अगाडि लुगाफाटाद्वारा गोप्य गर्नुपर्ने शारीरिक अंगहरू छोपेर जाने बस्ने गर्दछन् । जाँड-रक्सीले मातेकाको लागि त्यस्ता देखाउन लाज मान्नुपर्ने अंगहरू भन्ने नै हुँदैन । खराब कर्मको अवरोधक लज्जा र भय हुन्छन् । तर मातेकासँग लज्जाभय खाली हुने भएकोले लाज मान्नुपर्ने भन्ने नै हुँदैन । सामान्य व्यक्तिहरूलाई त छोडौं ।



Downloaded from http://www.dhamma.digital

आयुष्मान भिक्षु सागत जस्ता पृथग्जन ध्यान-अभिज्ञा-लाभी ऋद्धिवान स्थविरलाई समेत रक्सीले लज्जा भय विहीन बनाइदिन सक्छ। महान ऋद्धिवान नागराजालाई ऋद्धिद्वारा दमन गर्न सकेकोले मानिसहरू प्रसन्न भएकोले घरैपिच्छेबाट रक्सी दान दिएकोले उक्त रक्सी सेवन गरिआएका आयुष्मान सागत शहरको ढोकामा पुग्दा पछ्रिए। तथागतले देख्नुभइ भिक्षुहरूलाई बोकाई पठाउनुभयो। विहारमा पुगेर तथागतको अगाडि ल्याई तथागततिर शीर पारी लेटाउँदा पनि उनी आयुष्मानले घुमेर तथागततिर पाउ पारे। पहिले पहिले तथागतप्रति अति आदर राखी लज्जा-भय धेरै मान्ने आयुष्मान सागतले आदर गर्नुपर्छ र लज्जा भय मान्नुपर्छ भन्ने समेत जान्न नसक्ने अवस्थामा पुग्नुपरेको भयंकर रक्सीको प्रभावले गर्दा नै हो। (*वि. २ -१४५*)

## प्रज्ञा दुर्बल बनाउने

प्रज्ञा भनेको स्मृतिसंज्ञासँग संयुक्त भइरहने हुनाले संज्ञा-रहित भएको रक्स्याहामा उचित ढंगले स्मृति नरहने हुनाले प्रज्ञा पनि कमजोर हुन्छ। आयुष्मान सागत ज्ञान-बुद्धिविहीन हुनपुगेको लज्जा-भयविहीन हुनपुगेको आदर-गौरवविहीन हुनपुगेको र स्मृति कमजोर हुनपुगेकोलाई नै उदाहरण लिन सकिन्छ। त्यसैले भूत, भविष्य र वर्तमान जुनसुकै युगमा र अवस्थामा पनि प्रज्ञावान सत्पुषहरूका अप्रिय, विरत भइआएको, घृणा गरिआएको मद्यपानलाई सदा-सदा नै विरत गरिराख्न योग्य छ।

## अप्पमाद धम्म

**अप्पमाद**= बिर्सने काम नहुनु बेहोश नहुनु, भनेको स्मृति नै हो। लोकमा आफ्नो कामकाजमा दिलचस्पी नभइ अरु-अरु रसरंग र खेल-क्रीडा क्रिया आदिमा मात्र लागिरहने, कामकाजमा अल्छी, वीर्यहीन व्यक्ति प्रमादी हो। आफ्नो कामकाजमा दिलचस्पी राखी उद्योग गरी बस्ने व्यक्तिहरू अप्रमादी स्मृतिवानहरू हुन्।



Downloaded from http://www.dhamma.digital

शिक्षा, स्वास्थ्य, आर्थिक आदि जुनसुकै क्षेत्रमा पनि अप्रमाद महत्वपूर्ण रहेको छ । लोकमा उन्नति र विकास भएकाहरू स्मृतिवान व्यक्तिहरू स्मृति अटूट हुनेहरू हुन् । हानी भोगिरहेकाहरू, विनाश भोगिरहेकाहरूलाई हेर्‍यौं भने प्रमादीहरू नै भएको देख्न पाउँछौं । त्यसरी उन्नति हुनु, उन्नति नहुनुलाई आधार मानेर नै 'बेहोश नभएको मर्दैन, बाँचिरहेको भएपनि बेहोशी मरेको तुल्य हो' भनी भन्नुभएको *धम्मपद (१६)* मा उल्लेख छ । त्यसपछि फेरि बल-शक्ति सम्पन्न भएकोले दगुर्न सक्ने असल जातको घोडा बल शक्तिहीन दुर्बल घोडालाई उछिनेर अगाडि बढ्नेजस्तै बेहोशी, सुताहा धेरै मानिसहरूमध्ये होशियार र जाग्रत प्रज्ञावान व्यक्तिले उनीहरूलाई उछिनेर अगाडि बढ्ने कुरा बताउनुभएको *धम्मपद (१७)* मा उल्लेख छ ।

धर्मको क्षेत्रमा त यो स्मृति झन आवश्यक छ । महत्वपूर्ण भएकोले नै सम्यकसम्बुद्ध तथागतले दिनहुँ भिक्षाटनबाट फर्की खुट्टा धुने पिर्कामा उभेर **'अप्पमादेन सम्पादेथ'** आदि भनी दुर्लभ धर्म पाँचवटा सधैं उपदेश दिनुहुन्थ्यो । अन्तिम अवस्थामा परिनिर्वाण हुनलाग्दा पनि यस **'अप्पमादेन सम्पादेथ'** लाई अन्तिम निगमनको रूपमा सर्वान्तिममा धर्म-उपहारको रूपमा दिई परिनिर्वाण हुनुभयो ।

## स्मृति बढ्ता छैन

श्रद्धा र प्रज्ञा, समाधि र वीर्य यी धर्महरू एकअर्कासँग बराबर नभइकन एकभन्दा अर्को घटी बढी भइरह्यो भने लाभ सिद्ध नभई अझ दोष समेत हुनसक्छ । स्मृति त बढ्ता हुनु भन्ने छैन । प्रत्येक कामकाजमा दरिलो स्मृति आवश्यक नै हुन्छ । तसर्थ **'सतिं च ख्वाहं भिक्खवे सब्बत्थिकं वदामि**=स्मृतिलाई, भिक्षुहरूहो, जुनसुकै क्षेत्रमा पनि आवश्यक रहेको धर्मको रूपमा म भन्दछु' भनी *महावग्ग बोज्झंग संयुत्त (१००)*-मा उल्लेख भएको हो । स्मृति अपरिहार्य छ, महत्वपूर्ण भएकोले नै तथागतले सम्पूर्ण स्थलचर सत्वहरूका पाइलामा हात्तीको पाइला सबभन्दा ठूलो हुने भएकोले त्यसमा



Downloaded from http://www.dhamma.digital

सबैका पाइलाचिन्ह अट्ने जस्तै सम्पूर्ण कुशल धर्म अप्रमादमा अटिरहने कुरा बताउनुभएको *महावग्ग बोज्झंग संयुत्त* मा उल्लेख छ । त्यसपछि फेरि यस जन्मको फल, आगामी जन्मको फल दुवै थरीका फललाई प्राप्त गर्ने धर्म अप्रमाद भएको तथ्य बताउनुभएको *सगाथावग्ग कोसल संयुत्त (८७)* मा उल्लेख छ । होशरहित भई बस्ने व्यक्तिमा कुशल-धर्म उत्पत्ति र वृद्धिको निम्ति अवसर नहुने भएकोले कुशल धर्म उत्पत्ति र वृद्धिको लागि अप्रमाद अति ठूलो आधार रहेछ । त्यसैले अतिउपकारक-धर्म एउटा अप्रमाद भएको कुरा बताउनुभएको *पाथिक दसुत्तर सुत्त (२२७)* मा उल्लेख छ ।

## धर्म हस्तगत पारिराख

**धम्मेसु** -को स्वरूप बेहोश नहुनु धर्ममा सम्पूर्ण किसिमका कुशल-धर्म समाहित भएको हुँदा दान, शील मात्र होइन त्रिरत्नको गुण आरम्मण गर्नु, मैत्री फैलाउनु, मरण धर्म सम्झनु, स्मृतिप्रस्थान भावना बृद्धि गर्नु आदि मनमा राखिराख्न योग्य धर्महरू हस्तगत गरिराख्नै पर्छ । धर्म भनेको अर्को जन्मसम्म पर्खिरहनुपर्ने होइन; धर्मपालकलाई यसै जन्ममा मानसिक शान्ति उत्पन्न गरिदिनु, मनोवृत्ति बलियो पारिदिनु, लोकधर्मलाई सामना गर्ने क्षमता दिनु, आफूले विशेष प्रयत्न गऱ्यो भने मार्गफल समेत प्राप्त गर्न सक्ने बनाइदिनु, आदिद्वारा रक्षा गरिदिन्छ । त्यसबाहेक फेरि एउटा न एउटा भावना आफ्नो हातमा पारी वृद्धि गरिबस्ने व्यक्तिमा धर्मको सम्बन्धमा अनुभूति गर्नु, सम्झनु, बृद्धि हुँदै आउनु, विचार-धारणा उच्च भई धनी हुनथाल्नु, प्रज्ञा-ज्ञान परिपक्व हुनथाल्नु आदि धेरै लाभ हुने गर्दछन् ।

## जुलाहाकी छोरी

तथागत आलवी देशमा पुग्नुहुँदा आलवी-वासीहरूले भोजन आदि दान गरे । तथागत आउनुभयो भन्ने खबर सुनेर एउटी जुलाहाकी छोरीलाई उपदेश सुन्न मन लागेको, तथागत दर्शन गर्न मन लागेको भए पनि बुबाले



Downloaded from http://www.dhamma.digital

अह्राएको काम थियो । धागो बेरिएका (रील, कोया, गट्टा, बबिन) हरू तान भएको ठाउँमा पुऱ्याइसकेपछि मात्र उपदेश सुन्छु भनी काममा ब्यस्त हुनुपर्‍यो । सिद्धिसकेपछि गट्टाहरू ढकीमा राखी काखमा बोकी तान (कारखाना) मा जानको लागि आउँदा उपदेश सुन्नलाई भेला भएको परिषदको छेउमा पुगी उभिइ हेरिरहिन् । तथागतले हेर्नुहुँदा मलाई तथागतले आओस् भनी इच्छा गरिरहनुभएको छ भनी बुझेर परिषद्को भित्र पसिन् । तथागतले उनलाई चारवटा प्रश्न सोध्नुभयो । 'ए नानी, तिमी कहाँबाट आएकी हौ ?' भनी सोध्नुहुँदा 'थाहाछैन, भन्ते' भनेर नै जवाफ दिइन् । 'कहाँ जानलागेकी त ?' भनी सोध्नुहुँदा 'थाहा छैन' भनी जवाफ दिइन् । 'तिमीलाई थाहा छैन र ?' भनी सोध्नुहुँदा 'थाहा छ, भन्ते' भनी निवेदन गरिन् । 'तिमीलाई थाहा छ र ?' भनी फेरि सोध्नुहुँदा 'थाहा छैन, भन्ते' भनी जवाफ दिईन् । परिषद असन्तुष्ट भयो । तथागतलाई यो केटी जिस्काउने जस्तै गरी निवेदन गर्दैछिन् भनी ठानी उपहास गरिरहे ।

त्यसबेला तथागतले 'कहाँबाट आएकी हौ' भनी मैले सोधेकोलाई तिमीले किन 'थाहा छैन, भन्ते' भनी जवाफ दिएकी नि' भनी सोध्नुभयो । 'म जुलाहाको घरबाट आएकी कुरा तपाँइले जानिसक्नुभएको छ । यस विषयमा सोध्नुहुन्न होला; 'कुन जन्मबाट आएकी हौ' भनी सोध्नुभएको होला भनी मैले ठानेकी छु । आफू आएको जन्म थाहा नभएकोले 'थाहा छैन, भन्ते' भनी जवाफ दिएको कुरा निवेदन गरेकी हुँ । 'साधु, साधु, नानी'; मेरो सोधाईको नै जवाफ दियौ भनी साधुकार दिनुभइसकेपछि 'कहाँ जाँदैछ्यौ नि' भनी सोधेकोमा कारण फेरि सोध्नुभयो । 'मैले गट्टाको ढकी लिएर आइरहेकी देख्नु नै भएको हुनाले म तानमा जान लागेको कुरा बुझिसक्नुभएको छ । यस विषयमा सोध्नुहुन्न; यो जन्मबाट च्यूत भएपछि कुन जन्ममा जाने हो भनेर सोध्नु भएको हो भनी ठानेर आफू जाने अर्को जन्म थाहा नभएकोले गर्दा 'थाहा छैन, भन्ते' भनी निवेदन गरेको कुरा बिन्ती गर्दा फेरि साधुकार दिनुभयो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि 'थाहा छैन र तिमीलाई' भनी सोध्दा 'थाहा छ, भन्ते' भनी किन जवाफ दिएकी त भनी सोधेपछि यो प्रश्न मृत्यु हुनेबारेमा सोधेको भनी बुझैं। एकदिन मर्नुपर्ने थाहा भएकोले 'थाहा छ' भनी निवेदन गर्दा पनि साधुकार दिनुभयो। 'थाहा छ त तिमीलाई' भन्ने प्रश्नलाई किन 'थाहा छैन।' भनेको त ? भनी सोध्नु हुँदा 'मर्नुपर्ने त थाहा छ; कुनदिन, कुन महिना, कुन बेला मर्ने हो थाहा नभएकोले 'थाहा छैन' भनी जवाफ दिएको निवेदन गरिन्। तथागतले फेरि साधुकार दिनुभइसकेपछि **अन्धी भूतो** - आदि देशनाद्वारा यो लोकमा अन्धाहरू मात्र छन्। यी अन्धाहरूको समूहबाट एक दुईजना मात्र आँखा हुनेहरू उत्पन्न हुने गर्दछन्। व्याधाको जालबाट मुक्त हुने पंक्षीहरू पाउन गहारो भएजस्तै स्वल्प मात्र स्वर्गगामी र निर्वाणगामीहरू हुन्छन् भनी परिषद्हरूलाई देशना गर्नुहुँदा जुलाहाकी छोरी स्रोतापन्न भइन्। (*धम्मपद १३-१७४*)

## सूचना

यस जुलाहाकी छोरीमा धर्म सम्बन्धी विचार र धारणा प्रज्ञा-ज्ञानबाट परिपक्व छ। धेरै जनाले बुझ्न नसक्ने तथागत भगवान्लाई निर्भीक-पूर्वक स्पष्टरूपमा उल्लेख गरी बताउन सकेकोले धेरै आश्चर्य-चकित भए। यसरी अरुसँग समान नभएको उनको प्रयत्नको कारणले गर्दा नै हो। विगत तीन वर्षभन्दा पहिले पनि तथागत त्यहाँ आलवीमा एकचोटी आइसक्नुभएको थियो। त्यसबेला परिषद्लाई मरणानुस्मृति धर्म-देशना दिनुभएको थियो। अरुहरूमा सुनियो काम सिध्दियो गरी होशियारीका साथमा नराखिएको भए पनि जुलाहाकी छोरीले त त्यसबेलादेखि नै सधैं रातमा पनि दिनमा पनि समय पाउने बित्तिकै मरणानुस्सति भावना वृद्धि गरिरहेकी थिइन्। उक्त भावनाको प्रभाव शक्तिले गर्दा नै व्यापक प्रज्ञा-ज्ञान वृद्धि भइ दृष्टि विशाल बनाई अरुभन्दा अब्बल भएकी हुन्।



Downloaded from http://www.dhamma.digital

(२०) **गारवो च निवातो च; सन्तुट्ठि च कतञ्ञुता ।**
**कालेन धम्मस्सवनं; एतं मङ्गल'मुत्तमं ।**

२०) **देवपुत्र**=भो देवपुत्र; **यो गारवो च**=जुन गौरव राख्नुपर्नेलाई गौरव राख्नु; **यो निवातो च**=जुन आफूलाई विनम्र बनाउनु; **या सन्तुट्ठि च**=जुन सजिलै सन्तुष्ट हुनु; **या कतञ्ञुता च**=जुन पहिले गरिएका उपकारलाई बुझ्नेको भाव र; **कालेन**=अनुकूल समयमा; **यं धम्मस्सवनं च**=जुन उपदेश सुन्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी पाँचवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल नै हुन् ।

## पाँचवटा मंगलको भावार्थ

भो देवपुत्र; गौरव राख्नुपर्नेलाई गौरव राख्नु, विनम्र हुनु; सन्तुष्ट हुनु, उपकारलाई बुझ्नु, अनुकूल समयमा उपदेश सुन्नु; यी पाँचवटा उत्तम मङ्गलहरू हुन् ।

## गारव-

**गरूनं भावो गारवो । गरूनं**=गौरव राख्न योग्यहरूको; **भावो**=भाव हो; **गारवो**=गौरव राख्न योग्य व्यक्तिको भाव । गौरव राख्नलायक भएका त्रिरत्न, गुरु-आचार्य, आमा-बुबा आदि गुणमहान र वयोवृद्धहरू हुन् । भिक्षुहरूमा जन्म उमेर अनुसार नभइ भिक्षुको वर्षावास धेरै भएकाहरू गरू (=गौरव र मान राख्नुयोग्यहरू) हुनुपर्छ । यी व्यक्ति गौरव र सम्मान राख्नलायक हुन् भनी जान्नु गौरव राख्नु सन्मान राख्नुबाट जान्नपाइने हुनाले गौरव राख्नुलाई गारव (=गौरव राख्नलायक हुनुको भाव) भनी भन्नुपर्दछ । आदर-गौरव गर्ने आकार-प्रकारद्वारा उत्पन्न हुने कुशल-चित्त नै हो ।

## मंगल हुने ढंग

गौरव राख्नलायकहरूलाई गौरव राख्नु, सम्मान गर्नु जस्ता आचरण नगर्ने व्यक्ति सत्पुरुषहरूलाई रुचिकर हुँदैनन् । सान्है जंगली स्वभावको भनेर



Downloaded from http://www.dhamma.digital

निन्दा गरिन्छन् । गौरव राख्न जान्ने, सम्मान गर्न जान्नेहरू त रुचिकर हुन्छन्, प्रिय हुन्छन् । साञ्है ज्ञानी मानिस भनी प्रशंसा हुन्छन् । यस तथ्यद्वारा नै **अगारव** -को अमंगल भाव, **गारव**-को मंगल भाव स्पष्ट भइराखेको छ। तथागतले वयोवृद्धहरूलाई गौरव राख्नेहरू यस जन्ममा पनि प्रशंसा पाउने तथ्य, पछिका जन्महरूमा पनि सुगति भवमा पुग्न पाउने कुरा बताउनुभएको *एकनिपात तित्तिर जातक (९)* -मा उल्लेख भएको छ। त्यसपछि फेरि वयोवृद्ध, गुणवृद्धहरूलाई अभिवादन गर्ने बानी भएकाहरू, गौरव राख्ने बानी भएकाहरूलाई दीर्घायु हुने, रूप लावण्य राम्रो हुने, सुख हुने, बलशक्ति-पूर्ण हुने भन्ने चारप्रकारका फलहरू वृद्धि हुने कुरा बताउनुभएको *धम्मपद (२९)* मा उल्लेख भएको छ। उपरोक्त तथ्य *चक्कवत्ति सुत्त* अनुसार पनि जान्नसकिन्छ। यसका अतिरिक्त जेष्ठहरूका स्नेह, गौरव, सहयोग, सुरक्षा प्राप्तहुनु आदि लाभ हुने प्रतिफलहरू धेरै छन्। मूलधन लगानी गर्ननपर्ने गरिकन नै शरीरलाई निहुराई कोमली भइ प्रयोग गर्नाले मात्र पनि धेरै ब्याज फल्ने, नाफा हुने यो गारव मंगललाई धारण नगरी बस्न योग्य हुन्छ र ?

## वंश कुलीन हुनु

*उपरिपण्णास चूलकम्मविभङ्ग सुत्त (२७७)* -मा 'माणवक...यस लोकमा कोही कोही पुरुष महिलाहरू कडा स्वभावका भई अति अभिमानी भई अभिवादन गर्नुपर्नेलाई अभिवादन गर्दैनन्; अगवानी गर्न योग्यलाई अगवानी गर्दैनन्; बास दिन योग्यलाई बास दिँदैनन्; बाटो छोड्नुपर्नेलाई बाटो छोड्दैनन्; राम्ररी सेवा गर्नुपर्नेलाई सेवा गर्दैनन्; गौरव राख्नुपर्नेलाई गौरव राख्दैनन्; मान राख्नुपर्नेलाई मान राख्दैनन्; पूजा गर्नुपर्नेलाई पूजा गर्दैनन्; उनीहरूले आशक्तिपूर्वक धारण गरिरहेको कर्मअनुसार च्युतिपछि नर्कमा जानुपर्ने हुन्छन् । नर्कमा नगइकन मानिस नै भएर जन्मे पनि जहाँ-जहाँ जन्म हुन्छ त्यहाँ त्यहाँ हीन, नीच कुलमा जन्मने हुन्छन् । माणवक ...यो अभिवादन नगर्नु आदि गौरव नराख्नु नीचकुलमा उत्पन्न हुनजाने आचरण हो' भनी बताउनुभयो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि त्यसको विपरीत किसिमले गौरव राख्नयोग्यहरूलाई गौरव राख्नु आदि गर्ने व्यक्ति देवलोकगामी हुने, देवलोकगामी नभए पनि जहाँ जहाँ जन्म हुन्छ उच्च श्रेष्ठ उत्तम कुलमा जन्म हुन पाइने कुरा फेरि बताउनुभयो । यस देशनाअनुसार अभिमानीहरूको भविष्य भारी नै हुने हुन्छ। त्यसैले भविष्यको जीवनलाई विचार गरेर पनि गौरव राख्न योग्यहरूलाई गौरव आदि राख्नु नै पर्दछ। कोही-कोही गौरव राख्नमा लाज मानेर बस्दछन्। यो त अवश्य पनि लजाउनु नपर्ने विषयमा लजाएको हो । वास्तवमा 'अगारव=गौरव नराख्नमा मात्र लजाउनु पर्छ। उक्त व्यक्तिलाई प्रज्ञावान सत्पुरुषहरूले निन्दा उपहास गर्ने भएकोले उक्त निन्दा गरिनुलाई मात्र विचार गरी लजाउनुपर्दछ।

## ब्रह्म विहार वृद्धि

गौरव राख्नु र सन्मान गर्नु उक्त व्यक्तिप्रति मान भएको स्नेह भएकोले नै हो । आदर-गौरव पाएका व्यक्तिले पनि मान राख्ने, स्नेह राख्ने नै हुन्छ। त्यसरी मैत्री भाव रहिरह्यो भने परस्परमा दुःख हुँदा करुणा पनि उत्पन्न हुन्छ। मैत्री भइरहँदा परस्परमा एउटाको उन्नति हुँदा अर्कोले मुदिता उत्पन्न गरी खुसी हुन पाउँछन्। केही अलिकति भूलचुक भएमा पनि उपेक्षा गर्न सकिन्छ। यसरी गौरव राख्ने काम ब्रह्म विहार धर्महरू अभिवृद्धि हुने, ईर्ष्या, मात्सर्य, मान, दोष आदि हट्ने कारण एउटा अतिराम्रो सभ्यता भएकोले उक्त सभ्यता भएका व्यक्तिहरूमा दीर्घायु हुनु आदि उत्पन्न हुनु भनेको उपरोक्त प्रतिफलहरू तथ्यपूर्ण रहेछन्। लोकलाई रमणीय बनाउनलाई पनि एउटा महत्वपूर्ण सभ्यता हो।

## धर्म जानेपछि गौरव वृद्धि

धर्म नचिन्नेको मनमा गारव कार्य नीच भनी गलत धारणा र दृष्टि भइरहे पनि गारव अति श्रेष्ठ र पवित्र धर्म भएकोले धर्म जानेदेखि क्रमशः गारव धर्म झन झन वृद्धि भएर आउँदछ। आयुष्मान सारिपुत्र आयुष्मान



Downloaded from http://www.dhamma.digital

अस्सजिको उपदेशबाट स्रोतापन्न हुनपाएदेखि आयुष्मान अस्सजि बस्नुभएको दिशातर्फ उद्देश्य राखी हात जोडेर नमस्कार गरी उहाँ जतातिर हुनुहुन्छ उतातिर शिरान पारेर सुत्ने चलन भएका हुनुहुन्थ्यो । नबुझ्ने भिक्षुहरूले आयुष्मान सारिपुत्र अझसम्म पनि दृष्टिभ्रममा परिबसेका छन्; दिशाहरू नमस्कार गरिरहन्छन् भनी तथागतलाई निवेदन गर्दा तथागतले 'सारिपुत्रले दिशा नमस्कार गरेका होइनन्; आफ्ना गुरू अस्सजिलाई नमस्कार गरेका हुन्' भनी आफूलाई धर्म बुझ्ने गरी बाटो देखाइदिने व्यक्तिलाई 'अग्नि पूजा गर्ने ब्राह्मणले अग्निलाई नमस्कार गर्नेझैं नमस्कार गर्नुपर्दछ' भनी भन्नुभएको *(धम्मपदट्ठ. २-४०१) ब्राह्मण वग्ग* -मा उल्लेख छ ।

## निवात

**नि**=तल पर्ने गरी; **वात**=उत्पन्न हुने । **निवात**-लाई **'नीचमनता निवातवुत्तिता'** भनी अर्थकथा मा वर्णन गरिराखिएको छ । **नीचमनता**=तल परेको चित्त भएको व्यक्तिको भाव; शरीरलाई निहुराउनु चित्तलाई निहुराएर मात्र गर्न सम्भव छ । अभिमान भएको चित्त ठिंग ठाडो तन्केर बस्ने स्वभाव भएकोले मान निहुराई बस्नुलाई नै **नीचमनता** भनिएको हो । चित्तलाई निहुराई बस्यो भने शरीर र वचन सबै निहुराउने काम पूरा भइसक्ने भएकोले **निवात वुत्तिता**=निहुराउने वृत्ति भएको भाव व्यक्त गरिराखिएको हो ।

**निवात** सम्पन्न व्यक्तिको विपरीत स्वभाव **थद्ध**=कस्सिने, टम्म पर्ने र कडा स्वभाव भएको व्यक्ति, **अतिमान**=अति अभिमानी भाव भएको हुने हुनाले त्यस्ता व्यक्तिहरूको बोली वचन पनि ताइँफाइँ उच्च भएको हुनसक्छ । आफूले आफैलाई उच्च पारी अरूलाई नीच पार्न सक्छ । कुल, शिक्षा, सम्पत्ति आदि गुणद्वारा अरुलाई हेप्ने गर्दछ । शरीरको हाउभाउ पनि कसैलाई वास्ता नराख्ने जस्तो भइ ठाडो ठाडो हुन्छ । त्यस्ता सबै हाउभाउहरू सबैजनालाई अप्रिय हुने हुनाले अमङ्गल नै भयो । **निवात** हुनेको त शरीरको हाउभाउ लचिलो सूक्ष्म, कोमल हुने मात्र नभइ बोली-वचन पनि सबैका कान हलुका



Downloaded from http://www.dhamma.digital

मन आनन्द हुने गरी मधुर हुन्छन्। त्यस्ता व्यक्तिहरूलाई धेरैजनाले मन पराउने र मान राख्ने मङ्गल हुने नै भयो।

## गारव र निवात

**गारव** र **निवात**लाई जोडेर नै बताउनुभएको छुट्याउन नमिल्ने धर्महरू भएकोले हो। **निवात** हुनेसँग मात्र **गारव**युक्त हुनसक्छ। अभिमान चर्केको व्यक्ति 'मै हुँ, कसलाई के मतलब' भन्ने झैं भइरहने हुँदा अरूलाई कहाँ गौरव राख्नसक्ला र ? कुल, सम्पत्ति, गोत्रबाट स्तब्ध भएको व्यक्तिले आफ्ना आफन्त बन्धु बान्धवहरूलाई समेत हेप्नसक्ने हुनाले उक्त कार्य विनाशको कारण हुन्छ भनी आज्ञा भएको *सुत्तनिपात पराभव सुत्त (२६९)* मा उल्लेख भएको छ। आफन्तहरूले आफूलाई वास्ता नराखी चोइट्याइने मात्र होइन कि आफू विनाश हुने गरी समेत गर्नपुग्न सक्ने भएकोले विनाशको कारण हो भनी बताउनुभएको हो। यस्तरी स्तब्ध व्यक्तिलाई हावा भरिएको छ्यालाको थैलीसँग तुलना गर्ने चलन छ। छ्यालाको थैली हावा नभरिएसम्म लचिलो र नरम भइरहे पनि हावा भरिएपछि कस्सिएर टम्म हुनपुग्नु अभिमानीको लक्षण जस्तै हो। कतिसम्म निहुरिनु पर्छ भन्दाखेरी 'पाउ पुछ्ने पाउदानी, सिंग भाँचिएको गोरु, दाँत भाँचिएको सर्प समान' भनी भनिएको छ। साँच्चै धर्म पालन गर्नेले आफूलाई त्यतिसम्म पनि निहुराई राख्न सक्छन्। अभिमान बढाएर बस्नुलाई विनाशको कारण भए पनि **निवात**युक्त हुनु उन्नति वृद्धिको कारण हो। **'निबातवुत्ति अत्थद्धो; तादिसो लभते यसं**=निहुरने भाव युक्त भइ स्तब्धता नभएको व्यक्तिले परिवार यशकीर्ति लाभ गर्न सक्छन्' भनी भन्नुभएको *सिङ्गाल सुत्त (१५६)* मा उल्लेख छ।

## आयुष्मान सारिपुत्रको निवात

एकदिन आयुष्मान सारिपुत्रको चीवर लगाइराख्नुभएको नमिलेको देखेका सात वर्षका बालक श्रामणेरले 'भन्ते, चीवर लगाइराख्नुभएको मिलेन'



Downloaded from http://www.dhamma.digital

भनी निवेदन गरे । आयुष्मान सारिपुत्रले ' बालक श्रामणेरले मलाई यस्तो भन्न मिल्छ र' भनेर नसोची एकातिर गई फेरि चीवर ठिकसँग मिलाइसकिएपछि श्रामणेरकहाँ फर्केर गई हात जोडेर 'आचार्य, यति मिलेपछि ठिक छ कि' भनी आज्ञा भइसकेपछि 'त्यही दिनमा मात्र श्रामणेर भएका सात वर्ष मात्र उमेरका बालक श्रामणेरले उक्त अनुशासनलाई शीरमा थापी लिनेछु' भनी उदान व्यक्त गर्नुभयो । धर्मलाई गौरव राख्ने जति सबैले वहाँ महास्थविरको यस निवातगुण सधैं मन पराई आदर्श लिईबस्नुपर्‍यो । (*मिलिन्द ३८ । सं. द्द.१-११४*)

## आयुष्मान राहुलको निवात

आयुष्मान राहुल शाक्य राजकुलका भएकोले चक्रवर्ती राजा हुने भाग्य कर्म लक्षण भएका विशिष्ट व्यक्ति थिए । तथागतका पुत्र पनि भएकोले अभिमान नै गरे भने अरुभन्दा धेरै बढी अभिमान गर्न मिल्ने गरी उच्च श्रेणीमा पुगेका भए पनि उहाँको निवात स्वभाव उदानको रूपमा प्रख्यात भइसकेको छ । भिक्षुहरूले श्रामणेर राहुललाई परीक्षण गर्न चाहेकोले वहाँ आइरहनुभएको टाढैबाट देखेर कुचो र धुलो थुपार्ने डालाहरू बाहिर फालिराख्थे । 'यो कसले फालिराखेको नि' भनी कुनै भिक्षुले सोधेभने 'यहाँ राहुल आउजाउ गरिरहेका थिए; राहुलले पो फालिराखेको हो कि' भनी अरु भिक्षुहरूले भन्ने गर्दथे । श्रामणेर राहुलले 'मैले गरेको होइन' भनी कहिल्यै नभनी राम्ररी सच्याएर राखिसकेपछि भिक्षुहरूसँग क्षमा समेत मागी वन्दना गरेर जाने गर्थे ।

एक पटक तथागतले 'भिक्षुहरूलाई गृहस्थी श्रामणेरहरूसँग एउटै छत भएको विहारमा सँगै सुत्नहुँदैन' भनी शिक्षापद प्रज्ञप्त गर्नुभयो । भिक्षुहरूले 'राहुल, तथागतले शिक्षापद प्रज्ञप्त गरी राख्नुभएकोले आफू सुत्ने ठाउँ खोज' भनी भने । वास्तवमा बुद्धप्रति गौरव राखेर तथा श्रामणेर राहुलको आचरण, शिक्षा, गुणहरू अनुसार वहाँलाई भिक्षुहरूले सधैं प्राथमिकता दिन्थे ।



Downloaded from http://www.dhamma.digital

शिक्षापद प्रज्ञप्तिअनुसार यस्तो भनेका हुन् । श्रामणेर राहुलले कहिले पनि जवाफ फर्काएनन् ।

आयुष्मान सारिपुत्र, आयुष्मान मौद्गल्यायन, आयुष्मान आनन्द आदि महास्थविरहरूलाई पनि दुःख नदिई तथागतको चर्पीमा गई बसीरहे । विहानपख तथागत चर्पी जानुहुँदा श्रामणेर राहुल चर्पीमा सुत्नुपरेको कुरा जान्नुभइ गृहस्थी, श्रामणेरहरूसँग तीनरातसम्म सँगै सुत्ने अनुमति दिई शिक्षापदलाई फेरि संशोधन गरी प्रज्ञप्त गर्नुभयो ।

श्रामणेर राहुलले भावना धर्म प्रयत्नपूर्वक अभ्यास गरिरहनुभएकोले उक्त धर्मले उहाँको अभिमानलाई दबाइराखेको रहेछ । धर्मप्रति गौरव नहुनेहरूको निम्ति मनमा दोष नदेखी असल, उच्च भनी ठानी अभिमान चढिरहने भए पनि धर्मलाई गौरव राख्नेहरूले त आफ्ना अभिमानलाई त धेरै दबाउने कोसिस गरिरहन्छन् । भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किमिल र देवदत्त यी शाक्य राजकुमारहरू उपालि हजामसँग भिक्षु बन्नलाई तथागतकहाँ पुगेर उनीहरूले तथागतलाई कसरी निवेदन गरे भने - 'तथागत, हामी शाक्यहरूसँग जातीय अभिमान बढी छ । उपालि हजाम हाम्रा सेवकको रूपमा धेरै पहिलेदेखि काम गर्दै आएका हुन् । उनलाई पहिले भिक्षु बनाउनुपर्ला । उनलाई हामीले वन्दना गर्ने, अगवानी स्वागत गर्ने, हात जोड्ने, गौरव राख्ने गर्नेछौं । यसरी हामी शाक्यहरूको अभिमान घटेर जानेछ' भनी निवेदन गरेअनुसार तथागतले उपालिलाई पहिले प्रव्रज्या र उपसम्पदा गरिदिनुभएको थियो ।

## सन्तुष्टि

**सं**=आफ्नो सम्पत्तिले, अथवा उपलब्ध सम्पत्तिले; **तुट्ठि**=आश्वस्त हुनु, सन्तुष्ट हुनु । उपलब्ध भएकोले, लाभ भएकोले सन्तोष मान्नु, पर्याप्त पार्नुलाई **सन्तुट्ठि** भन्नुपर्दछ । यो सन्तुट्ठि नहुनेसँग कमसल खराब खानपिन, वस्त्र आदि प्रयोग गर्नु पऱ्यो भने मनमा अशान्ति र दुख हुने गर्दछ । असल असल राम्रा राम्रा वस्तुहरू किनी उपभोग गर्नाले सम्पत्ति खेर पठाउने



Downloaded from http://www.dhamma.digital

गर्दछन् । आर्थिक आर्जन गर्नेहरूमा सन्तुष्टि भएन भने सम्पत्ति आर्जन गर्न सक्दैनन् । त्यसैले **सन्तुट्ठि** लौकिक क्षेत्रमा धेरै आवश्यक छ । धर्ममा मात्र उद्योग र अभ्यास गर्नेहरूमा त झनै आवश्यक छ । अवश्य हो, **सन्तुट्ठि**को विपरीत लोभी हुनु, महेच्छुक हुनु भएकोले धर्म प्राप्तिमा भयंकर बिघ्नबाधा रोकावट हुने गर्दछ । त्यसैले तथागतले उक्त महिच्छा (=ठूलो इच्छा) लाई नीच बताई सन्तुट्ठिलाई अति प्रशंसा गर्नुभयो ।

## परमोत्तम सम्पत्ति

**'सन्तुट्ठि परमं धनं**=सन्तुष्टि परम उत्तम धन हो' भनी बताउनुभएको *धम्मपद* (४३) मा उल्लेख छ । पहिले पहिलेका नीति आचार्यहरूले पनि **'सन्तोसतुल्यं धनमत्थि नञ्ञं**=सन्तोष समान धन अरु छैन' भनेका छन् । लोकमा सम्पत्ति भयो भने जे पनि पूर्ण हुन सक्ने जस्तै सन्तोष मान्नसक्नेसँग सबै परिपूर्ण भइरहने हुनाले सन्तोषलाई सम्पत्तिको रूपमा आरुढ गरिराखेका हुन् । तर सम्पत्तिले भर्न नसकिने सम्पन्नता सन्तुष्टि भएका व्यक्तिसँग उपलब्ध हुने हुनाले सन्तोषलाई परम धनको रूपमा प्रशंसा गरिएको हो । 'जसको चित्त सन्तुष्ट भइरहन्छ, उसँग सबै सम्पत्ति सम्पन्न भइरहन्छ । खुट्टामा जुत्ता लगाई राखेकालाई धरती पूरै छालाले ढाकीराखेको जस्तै भइरहन्छ ।' *हितोपदेश*को यस भनाई अनुसार **सन्तुट्ठि** नभएका कुनै-कुनै सम्पत्तिवालाहरूले समेत लाभ गर्न नसक्ने जस्ता सम्पत्ति **सन्तुट्ठि** भएका गरीबले हासिल गर्न सक्दछ भनी जान्नुपर्दछ ।

## सन्तोष हुन अयोग्य क्षेत्र

सन्तोष भएमा धेरै स्वादिलो हुन्छ भने झैं सन्तोषी व्यक्तिसँग सधैं मानसिक सुख भइरहने हुनाले लौकिक आचार्यहरूले **'सन्तोसमूलं हि सुखं**=सुखको मूल भनेको नै सन्तोष हो' भनी भनेका छन् । तर शिक्षाको क्षेत्रमा कसैकसैलै 'उँ... यति भएपछि पुग्यो नि' भनेर वा आर्थिक क्षेत्रमा



Downloaded from http://www.dhamma.digital

'यति जम्मा भएपछि पुगिहाल्यो नि' भनी शिथिलता ल्याउन सक्छ। यसरी शिथिलता ल्याउनु सन्तुष्टि होइन, पछि हट्नु मात्र हो; धार्मिक क्षेत्रमा र लौकिक क्षेत्रमा समान रूपले निश्कर्ष निकाल्न योग्य छैन। धर्ममा मात्र उद्योग र अभ्यास गरिरहने भिक्षु-श्रामणेरहरूका निम्ति भए सम्पत्ति सम्बन्धी जति-जति अल्पेच्छ्या हुन्छ, उति-उति नै राम्रो हुन्छ। लौकिक गृहस्थीहरूको निम्ति त्यस्तो होइन। धार्मिक क्षेत्रमा नै पनि ग्रन्थ-साहित्यमा विद्वान बन्दैमा सन्तोष मानीरह्यो भने त्यो कमजोर र पछि हट्नुको भाव मात्र भयो। प्रमादी स्वभाव भयो। मार्ग र फल लाभ हुने अवस्थामा नपुगुन्जेलसम्म अटुटरूपमा उद्योग गरिरहनुपर्दछ। त्यस्तै नै सांसारिक मानिसहरूका लागि अझै कर्तव्यहरू रहेका छन्। पारिवारिक कर्तव्य, कुलवंश कर्तव्य, देशप्रति कर्तव्य भन्ने रहेको हुँदा ती कर्तव्यहरूका लागि सम्पत्ति खोज्नै पर्दछ। केहीगरी सकिएन भने जसरी हुन्छ त्यसरी सन्तोष मान्नु परे पनि सक्षम हुँदा पनि उन्नति र विकास ठप्प रोकिने गरी सन्तुट्ठि हुनु साँच्चिको वास्तविक सन्तुट्ठि नभइ हतोत्साह, निष्क्रियता मात्र ठहरिने छ।

## अधार्मिकताले भंग

धार्मिकपूर्वक सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग नभए पनि धेरै लोभी हुनगई अधार्मिकरूपले सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग हुन्छ। सम्पत्ति धेरै भएपछि **सन्तुट्ठि** भंग भएका व्यक्तिले मनपरि सम्पत्ति खर्च गरे पनि **सन्तुट्ठि** भएकाले कुशल कर्म मानिने कुलको निम्ति, देशको निम्ति लाभ हुने राम्रा कुशल कामकाजमा मात्र महत्व दिएर खर्च गर्न जान्नेछ। अति लोभी भएर सन्तुष्टि भंग हुनगएको खण्डमा भने एकदिन विनाश र परिहानीसँग सामना गर्नपर्नु स्वभाविक रहेछ।

पहिले एकजना ब्राह्मणकी पत्नी र तीनजना छोरीहरू थिए। उक्त ब्राह्मण परलोक भइ सुवर्ण हंस भइ जन्मेको हुनाले बेला बखतमा आई सुवर्णमय प्वाँख एउटा-एउटा दिइराखेको हुनाले पत्नी र छोरीहरू गरीब



Downloaded from http://www.dhamma.digital

अवस्थाबाट मुक्त भई उनीहरूको जीवन क्रमशः सहज हुनथालेको थियो। तर त्यतिले सन्तोष नभइ सरसल्लाह गरी एकदिन सुवर्ण हंस आउँदा उसलाई समाती उसका सबै प्वाँख उखेलेर लिए। तर उखेलिएका सबै प्वाँख सुन नभइ सबै बकुलोको प्वाँख जस्तै मात्र हुनगयो। पछि उसलाई माटोको भाँडामा राखेर पालिराख्दा पनि उम्रेका प्वाँखहरू सेतो मात्र भएं तथा सबै प्वाँख उम्रेपछि आफ्नो ठाउँमा उडेर गयो।

**'यं लद्धं तेन तुट्ठब्बं, अतिलोभो हि पापको**-लाभ भएकोमा सन्तोष मान्न सक्नुपर्छ; अति लोभी व्यक्ति त पापी नै हो।'
(*एकनिपात सुवण्णहंस जातक ३२*)

## कतञ्ञुता

अरुले पहिले गरेको उपकार बुझ्नुलाई **कतञ्ञुता** (कृतज्ञता) भन्दछन्। उपकार भनेको सम्पत्ति दिनु, शिल्प सिकाइदिनु, अनुशासंन गर्नु, उपद्रवबाट, भयबाट रक्षा गर्नु, आदिद्वारा आफूप्रति गरिराखेको अरुको कुशल कर्म नै हो। उक्त उपकारलाई धेरै वा थोरै जेजति भए पनि स्मरण गरी जानिराख्नुलाई **कतञ्ञुता** भन्दछन्। जान्नु भनेको हुनाले जानि मात्र राख्नेलाई **कतञ्ञू** (उपकार चिन्ने) भनिन्छ। कसैकसैले आफूप्रति उपकार गरिराखेका कसैलाई सहयोग अवश्यक पर्ने अवस्थामा आफूसँग सामर्थ्य भएता पनि मुखले मात्र ठिक पारी हात अगाडि नबढाइकन बस्नसक्छ। यस्ता त **अकतञ्ञू** (उपकार नचिन्नेहरू) नै भए। कतिपयले. यसरी उपकार नचिन्ने मात्र होइन उपकार गर्नेलाई नै अनर्थ गर्न सक्छ। उपकारीलाई अपकार गर्ने व्यक्ति मूर्ख नै भयो। त्यस्ता मुर्खहरू *तिंसनिपात महाकपि जातक (३८०)* -मा देख्नपाइन्छ। उक्त जातकमा मुर्ख ब्राह्मणले आफ्नो ज्यान बचाइदिने बोधिसत्व वानरराजको टाउकोमा ढुँगाले हानी फुटाइदियो। सत्पुरूषहरू भने उपकारलाई चिन्दछन्। उपकार नचिन्ने मुर्ख मात्र हुने भएकोले उसले प्राप्त गर्ने लाभ त भावी-जन्ममा नर्कमा



Downloaded from http://www.dhamma.digital

पतन हुने, यस जन्ममा उपहास गरिनु, उपकारकहरूबाट पर हटाइनुले दुःख भोग्नु आदि खराब परिणामहरू मात्र पाउने हुन्छन् ।

## दुर्लभ दुई व्यक्ति

१) **पुब्बकारी**=पहिले उपकार गर्न जान्ने व्यक्ति; (२) **कतञ्ञुकतवेदी**=अरुले गरेको उपकारलाई जान्ने, व्यक्त गर्न जान्ने व्यक्ति ।

यी दुईप्रकारका व्यक्तिहरू दुलर्भ हुने कुरा बताउनुभएको *दुकङ्गुत्तर ततियपण्णासक पठम सुत्त (८६)* मा उल्लेख छ । तीमध्ये पहिला उपकार गर्ने व्यक्तिले ऋण दिंदैछु भन्ने संज्ञा (करार) गर्छ । पछिल्लो व्यक्तिले ऋण तिर्नेछु भन्ने संज्ञा गर्नेछ भनी सम्बन्धित अर्थकथा मा वर्णन गरेका छन् । कसैले ऋण दियो भने ऋण लिने व्यक्तिले ऋण लाग्यो भनी भन्दछ । त्यस्तै नै कसैले उपकार गऱ्यो भने उपकार पाउने व्यक्तिले उपकार लाग्यो भनी भन्नुपर्दछ । ऋण लागेको फर्काउनुलाई ऋण तिर्नु भन्नुजस्तै फेरि उपकार गर्नुलाई प्रत्युपकार गऱ्यो भन्दछन् । यसमा पहिले उपकार गर्ने व्यक्तिले बदला पाउने इच्छाले गरेको नभए पनि कर्तव्य बुझ्नेले पछि फेरि उपकार गर्ने भएकोले ऋण दिनु ऋण तिर्नु समान भएकोले ऋण तिर्नेछु भनी संज्ञा गरेजस्तै हुनुलाई संज्ञा राख्नु (करार गर्नु) भनी अर्थकथाचार्यले भनेका हुन् । सत्पुरुषहरूले उपकारलाई देख्नसक्नु र असतपुरुषहरूले उपकारलाई देख्न नसक्नुमा सत्पुरुषहरूले धर्मलाई देखेको हुनु तथा असत्पुरुषहरूले धर्मलाई नदेखी अधर्म भित्रिनु नै कारण हो । *(अ.१-८६; अं द्व. २-५७)*

## सत्पुरुषले मात्र जान्दछ

राध ब्राह्मण इच्छा भए तापनि भिक्षु बन्न नपाउँदा तथागतले 'यस ब्राह्मणको उपकार कसलाई याद छ नि' भनी सोध्नुहुँदा 'मैले सम्झेको छु' भनी आयुष्मान सारिपुत्रले निवेदन गर्नुभयो । 'त्यो कस्तो उपकार हो नि त' भनी फेरि सोध्नुहुँदा 'राजगृह नगरमा भिक्षाटन जाँदा एकदाडु भोजन दान



Downloaded from http://www.dhamma.digital

दिएको थियो' भनी निवेदन गरे। 'साधु साधु सारिपुत्र; सत्पुरुषहरूले अरुको उपकार जान्दछन्; याद गर्न जान्दछन्' भनी साधुवाद दिनुभयो। धन-सम्पत्ति दिनुभन्दा पनि बुद्धि, विचार, ज्ञान, प्रज्ञा, दक्षता आदि दिने गुरू आचार्य आदिहरू झन बढी उपकार गर्ने हुन्छन्। विशेषत: धर्मबाट उपकार गर्नेहरूको उपकार पार लाग्नेगरी प्रत्युत्पकार गर्न नसकिनेगरी विशाल भएको कुरा बताउनुभयो। त्यसैले साँच्चै महान उपकारक आमा-बुबा गुरू र आफूलाई रक्षा गर्ने सबैको उपकारलाई यदि तिर्न सकेको छैन भने पनि सधैं सम्झेर सकेजति प्रत्युत्पकार गरे मात्र सत्पुरुष हुनसक्छ। *(वि. ३-७०)*

## अंकुर र ब्राह्मण

राजकुमार अंकुरले पाँचसय गाडावानहरूसँग भई व्यापार गरिरहँदा व्यापार गरिरहेका गाडावानहरूमा एकजना ब्राह्मण पनि थिए। बाटो भुलेर खाने पिउने वस्तु सिद्धिएपछि सबैजना एउटा ठूलो पिपलको रुख भेटाएर विश्राम लिइबसे। उक्त पिपलमा रहेका अति ऋद्धिवान देवताले उनीहरूलाई करुणा राखी आफ्नो दाहिने हात पसारी पहिले पानी; त्यसपछि चाहिने सबै चीजबीज दिएर उनीहरूलाई आनन्द र सुख दिए। उक्त आकार-प्रकार र गतिविधि देखेका ब्राह्मणले आफूहरू धन-सम्पत्ति आवश्यक भएर व्यापार गर्न हिंडेको भएर 'चिताएका जति सबै दिनसक्ने यी देवतालाई बलजफ्ति तानेर भए पनि सँगै लैजाउँ' भनी अंकुरसँग सल्लाह गरे। त्यसबेला अंकुर राजकुमारले कुनै रुखमुनि बसी विश्राम लिइसकेपछि त्यो रुखको हाँगा पनि भाँच्नु हुदैन; मित्रद्रोही भएको व्यक्ति असत्पुरुष हुन्छ' भनी सत्पुरुष धर्म अनुसार जवाफ दिए। 'तर कुनै रुखको छाँयामा बस्न पाए पनि सुत्नपाए पनि यदि लाभ हुनेभए रुख नै काट्न सकिने कुरा नीतिको विधि देखाई ब्राह्मणले जवाफ दिए। त्यसबेला 'आफूले विश्राम लिएको रुखको एउटा पात पनि बिगार्न हुन्न; मित्रद्रोही व्यक्ति असत्पुरुष हुन्छ' भनी फेरि जवाफ दिंदा ब्राह्मणले 'फाइदा हुने भए जरैदेखि उखेल्न पनि हुने' जवाफ दोहऱ्याए।



Downloaded from http://www.dhamma.digital

त्यस अवस्थामा अंकुरले ‘नीति भनेको आफ्नो लाभ मात्र हेर्ने भएकोले सत्य होइन, धर्म स्वभाव मात्र सत्य हो’ भन्ने कुरा सम्झाउने इच्छा भएकोले फेरि यस्तो बोले- ‘भो ब्राह्मण, अर्काको घरमा एकरात बिताएर त्यहाँबाट खानापिना प्राप्त भयो भने उक्त घरपतिप्रति मनले समेत अहित चिताउनु हुँदैन; उपकार जान्नेलाई मात्र सत्पुरुषहरूले प्रशंसा गर्न योग्य छ । आफूलाई बास दिएर, खानापिना दिने, सास्ती नगर्ने, संरक्षण र संयम गर्ने हात भएको मित्रले मित्रद्रोही भएकोलाई भष्म पारिदिनसक्छ; पहिले उपकार गर्नेलाई पछि कष्ट दिएर सास्ती गर्ने व्यक्ति भिजेको हात भएको मित्रको विनाशको सामना गर्नुपर्ने भएकोले असल आरम्मण अनुभव गर्न पाउनेछैन । यसरी धर्म देखाई बोलेपछि मात्र उक्त ब्राह्मण चुप भएर बोल्न छोडे ।

**सूचना**

यहाँ कृतघ्न हुनेले भोग्नुपर्ने दोष वा अपराध उपकार गर्नेले गर्नुपर्ने नभए पनि उनलाई अपराध गर्नपुग्नाले हुनजाने भएकोले उनैले गरेको जस्तो गरी उनैलाई पोलेको जस्तै र विनाश गरिदिए झैं रुढि अनुसार आरुढ गरी भनिएको हो । यहाँ उपकार गर्नेलाई ‘अल्लपाणी=भिजेको हात भएको’ भनी भनिएको छ । ‘त्यसो हुनाले भिजेको हात सुकाउनु हुँदैन’ भनी भन्ने चलन छ । *(पेतवत्थु अट्ठकथा, अंकुर पेतवत्थु १०६)*

**कालेन धम्मस्सवनं**

मन विक्षिप्त भइरहेको बेलामा, काम वितर्क आदि एउटा न एउटा वितर्कद्वारा दबिएर बस्नुपरेको अवस्थामा उपदेश सुन्नलाई अनुकूल भएको **काल** भनी अर्थकथा मा भनिएको छ । त्यसपछि फेरि प्रत्येक पाँचदिनमा एकचोटी उपदेश सुन्नुलाई **कालेन धम्मस्सवन** भनी अरु आचार्यहरूको मत वर्णन गरिएको छ । *मूलपण्णास चूलगोसिङ्ग सुत्त* (२६८) मा आयुष्मान अनुरुद्धले ‘भगवान, हामीले पाँचदिनको एकचोटी जम्मा भइ रातभर धर्म



Downloaded from http://www.dhamma.digital

छलफल गर्ने गर्दछौं' भनी निवेदन गर्नुभएको अनुसार भनिएको हो। *'तिकङ्गुत्तर पठमपण्णासक गिलानसुत्त अट्ठकथा* (८९) -मा **'मासस्स अट्ठवारे धम्मकथा अनुञ्ञाता**=महिनाको आठपटक उपदेश दिने अनुमति दिएको छु' भनी भनिएको छ। आठपटक भनेको शुक्लपक्ष र कृष्णपक्षका पञ्चमी, अष्टमी, चतुर्दशी र पूर्णिमा (पञ्चदशी) दिनहरूलाई भनिएको हो।

त्यसपछि फेरि अर्थकथा मा जहिले पनि कल्याणमित्र भेटेर आफ्नो द्वन्द संशयलाई हटाउन सक्ने धर्म उपदेश सुन्ने काम गर्न सकिन्छ; त्यस बेला उपदेश सुन्नु पनि **'कालेन धम्मस्सवन'** नै हो भनिएको छ। यस भनाई अनुसार दिन वा समय किटान गर्नु मुख्य होइन; उपदेश सुन्नको लागि उचित दिन वा समय भन्ने छैन; उपदेशक तयार भएको र आफूलाई मौका परेको समय नै उपदेश सुन्नलाई अनुकूल उचित समय हो भनी जान्नुपर्‍यो।

## उपदेश सुन्नुको फल

*पञ्चकङ्गुत्तर पञ्चपण्णासक किमिलवग्ग धम्मस्सवन सुत्त* (२१६) मा उपदेश सुन्नुका पाँचवटा फल उल्लेख भएका छन्। ती पाँचवटा फल हुन्-

१) नसुनिएको सुन्न पाइनु,

२) सुनिएको स्पष्ट हुनु,

३) द्वन्द-संशय हटाइदिनु,

४) दृष्टि सही रूपले सिधा पारिदिनु र

५) चित्त विशुद्ध हुनु हुन्।

**नसुनिएको सुन्न पाइनु; सुनिएको स्पष्ट हुनु।**
**संशयहरू हट्नु; दृष्टिहरू सोझो हुनु।**
**चित्त विशुद्ध पार्नु; यी पाँचवटा धर्म सुन्नुका फल हुन्।**

यी पाँचवटा फलहरूमध्ये चित्त प्रसन्न प्रफुल्लित हुनु फल अत्यन्त महत्वपूर्ण छ। आर्थिक, शैक्षिक, स्वास्थ्य, आफन्त ज्ञातिबन्धु आदिहरूको कारणले चित्त अशान्त पारी शोकाकुलित भइरहने समय उपदेश सुन्नको



Downloaded from http://www.dhamma.digital

निम्ति अति अनुकूल समय हो। धर्मकथिक समर्थवान भयो भने भएभरका शोक्र तुरुन्त हराएर निको हुन सक्छ।

## मुण्ड राजाको शोक

आयुष्मान नारद पाटलिपुत्र नगरमा बसोबास गरिरहनुहुँदा मुण्ड राजाकी अतिप्यारी महारानी भद्दा परलोक भइन्। मुण्ड राजाले स्नान पनि गरेनन्; शरीर सजधज पनि गरेनन्; अतिशोक गरी खानपिन पनि गरेनन्; कामधाम पनि नगरिकन दिनरात भद्दाको शरीरको स्मरणमा मात्र डुबेर बसे। भद्दाको लाशलाई धेरै कालसम्म हेरिराख्नको लागि फलामको तेलभाँडोमा डुबाई माथि फलामको पाताले छोपेर राख्न भण्डारी पियकलाई हुकुम दिई त्यस्तै गरिराख्न लगाए। त्यसपछि राजाको शोक हटाउन आयुष्मान नारदकहाँ जानको लागि सुझाव दिई निवेदन गरेपछि राजाले पनि स्वीकार गरी आयुष्मान नारदकहाँ पुगे। आयुष्मान् नारदले 'महाराज, संसारमा श्रमण, ब्राह्मण, देव, मार, ब्रह्मा कसैले पनि लाभ गर्न नसकिने क्षेत्र पाँचवटा छन्। ती हुन्- 'जीर्ण हुने स्वभाव क्षेत्रलाई जीर्ण नहोस्' भन्नु कसैले लाभ गर्न नसकिने क्षेत्र भयो। रोग लाग्ने स्वभाव, मरण हुने स्वभाव, सिद्धिएर जाने स्वभाव भएका क्षेत्रहरूलाई रोग नहोस्, मरण नहोस, नसिद्धियोस्, विनाश नहोस् भन्नु कसैले लाभ गर्न नसकिने क्षेत्र भयो' भनी बताइसकिएपछि साथसाथै पृथग्जन र आर्यहरू त्यस्ता स्वभावहरूसँग सामना गर्नुपर्दा फरक किसिमले अनुभव गर्ने तथ्य पनि बताउनुभयो । सारांशमा पृथग्जनले आफूसँग सम्बन्धित चीजवस्तुहरू जीर्ण हुनु, रोग हुनु, मरण हुनु, सिद्धिनु, विनाश हुनुसँग सामना गर्नुपर्दा यो जीर्ण हुनु आदि म एकजनाले मात्र सामना गर्नुपरेको हैन, सबैले नै सामना गर्नुपर्ने हो; म शोक-सन्ताप गरी रोइकराई हिंडें भने खानपिन रुच्रि नभएर, कामधाम नुक्सान भएर, रूपलावण्य नराम्रो भइ जाने मात्र हुन्छ; शत्रुहरू खुसी पार्नु मात्र हुन्छ; इष्टमित्रहरू मन दुःखित गरी मन अशान्त पारी बस्नु पर्ने मात्र हुन्छ भनी विचार गर्न नजानेर शोक



Downloaded from http://www.dhamma.digital

सन्ताप र विलाप गरी बस्नुपर्ने हुन्छ। विलाप गरी हिंड्नाको कारणले बिष लेपिएको शोकरूपी काँढाले घोचिनुपर्ने हुन्छ। आर्यश्रावकहरू भने त्यसरी विचार गर्न जान्ने हुनाले रुँदैनन्, शोक गर्दैनन्; डाह हुँदैनन्; शोकरूपी काँढालाई उखेलेर फाल्नसक्ने हुन्छन्। शोक काँढाले घोचिनाले डाहगरी बस्छन्। शोकरूपी काँढा नरहनाले आर्यहरू सीतल शान्त भइ बस्छन्। यो उपदेश सुन्नपाउँदा राजाले 'यो कुन उपदेश हो भन्ते ?' भनी सोधे। 'शोककाँढा उखेली पठाउने उपदेश हो' भनी जवाफ दिएपछि 'साँच्चै नै शोककाँढा उखेलिदिने उपदेश रहेछ, भन्ते; यो उपदेश सुन्न पाएर मेरो शोकरूपी काँढा उखेलिसकेँ' भनी निवेदन गरी पियकलाई 'भद्दाको यो लाशलाई दाहसंस्कार गरिदेऊ; मैले आजदेखि नुहाई धुवाई गरी श्रीखण्ड लेपी खानपिन गरी कामकाजमा जानेछु' भनी हुकुम भयो।

(*पञ्चकङ्गुत्तर, पठमपण्णासक, मुण्डराजवग्ग, नारदसुत्त* (५१) -मा विस्तृत रूपले हेर्नुस्)

२१) **खन्ती च सोवचस्सता; समणानञ्च दस्सनं।**
**कालेन धम्मसाकच्छा; एतं मङ्गल मुत्तमं।**

२१) **देवपुत्त**=भो देवपुत्र; **या खन्ति च**=जुन क्षान्ति (सहनु); **या सोवचस्सता च**=जुन अनुशासन गर्न सजिलो हुनेको स्वभाव; **समणानं**=श्रमण भिक्षुहरूलाई; **यं दस्सनञ्च**=दर्शन गर्नु; **या धम्मसाकच्छा च**=जुन धर्म छलफल गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मंगल नै हुन्।

## चारवटा मंगलको भावार्थ

हे देवपुत्र; सहनु; अनुशासन गर्न सजिलो; भिक्षु श्रमणहरूको दर्शन गर्नु; धर्म छलफल गर्नु; यी चारवटा मङ्गल हुन्।



Downloaded from http://www.dhamma.digital

## खन्ति

अरुले गाली गर्नु, पिट्नु, कुट्नु आदि गर्न आएमा प्रतिकार नगरिकन विपरीत स्वभाव नबनाइकन सन्तोष पूर्वक स्वीकार गर्नुलाई सहनु भन्दछन् । खन्तिको स्वरूप **अधिवासन खन्ति**लाई ग्रहण गर्नु पर्ने कुरा अर्थकथा मा वर्णन गरिएको छ । कुनै कुनै ठाउँमा लोभ लाग्नु, मन पर्नु, प्रिय लाग्नुलाई खन्ति शब्दले व्यक्त गर्ने गर्दछ । **दिट्ठिनिज्झानक्खन्ति** भनेको प्रज्ञा ज्ञानले निरीक्षण गरी सन्तोष मानी निर्णय गर्नु **खन्ति** पनि छ । त्यस्तो किसिमको **खन्ति** होइन, सहनु **खन्ति**लाई मात्र यहाँ ग्रहण गर्नुको निम्ति **अधिवासनक्खन्ति** भनी वर्णन गरेको हो । **अधि**=आफूप्रति; **वासन**=बास गराउनु; अरुले गाली गर्नु आदिका कारणले प्रतिकार गरी गाली गर्नु, कुट्नु गरे भने त्यस्ता क्रियालाई आफूले स्वीकार नगरी हटाई सारेको भन्दछन्; त्यस्तो नभई सारेर पठाएन; विरोध नगरिकन सहेर बसेमा उक्त गाली गर्नु आदिलाई आफूमा बास दिइराखेको भनी भनिन्छ । त्यसैले **अधिवासन** भनेको पनि सहनु नै हो । चिसो, तातो, कीरा, लामखुट्टे आदिले टोक्नु आदिलाई सहनु पनि **अधिवासन खन्ति** नै हो । यो त्यो विषयका कारणले रिसाउनु, मन अशान्त बनाउनु आदि हुनसक्ने हुनाले त्यस्तो स्थिति सामना गर्ने अवस्थामा पनि सहनु नै पर्दछ ।

## गाह्रो आचरण

यो **खन्ति** पूरा गर्नु साह्रै गाह्रो आचरण हो । **खन्ति**द्वारा विजयी हुन सक्नुलाई साँच्चै विजयी हुनसकेको भनी नियमित गरिराखेको छ । सहन गरेमा निर्वाणमा पुग्छ भन्ने भनाई छ । यो साँच्चै निर्वाणमा पुग्ने कारण भएको आचरण नै हो । शील, समाधि र प्रज्ञा सहन नगर्नेसँग हुनसक्ने आचरणहरू होइनन्; तसर्थ **खन्ति** शील, समाधि र प्रज्ञाको मूलभूत कारण रहेको छ । सबै प्रकारका कुशल **खन्ति** हुनेसँग मात्र उत्पन्न हुने हुनाले सम्पूर्ण कुशलसँग सम्बन्ध भएको धर्म नै हो । **अदोस** (मैत्री) प्रधान भएको



Downloaded from http://www.dhamma.digital

कुशल धर्म समूहको नाम भएकोले सबैले **खन्ति** (क्षान्ति) धर्म हस्तगत गरिराख्न सकेमा परस्पर झगडा कलह हुने भेदभाव बनाएर बस्नुपर्ने अवस्था नआई मेलमिलाप सम्झौता बनाई लोक रमाइलो मात्र भइरहने हुन्छ। हरेक रमाइलो युगमा क्षान्तिधर्म विकास भइरहनु स्वाभाविक नै हो।

## शक्र देवेन्द्रको क्षान्ति धर्म

एकचोटी त्रयस्त्रिंशत् र असुरहरूको युद्धमा त्रयस्त्रिंशत् देवताहरू विजयी भएर पकडेर ल्याइएका वेपचित्ति असुरेन्द्रलाई सुधम्म सभामा बाँधेर राखे। वेपचित्तिले शक्र देवेन्द्र सुधम्म सभामा भित्र बाहिर ओहरदोहर गर्दा प्रत्येकपल्ट अनेक प्रकारले गाली गर्थे। शक्र देवेन्द्रले सहेर बसे। यो घटना देखिरहेका मातलीले वेपचित्तिको कडा बोली वचनलाई स्पष्टरूपले सुनिए पनि सहेर बसेको 'डराएर हो कि, दुर्बल भएर हो' भनी सोधे। 'मैले सहिबसेको डराएर पनि होइन; दुर्बल भएर पनि होइन; म जस्ता प्रज्ञावानले मुर्खसँग किन प्रतिस्पर्धा गरिबस्नु' भनी भने। मुर्खहरू त उनीहरूलाई रोकेन दबाएन भने झन घमण्डी हुनथाल्ने भएकोले प्रज्ञावानले मुर्खलाई तीब्र दण्डद्वारा दबाई रोकी राख्नयोग्य भएको कुरा मातलीले भनेपछि 'अरु कुपित भइरहेको जानेर कोप शान्तगरी बस्नेको उक्त शान्ति नै मुर्खलाई रोकिरहेको हो' भनी देवेन्द्रले भने। 'यसरी सहनुमा दोष देखिन्छ; भो शक्र, ...मुर्खले आफूदेखि डराएर सहेर बसेको हो भनी ठान्ने अवस्थामा भागिरहेको साँढेलाई अरु साँढेहरूले झन लखेट्नेझैं आफूलाई दबाउन खोज्न सक्छ' भनी मातलीले बिन्ती गरे। त्यसबेला शक्र देवेन्द्रले विस्तृत रूपमा धर्म बताएको कस्तो हो भने चाहे मैले डराएर सहिबसेको हो भनी ठानोस् वा अन्यथा ठानोस्; क्षान्तिभन्दा उच्च, सबभन्दा ठूलो आत्मलाभ (आफ्नो फाइदा) मैले अर्को देखेको छैन। दुर्बलले सधैं सहेर बस्नसक्ने भएकोले बलशक्ति भएर पनि निर्बलप्रति सहनेको जस्तो सहनुलाई सर्वोत्तम भनी प्रज्ञावानहरूले भनिराखेका छन्। मूर्खको जस्तो बलशक्ति सम्पन्न भएको भयो भने उक्त बलशक्ति



Downloaded from http://www.dhamma.digital

अवास्तविकलाई बलशक्ति भनिएको हो; धर्म रक्षकको बलशक्तिलाई त्यस्तो भन्नसक्ने कम्पित गर्न सक्ने कोही हुँदैन ।

'आफूप्रति कोप गर्नेमाथि फेरि कोप गर्ने व्यक्ति अवश्य पनि झन नीच र हीन हुन्छ । रिसाउनेसँग नरिसाउने व्यक्ति जित्न गाऱ्हो संग्राम विजयी हुन्छ । अरु रिसाएको जानेर सहेर शान्त भइरहेका व्यक्ति आफ़ू र अरु दुवै पक्षको लाभ हुने आचरण गर्ने व्यक्ति नै हो । उक्त आफू र अरु दुवै पक्षको लाभलाई सिद्ध गर्नेलाई धर्म नजान्ने मुर्खहरू मुर्ख (बाल) भनेर ठान्दछन् ।' यो शक्र देवेन्द्रको वचन सहनशील व्यक्तिको प्रशंसा नै भएकोले लौकिक क्षेत्र र धार्मिक क्षेत्र दुवैतिर विकास गर्ने आकांक्षा भएका सबैले सम्झी पालन गर्नयोग्य छ ।

## गुण र दोष

नसहनेलाई पाँचवटा दोष[1] र सहनेलाई पाँचवटा लाभ (गुण) हुन्छन् भनी बताउनुभएको *पञ्चकङ्गुत्तर पञ्चमपण्णासक अक्कोसवग्ग (२२२)* मा उल्लेख छ । त्यसमध्ये सहनशीलता नहुनेलाई दोषहरू १) धेरै मानिसहरूका अप्रिय (शत्रुभाव हुने) हुनु; २) शत्रु बढ्नु; ३) दोष धेरै हुनु[२] ; ४) मोहित भएर मरण हुनु; ५) मरेपछि अपायमा पुग्नु अवश्यम्भावी । त्यसको विपरीतक्रमले सहनशील व्यक्तिलाई १) धेरै मनुष्यहरूबाट मन पराइनु; २) शत्रु कम हुनु; ३) दोष कम हुनु; ४) होसपूर्वक मरण हुनु; ५) मरणपछि सुगति बास हुनु यी पाँचवटा फल लाभ हुन्छन् ।

**नसहने भयो भने; अरुले मन पराउँदैन ।**
**शत्रु बढ्छ; दोष वृद्धि ; मोहमा मरण हुन्छ ।**
**अपाय मरणपछि; बुझ्नू उल्टो क्षान्तिको ।**

---

१) करुणा लाग्दो दुःखमा पर्न जानुको कारणले अपराध भन्ने भाव भएको हो ।
२) निन्दा, उपहास योग्य कायकर्म र वचीकर्महरू अपराध हुन् भन्ने भाव भयो ।



Downloaded from http://www.dhamma.digital

## धर्मयुक्त भएमा

तथागतले *मूलपण्णास ककचूपम सुत्त (१८१)* -मा दुवैतिर धार भएको करौंतीले चोरहरूले अंग-प्रत्यंगहरू काटे पनि ती चोरहरूप्रति क्रोध उठायो भने म तथागतको अनुशासन पालन गर्ने हुँदैन भनी त्यतिसम्म भगवान्ले सहनशीलताको अभिलाषा राख्नुभयो । गाली गरेको आवाज; उपहास गरेको आदि आवाज नआइपुगेसम्म सहनसक्नु साँच्चैको सहन सकेको होइन; त्यस्ता आवाजहरू आइपुगेर (सुनेर) अनुभव गरी सामना गर्ने अवस्थामा मात्र सहनसक्नेको रूपमा प्रकट हुन्छ । दोषको अवगुण र सहनुको गुणलाई देखेर सहने व्यक्तिको सहनु मात्र स्थीर हुन्छ । भावना कार्यको प्रभावले लाभ भएको सहनशीलता त भन विश्वस्त हुने ठाउँ छ । नत्र छरछिमेकी असल भएको अवस्थामा सहन सक्ने भनी मानिए पनि कुनै दिन आक्रमणमा पर्दा आफूले सहिरहेको गुण बगेर जान सक्छ ।

## वेदेहिका

पहिले श्रावस्तीमा वेदेहिका भन्ने एउटी गृहिणी थिइन् । तिनी आचरण राम्री, निहतमानी, स्थीर, शान्त, दान्त छिन् भनेर प्रशंसिता थिइन् । तिनी गृहिणीकी कामधाममा दक्षता भएर अल्छी नमानी कर्तव्यनिष्ठ भएकी काली भन्ने एउटी दासी थिइन् । कालीले 'मेरी मालिकनीलाई असल प्रशंसा शब्दहरू सबैले बोल्दछन् । मेरी मालिकनीमा साँच्चै दोष नभएको हो कि, वा म जाति भएकीले तिनी पनि भलादमी भएकी हुन्' भनी परीक्षा गर्ने विचार आयो । भोलिपल्ट अबेर मात्र बिछ्यौनाबाट उठी । 'ए...काली, किन उठ्न अबेर भएको हँ' भनेर सोध्दा 'मालिकनी केही भएको छैन' भनी जवाफ दिई । वेदेहिकाले रिसाएर आँखीभौं चढाइन् । त्यसबेला कालीले मेरी मालिकनी रिसाउन जान्ने रहिछिन्; म जाति भइरहेकोले तिनी पनि जाति भएकी रहिछिन्' भन्ने कुरा याद गरी । पछि एकदिन फेरि परीक्षण गर्ने मन भएकोले पहिलेको पटकभन्दा पनि अबेरसम्म सुतिरही । त्यसबेला आँखिभौं मात्र



Downloaded from http://www.dhamma.digital

चढाएको होइन कि मुखै थरथराई हप्काउने अवस्थासम्म रिसाइन् । त्यसपछि झन अबेलासम्म सुतिरहेपछि त्यसपटक त मुख मात्र होइन कि हात समेत चलाउन थालिन् । खापाको आग्लोले टाउकामा हान्दा कालीको टाउकोमा प्वाल पर्‍यो ।

अनि कालीले प्वाल परेर रगत बगिरहेको टाउको यथावतै लिई छरछिमेकीकहाँ गई 'लौ हेर्नुस् आचरण जाति छ भनिने मेरी मालिकनीको कर्तूत; एक्ली दासीलाई अबेला उठी भनी खापाको आग्लोले टाउको प्वाल पारिदिएकी' भनी उपहास गर्दै भनी । त्यसबेलादेखि वेदेहिका चण्ड, अभिमानी, कचमच गर्ने आइमाई हो भनी खराब शब्दहरू फेरि प्रचार भयो । धर्मले युक्त क्षान्ति होइन भने यस्तै हुनसक्ने घटना देखाइरहेको यो एउटा साधक नमुना नै भन्न सकिन्छ । *(म.१-१७६-७)*

**उपकारिसु यो साधु; साधुत्ते तस्स को गुणो ।**
**अपकारिसु यो साधु; सो साधु सब्भि उच्चते ।**

*(पञ्चतन्त्र)*

**यो**=जो व्यक्ति; **उपकारिसु**=उपकार गर्नेप्रति; **साधु**=असल हुन्छ; **तस्स**=उसको (उपकार गर्नेहरू प्रति असल हुने व्यक्तिको); **साधुत्ते**=राम्रो भावमा; **गुणो**=गुण; **को**=कहाँ हुन्छ र ? **यो**=जो व्यक्ति; **अपकारिसु**=अपकार गर्नेहरूप्रति; **साधु**=असल हुन्छ; **सो**=उही अपकार गर्नेहरूप्रति असल हुनेलाई; **साधु**=साँच्चै असल भनी; **सब्भि**=सत्पुरुषहरू; **उच्चते**=भन्दछन् ।

## सोवचस्सता

**सुवच**=सरल कुरा गर्ने; अववाद अनुशासन गरिनुलाई सजिलै कुरा सुन्ने व्यक्ति । **'सुखं वचो एतस्मिन्ति सुवचो ।' एतस्मिं**=उक्त व्यक्तिसँग; **सुखं**=सरल; **वचो**=कुरा; **अत्थि**=छ; **इति**=त्यसैले; **सुवचो**=सुवच भन्दछन् । **दुब्बच** (=कुरा मनाउन गाऱ्हो हुने व्यक्तिले) व्यक्तिलाई गौरव गर्दैन; धर्मलाई गौरव राख्दैन; विरोध गर्ने मनसाय भएका र अनुशासन गर्न गाऱ्हो व्यक्ति



Downloaded from http://www.dhamma.digital

भयो। त्यसो नभइ व्यक्तिलाई गौरव राखेर धर्मलाई आदरपूर्वक अनुसरण गर्न जान्नेलाई **सुवच** भनिन्छ। **'सोवचस्स**=कुरा मनाउन सजिलो व्यक्तिको क्रिया।' अनुशासकको अनुशासनलाई गौरव गर्ने, सन्मानपूर्वक अनुशरण गर्नुलाई नै अनुशासन गर्न सजिलो व्यक्तिको सरल क्रिया भनेको हो। (**सुवचस्स कम्मं सोवचस्सं। सुवचस्स**=अववाद अनुशासन गर्न सजिलो व्यक्तिको; **कम्मं**=काम हो; **सोवचस्सं**=अनुशासन गर्न सजिलो व्यक्तिको काम)।

**सोवच्चस्स भावो सोवचस्सता। सोवचस्स**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको; **भावो**=उत्पत्ति कारण हो; **सोवच्चस्सता**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण। अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण भनेको वचन बोली मीठो बोल्नु, अववाद दिन सजिलो पार्ने कामलाई उत्पन्न गर्न जान्ने चेतना समूह कुशल धर्म नै हो। यो **सोवचस्सता निवात**सँग सम्बन्धित हो। **निवात** नरहेमा **सोवचस्सता** रहन सक्दैन। निहतमानी हुन नजान्नेले अरुको अनुशासन ग्रहण गर्न सक्दैन। त्यसैले निवातको क्षेत्रमा देखाइएका आयुष्मान सारिपुत्र, आयुष्मान राहुलहरूको विषय प्रसंग यहाँ पनि उल्लेख गर्नुपर्छ। यस **सोवच्चस्सता**द्वारा गुरु आचार्य आमा-बुबाहरूबाट अनुशासन प्राप्त हुनु; उक्त अववाद अनुशासनलाई पालन र आचरण गरेर निर्दोष हुनु; विभिन्न गुणद्वारा अनेक फल लाभ हुनुको कारण हुनाले मङ्गल होस्।

## असली सुवच

*मूलपण्णास ककचूपम सुत्त* (१७८) मा उल्लेख भएको तथागतबाट आज्ञाभएको कस्तो भने 'चीवर, पिण्डपात्र, सयनासन, भैषर्ज्य चतु:प्रत्यय लाभ गर्ने मनसाय राखी सिकाउन बताउन सजिलो हुने व्यक्तिलाई म तथागत **सुवच** भन्दिनँ। कारण किनभने सो व्यक्ति चीवरादि प्राप्त भएन भने अववाद अनुशासन गर्न सजिलो नहुने भएर हो। धर्मलाई आदर गौरव



Downloaded from http://www.dhamma.digital

राखी, धर्मलाई सत्कार गरी, धर्मलाई पूजा गरी सिकाउन बताउन सजिलो व्यक्तिलाई मात्र असली **सुवच** भनेर भनिन्छ भनी म तथागत भन्दछु।' यस देशनाद्वारा अनुशासन आफ्नो निम्ति अति लाभकारी हो भनी बुझ्नेसँग मात्र असली **सुवच** हुनसक्छ। *धम्मपद* (२४) मा 'दोष देखाई अनुशासन गर्नेलाई सुनको घडा देखाइदिने जस्तै हुन् भनी मान्नुपर्दछ। निहतमानी भइ बोल्ने प्रज्ञावानको मात्र सेवन गर्नुपर्दछ। त्यस्ता प्रज्ञावानलाई सेवन गर्ने व्यक्ति हीन र नीच बन्न सक्दैन, श्रेष्ठ र उत्तम व्यक्ति मात्र बन्दछ' भनी बताउनुभयो।

## नीतिकारहरूको भनाई

'मन पर्ने कुरा गर्ने व्यक्ति पाउन सजिलो छ। मन नपर्ने तर लाभकारी कुरा गर्न जान्ने र सुन्न मन पराउने व्यक्ति पाउन गाह्रो छ। लोकमा अप्रिय भए पनि लाभकारी कुरा गर्न जान्ने व्यक्ति साँच्चैका मित्र हुन्। अरु व्यक्तिहरू नाम मात्रका साथीहरू हुन्।'

आयुष्मान राहुलले हातमा बालुवा मुठी पारी 'यो बालुवाका कणजति (धेरै) मलाई अनुशासन गर्नेहरू पाए भने साह्रै राम्रो हुनेथियो' भनी प्रार्थना गर्दथे। उहाँले अनुशासनको मूल्य बुझेकोले नै त्यस्तो भन्नुभएको हो। अनुशासनको मूल्य बुझ्ने जतिले अनुशासनको इच्छा र आकांक्षा राखिरहन मन पराउँछन् नै।

## अनुशासन प्रिय व्यक्ति

एउटा भिक्षुले भिक्षाटनबाट फर्केर आई पोखरीमा ओर्ली नुहाइरहँदा कमल-फुलको सुगन्ध अनुभव गरिरहे। एउटा देवताले 'भन्ते ...अरुले नदिइकन नै कमल फूलको गन्ध सुँघी बस्नु पनि एकप्रकारको चोरी नै हुनाले गन्धचोर भन्न मिल्छ' भनी दोष लगाए। 'कमलको कन्द उखेली, फूल टिपिरहेकोलाई त्यस्तो नभनी भाँच्ने टिप्ने केही नगरी टाढा बसी गन्ध सुँघी मात्र रहेको मलाई किन गन्धचोर भनेको हो नि' भनी भिक्षुले सोधे। 'ध्वाँसो मोसो धेरै



Downloaded from http://www.dhamma.digital

लागेको कमारीको लुगाभैं धेरै दोषहरू भएकोलाई केही भन्नु नै छैन। तपाँईलाई मात्र भन्न सुहाउँछ। तपाँइ त निर्दोष, परिशुद्धता मन पराउने, पशुको रौंको टुप्पो जति दोषलाई पनि बादलको ढिक्का जति ठान्ने भएकोले हो' भनी देवताले भनेपछि 'तिमी मप्रति करुणा राख्नजान्ने भएकोले पछि यस्ता दोषहरू देखेमा भन है' भनी भिक्षुले आमन्त्रण गरे। देवताले भने 'मलाई बताउनेवाला छ' भनी उद्योगहीन बन्लान् भनी डराएर अस्वीकार गऱ्यो। 'म तपाँईको आधार लिई जीवन यापन गरिरहेको पनि होइन; सुगतिमा पुग्ने धर्मलाई तपाँइले नै जानेर उद्योग गर्नुहोस्' भनी अन्तरघ्यान भयो। उनी भिक्षुले सानो दोषलाई ठूलो दोष बनाई बोलिरहेका देवतालाई लाभकामीको रूपमा राखी कुरा सुनिरहेको यो प्रसंग उत्साह जनक छ। (*सगाथावग्ग वन संयुत्त गन्धत्थेन सुत्त-२०६*)

## अनुशासन अप्रिय

सत्पुरुषहरू अनुशासनप्रिय हुने भएकोले अनुशासन गर्नेलाई उपकार गर्न जान्दछन् भने पनि बाल मूर्खहरूले भने अनुशासनलाई जाति मान्दैनन्, अनुशासन गर्नेलाई नै वैरभाव राख्नसक्छन्। पहिले हुरी-बतासले गर्दा थरथर काँमिरहेको बाँदरलाई बोधिसत्व सिंगील पंछीले 'तिमीमा मान्छेमा जस्तै नै हात, खुट्टा, टाउको रहे पनि घर किन छैनन् नि' भनी सोध्यो। 'मान्छेमा जस्तै हात, खुट्टा, टाउको भए पनि ममा मान्छेमा जस्तो प्रज्ञा छैन' भनी जवाफ दियो। त्यसबेला बोधिसत्वले 'चित्त स्थीर नभइ प्रमादी भएका, मित्रद्रोही, शीलहीन प्राणी सुखी हुन सक्दैन; आफ्नो आचरणद्वारा सामर्थ्य प्रकट गरेर जाडोको दण्ड, हावाको दण्डबाट रक्षा गर्न सक्ने घर बनाऊ' भनी असल र निको सल्लाह दियो। बाँदरले निको मानेन। 'मलाई तैंले भन्नुपर्छ र' भनी रुखमा चढेर गुँड बिगारी दिएकोले बोधिसत्व पनि भाग्नुपऱ्यो। (*जातक प्र. चतुक्क कुटिदूसक १०३*)



Downloaded from http://www.dhamma.digital

## अवारियपिता

पहिले नौका खियाउने अवारियपिता भन्ने माझी एकजना थियो । उ रिसाहा थियो । उता पारी पुगेपछि मात्र नौकाको भाडा माग्ने बानी भएकोले सँधैं ग्राहक यात्रीसँग उसको झगडा पर्थ्यो । एकदिन बोधिसत्व ऋषि उसको नौका चढेर पारी पुगेपछि भाडा माग्यो । त्यसबेला ऋषिले 'पार नतर्दै वारी नै नौकाभाडा माग्नुपर्ने कुरा, मान्छे भनेका पार तर्न अगाडि एउटा चित्त पार तरिसकेपछि अर्कै चित्त भएका हुने कुरा, लोक व्यवहारको लागि बाटो देखाई उपदेश दिइसकेपछि गाउँमा, वनमा, स्थलमा वा जलमा जहाँ बसे पनि नरिसाउनको लागि र द्वेष ननिकाल्ने धार्मिक क्षेत्रको लागि उपदेश दिए । 'के यो मेरो नौकाको भाडा हो ?' भनी सोधेपछि 'मसँग नौकाभाडा छैन; मैले दिनसक्ने यही उपदेश नै हो' भनी भनेपछि 'नौकाभाडा नहुने नौकामा बस्न मिल्छ र' भनी बोधिसत्वलाई पछारी जिउमा चढेर मुखै मुखमा हान्यो । भात पुऱ्याउन आएकी उसकी श्रीमतीले देखेर 'उहाँ राजाका गुरू भएकोले यस्तो गर्न नहुने कुरा' भन्दा श्रीमतीलाई समेत 'तैंले भन्नुपर्छ र' भनी पिट्दा भातको भाँडा पनि फुट्यो स्वास्नीको पनि गर्भपतन भयो । मुर्ख माझीले पनि राजदण्ड भोग्नुपऱ्यो । (*'जातक प. छक्क अवारिय १३७*)

यो द्वेषशमन उपदेश राजालाई बताउँदा एकलाख कर आम्दानी हुने ठूलो गाउँ बक्सिस पाए पनि मुर्खलाई दिंदा मुड्की दण्ड मात्र भोग्नु पऱ्यो । 'सर्पलाई दूध ख्वाउनु विष वृद्धिको लागि मात्र हुन्छ; मुर्खहरूलाई अववाद अनुशासन दिनु रिस उठाउनको लागि मात्र हुन्छ; शान्त गर्नलाई हुँदैन । (*नीति*)

## समणदस्सन

**समण**=क्लेशलाई शान्त गर्ने व्यक्ति । बिल्कुल क्लेश शान्त भइसकेका अरहन्तहरू र क्लेश शान्त हुने गरी उद्योग गरिरहेका सम्पूर्ण भिक्षुहरूलाई



Downloaded from http://www.dhamma.digital

पनि **समण** भन्नुपर्दछ । राम्ररी अभ्यास, उद्योग, पालन र आचरण गरिरहेका पृथग्जन भिक्षुहरू क्लेश शान्तहुनेगरी आचरण गरिरहेकाहरू भएकोले **समण** नै हुन् । श्रद्धा-धर्म सम्पन्न व्यक्तिमा आचरण राम्रो भई शिक्षा, इन्द्रीय-संयम भएका भिक्षुहरूको दर्शन गर्न पाउँदा मन प्रसन्न र प्रफुल्लित भई कुशल वृद्धि भई मंगल उत्पन्न हुन्छ । यहाँ **दस्सन** भनेको कमसे कम निम्न लिखित अनुसार बताइराख्नुभएको देशना भएकोले दर्शन गर्नु मात्र नभई सेवन गर्नु, पालन-पोषण गर्नु, सम्झनु, सुन्नु समेत पनि दर्शनको रूपमा समावेश गरी लिनको लागि अर्थकथामा वर्णन गरिराखेको छ ।

## मङ्गल उत्पत्ति

नजिकै बसेर सत्संगत गर्नुद्वारा कर्तव्यनिष्ठ भिक्षुहरू भए भने लोक र धर्म दुवै क्षेत्रमा वृद्धि हुने कारण असल उपदेश बताउने देखाउने हुनाले रत्न लाभ भएको जस्तै लाभ पाउने भएकोले मंगल हुन्छ । पालन-पोषण गर्नु भनेको भोजनद्वारा सेवा गर्नु, व्रतद्वारा सेवा गर्नु, दुवै नै कुशलधर्म भएकोले मंगल नै हुन्छ । आफूले श्रद्धा राखेका भिक्षुको इन्द्रीय र शिक्षा सम्पन्न आचरण र असल गुणलाई चिन्तन मनन गर्दा अत्यन्त प्रमुदित भइ प्रीति उत्पन्न हुने हुनाले लाभदायक भएकोले स्मरण गर्नु पनि मंगल नै हो । फलानो व्यक्ति यति आचरण र शिक्षा सम्पन्न हुन्' भनी सुन्न पाउँदा सुन्नुद्वारा नै श्रद्धा उत्पन्न हुनसक्छ । शीलवन्त व्यक्तिले सुनेर मात्र पनि चित्तलाई प्रसन्न प्रभासित बनाउन सक्ने भएर उसको खबर सुन्नपाउनु पनि मंगल नै हो ।

## आँखा राम्रो हुनु

भिक्षुहरूलाई दान गर्ने, वन्दना गर्ने अवसर नमिले तापनि मान-मर्यादापूर्ण आँखाले हेरेर प्रसन्नता अनुभव मात्र हुँदा पनि धेरै जन्मसम्म आँखाको रोग-दोष निवारण भई, परिशुद्ध भई, सफा भई, चट्ट परी, शोभायमान



Downloaded from http://www.dhamma.digital

हुने लाभ पाइने कुरा अर्थकथामा उल्लेख गरिएको छ।

तथागतको अभिनीलनेत्त (=कालो हुनुपर्ने भागमा निख्खर कालो भई शोभायमान आँखा भएको) लक्षण, **गोपमुख** (=भर्खर जन्मेको बाछा-बाछीको जस्तो शोभायमान आँखा भएको) लक्षणहरू सत्वहरूलाई प्रेमपूर्ण आँखाले हेर्नुभएको कारणले भएको हो भनी बताउनुभएको *पाथिकवग्ग लक्खणसुत्त (१३६)* -मा उल्लेख छ। त्यसैले अर्थकथा मा आँखा राम्रो हुनु, निर्दोष हुनु, लाभ देखाइराखेको उक्त पालि अनुरूप नै रहेको छ।

## यथार्थ ज्ञान दर्शन

श्रमण दर्शन गर्नुमा चक्षु-दर्शन र ज्ञान-दर्शन दुईप्रकारका रहेकामा ज्ञान दर्शनले श्रमणलाई देख्नेले मात्र वास्तविक रूपमा देख्नेछ। चक्षु-दर्शन मात्रले हुँदा खराबलाई असल भनी ठान्न सक्दछ। अस्सजि र पुनब्बसुक भिक्षुहरूले कीटागिरी जनपदमा श्रमणहरूलाई नसुहाउने काम सबै नै गरिरहे। तर त्यहाँका अधिकांश ग्रामीण जनताहरूले ती खराब भिक्षुहरूलाई नै मात्र श्रद्धा राखी बसे। आचरण शिक्षाले सम्पन्न एकजना भिक्षु अरु ठाउँबाट आइपुगी भिक्षाटन जाँदा त कसैले भिक्षा नै दान दिएन। एकजना दाताले निमन्त्रणा गरी भोजन दान दिएकोले मात्र उक्त भिक्षुले भोजन गर्न पाए। ज्ञान दर्शन भएका दाता एकजना बाँकी रहेकोसँग भेट भएकोले मात्र उक्त भिक्षु भोकै बस्नुपरेन। मार्ग ज्ञान र फल ज्ञानद्वारा धर्म देखिसकेको भए उक्त व्यक्ति अवश्य पनि उच्चस्तरबाट बुद्धलाई देख्ने र श्रमणलाई देख्ने हुन्छ। त्यस्तो दर्शन भए मात्र बुद्ध फेर्दैन पनि, श्रमण फेर्दैन पनि। साँच्चै बुद्धलाई देख्ने र श्रमणलाई देख्ने हुनुपर्‍यो भन्ने मतलब भयो।

**पस्सति पस्सो पस्सन्तं; अपस्सन्तञ्च पस्सति।**
**अपस्सन्तो अपस्सन्तं; पस्सन्तञ्च न पस्सति।**

(*वप्पत्थेर गाथा*)



Downloaded from http://www.dhamma.digital

**पस्सो**=सही धर्मलाई देख्ने व्यक्तिले; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सति**=देख्दछ । **अपस्सन्तो**=सही धर्मलाई नदेख्ने व्यक्तिले; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **न पस्सति**=देख्दैन । (पृथग्जनले यथार्थ रूपमा केही पनि देख्दैन; आर्य भएमा मात्र सबै स्पष्ट हुनेगरी देख्दछ भन्ने भाव हो ।)

### धम्मसाकच्छा

(**'सह कथनं साकच्छा ।' सह**=सँगै; **कथनं**=बोल्नु भन्नु; **साकच्छा**=सँगै बोल्नु भन्नु । **'धम्मस्स साकच्छा धम्मसाकच्छा ।'** - **धम्मस्स**=धर्मलाई; **साकच्छा**=सँगै बोल्नु, भन्नु; **धम्मसाकच्छा**=धर्म विषयक सँगै बोल्नु, भन्नु हो ।) सँगै बसेर बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ । एक अर्कासँग परस्परमा प्रश्न-उत्तर गर्नु परस्परमा बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ । धर्मको छलफल गर्नाका लाभ छन् । उपदेश सुन्नुका लाभमा देखाइएका लाभ धर्मको छलफलबाट पनि प्राप्त गर्न सकिन्छ ।

Dhamma.Digital

### मंगल सभा

धर्म छलफल वृद्धवृद्धाहरूले मात्र गर्ने बानी भएकोले हिजोआज युवक-युवतीहरूले छलफल गर्न नहुने जस्तो भइरहेको छ । वास्तवमा धर्म भनेको मन असल बनाउन जान्नु, अधर्मलाई हटाई धर्मलाई गौरव राख्न सिक्नु, वीर्य, स्मृति, समाधि, प्रज्ञा आदि धर्महरू वृद्धि गर्नुद्वारा लौकिक उन्नति र धार्मिक उन्नति दुवैतिर सहयोग गर्ने हुनाले युवक-युवतीहरूले मात्र नजानी कहीं सुख छ र ! त्यसो हुनाले धर्म छलफल गर्नु गोष्ठी (धर्मसाकच्छा सभा) बरोबर संचालन गरी बोल्नेहरूले बोलेर र सुन्नेहरूले सुनेर धारण गरेमा अतिव लाभ प्राप्त हुन्छ । त्यस्ता सभा, गोष्ठी मंगलमय सभा, गोष्ठी भयो । **'नेसा सभा यत्थ न सन्ति सन्तो; सन्तो न ते ये न वदन्ति**



Downloaded from http://www.dhamma.digital

**धम्मं**=सत्पुरुषहरू नभएको सभा सभा होइन; धर्मको कुरा नगर्ने व्यक्ति सत्पुरुष होइन' भन्ने कुरा *सगाथावग्ग ब्राह्मणसंयुत्त (१८६)* अनुसार त्यो सभामा सदा धर्मको कुरा बताउने सत्पुरुषहरू हुनु पर्दछ । तर सन्त भन्नेले आफूले सहीरूपमा जान्ने चाहना हुनु, सुन्ने चाहना हुनु, यथार्थता प्रकट गरी देखाउने बेलामा धन्यवाद दिन जान्नु, अरुले पनि बुझोस्, जानोस् भन्ने इच्छा सहितको चेतना, मैत्री सम्पन्न हुने किसिमले मति राम्रो भएका हुने भएकोले त्यस्तो नभई आफू विद्वान भएको देखाउन चाहनु, अरुलाई दबाउने इच्छा हुनु, भूल देखायो भने सहन नसकी रिसाउनु आदिद्वारा सन्त स्वभावरहित व्यक्ति भए भने उक्त सभा मंगल नभई अमंगल हुन सक्छ ।

**काल**

उपदेश (धर्म) छलफल गर्न उपयुक्त समय बेलुका र सबेरै भनी अर्थकथाले देखाइसकेपछि मन दुःखित भइरहेको समय, चित्त विक्षिप्त र अस्थिर भइरहने समय, द्वन्द-संशय भइरहने समय, त्यस्ता-त्यस्ता चित्तहरू हटाउनको लागि जुनसुकै समयमा भए पनि धर्म छलफल गर्नु **'कालेन धम्मसाकच्छा'** हो भनी उल्लेख गरिएको छ । त्यसैले आफूलाई कामकाजबाट फुर्सद भएको, अनि धर्म छलफल गर्न साथीभाई पनि जम्मा भएको समय नै धर्म छलफल गर्नको लागि सुहाउँदो अनुकूल समय हो ।

(२२) **तपो च ब्रह्मचरियञ्च; अरियसच्चान-दस्सनं ।**
**निब्बान सच्छिकिरिया च; एतं मङ्गल'मुत्तमं ।**

(२२) **देवपुत्त**=भो देवपुत्र; **यो तपो च**=जुन तप भनिने आचरणलाई आचरण गर्नु र, **यं ब्रह्मचरियञ्च**=जुन ब्रह्मचरिय भनिने उत्तम आचरणलाई आचरण गर्नु; **अरियसच्चानं**=आर्यसत्यलाई; **यं दस्सनञ्च**=जुन देख्नु, जान्नु र; **या निब्बान सच्छिकिरिया च**=जुन निर्वाणलाई साक्षात्कार गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल नै हुन् ।



Downloaded from http://www.dhamma.digital

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, तप भनिने आचरणलाई आचरण गर्नु; ब्रह्मचर्य आचरणलाई आचरण गर्नु; आर्य सत्यलाई जान्नु-बुझ्नु र निर्वाण साक्षात्कार गर्नु; यी चारवटा उत्तम मंगल हुन् ।

## तप आचरण

विभिन्न आचरणहरूलाई नै **तप** भनी भन्न सकिन्छ। कतै-कतै सहनु खन्ति लाई तप भनेका छन् । **'खन्ती परमं तपो तितिक्खा** ( *धम्मपद-४१*) धुतांग आचरणलाई तप भनिराखेको क्षेत्र पनि छ । **'नाञ्जत्र बोज्झा तपसा'** (*सगाथावग्ग देवपुत्त संयुत्त ५२*) -परियत्ति अध्ययन गर्नु, धुतांग धारण गर्नु, श्रमण धर्म उद्योग र अभ्यास गर्नुलाई **तप** -को रूपमा पनि देखिन्छ । **'समग्गानं तपो सुखो'** (*धम्मपद-४२*) ***'तपो च ब्रह्मचरियञ्च; तं सिनानमनोदकं'*** (*सगाथावग्ग, देवतासंयुत्त-३५*) -मा इन्द्रीयसंवर, धुतांग, वीर्य, दुष्कर चर्या, आचरणहरूलाई **तप** भन्नुपर्ने कुरा उक्त अर्थकथामा वर्णन गरिराखेको छ । त्यसरी विभिन्न आचरणलाई ब्यक्त गर्नसक्ने भए पनि यहाँ दुष्कर चर्या आचरण बाहेक क्लेशलाई शमन गर्ने आचरण जति सबैलाई तप भनेर मान्नुपर्छ भनी अर्थकथामा वर्णन गरिएको छ । चक्षु आदि ६ द्वारबाट **अभिज्झा** (अभिध्या) **दोमनस्स** (दौर्मनस्य) उत्पन्न नहुनेगरी स्मृतिद्वारा रक्षा गर्नु, रोक्नुलाई **इन्द्रीयसंवर** (=इन्द्रीयलाई संयम गर्नु) भन्दछन् । वीर्य अत्यधिक रूपले उद्योग र अभ्यास गर्नु हो ।

## ब्रह्मचरिय आचरण

**ब्रह्म**=उत्तम भएको; **चरिय**=आचरण, चर्या । उत्तम चर्या, आचरण । **ब्रह्मचरिय** भनेको पनि क्षेत्रअनुसार विभिन्न आचरणहरू नै हुन् । यहाँ अर्थकथामा मैथुनबाट अलग हुनु, श्रमण धर्म, शासन, मार्गको नाम भएको कुरा वर्णन गरिएको छ । तीमध्ये **'अरियसच्च दस्सन'** द्वारा मार्गलाई ग्रहण



Downloaded from http://www.dhamma.digital

गरिसकेको हुनाले बाँकी तीनवटालाई **ब्रह्मचरिय**को रूपमा ग्रहण गर्नको निम्ति सूचित गरिएको छ। *सीलक्खन्धट्ठकथा* आदिमा अझ योभन्दा पनि बढी अर्थ उल्लेख भएका छन्। **'तपसाति ब्रह्मचरियेन'** भनी *पेतवत्थु अट्ठकथा*मा फरक-फरक गरी वर्णन गरिराखेकोलाई आधार मानेर, **ब्रह्मचरिय** आचरणहरू **तप**मा समावेश भएकोलाई आधार मान्दा **तप** र **ब्रह्मचरिय**मा त्यति खासै फरक देखिदैन। उक्त दुईटा पदमा रहेका अन्तरअनुसार अभिप्राय ग्रहण गरेमा अर्थकथामा देखाइएको तपद्वारा शीलविशुद्धि, **ब्रह्मचरिय**द्वारा चित्तविशुद्धि आदि विशुद्धि पाँच प्रकारका छन् भनी भनिएको अनुसार ग्रहण गरेपछि कुरा स्पष्ट हुनेछ। तपद्वारा शील, आचरण ग्रहण गरी **ब्रह्मचरिय**द्वारा शमथ, विपश्यनालाई ग्रहण गर्नुपर्दछ। **तप**, र **ब्रह्मचरिय** दुईवटा **'अरिय सच्च दस्सन** को निम्ति भएको हुनाले आर्यसत्य दर्शनमा उपरोक्त शील, समाधि, प्रज्ञाबाट अलग्ग अरु केही छैन।

## अरियसच्च

**अरिय**=भूलचुक नभएको, यथार्थ भएको; **सच्च**=सत्य। **अरिय**-शब्दले भूलचुक नहुनेगरी यथार्थ अर्थ व्यक्त गर्ने हुनाले सही भएको भूलचूक नभएको सत्य भन्ने अर्थ रहेको छ। चटक देखाउनेहरूले माटाका डल्लालाई सुनको डल्ला गरी देखाउँछन्। नजान्नेहरूले साँच्चैका सुन नै भनी ठान्दछन्। सम्मुति प्रज्ञप्तिहरू उक्त चटक जस्तै नै यथार्थमा नभएको नरहेको भए पनि साँच्चैको होइन भनी नजान्नेहरूको बुझाई भ्रम मात्र भयो। सत्य धर्महरू त प्रज्ञादृष्टिले हेरेमा साँच्चै भएको धर्मको रूपमा देखिएर चटकजस्तो अयथार्थ होइन; वास्तविक स्वभावहरू मात्र रहेछन्। मृगतृष्णालाई नजान्नेहरूको लागि पानी भनी मान्नुपरे पनि गएर हेर्ने बेलामा मनले सोचेजस्तो नभइराखेको; त्यस्तो केही पनि नदेखिने हुन्छ। तैर्थिकहरूले कल्पना गरिराखेको अधिकारी आत्म, ज्ञानले हेर्दा त्यो मृगतृष्णा समान यथार्थमा उक्त विषय केही पनि होइन रहेछ। **दुक्खसच्च** (=साँच्चैको दुःख नाम र रूप), **समुदयसच्च**



Downloaded from http://www.dhamma.digital

(=साँच्चैको दुःख उत्पत्तिका कारण तृष्णा र विपश्यना ज्ञानले वास्तविक रूपमा देख्न सकिने धातुसार भएका धर्महरू रहेछन् ।), **निरोधसच्च** ( =निरोध र शान्त भएको यथार्थ निर्वाण) मार्गज्ञान प्राप्त भएपछि प्रत्यक्ष देखिने भएर साँच्चै वास्तविक रूपमा रहेको धर्म नै हो । **मग्गसच्च** ( =निर्वाणगामी यथार्थ भएको आर्यअष्टांगिक मार्ग धर्म) आफ्नो सन्तानमा प्रकटरूपले उत्पन्न भइआउने धर्म भएकोले साँच्चै रहेको धर्म भएको कुरा दोहऱ्याउनु पर्दैन । त्यसैले **अरियसच्च** (=सही सत्यहरू) भनी भन्नुपर्दछ ।

## विभिन्न अर्थहरू

अर्को तरिकाबाट **अरिय** शब्द परिसुद्ध (=सफा) अर्थ व्यक्त गर्ने हुनाले परिशुद्ध व्यक्तिहरू बुद्ध, प्रत्येकबुद्ध, श्रावकहरूलाई अरिय भन्नु पर्दछ । चार सत्य जानेमा मात्र उक्त आर्यभाव प्राप्त हुने सुनिश्चित भएकोले आर्यहरूले जान्नुपर्ने सत्य भनेर पनि अर्थ वर्णन गरिएको छ । (**अरियपटिविद्ध-सच्च** भनी भन्नुपर्ने भएकोले पनि **पटिविद्ध** पद लोप भएको छ ।

लोकमा तथागतलाई **अरिय** भनी व्यक्त गरिएको पालिअनुसार **अरिय** नामकरण प्राप्त गर्नुभएकोले **अरिय** हुनुभएका तथागतको सत्य भनेर पनि फेरि अर्थ ब्यक्त गरिएको छ । तथागतले गुरू बिना स्वयम् आफैले प्रतिवेध ज्ञानले जान्नुभइसकेपछि वेनेय्यहरूलाई बताउनुभयो । तथागतले बताउनुभएकोले श्रावकहरूले जान्न पाए । त्यसैले तथागतको सत्य भनी भन्नुपर्दछ ।

यी सत्यहरू बुझे भने मात्र आर्य हुनपाउने भएकोले आर्यभावलाई सिद्ध गर्ने सत्य भनेर पनि भन्नसकिन्छ । (अरियसाधक=आर्यत्वलाई सिद्ध गर्ने; सच्च=सत्य भनी भन्नुपर्ने भए पनि साधक लोप भएको छ ।)

## ज्ञान दुइथरी

सत्यलाई बुझ्नु अनुबोध-ज्ञान र प्रतिवेध-ज्ञान भनी दुईथरी छन् । गुरू आचार्यहरूबाट अथवा ग्रन्थहरूबाट बुझ्नु एक तह, अर्को तह सुनेको



Downloaded from http://www.dhamma.digital

आधारमा चिन्तन-मनन गर्नुद्वारा बुझ्नु, चिन्तन मनन गरिसकेको विषयलाई आफ्नो ज्ञानले रोजेर निर्णय गर्नुलाई **अनुबोध** ज्ञान भन्दछन् । **अनु**=बारम्बार; **बोध**=जान्नु । जान्नु पूरा भइनसकेको भएकोले बारम्बार जान्नुपर्ने भन्ने मतलब हो ।

त्यसरी जान्ने कार्य सिद्ध भइनसकेको भएकोले बारम्बार जान्ने नगरी एकैचोटीमा वारपार हुनेगरी जान्नुलाई प्रतिवेध ज्ञान भनिन्छ । यो मार्ग ज्ञानद्वारा जानिने हो । मार्ग ज्ञानले कृत्यअनुसार चारसत्यलाई एकैचोटी एकैपाखमा बुझ्दछन् । दुःखलाई परिच्छेद गर्नु, समुदयलाई हटाउनु, निरोधलाई साक्षात्कार गर्नु, मार्गलाई वृद्धि वा भाविता गर्नु भनी चारवटा कृत्य रहेकामा उक्त चारवटा कृत्यलाई एकैचोटी प्रयोग गर्नुद्वारा मार्गज्ञानमा चारसत्य प्रकट हुनुपर्छ । संस्कारहरूलाई छोड्न नसकेका ज्ञानहरूले यी चार कृत्यलाई एकैचोटी गर्न सक्दैन । मार्ग ज्ञानले त संस्कारहरूलाई छोडेर संस्कारहरू निरोध भइरहेकोलाई आरम्मण गर्नसकेको हुनाले चारकृत्यलाई एकैचोटी बोध गर्न सक्छ । अवश्य पनि हो; मार्गज्ञान लाभको निम्ति पूर्वभाग विपश्यना-मार्गलाई भाविता गर्नुपर्ने भएकोले उक्त पूर्वभाग मार्गले दुःखलाई जानेर समुदयलाई हटाइराख्ने गर्दछ । तर आत्म भनेको मार्ग भावनाले पनि सम्पन्न भइनसकेको सिद्ध भइनसकेको हुनाले निर्वाणलाई देख्न सक्दैन । दुःखलाई जान्नु, समुदयलाई हटाउनु पनि पूर्णरूपले सिद्ध भइनसकेको हुनाले कृत्य पूरा भएको छैन । मार्गमा पुगेपछि मात्र सबै कृत्य पूर्णभइ मार्गले जान्नु कृत्य सिद्ध भएको रूपमा सबैलाई एकै पटकमा धमिलो नहुने गरी स्पष्ट हुनेगरी जान्न सक्दछ । यहाँ **दस्सन** भनेको **अनुबोध** ज्ञान होइन; प्रतिवेधज्ञान रहेको मार्गलाई वारपार हुनेगरी देखिनुलाई लिनुपर्दछ । चारसत्यलाई देख्नुभन्दा विशिष्ट भएको कुशल-कर्म भनेको अब अरु हुननसक्ने भएकोले अत्यन्त लाभकारी सत्यलाई बुझ्नु सबभन्दा उत्तम भएको मंगल हो ।



Downloaded from http://www.dhamma.digital

## निब्बान सच्छिकिरिया

निर्वाण साक्षात्कार गर्नु भने पनि **अरियसच्चदस्सन** -मा निरोध सत्य भनेको असंस्कृत निर्वाणमा समावेश भइसकेको हुनाले यस **निब्बानसच्छिकिरिया** मा निर्वाणको स्वरूप उक्त असंस्कृत निर्वाणलाई लिन नपर्ने भइसकेको हुनाले अरहत्त-फल लिनको निम्ति अर्थकथामा वर्णन गरिएको छ । असंस्कृत निर्वाणलाई **वान** भन्ने तृष्णाबाट मुक्त रहेकोले गर्दा निर्वाण भन्नुपरे जस्तै अरहत्त फलमा पनि तृष्णारहित भइसकेको हुँदा तृष्णा **वान** बाट निस्कने अर्थ अनुसार अरहत्त फल लाभ हुने, प्रत्यवेक्षण ज्ञानद्वारा निरीक्षण गर्नुलाई **निब्बानसच्छिकिरिया** भनिने कुरा अर्थकथामा वर्णन गरिएको छ ।

अर्को तरिकाबाट **निब्बानसच्छिकिरिया**मा निर्वाणलाई असंस्कृत निर्वाण भनेर नै मानी **अरियसच्चदस्सन**मा निर्वाण साक्षात्कार गर्ने मार्गको साक्षात्करण भइ **निब्बानसच्छिकिरिया**को स्वरूप अनुसार निर्वाण साक्षात्कार गर्ने फल, प्रत्यवेक्षणको साक्षात्करण गर्नु हो भनी ग्रहण गरेमा उचित हुन्छ । यसरी लिएमा **अरियसच्चदस्सन**मा चारवटै मार्गको साक्षात्करण-कृत्य लाभ हुने जस्तै **निब्बानसच्छिकिरिया**मा पनि चारवटै फलसँग प्रत्यवेक्षणको साक्षात्करण-कृत्य सबै लाभ भइसकेको हुनाले झन अभिप्राय पूर्ण भएको छ भनी पनि भन्न सकिन्छ । **सच्छिकिरिया** भनेको **अत्तपच्चक्ख**=स्वयम् आफैले बुझ्नु हुनाले लौकिक ध्यान-ज्ञानमा समेत साक्षात्करण ज्ञान प्रयोग रहेकोले फलको साक्षात्करण कृत्यमा केही द्वन्द संशय रहन सक्दैन ।

(२३) **फुट्ठस्स लोकधम्मेहि; चित्तं यस्स न कम्पति ।**
**असोकं विरजं खेमं; एतं मङ्गल'मुत्तमं ।**

(२३) **देवपुत्त**=भो देवपुत्र; **लोकधम्मेहि**=लोक धर्मद्वारा; **फुट्ठस्स**=स्पर्शित भएको व्यक्ति; **यस्स**=जुन व्यक्तिको; **चित्त**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक गर्नु पनि छैन; **विरजं**=राग आदि धूल पनि छैन; **खेमं**=भय पनि छैन; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गल**=मंगल हुन् ।



Downloaded from http://www.dhamma.digital

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र ! ... लोकधर्मसँग सामना गर्नुपर्दा पनि जुन व्यक्तिको चित्त कम्प नहुनु, शोक सन्ताप नहुनु, राग आदि धूलो नहुनु, भय उपद्रव रहित हुनु भइरन्छन्; यी चार उत्तम मंगल हुन् ।

## अर्थ दिने विधि

नियमलाई **अपेक्षा नराख्ने अनियम 'य' शब्द पनि रहेकोले यस्स**=लाई नियत **'त'** आदि नराखी जस्तो छ त्यस्तै अर्थ दिएको छु । त्यसपछि फेरी नियमलाई राख्ने मन नभएमा नराखेर पनि काम चल्ने भए पनि राख्ने इच्छा भएमा राख्न पनि सकिन्छ नै । त्यसो हुनाले **खेमं**=भय पनि छैन, बोलिसकेपछि **'तस्स**=उक्त व्यक्तिको, **एतं**=यस अडिग भएको चित्त, शोकरहित चित्त, राग आदि नभएको चित्त, भयरहित भएको चित्त; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल हो' भनी अर्थ दिनुपर्दछ ।

*परित्त टीका* -मा **'फुट्ठस्स**-लाई **फुट्ठो अस्स** भनी र **यस्स** -लाई **यो-अस्स** भनी पद विच्छेद गरी **'यो**=जुन व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहेको छ । **अस्स**=उक्त व्यक्तिको; **अशोकं**=शोक नभएको; **विरजं**=राग आदि धूलो नभएको; **खेमं**=भय नभएको; **चित्तं**=चित्त; **न कम्पति**=अब कम्प हुने छैन भनी दिइराखेको हुँ । आचार्यवरहरूले यसरी नै पद विच्छेद गरी राखे पनि टीका अर्थ स्पष्ट गर्न नजानेर अर्को तरिकाबाट दिइएको छ । **'यो**= जो व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहन्छ; **अस्स**=उक्त व्यक्तिको; **चित्तं**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक छैन' आदि । *परित्त टीका* -मा **यस्स**-लाई **यं-अस्स** भनी अर्कै एक ढंगले पद विच्छेद गरी **'लोकधम्मेहि**... सँग; **फुट्ठस्स**=स्पर्शित हुनुपर्ने व्यक्तिहरूको; **असोकं**... नभएको; **विरजं**... नरहेको ; **खेमं**... नरहेको; **यं चित्तं**=जुन चित्त; **अस्स**=उत्पन्न हुने हो; **तं चित्तं**=...चित्त; **न कम्पति**=कम्प हुँदैन ।' कसैकसैले भने यस्तै नै पद विच्छेद गरी **'लोकधम्मेहि**=...द्वारा; **फुट्ठस्स**=...व्यक्तिको; **यं चित्तं**=...चित्त; **न कम्पति**=... हुँदैन; **यञ्च चित्तं**=...पनि; **विरजं**=... छैन; **यञ्च चित्तं**=...पनि; **खेमं**=...छैन; **एतं चित्तं**=...चित्त; **उत्तमं**=...भएको; मङ्गलं=...हो' भनेर पनि अर्थ दिने गरिन्छ । गाथामा पालिगति नियमको आधार लिएमा उपदेशक तथागतको मनोभावना **'यस्साति नवस्स वा थेरस्स वा मज्झिमस्स वा'** भन्ने अर्थकथा वर्णनअनुसार हुनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

## लोकधर्म

(१) **लाभ** (२) **अलाभ**=लाभ प्राप्त नहुनु; (३) **यस**=यश परिवार धेरै हुनु; (४) **अयस**=यश परिवाररहित हुनु; (५) **निन्दा**=आफूलाई निन्दा उत्पन्न हुनु, (६) **पसंसा**=प्रशंसा प्राप्त हुनु; (७) **सुख**=सुख हुनु (८) **दुक्ख**=दुःख हुनु लोकधर्महरू हुन् ।

यी आठवटा स्वभाव धर्महरू चक्रजस्तै घुमी-घुमी आलोपालो गरी उत्पन्न हुने स्वभावका रहेछन् । लोकमा बस्नुपर्ने भयो भने निश्चित रूपले सामना गर्नुपर्ने स्वभाव भएकोले लोकधर्म भनेको हो । तथागत समेत यसबाट मुक्त हुनुभएन । तथागतसँग एकदुई पटक भ्याइनभ्याई हुने गरी अनगिन्ति रूपले चतुःप्रत्यय धेरै उपलब्ध भए पनि एकदुई पटक भने दुर्लभ भएको थियो । वेरञ्जा देशमा वर्षावास बस्नुभएको बेलामा कोदोको खस्रो भोजन सेवन गर्नुपऱ्यो ।

एकपल्ट एकनाल ब्राह्मण गाउँमा भिक्षाटन जानुहुँदा त्यहाँका वासिन्दाहरूमा मार पसेर भिक्षा दान गर्न बिर्सिरहेकोले खाली पात्र नै बोकेर फर्किनुपऱ्यो ।

देव, मनुष्य, ब्रह्माहरूबाट अतुलनीय प्रशंसा शब्दहरू प्राप्त भए पनि चिञ्चमाणविकाको दोषारोपण; सुन्दरी परिब्राजिकाको दोषारोपण आदिका कारणले गर्दा अवांछित व्यक्तिहरूबाट निन्दा पनि भोग्नुपऱ्यो ।

फलसमापत्ति सुख, निरोध समापत्ति सुख भन्ने पूर्ण सुख अनुभव गर्नपाएका तथागतले समेत एक दुई पटक कम्मर दुख्ने, पखाला लाग्ने आदि दुःख पनि सामना गर्नुपरेको थियो ।

बुद्धले समेत सामना गर्नुपरेका ती स्वभावहरूलाई जस्तोसुकैले पनि पछि सामना गर्नुपर्ने भएकोले 'लोकस्स धम्मा लोकधम्मा' -लोकको धर्म; लोक रहिरहेसम्म अलग्याउन नसकिने, हटाउन नसकिने छलेर पठाउन नसकिने धर्महरू हुन् भनी बुझ्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

## अरहन्तको चित्त

यहाँ लोकधर्मको कारणले कम्प नहुनेलाई अरहन्तको चित्त मात्र; अरुको चित्त होइन भनेर अर्थकथामा वर्णन गरिएको छ। सबभन्दा असल, सबभन्दा पूर्ण, कम्प नहुनेलाई ग्रहण गर्न चाहेकोले उत्कृष्ट निर्देश नय अनुसार वर्णन गरिराखिएको हो। अरहन्त वरपुद्गलहरू इष्ट आरम्मण, अनिष्ट आरम्मणसँग सामना हुने बेलामा इष्टलाई अनिष्टको रूपमा, अनिष्टलाई इष्टको रूपमा आफ्नो इच्छा अनुसार बदलेर भाविता गर्नसक्ने गरी चित्त अधिनमा रहेको तादिगुणले सम्पन्न भएकाहरू भएकोले शैल पर्वत हावाले हल्लाउन नसकिने जस्तै नै निन्दा गरिनु, प्रशंसा गरिनुका कारणले कम्प हुनु अभाव भएकाहरू प्रज्ञावानहरूको रूपमा तथागतका प्रशंसा ग्रहण गर्न पाउनेहरू हुन्।

## अरु व्यक्तिहरू

अरहन्तमा बाहेक अरु आर्य पृथग्जनहरूमा पनि दोश्रो तहअनुसार योग्यता अनुसार प्राप्त हुन सक्छन् नै। *अङ्गुत्तर पठमपणासक पठमवग्ग लोक सुत्त (७)* -मा पृथग्जन र आर्यश्रावकहरू लोकधर्मको सामना गर्नुपर्ने बेलामा फरक रहेको कुरा बताउनुभएको छ। पृथग्जनले उत्पन्न भइआएको लोकधर्म नित्य नभएको ढंग; दु:ख भइरहेको ढंग, परिवर्तन भएर विनाश हुने ढंगलाई निरीक्षण गर्न जान्दैन; त्यसो हुनाले उनीहरूको चित्तले लोकधर्मबाट बिल्कुल छोप्न आउने दबाबलाई खप्नुपर्ने हुन्छ। असल लोकधर्मसँग सामना हुँदा उक्त लोकधर्म अनुसार रमाइलो मान्नसक्दछन्। खराब लोकधर्मसँग सामना गर्नुपर्दा मनमा दु:ख सहेर बस्नुपर्ने हुन्छ। आर्यश्रावकले त लोकधर्मको **अनिच्च**=विनाशशील स्वभावलाई; दु:ख हुनसक्ने स्वभावलाई विचार र निरीक्षण गर्न जान्दछन्। त्यसरी निरीक्षण गर्न जानेकोले लोकधर्मले उनको चित्तलाई अभिभूत गर्न सक्दैन। असलसँग सामना भए पनि असलको रूपमा सिमाना नाघ्ने गरेर रमाइलो मान्नु छैन। खराबसँग सामना भए पनि



Downloaded from http://www.dhamma.digital

खराबको प्रतिरोधमा गएर मन बिग्रने, रीस उठ्नेवाला छैन । यहाँ आर्यश्रावकलाई मात्र लोकधर्मबाट कम्प नभएको भाव बताउनुभयो । पृथग्जनलाई त कम्प भएका रूपमा बताउनुभयो । तर बिल्कुल विचार गर्न नजान्ने पृथग्जनलाई मात्र भनेको भइ आर्यको स्तर भेटाउन नसके पनि कुनै-कुनै पृथग्जनहरूमा धर्म स्वभाव विचार गर्नु निरीक्षण गर्नु भइरहन सक्ने भएकोले केही मात्रासम्म लोकधर्म सामना गर्नसक्नेहरू पनि देखिन सक्छन् ।

## विचारवानहरू

बुद्ध-वचन **'कम्मस्सका'** स्वभाव लोकधर्मका कारणले मनलाई कम्प हुननदिनको लागि उपचारक औषधि समान रहेछ । बुद्धधर्मावलम्बीहरूमा खराब लोकधर्मसँग सामना गर्नुपर्दा **'कम्मस्सका'** त हो नि, कर्मअनुसार हो, कर्मलाई कसले नाघेर जान सकेको छ र' आदि विचारद्वारा कसै-कसैले चित्तलाई दमन गर्ने बानी छ । पछि समय बित्दैगएपछि मनोवृत्ति परिपक्व हुँदै आउँछ । खराब लोकधर्मसँग सामना गर्नुपर्दा कम्प नभए झैं असल लोकधर्मसँग सामना हुँदा पनि 'कर्म रहुन्जेलसम्म मात्र हो, कर्म सिद्धेपछि त फेरि पछि बिग्रनेछ नै' भन्ने विचार गरी ठाडो बन्नु, रमाइलो मान्नु नहुनसक्छ । उपरोक्त आर्यहरूले अनित्य स्वभाव, विनाश-शील स्वभावलाई बुझ्नेजस्तै कतिपयमा अनित्य, दुःख र अनात्म स्वभावलाई विचार गर्नु, मनन गर्नुद्वारा पनि मन शान्त गर्ने बानी रहेका छन् । 'सबै अनित्य छन्, कहाँ नित्य हुन सक्ला र ? आफ्नो अधिनमा बिल्कुल छैन; त्यसको आफ्नो स्वभावअनुसार उत्पन्न भइरहने त हो नि' आदि विचारद्वारा चित्तलाई दबाउने बानी रहेका छन् । दबाउने बानी वृद्धि भएर पछि हुँदाहुँदा झन-झन सहनसक्ने हुन्छ । असल भेटिए पनि अन्तसम्म रमाइलो मान्दैनन्; घमण्ड गर्दैन । खराबसँग सामना भए पनि मन आनन्द रही कम्प हुनु छैन ।

'तथागत समेत छुट्न नसकिएको भएपछि हामी जस्ताको त के कुरा भनी भन्ने चिन्तन मननले पनि कतिपयले मन हलुका गरीबस्छ । इत्यादि



Downloaded from http://www.dhamma.digital

रूपले मन हलुका पार्ने धर्म स्वभावको चिन्तन मननद्वारा लोकधर्मको दण्डलाई सहन सक्ने हुन्छ। त्यसरी धर्म स्वभावद्वारा मन हलुका पार्न सकेर प्रकृति स्वभाव इन्द्रीय नबिगारिकन बस्नु मंगल नै रहेछ। असल लोकधर्मसँग सामना हुँदा घमण्ड गर्नु, होशहवास गुम्नु, अपार रमाइलो मान्नु, इन्द्रीय ब्रिग्रनु भनेको विपरिणत भइ कम्प हुनु नै हो। त्यसैले मंगल भएन। खराबसँग सामना गर्नुपरेकोले मनमा दुःख हुनु, शोक हुनु, विरह हुनु, मन ओइलाउनु अवश्य पनि अमंगल हुने नै भयो।

## निन्दा प्रशंसा

कोही-कोही लाभ नपाउनु आदि लोकधर्मलाई सकभर सामना गर्न सक्ने भए पनि निन्दा र प्रशंसाको कारणले चित्त कम्प नगरी बस्न नसक्ने हुन्छन्। कोही अरूबाट निन्दाको सामना गर्नुपर्दा 'अँ... प्रशंसा, र निन्दा भनेको त सातदिन त हो नि, के चिन्ता लिइबस्नु नि' भनी वास्ता नगरी बस्न सक्नेहरू पनि छन्। यो कुरो बुद्धोपदेश अनुसार नै भयो। तथागत राजगृहमा विराजमान हुनुभएको बेलामा आयुष्मान सारिपुत्र आदि धेरै मानिसहरू भिक्षु बन्न आए। त्यसबेला धेरै मानिसहरूले उपहास गरिरहे। उक्त कुरा भिक्षुहरूले निवेदन गर्दा तथागतले 'भिक्षुहरू,... त्यो आवाज धेरै दिनसम्म टिक्दैन; सातदिनसम्म मात्र रहन्छ' भनी आज्ञा हुनुभयो। (*विनय महावग्ग ५५*)

## अतुल उपासक

अतुल उपासकले तथागतलाई आफू उपदेश सुन्न चाहेको कुरा निवेदन गरे। 'उपदेश सुनिसक्यौ त ?' भनी सोध्नुहुँदा 'भगवान, आयुष्मान रेवतकहाँ जाँदा वहाँले कुरा गर्नुभएन; आयुष्मान सारिपुत्रले भने अभिधर्मका उपदेश धेरै लामो देशना गरिरहनुभयो। आयुष्मान आनन्दकहाँ पुग्दा वहाँले अलिकति मात्र उपदेश दिनुभयो। त्यसैले उहाँ आयुष्मानहरूप्रति रीस



Downloaded from http://www.dhamma.digital

उठेकोले तथागतकहाँ आइपुगेको हुँ' भनी निवेवदन गरे । त्यसबेला तथागतले 'अतुल,... लोकमा राजालाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ । सूर्य, चन्द्र, पृथ्वीलाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ । म तथागतलाई समेत निन्दा गर्नेहरूले गरिरहन्छन् प्रशंसा गर्नेहरूले गरिरहेका छन् । मुर्खहरूले निन्दा गर्नु ठूलो कुरो होइन; प्रज्ञावानहरूले निन्दा नगर्ने गरी प्रशंसा गर्ने गरी मात्र होश गर्नुपर्दछ । यो निन्दा गर्ने स्वभाव धर्म आजको युगमा मात्र उत्पन्न भएको होइन । पुरानो सनातन स्वभाव-धर्म हो । चुप लागेर बस्नेलाई पनि निन्दा गर्दछन्; बढी बोल्नेलाई पनि निन्दा गर्दछन्; मात्रा जानेर कुरा गर्नेलाई पनि निन्दा गर्दछन् । लोकमा निन्दा नगरिने कोही छैन । साँच्चै निन्दा नगरिने र साँच्चै प्रशंसा मात्र गरिने पहिले पनि थिएन; पछि पनि हुनेछैन; अहिले पनि छैन' भनी बताउनुभयो । यो उपदेश निन्दाको उपचारक एक प्रकारको असली औषधि नै हो । (*धम्मपदट्ठकथा २-२०९*)

## सामना गर्न सक्ने भिक्षु

पहिले एकजना भिक्षु एउटा घरमा भिक्षाटन जाने गर्दागर्दै उक्त घरमा सम्पर्कमा रहिरहे । पछि भावना अभ्यास र उद्योग गरी अरहन्त भए । उक्त घरमा उनी आयुष्मान घनिष्ठ सम्बन्ध राखेर आउजाउ गरिरहेको देखिरहेका एउटा देवताले उनी भिक्षु विनाश हुनु मन पराएनन्; लाभ-कामी भइ उक्त घरकी गृहपत्नीको भेष लिएर भिक्षुकहाँ गई 'भन्ते ...घाटमा, शहरको ढोकामा, मूलबाटोमा, सभामा जतातत्तै तपाँई र मेरो विषयमा यस्तो उस्तो भनी कुरा काटिरहेका छन्' भनी निवेदन गरे । भिक्षुले जवाफ दिएको कस्तो भने 'विरोधाभास हुनेगरी प्रतिध्वनि आउने आवाजहरू धेरै धेरै छन्; भिक्षुहरूसँग उक्त शब्दहरूलाई सामना गर्नसक्ने शक्ति चाहिन्छ । उक्त शब्दका कारणले मलीन हुनसक्दैन; जंगलमा हावा चल्यो कि थर्किने मृग जस्तै शब्ददेखि थर्कमान हुने भिक्षुलाई चित्त कमजोर भएका भन्दछन् । त्यस्ता भिक्षुहरूसँग आचरण पूर्ण हुँदैन' भनी आज्ञा हुनुभयो ।



Downloaded from http://www.dhamma.digital

यिनी भिक्षुको उपदेश निन्दा गऱ्यो भन्दैमा आफूलाई केही बिग्रिँदैन; निन्दा शब्द सुनेर थर्कमान भयो भने काम कुरा बिग्रनु पक्कापक्की छ भनी विचार गर्नुपर्दछ । निन्दा सिद्धि एकप्रकारको औषधि नै भन्नुपर्दछ । (*सगाथावग्ग-वन-संयुत्त-कुलघरणी सुत्त २०३*)

## शोक मुक्त

शोक भनेको आमा-बुबा आफन्त विनाश हुनु, धन-सम्पत्ति विनाश हुनुद्वारा वा एक न एक दुःख सामना गर्नुपरेका व्यक्तिको मनमा डाह हुनु, चित्त अशान्त हुनु हो । उक्त शोकसँग सामना गर्नुपर्दा निको पार्ने औषधि नभएको व्यक्ति अति नै डाह भोगी रहनुपर्ने हुन्छ । धर्म स्वभाव चिन्तन गर्नुद्वारा मात्र निको पार्न सकिन्छ । शोक परिदेव हटाउनु, मेटाउनु कारणको रूपमा तथागतले जीवन बीमा दिइराखिएको स्मृतिप्रस्थान धर्म आदिद्वारा शोक बिल्कुल हटेर हराएर शान्त भएर जान सक्छ ।

## मल्लिका

बन्धुल सेनापतिकी पत्नी मल्लिका एकदिन संघलाई भोजन दान दिँदै थिइन् । त्यसबेला उचाली ल्याइएको घिउको भाँडा खसेर फुट्यो । आयुष्मान सारिपुत्र महास्थविरले 'फुट्ने स्वभाव भएको चीजवस्तुहरू फुट्ने, विनाश हुने नै गर्दछ भनी विचार गरी शोक नगर्नू, मल्लिके' भनी आज्ञा हुनुभयो । त्यसबेला मल्लिकाले आफ्नो पटुकामा रहेको पत्र निकाली देखाई 'भन्ते, मेरा स्वामी सहित तीसजना छोराहरू सबै मारिएको पत्र हातमा पर्दा पर्दै पनि इन्द्रीयलाई नबिगारी शोक नगरी बस्ने म यो घिउको भाँडो एउटाको लागि कहाँ शोक र डाह अनुभव गर्नेछु र' भनी निवेदन गरिन् । उनी मल्लिकाले शोक नगरेको धर्म स्वभावलाई देखिरहेको हुनाले त्यसबाट लाभ भएको शक्ति सामर्थ्य हो । (*धम्मपद विडूडभ २२४*)



Downloaded from http://www.dhamma.digital

## उरग जातक

पहिले एकजना ब्राह्मणको छोरो मरेकोले परिवार सदस्यहरूले सँगै बसी दाहसंस्कार गरिरहे। कसैमा पनि शोक परिदेव थिएन; शान्त-दान्त-पूर्वक बसिरहेका थिए। त्यसबेला शक्र देवेन्द्रले बटुवाको भेष धारण गरेर आई उनीहरू नरुनाको कारण हरेकसँग सोधे। ब्राह्मणले 'सर्पले आफ्नो पुरानो काँचुली फेरेर जानेजस्तै उसले पनि पुरानो शरीर छोडेर गएको हो। मरेर काम नलाग्ने भइसकेको यस शरीरले आगोले पोलेको पनि थाहा पाउँदैन। आफन्त रोइरहेको पनि थाहा पाउँदैन। आफ्नो गतिअनुसार गइसकेको हुनाले मसँग शोक-सन्ताप नभएको हो' भनी भने। आमाले 'उ हामीले नबोलाइकन नै अन्तबाट आइपुग्यो। अब हामीले नछोड्दा नै गयो। आफ्नो स्वेच्छाले आए झैं आफ्नो स्वेच्छाले नै गएको हुनाले रोइबसेर के लाभ होला र ?' भनी भनिन्। त्यस्तै बहिनीले 'म रोइरहेँ भने शरीर मात्र दुब्लाउँछ; केही लाभ हुँदैन; आफन्त इष्ट मित्र बन्धु बान्धवहरू झन् मनमा अशान्ति बोकेर बस्नेछन्' भनी भनिन्। पत्नीले 'बच्चाले (आकाशमा) गइरहेको चन्द्रमा प्राप्त गर्नको लागि प्रार्थना गरी रोइरहे झैं मरिसकेकोलाई सम्झेर प्रार्थना गरी रोइरहने व्यक्ति प्राप्त हुन नसक्नेलाई प्रार्थना गरिरहने बच्चा समान हुनेछ' भनी भने। दासीले 'फुटिसकेको घडालाई फेरि जोड्न नमिल्ने जस्तै मरिसकेकोलाई सम्झेर प्रार्थना गरी शोक सन्ताप गरी बस्नु त्यो फुटिसकेको भाँडो जोड्नखोज्नु जस्तै लाभ नहुने भइसक्यो' भनी उत्तर दिइन्। (*पञ्चक निपात-उरग जातक १२२*)

## टिप्पणी

उनिहरूको चिन्तन-मनन कति हो कति अति उच्च छ। उक्त चिन्तन-मनन उनिहरूको प्रज्ञा ज्ञान परिपक्व भएको मनोवृत्तिले उपलब्ध भएको हो। त्यसरी सहनशक्ति युक्त मनोवृत्ति भएको धेरै समय पहिलेदेखि अटुटरूपले अभ्यास गरिआएको मरणस्सति भावनाको कारणले गर्दा नै हो



Downloaded from http://www.dhamma.digital

भनी थाहा पाइन्छ। त्यसैले मरणस्सति आदि भावनाहरू वृद्धि गर्नु शोक शान्त हुने औषधि नै हो।

## विरज

यहाँ रज (धुलो) भनेको राग, दोष, मोहहरू नै हुन्। प्रकृति धुलो शरीरमा पर्दा फोहर पारे जस्तै ती (मनका) धर्महरूले पनि सत्वहरूलाई फोहर बनाउने भएकोले **'रजो वियाति रजो'** अनुसार धुलो समान भएको हुनाले **रज** भन्दा रहेछन्। राग आदि फोहर गर्ने ती धर्महरू रहित भएर सफा भएको चित्तले मंगल हुन्छ। सम्बन्धित मार्गद्वारा हटाएर नपठाउन्जेलसम्म बिल्कुल रहित भने हुनसक्दैन; तर सत्पुरुषहरूसँग भने ती धर्महरूका दोष देखेर रहित बन्दै जाने किसिमले उद्योग गर्ने बानी रहेका हुन्छन्। सबभन्दा राम्रो त भावना कार्य उद्योग गर्नु नै हो। त्यसैले राग आदि लाई भावना कार्यद्वारा जोडतोडले फुकेर निकाली पठाउनु पर्‍यो।

## खेम

**खेम**-भनेको भय उपद्रव रहित हुनु, शान्त-शीतल हुनु हो। अर्थकथामा योग चारवटै भय रहित भएको कुरा वर्णन गरिराखिएको छ। योग भनेको काम, भव, दृष्टि अविद्याहरू भएकोले धर्म स्वरूप अनुसार लोभ, दृष्टि, मोहहरू नै हुन्। ती धर्महरू क्लेश भएकोले चित्तलाई फोहोर पार्ने, डाह गर्ने भएकोले उक्त धर्मबाट अलग्ग नभएको चित्त भय रहित हुन्न; शान्त र शीतल हुन्न। ती धर्महरू बिल्कुल रहित भएको अरहन्तहरूको चित्त सधैं शान्त, शीतल र रमणीय भइरहने हुँदा मंगल हुने भयो। यो मंगल अरहन्तहरूसँग मात्र सम्बन्धित भएको भए पनि सामान्य व्यक्तिहरूमा पनि योग्यताअनुसार उपलब्ध हुन सक्दछ। भावना कार्यद्वारा अकुशलहरूलाई निकाली बस्ने व्यक्तिको चित्त उक्त क्षणमा ती धर्महरूबाट अलग्ग भएको र रहित भएको हुनाले मंगल नै हो। बेहोशी, प्रमादीको चित्तमा यो मंगल उत्पन्न हुने आशा



Downloaded from http://www.dhamma.digital

छैन । त्यसैले भावना कार्य एक न एकवटाद्वारा आफ्नो चित्तमा शान्त शीतल भएको मंगल उत्पन्न हुनेगरी अटुटरूपमा निरन्तर अभ्यास, उद्योग र प्रयत्न गरिरहनु नै पर्दछ ।

२४) **एतादिसानि कत्वान; सब्बत्थ मपराजिता ।**
**सब्बत्थ सोत्थिं गच्छन्ति; तं तेसं मङ्गल'मुत्तमं ।**

२४) **देवपुत्त**=भो देवपुत्र; **एतादिसानि**=यी माथि बताइसकिएका ३८ वटा मंगल धर्महरू; **कत्वान**=आचरण गरी; **सब्बत्थ**=सबै ठाउँहरूमा; **अपराजिता**=नहार्ने भई, विजयी हुनसक्ने भई; **सब्बत्थ**=सबै ठाउँहरूमा; **सोत्थिं**=स्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्न पाउँछन्; **तेसं**=ती मंगल आचरण गरिरहेकाहरूलाई; **तं**=ती ३८ वटा मंगलहरू; **उत्तमं**=उत्तम भएको, **मङ्गलं**=मंगल नै हुन् ।

## भावार्थ

भो देवपुत्र; यी मैले बताएका मंगलहरू आचरण गरे भने शत्रु सबैमाथि विजयी भइ जस्तोसुकै ठाउँमा होस् स्वस्ति अवस्थामा पुग्न पाउँछन् । यी ३८ ओटा मंगलहरू उक्त मंगल कार्य गरिरहेकाहरूका निम्ति उत्तम मंगल नै हुन् ।

## अन्तिम स्तुति

माथि बताइएका ३८ वटा मंगलहरूलाई अन्तिम निगमनअनुसार परिणाम देखाई स्तुति गर्न चाहेकोले 'एतादिसानि कत्वान' आदि आज्ञा हुनुभएको हो ।

## सब्बत्थ अपराजिता

**'पराजिको होती'ति पराजितो होति; पराजयमापन्नो ति वुत्तं'** *कंखा अट्ठकथा* अनुसार **अपराजिता**=पराजय नहुने (विजय) स्थितिमा पुग्नु भन्ने अर्थ हुनसक्ने हुनाले उक्त अर्थअनुसार **सब्बत्थ** आधार हुनसक्ने हुनाले आधार अर्थ दिएको हुँ । **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति; **अपराजिता**=पराजित नहुने (विजय) स्थितिमा पुग्ने हुनाले' भनी अर्थ दिनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

*अर्थकथा* मा **'सब्बत्थमपराजिता'ति सब्बत्थ खन्ध, किलेसाभिसङ्खार, देवपुत्तमारप्पभेदेसु चतूसु पच्चत्थिकेसु, एकेनापि अपराजिता हुत्वा सयमेव ते चत्तारो मारे पराजेत्वाति वुत्तं होति'** भनिएको छ। *अर्थकथा*को भनाईअनुसार **अपराजिता** कारित कर्म रूप भएकोले पराजित नपारिकन भनी (अर्थ) दिनु पर्ला। **'चतूसु पच्चत्थिकेसु एकेनापि अपराजिता'** द्वारा **सब्बत्थ**को निद्धारण भावलाई र **अपराजिता**-को कारित कर्मरूप भावलाई विदित गराइरहेको/प्रकट गरिरहेको छ। त्यसैले **'सब्बत्थ**=सम्पूर्ण देवपुत्र, स्कन्ध, क्लेश र अभिसंस्कार मार भनिने चारथरी शत्रुहरू मध्येमा; **एकेनापि**=कुनै एउटा शत्रुद्वारा समेत पनि; **अपराजिता**=पराजित नपारिकन' भनी (अर्थ) लगाउनुपर्छ। अथवा **'एकेनापि'** नराखी **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरू मध्यमा; **अपराजिता**=कुनै एउटा शत्रुद्वारा पनि विजय प्राप्त गर्न नसकिने भई' भनेर पनि अर्थ लगाउनुपर्छ। **सब्बत्थ**-को स्वरूप देवपुत्र; स्कन्ध, क्लेश, अभिसंस्कार-मार गरी चारथरीका शत्रुहरूलाई ग्रहण गर्नुपर्ने भएकोले; त्यसमध्ये स्कन्ध, क्लेश, अभिसंस्कारहरू आन्तरिक शत्रुहरू भएकोले बाह्य शत्रु देवपुत्र मार एकथरी मात्र छन्। यी मंगलहरू आचरण गर्ने व्यक्तिसँग देवपुत्र मार मात्र होइन अरु अरु बाह्य-शत्रुहरूमाथि पनि विजयी बन्नसक्ने (सामर्थ्य भएको) हुनाले **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति' भनी सामान्य अर्थ दिएको हुँ।

**सोत्थिं**

*अर्थकथा* को भनाइअनुसार **सोत्थि** प्रथमान्त भएकोले **'सोत्थिं**=श्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्दछन्' भनी (अर्थ) दिनुपर्ला। **'अनुनासिको चेत्थ गाथाबन्धसुखत्थं वुत्तोति वेदितब्बो'** द्वारा **सोत्थिं**-को **निग्गहित** (बिन्दु) गाथाबन्धको सुविधाको निम्ति बताउनुभएको कुरा पनि भनिएको छ। गाथाबन्धसुख भने पनि छन्दको निम्ति भनेको त होइन जस्तो छ; **सोत्थि** भनी भन्दा **'य'** गण भएकोले गण हिसाबले उचित नै छ। गाथामा **'सोत्थि गच्छन्ति'** बोल्यो भने पढ्दा चट्ट नपरी **'सोत्थिं गच्छन्ति'** भनी पढ्दा सलल परी सजिलै सुखुच्चारण हुनुलाई नै गाथाबन्ध-सुख भनी भनेको हो।

**'सोत्थि पस्सामि पाणिनं** (*सगाथा देवपुत्त*) **सोत्थिनाम्हि समुट्ठितो'** (*सुवण्णसाम जातक*) मा **सोत्थिं सोत्थिना**-भनी द्वितीया, तृतीया विभक्ति देखिएको हुनाले **सोत्थि**लाई नामपद भन्नुपर्ने जस्तो भएको छ; तर बाँकी भएको विभक्तिद्वारा रूप भंगहुनु नभएकोले अब्यय नै भइरहेकोले निपातमा नै समावेश गर्नुपर्दछ भन्ने



Downloaded from http://www.dhamma.digital

*सद्दनीति*को भनाइअनुसार निपात भनी भन्नुपऱ्यो । **सोत्थिं** भनी द्वितीयान्त भएकोले यहाँ अर्थकथाले (अर्थ) लगाइराखेको प्रथमान्त भन्दा द्वितीयान्त सबभन्दा सुविधा हुन्छ भन्ने विचार उत्पन्न भएकोले गाथामा द्वितीयान्त (अर्थ) नै दिइ आएको हुँ ।

## निगमन

यो मंगल-सूत्र उक्त देवपुत्रलाई तथागतले बताइसकेपछि त्यसको भोलिपल्ट आयुष्मान आनन्दलाई सिकाइदिई भिक्षुहरूलाई अध्ययन गराउनको निम्ति आज्ञा गर्नुभयो । आज्ञाअनुसार आफूले सिकीराखेको मंगल सूत्र भिक्षुहरूलाई सिकाइदिएका थिए । यसरी आचार्य परम्परा अध्ययन मनन गरी सम्झिराखेको मंगल सूत्र देशना आजसम्म पनि सम्पूर्ण विश्वमा स्पष्ट रूपले स्थीर भइरहेको छ । उक्त ३८ वटा मंगल देशना दिन पर दिन उन्नति प्रगति र विकास हुँदै जाओस् ।

स्मरणीय अभिप्राय सहितको
मंगल-सूत्र नयाँ निश्चय
समाप्त ।

नयाँ परित्राण निश्चय
(परित्राणको शब्दार्थ, भावार्थ, अभिप्राय तथा व्याख्या समेत)
भाग १
समाप्त ।



Downloaded from http://www.dhamma.digital

# निर्वाणकामना



स्व. तारादेवी शाक्य

जात : २००३ चैत्र १८ गते

मृत : २०७३ आषाढ ५ गते




स्व. मीरा शाक्य

जात : २०२२ फागुन १६ गते

मृत : २०७३ पुस २४ गते

Downloaded from http://www.dhamma.digital

# निर्वाणकामना



स्व. तिर्थरत्न शाक्य

जात : १९९७ पुस १४

मृत : २०७२ वैशाख १२



स्व. पञ्चमाया शाक्य

जात : १९९६ मंसिर विवाह पंचमी

मृत : २०७२ वैशाख १२

Downloaded from http://www.dhamma.digital